# टिकापुर घटनाको फैसला

श्री

# कैलाली जिल्ला अदालत

## ईजलास

## माननीय जिल्ला न्यायाधीश श्री परशुराम भट्टराई

## फैसला

मु.र.नं. ८५-०७२-००१३०

मुद्दा नं. ०७२-CR-००३८

निर्णय नं. ४३४

**मुद्दाः-कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँका चोरी।**

**वादीको नाम, थर ,वतनः-**

अञ्चल शसस्त्र प्रहरी गुल्म दरबन्दीको प्रहरी नायव निरीक्षक मान बहादुर बोहरा समेतको जाहेरीले नेपाल सरकार........................................................१

**ऐ.को साक्षीः**

१. ओमकार थारु - जाहेरवाला

२. शारदा कठायत - जाहेरवाला

३. जंग बहादुर साउँद - जाहेरवाला

४. प्रकाश खड्का - जाहेरवाला

५. मान बहादुर बोहरा - जाहेरवाला

६. गोरखबहादुर साउँद - जाहेरवाला

७. दिपक न्यौपाने - जाहेरवाला

**प्रतिवादीको नाम, थर, वतनः-**

जिल्ला कैलाली, जोशीपुर गा.वि.स.वडा न.४ झवही बस्ने हकीम डगौराको छोरा वर्ष ४६ को राम प्रसाद चौधरी..................................१

जिल्ला कैलाली त्रिशक्ती न.पा.वडा न. ४ भजनी बस्ने राम दुलारे डगौराको छोरा वर्ष ४१ को प्रेम बहादुर चौधरी........................१

जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न. ४ ओखरपुर बस्ने चैतु चौधरीको छोरा वर्ष २२ को हरि नारायण चौधरी............................१

जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर बस्ने कुलाहा कठरियाको छोरावर्ष २४ को राज कुमार कठरिया....................१

जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न.१

८. टेक बहादुर साउँद
९. राजेश धामी
१०. लक्ष्मण साउँद
११. महाराज राना
१२. खगेन्द्र कुमार सउँद
१३. खुसिराम चौधरी
१४. सृजना थारु
१५. केशव सिँह महरा
१६. दिप राज थापा
१७. राम चन्द्र जोशी
१८. महेश बोहरा
१९. भरत सिँह बिष्ट
२०. रविन्द्र धनुषे
२१. दिपेन्द्र सिँह धामी
२२. योगेन्द्र ऐर
२३. केशवराज जोशी
२४. देव बहादुर मौनी
२५. भरत सिँह बुडाल
२६. राम बहादुर ऐर
२७. नेत्र राज पडाल
२८. लक्ष्मी खड्का
२९. नरेश कुमार चौधरी
३०. गोपाल पुन
३१. केशे भण्डारी
३२. कबिन्द्र बि.क.
३३. प्रदिप चौधरी
३४. गणेश बहादुर साउँद
३५. पतित पावन कठरिया
३६. यज्ञ देवी भट्ट

कञ्चनपुर बस्ने मतिराम चौधरीको छोरा वर्ष २० को दिल बहादुर चौधरी....................१

जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर बस्ने ठुलो कुखुरा कठरियाको छोरा वर्ष २७ को सुन्दरलाल कठरिया..............१

जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर बस्ने फुलबस्न कठरियाको छोरा वर्ष २० को राम कुमार कठरिया.............१

जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न. ७ नवलपुर बस्ने सोलारी लाल डगौराको छोरा वर्ष ३४ को बृज मोहन डगौरा.................१

जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न. ७ नवलपुर बस्ने खट्कु डगौराको छोरावर्ष ३५ को राजेश चौधरी.................................१

जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न. ५ खैरा बस्ने खुसीराम डगौराको छोरावर्ष ३६ को किशनलाल चौधरी.............................१

जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न. ५ खैरा बस्ने वासुराम डगौराको छोरा वर्ष ३३ को सन्तराम चौधरी–.............................१

जिल्ला कैलाली टिकापुर न.पा. वडा न.१ बस्ने जनजिर डगौरा थारुको छोरा वर्ष ३४ को बिर बहादुर चौधरी ..........................१

जिल्ला कैलाली टिकापुर न.पा.वडा न.३ बस्ने रोहीना थारुको छोरा वर्ष ३१ को रामनरेश चौधरी ..................................................१

जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न. ६ बस्ने डल्लु डगौराको छोरा वर्ष ४६ को विश्राम भन्ने जित बहादुर डगौरा................१

३७. शुसिला बर्मा

३८. पवित्रा साउँद

३९. मुकुन्द अधिकारी

४०. आन सिँह बिष्ट

<u>**ऐ.को कागज/प्रमाणः-**</u>

जिल्ला कैलाली टिकापुर न.पा. वडा न.५ घिया पुछरी बस्ने ठाकुर प्रसाद डगौराको छोरा संगम भन्ने सन्तोष थारु (चौधरी)..............१

जिल्ला कैलाली फुलबारी गा.वि.स.वडा न.१ बस्ने राम सिंह डगौरा (थारु)को छोरा वर्ष ४० को लक्ष्मण थारु चौधरी....................१

जिल्ला कैलाली पथरिया गा.वि.स.वडा न.१ नवलपुर बस्ने सोमैया चौधरीको छोरा वर्ष २४ को विश्राम चौधरी ...............................१

जिल्ला कैलली मुनुवा गा.बि.स.वडा नं.४ लटकनिया बस्ने तुलसीराम चौधरीको नाती मेवाला चौधरीको छोरा बर्ष १७ को श्रबण चौधरी...................................................१

जिल्ला कैलाली धनगढी न.पा. वडा नं.३ बस्ने दुहु चौधरी डगौराको छोरा वर्ष ५८ को लाहुराम चौधरी...................................१

जिल्ला कैलाली, थापापुर गा.वि.स.वडा नं.५ खैरापुर गाउँ वस्ने भोगा जागाको छोरा, वर्ष ३४ को नुरुल अलि जागा भन्ने तहौबर अलि जागा......................................................१

जि.कै.मुनुवा गा.वि.स.वडा नं.४ लटकनिया वस्ने कलेबुवा चौधरीको छोरा वर्ष १८ को प्रदीप चौधरी........................................१

ऐ.नारायणपुर-३ बेलुवा बस्ने कलकु चौधरीको छोरा बिसराम चौधरी (कुस्मी)..................१

जि.कै.जोशीपुर गा.वि.स.वडा न. ७ बडैपुर बस्ने सुकराम डगौराको छोरा चुन्नीराम चौधरी.........................................................१

जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न.४

हिम्मतपुर बस्ने सिताराम चौधरीको छोरा वर्ष १४ को करन चौधरी...........................१

जिल्ला कैलाली थापापुर–७ नवलपुर बस्ने फुलराम डगौराको छोरा बर्ष ३५ को बिद्रोह भन्ने सिताराम चौधरी ...........................१

जिल्ला कैलाली दुर्गाली गा.बि.स. वडा नं. ९ जगतपुर घर भई आल टिकापुर–९ बस्ने लालबिर चौधरीको छोरा बर्ष ३८ को रेशमलाल चौधरी.................................१

जिल्ला कैलाली, जोशीपुर गा.वि.स.वडा नं.७ बढैपुर वस्ने भुखाली चौधरीको छोरा वर्ष अ.३७ को गंगाराम डगौरा चौधरी............१

ऐ.थापापुर-३ बिष्णुपुर बस्ने शिब चरण चौधरीको छोरा राम चन्द्र चौधरी..............१

जिल्ला कैलाली थापापुर–७ नवलपुर बस्ने फुलराम डगौराको छोरा वर्ष ४४ को सन्त कुमार चौधरी.......................................१

जिल्ला रुपन्देही मुर्गिया गा.बि.स. घर भई हाल सैनामैना न.पा.वडा नं.९ रामापुर कलौनी बस्ने–ई. धनीराम चौधरी .........................१

ऐ. टिकापुर–९ बस्ने पतिराम थारुको छोरा बर्ष ४० को फुलराम चौधरी.......................१

ऐ.ऐ.बस्ने बिहारीलाल थारुको छोरा बर्ष ४० को बिकास भन्ने बालकृष्ण चौधरी...............१

ऐ.ऐ.बस्ने कुसमान चौधरीको छोरा शिब कुमार चौधरी ..............................................१

ऐ. टिकापुर–९ बनगाँउ बस्ने फिल्लु चौधरीको छोरा चमन चौधरी..................................१

ऐ. वडा नं. ५ खैरा बस्ने लालता चौधरीको

छोरा बर्ष ३५ को खुशिराम चौधरी............१
ऐ. मुनुवा–१ कञ्चनपुर गाँउ बस्ने धनिराम कठरीयाको छोरा (मुनुवा गाँउको भलमन्सा) डम्मर कठरीया...........................................१
ऐ. थापापुर–७ नवलपुर बस्ने गुलाव चौधरीको छोरा (गाँउको भलमन्सा)बर्ष ३५ को ईश्वरी प्रसाद चौधरी.....................................१
ऐ.ऐ. बस्ने छेदुराम थारुको छोरा बर्ष अ.५० को बन्धाराम थारु.................................१
जिल्ला बर्दिया राजापुर घर भई हाल जिल्ला कैलाली जोशिपुर–७ बस्ने मोहम्मद सावर हास्मीको छोरा बर्ष २२ को माझिद भन्ने सुरज मिया हास्मी............................................१
जिल्ला कैलाली मुनुवा–१ कञ्चनपुर बस्ने सोलारी कठरीयाको छोरा वर्ष ४० को दिनेश कठरीया................................................१
ऐ. वडा नं. ६ बस्ने राज बहादुर रावतको छोरा कालु रावत ..................................१
ऐ.ऐ. बस्ने केदार रावतको छोरा बर्ष १८ को बिमल रावत ........................................१
ऐ.ऐ. बस्ने रामफल चौधरी बडायक को छोरा सन्दिप चौधरी बडायक...........................१
ऐ.ऐ.बस्ने केदाल कठरीयाको छोरा शिबराज कठरीया...............................................१
जि.कै.मुनुवागा.बि.स.वार्ड न.५ हिम्मतपुर बस्ने भलामान्छे कन्दु चौधरीको छोरा बर्ष ४० को बलिराम चौधरी.......................................१
जि.कै.लम्की चुहा न.पा.वार्ड न.११ लुहारपुर बस्ने अन्दुराम चौधरीको छोरा बर्ष ३५ को

लाहानु चौधरी..........................................१
ऐ.ऐ.मुनुवा गा.वि.स.वडा नं.३ वस्ने ज्ञान रानाको छोरा वर्ष २१ को निरज राना......१
जि.कै. टिकापुर न.पा.वार्ड न.२ बस्ने भागी रामको छोरा रामलाल चौधरी .................१
जि.कै.मुनुवा गा.वि.स.वडा न. १ कञ्चनपुर बस्ने दिल बहादुर चौधरीको छोरा काठराम चौधरी...................................................१
जि.कै.थापापुर गा.बि.स.वार्ड न.४ कटानपुर बस्ने सुकलाल कठरीया (भलामन्सा) को छोरा टिकाराम कठरीया ................................१
जि.कै.टिकापुर न.पा.३ बसन्ता बस्ने रोगाही चौधरीको छोरा भागी राम चौधरी..............१
जि.कै.धनसिहपुर गा.बि.स.वार्ड न.४ बस्ने भगन डगौराको छोरा बाबुराम चौधरी.........१
जि.कै.धनसिहपुर गा.बि.स.वार्ड न.७ बौनिया बस्ने भदुवा चौधरीको छोरा रामबहादुर चौधरी..........................................................१
जि.कै.नारायणपुर गा.बि.स.वार्ड न.३ बेलुवा बस्ने कल्लु चौधरीको छोरा अ.वर्ष २२ को बिश्राम चौधरी.....................................१
जि.कै.नारायणपुर गा.बि.स.वार्ड न.३ बेलुवा बस्ने लक्षी राम चौधरीको छोरा शेरे चौधरी...................................................१
जि.कै.थापापुर गा.वि.स.वडा न.५ खैरा बस्ने खुसी राम चौधरीको छोरा सन्तराम चौधरी...................................................१
जि.कै.थापापुर गा.वि.स.वडा न.५ खैरा बस्ने कृष्णध्वज मा.बि.का. शिक्षक दलबहादुर

चौधरीको छोरा भिम बहादुर चौधरी............१

जि.कै.भजनी त्रिशक्ती न.पा.वडा नं.७ छेकनपुर वस्ने ठग्गू चौधरीको छोरा वर्ष ३३ को रमेश चौधरी........................................................१

**ऐ.को साक्षीः**

१. राम प्रसाद चौधरीका साक्षी जित बहादुर चौधरी
२. प्रेम बहादुर चौधरीका साक्षी हरी शाह
३. हरि नारायण चौधरीका साक्षी रमेश चौधरी
४. राज कुमार कठरियाका साक्षी ज्ञान बहादुर चौधरी
५. दिल बहादुर चौधरीका साक्षी कृष्णलाल थारु
६. सुन्दरलाल कठरियाका साक्षी लक्ष्मण कठरिया
७. राम कुमार कठरियाका साक्षी टिकाराम थारु
८. बृज मोहन डगौराका साक्षी राम जीवन चौधरी
९. राजेश चौधरीका साक्षी सन्तराम डगौरा
१०. किशनलाल चौधरीका साक्षी जीत बहादुर डगौरा
११. सन्तराम चौधरीका साक्षी बासुराम डगौरा
१२. बिर बहादुर चौधरीका साक्षी टटकान चौधरी
१३. रामनरेश चौधरीका साक्षी बिरवल चौधरी
१४. विश्राम भन्ने जित बहादुर डगौराका साक्षी भरतलाल डगौरा
१५. संगम भन्ने सन्तोष थारु(चौधरी)का साक्षी जीत बहादुर चौधरी
१६. लक्ष्मण थारु चौधरीका साक्षी प्रकाश कुमार चौधरी
१७. विश्राम चौधरीका साक्षी धनीराम चौधरी
१८. श्रबण चौधरीका साक्षी केशवलाल महतौ
१९. लाहुराम चौधरीका साक्षी कालीप्रसाद चौधरी र गोपिलाल चौधरी
२०. नुरुल अलि जागा भन्ने तहौबर अलि जागाका साक्षी चन्द्रलाल डगौरा र इन्द्र कुमार मल्ल
२१. प्रदीप चौधरीका साक्षी खुसिराम चौधरी

२२.बिसराम चौधरी (कुस्मी)का साक्षी माता प्रसाद चौधरी
२३.चुन्नीराम चौधरीका साक्षी खडक बहादुर चौधरी र जगराम डगौरा
२४.बिद्रोह भन्ने सिताराम चौधरीका साक्षी भैरव महतौ
२५.रेशमलाल चौधरीका साक्षी पुर्ण बहादुर चौधरी
२६.गंगाराम डगौरा चौधरीका साक्षी प्रभुराम चौधरी

**ऐ.को कागज/प्रमाण:-**

**अदालतबाट बुझेको**

**मिसिल संलग्न कागज प्रमाणहरु**

**नियम वमोजिम सासाहिक तथा दैनिक पेशी सुचिमा चढी मिति २०७५।११।१५ मा इजलाश समक्ष पेशभई लगातार ७ दिन सुनुवाई भएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं. २९ नं बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं विवरण यसप्रकार रहेको छ।**

**तथ्य खण्ड**

**१. जाहेरी दरखास्त**

थारुहट राज्यको माग गर्दै केही दिन अगाडी देखी बन्द चक्का जाम, हड्तालको कार्यक्रम थारुहट समर्थक नेता तथा कार्यकर्ताहरुले गरी आएका थिए। सो बन्द हड्ताल चक्का जाममा जनधनको सुरक्षा गर्न सेती अंचल प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा टिकापुरको वडा एरीयामा हामी जाहेरवालाहरु समेत खटीएका थियौं। मिति २०७२।५।७ गतेका दिन थारुहटका कार्यकर्ताले टिकापुर बजारमा आई सार्वजनिक सम्पत्तीमा क्षती पुर्याउने, तोडफोड गर्ने, हुलदंङ्गा गर्ने, जस्ता कार्यक्रम रहेको छ, भन्ने जानकारी पाए पछी नेपाल प्रहरीको उच्च दर्जाका प्रहरी कर्मचारीले आन्दोलनकर्ताको सुरक्षा तथा सरकारी कार्यालयहरुको सुरक्षार्थ तोकिएको निशेधित क्षेत्रभित्र प्रबेश गर्ने बाटोमा गई सुरक्षाकर्मीहरुले सम्झाई बुझाई गर्दा समेत मार्ने योजनाका साथ आएका अन्यायीहरुले हातमा बन्चरो, तरवार, लाठी, पेट्रोल, घरेलु हतियार, आधुनिक हतियार सहित आई प्रहरीलाई घेराबन्दी पारी छापामार शैलीमा चारै तिर घेरी आफुले बोकी ल्याएका हातहतियार प्रहार गरी सुरक्षाकर्मीहरुलाई निर्मम तरिकाले कुटपिट

गरी कर्तव्य गरी मारी केही सुरक्षाकर्मीहरुलाई गम्भीर घाईते बनाएको तथा डेढ बर्षिय बालक समेतलाई गोली हानी मारेको र हतियार लगायतका प्रहरीका संचारसमेत लुटि लगेकोले घटनामा संलग्न प्रतिवादी राम कुमार कठरीया समेत उपर कारवाही गरी पाउने भन्ने समेत ब्यहोराको प्र.ना.नि. मानबहादुर बोहरा समेतले दिएको मिति २०७२।५।८ गतेको जाहेरी दरखास्त।

२. **शारदा कडायत बोहराको जाहेरी दरखास्त**

वारदातका दिन मेरो श्रीमान समेतको सुरक्षाकर्मीको टोली टीकापुर स्थित पशुहाटबजारमा सरकारी कार्यालयको सुरक्षार्थ खटि गएको अवस्थामा प्रतिवादीहरु श्रवण चौधरी समेत वारदात स्थलमा आई निशेधित क्षेत्र प्रबेश गर्न खोज्ने क्रममा सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरुले रोक्न खोज्दा उल्टै आफुहरुले बोकी ल्याएका भाला, खुँडा, खुकुरी लगायतका घरेलु हतियारले प्रहार गरी घेराबन्दी पारी निर्मम तरिकाले कर्तव्य गरी मारेकोले निज प्रतिवादीहरुलाई कारवाही गरी पाउन भन्ने समेत व्यहोराको मिति २०७२।५।२० गतेको शारदा कडायत बोहराको जाहेरी दरखास्त।

३. **धर्म सिंह बिष्टको जाहेरी दरखास्त**

थारुहट राज्यको माग गर्दै केही दिन अगाडी देखी बन्द चक्का जाम, हड्तालको कार्यक्रम थारुहट सर्मथक नेता तथा कार्यकर्ताहरुले गरी आएका थिए, सो बन्द हड्ताल चक्का जाममा जनधनको सुरक्षा गर्न मेरो दाजु प्रहरी निरीक्षक बलराम बिष्ट टीकापुरमा खटी जानु भएकोमा थारुहटका कार्यकर्ताले टिकापुर बजारमा आई सार्वजनिक सम्पत्तीमा क्षती पुर्याउने, तोडफोड गर्ने, हुलदंङ्गा गर्ने, जस्ता कार्यक्रम रहेको छ भन्ने जानकारी पाए पछी नेपाल प्रहरीको उच्च दर्जाका प्रहरी कर्मचारी समेत मेरो दाजु आन्दोलन कर्ताबाट सरकारी तथा सार्बजनिक सम्पति तोडफोड नहोस भनि सुरक्षाको लागी वारदातका दिन मिति २०७२।५।७ गते पश्चिमबाट टिकापुर प्रबेश गर्ने पशुहाटबजारको बाटोमा खटीई आन्दोलनकारीलाई सम्झाई बुझाई गर्दै थिए। अन्यायी धनि राम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशम लाल चौधरी समेतले निर्देशन दिदै प्रहरीको ज्यान मार्ने प्रहरीलाई जलाउने योजनाका साथ राम कुमार कठरीया, सुन्दरलाल कठरीया समेतको जत्था हातमा बन्चरो, तरवार, लाठी, पेट्रोल, घरेलु हतियार, आधुनिक हतियार सहित आई पुर्ब योजना बमोजिम प्रहरी कर्मचारीलाई चारैतिरबाट घेरा हाली मेरो दाजु प्रहरी निरीक्षक बलराम बिष्ट समेतलाई बन्चरो, खुकुरी, ढुङ्गा, लाठी समेतले हानी भालाले रोपी दाजुको हत्या गर्ने योजना बनाउने आदेश दिने तथा अमानविय किसिमले बिभत्स हत्या गर्ने अपराधी धनीराम

चौधरी, रेशमलाल चौधरी, रामचन्द्र चौधरी, लक्ष्मण चौधरी, फिरुलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदीप चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, प्रदीप चौधरी, रामकुमार कठरीया, राजकुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, सान्तराम चौधरी, बृज मोहन डंगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष कुमार थारु, राम चन्द्र चौधरी तथा लाहुराम चौधरी उपर कारवाही गरी पांउ भन्ने समेत व्यहोराको मिति २०७२।५।२० गतेको धर्म सिंह बिष्टको जाहेरी दरखास्त।

४. **प्रकाश खड्काको जाहेरी दरखास्त**

टिकापुरमा भएको बन्द हड्तालमा शान्ति सुरक्षाका लागी प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो दाजु श्याम खड्का खटी जानु भएकोमा मिति २०७२।०५।०७ गतेका दिन अन्यायीहरुले टिकापुर बजारमा हुल दंङ्गा गरी जनधनको क्षती पुर्याउने जानकारी पाएपछी सो स्थानमा ड्युटीमा खटी जाँदा मार्ने योजना तथा नियतका साथमा आएका रेशमलाल चौधरी समेत नेतृत्वको हुल जत्थाले मेरो दाजु माथी साँङ्गातिक आक्रमण गरी निर्ममताका साथ हत्या गरेको हुंदा हदै सम्मको कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको मिति २०७२।५।२० गतेको प्रकाश खड्काको जाहेरी दरखास्त।

५. **राज बहादुर नेगीको जाहेरी दरखास्त**

थारुहट राज्यको माग गरी टिकापुर लगायतका स्थानमा भएको बन्द हड्ताल, तोडफोडमा शान्ति सुरक्षाका लागी प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो भतिजा जनक बहादुर नेगी खटी गएकोमा मिति २०७२।०५।०७ गतेका दिन अन्यायीहरुले टिकापुर बजारमा हुल दंङ्गा गरी जनधनको क्षती पुर्याउने जानकारी पाएपछी हुल जत्था घरेलु हात हतियार सहित सुसज्जित भइ मार्ने योजना तथा नियतका साथमा आएका रेशम लाल चौधरी समेत नेतृत्वको रणभुमी भन्ने फिरुलाल चौधरी, बिसराम चौधरी, फुलराम चौधरी, बिकास भन्ने बालकृष्ण चौधरी, शिब कुमार चौधरी, प्रदिप चौधरी समेतको हुल जत्थाले मेरो भतिजा समेतका प्रहरीलाई साँङ्गातिक आक्रमण गरी जनक बहादुर नेगी गम्भिर घाईते भएकोमा भतिजाको उपचारका क्रममा मृत्यू भएको हुंदा हत्या गर्ने प्रतिबादीहरुलाई हदै सम्मको कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको राज बहादुर नेगीको जाहेरी दरखास्त।

६. **पशुपति चन्दको जाहेरी दरखास्त**

थारुहट राज्यको माग गरी टिकापुर लगायतका स्थानमा भएको बन्द हड्ताल तोडफोडमा शान्ति सुरक्षाका लागी प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो श्रीमान लोकेन्द्र बहादुर चन्द खटी जानु भएकोमा मिति २०७२।०५।०७ गतेका दिन अन्यायीहरुले टिकापुर बजारमा हुल दंङ्गा गरी जनधनको क्षती पुऱ्याउने अवस्था भएपछी प्रतिबादीहरुलाई सम्झाई बुझाई गरी जनधनको क्षती हुन नदिन टिकापुर–९ पशुहाटबजारमा बाटोमा खटिई नेपालको कानुनले निधारण गरेको सर्वमान्य सिद्धान्तको अवलम्बन गर्दै आन्दोलनकारीलाई सम्झाई बुझाई गर्ने क्रममा प्रतिवादी धनिराम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशमलाल चौधरी समेतले निर्देशन दिदै राम कुमार कठरिया, सुन्दरलाल कठरिया समेतका प्रतिवादीहरुले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियार सहित आई पुर्वयोजना बमोजिम चारैतिरबाट घेरा हाली मेरो श्रीमान् लोकेन्द्र बहादुर चन्द माथी साँङ्घातिक आक्रमण गरी निर्ममताकासाथ हत्या गरेको हुदा हदै सम्मको कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको पशुपती चन्दको जाहेरी दरखास्त।

७. **गोरख बहादुर साँउदको जाहेरी दरखास्त**

उग्रतारा गण टिकापुरमा कार्यरत मेरो भाई शसस्त्र प्रहरी बरिष्ठ हवल्दार ललित बहादुर साँउद मिति २०७२।०५।०७ गतेका दिन अन्यायीहरुले टिकापुर बजारमा हुल दंङ्गा गरी जनधनको क्षती पुर्याउने अबस्था भएपछी सो स्थानमा ड्युटीमा खटी गएको थियो, प्रतिबादीहरुलाई सम्झाई बुझाई गर्ने क्रममा प्रतिवादी धनिराम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशमलाल चौधरी समेतले निर्देशन दिए अनुसार प्रतिवादीहरु राम कुमार कठरिया, सुन्दरलाल कठरिया, रामचन्द्र चौधरी, रणभुमी भन्ने फिरुलाल चौधरी, बिश्राम चौधरी, फुलराम चौधरी, बिकास भन्ने बालकृष्ण चौधरी, प्रदिप चौधरी, चमन चौधरी, करन चौधरी, प्रदिप चौधरी, राम कुमार कठरीया, राज कुमार कठरीया, दिल बहादुर चौधरी, समेतका प्रतिवादीहरुले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियार सहित आई पुर्व योजना बमोजिम चारैतिरबाट घेरा हाली मेरो भाई ललित बहादुर साँउद समेत माथी साँङ्घातिक आक्रमण गरी निर्ममताका साथ हत्या गरेको हुदा निज प्रतिबादीहरुलाई कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको मिति २०७२।५।२२ गतेको गोरख बहादुर साउँदको जाहेरी दरखास्त।

## ८. ओमकार थारुको जाहेरी दरखास्त

उग्रतारा गण टिकापुरमा कार्यरत मेरो भाई शसस्त्र प्रहरी हवल्दार राम बिहारी थारु मिति २०७२।०५।०७ गतेका दिन अन्यायीहरुले टिकापुर बजारमा हुल दंङ्गा गरी जनधनको क्षती पुर्याउने अबस्था भएपछी सो स्थनमा ड्युटीमा खटी गएको थियो, प्रतिबादीहरुलाई सम्झाई बुझाई गर्ने क्रममा प्रतिवादी धनिराम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशमलाल चौधरी समेतले निर्देशन दिदै राम कुमार कठरिया, सुन्दरलाल कठरिया, रामचन्द्र चौधरी, रणभुमी भन्ने फिरुलाल चौधरी, बिश्राम चौधरी, फुलराम चौधरी, बिकास भन्ने बालकृष्ण चौधरी, प्रदिप चौधरी, चमन चौधरी, करन चौधरी प्रदिप चौधरी, राम कुमार कठरीया, राज कुमार कठरीया, दिल बहादुर चौधरी, समेतका प्रतिवादीहरुले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियार सहित आई पुर्वयोजना बमोजिम चारैतिरबाट घेरा हाली मेरो भाई राम बिहारी थारु समेत माथी साँङ्गातिक आक्रमण गरी जिउदै आगो लगाई निर्ममताका साथ हत्या गरेको हुदा निज प्रतिबादीहरुलाई कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको मिति २०७२।५।२२ गतेको ओमकार थारुको जाहेरी दरखास्त।

## ९. दिपक न्यौपानेको जाहेरी दरखास्त

वारदातका दिन  टीकापुर स्थित सरकारी कार्यालयहरको सुरक्षार्थ खटि गएको प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको सुरक्षाकर्मीको टोलीलाई थरुहटका आन्दोलन कर्ता प्रतिवादी हरिनारायण चौधरी समेतका व्यक्तिहरुले टीकापुर स्थित पशुहाटबजार नजिक निषेधित क्षेत्रमा जान नदिए पश्चात चारैतिरबाट घेराहाली आफुहरुले बोकी ल्याएका लाठा, भाला, तरवार लगायतका घरेलु हतियारहरुले प्रहार गरी बिभत्स रुपमा हत्या गरेकोले निज प्रतिवादीहरुलाई कारवाही गरीपाउँ भन्ने समेत व्यहोराको मिति २०७२।५।२५ गतेको दिपक न्यौपानेको जाहेरी दरखास्त।

## १०. पुरक जाहेरी प्रतिबेदन

टीकापुर न.पा.वडा नं.९ स्थित पशुहाटबजारमा सुरक्षाकर्मी माथि आक्रमण गरी कर्तव्य गरी मार्नमा  संलग्न रहेका प्रतिवादीहरु राजेश चौधरी, सन्तराम चौधरी, किशनलाल चौधरी, बृज मोहन डगौरा, बिश्राम भन्ने जित बहादुर डगौरा, राम नरेश चौधरी, बिर बहादुर चौधरी समेत उपर कारवाही गरी पाउन प्र.ना.नि.मान बहादुर बोहराको मिति २०७२।५।१४ गतेको थप जाहेरी।

## ११. प्रहरी प्रतिबेदन

वारदात मिति देखी भागी फरार रहेका प्रतिबादी संगम भन्ने सन्तोष कुमार थारु मिति २०७२।०५।१७ गते पक्राउ परेकोले कारबाही गरीपाउँ भन्ने व्यहोराको मिति २०७२।५।१७ गतेको प्रहरी प्रतिबेदन।

## १२. शसस्त्र प्रहरी उपरीक्षक हर्क बहादुर रावलको प्रतिबेदन

मिति २०७२।०५।०७ गते थारुहटका कार्यकर्ताहरुले टिकापुर बजारमा आई निजी तथा सार्वजनिक सम्पत्तिको क्षती पुर्याउने योजना रहेको छ भन्ने जानकारी पाएपछी शान्ति सुरक्षाका लागी शसस्त्र प्रहरी टोली खटी जाँदा बदनियतका साथ आएका प्रतिबादीहरुले अगाडी महिला तथा बाल बालिकालाई व्यानर बोक्न लगाई पछाडी घरेलु हातहतियार सहित आएका जत्थाले छापामार शैलीमा प्रहरी टोलीलाई घेराबन्दिमा पारी आक्रमण गर्दा नेपाल प्रहरीका उच्च अधिकारी सहित श.प्र.ब.ह. ललित बहादुर साँउद, स.प्र.ह. राम बिहारी थारुको हत्या गरी दर्जनौ शसस्त्र प्रहरी कर्मचारीलाई घाईते बनाएको उक्त घटना धनिराम चौधरी, रेशमलाल चौधरी समेतको निर्देशनमा रणभुमी भन्ने फिरुलाल चौधरी, बिश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरीको अगुवाईमा बिभत्स हत्या घटना गराएको हुंदा हदै सम्मको कारवाही गरीपाँउ भन्ने समेत शसस्त्र प्रहरी बल उग्रतारा गण टिकापुर कैलालीका सशस्त्र प्रहरी उपरिक्षक हर्क बहादुर रावलको प्रतिवेदन ।

## १३. घटनास्थल मुचुल्का

जिल्ला कैलाली, टीकापुर नगरपालिकाको वडा नम्बर ९ ब्लक नम्बर २९ पशुहाटबजार स्थित पुर्वमा सदबरुवा तर्फ जाने कच्ची सडक, पश्चिममा शंकरपुर गाउँ, उत्तरमा सदबरुवा गाउँ, दक्षिणमा जमरा खोला यती चार किल्ला भित्र चर्चेको पशु हाटबजार क्षेत्र, शंकरपुर गाउँ टिकापुरबाट मुनुवा गाउँ समेतको स्थानमा जाने बाटो, धानखेतीलाई घटनास्थल कायम गर्न शुरु घटना भएको उदगमस्थल टीकापुर बजारबाट मुनुवा गाउँ जाने पिच सडकको बिचमा प्रशस्त शिशाका टुक्राहरु फुटेका, सो सडकको पुर्व किनारामा रहेको नालीको माटोमा प्रशस्त खुट्टाको कुल्चन भएको, पुर्व सडक किनारामा राम धनी वर्माको घर, सो घरको पछाडी पट्टी ८ फिट चौडाई भएको बाटो, सो बाटोमा मानिस लखेटी माटो कुल्चीएको देखिएको, रामधनी बर्माको घर पछाडी लगाएको मकैबारी कुल्चिएको, सोही स्थानबाट ५ मिटर टाढा जङ्ग बहादुर सिजालीको घर आगनमा लगाएको मकैबारी कुल्चिएको, पात डाँढबाट पानी निस्केको सोही स्थानबाट ५ मिटर अगाडी विर बहादुर बटालाको घर आगनको पानी नल्का बारेको ईट्टा भत्काईएको, प्रशस्त

संघर्ष भएको देखिएको, सो स्थानबाट १० मिटर उत्तर संङ्गिता बर्माको घर आगनमा रगत जस्तो लागेको फुटेको ढुङ्गा, काँचो बाँसमा फलामे किला ठोकेको हान्न प्रयोग भई फुटेका ६ वटा लठ्ठी रहेका, सो स्थानबाट १० मिटर पुर्व संङ्गिता बर्माके कुखुरा पालनका लागि बनाईएको छाना, सोही छानाको ५ मिटर दक्षिण खर पोलेको खरानी, मुस्लो, प्लाष्टिक जलेको अवशेष रहेको, सोही स्थान नजिक बासका लाठी, फुटेका चिरीएका ४ वटा, कडा काठको लठ्ठी टुटेको अवस्थामा फेला परेको, सोही स्थानमा छरिएको तरवार २, फलामे पाईप १, घन १ रहेको सो स्थानबाट ५ मिटर पुर्व खर जलेको धुलो, मुस्लो र आधा जलेको खर, दाउ जस्तो धार भएको हतियार १ रहेको, सो स्थानबाट अ. १ किलोमिटर सम्म धानबारी रहेको, धानको बिचमा प्रशस्त मानिस हिडेको, दगुरेको धान मडारिएको पाईएको, खेतमा प्रशस्त ठुला साना ढुङ्गा रहेका, वियरका खाली ४ वटा बोतल, धानखेती भित्रै अलग–अलग स्थानमा फेला परेको, खेतको बिचमा बिर बहादुर के.सी.को खेतको धान माडिएको, सोही स्थानबाट ८ मिटर उत्तर खेत बिचको नालिमा घासँ मडारिएको, फुटेका ढुङ्गा, अ. डेढ किलो तौल भएका ढुङ्गाहरुमा रगत लागी सुकेको, सो स्थानबाट ५० मिटर उत्तर नेत्र बहादुर साउँदको घर, सो घरको उत्तर तर्फ पर्खाल खेत रहेको, घटनास्थलका भौतिक सबुदबाट देखिएको, मिति २०७२।५।७ गते थारुहटको टिकापुर बजारमा आई सार्वजनिक निजी सम्पती क्षती पुऱ्याउने योजना थाहा पाई प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोली सुरक्षाको लागी खटिई जाँदा घरेलु आधुनिक हतियार सहित आएका अन्यायीहरुले हाटबजार स्थित सडक बाटोमा सम्झाई बुझाई गर्न लागेका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई घेरा हाल्दा आफ्नो बचावका लागी बिर बहादुर बडालको घर पछ्याडीको बाटोबाट भाग्न खोज्दा योजनाबद्ध रुपमा मार्न आएका अन्यायीहरुले पछ्याडीबाट लाठी, भाला, बन्चराले हान्दै लखेटेका निज बिर बहादुर बडालाको पानी नल्का बारेको ईट्टा भत्काई प्रहरीलाई हिर्काएको र घाईते भएका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने आफ्नो ज्यान जोगाउन संङ्गिता वर्माको घर कोठा भित्र पस्दा अन्यायीले बाहिर तानी आंगनमा ढुङ्गा, लाठी, भाला, खुकुरीले टाउँको, निधार अनुहार समेतमा प्रहार गरी मारेका र सोही स्थानबाट ५ मिटर पुर्व सशस्त्र प्रहरी हवल्दार राम बिहारी चौधरीलाई लाठी भालाले हानी घाईते पारी जमिनमा ढलाई नजिकै भएको खरले जिउँदै जलाएका, सोही स्थान भन्दा ५ मिटर पुर्व प्रहरी जवान लोकेन्द्र चन्दलाई पनि भाला, डण्डा, खुकुरी, बन्चरोले हिर्काई शरीरका विभिन्न भागमा चोट पुऱ्याई जिउँदै शरीरमा आगो लगाएका, सोही स्थानबाट पश्चिममा श्याम खडकालाई धारिलो हतियारले मारेको, सो

स्थानबाट अन्दाजी १ किलोमिटर उत्तर ज्यान जोगाउन भाग्दै गरेका प्रहरी निरीक्षक केशब बोहरा र बलराम बिष्टलाई पछाडीबाट लखेटी धानखेतमा ढलाई बन्चरो, तरवार, लाठी, हसियाले ढुङ्गा लाठीले हानी मारेका, तत्पश्चात ५० मिटर उत्तर शसस्त्र प्रहरी हवल्दार ललित साउँदलाई धान खेतमा लाठीले हानी मारेका र सोही स्थान नजिक घर आगनमा खेलीरहेको डेड वर्षको टेक बहादुर साउँदलाई टाउँकोमा गोली हानी मारेको र घटनास्थलमा हत्याराले छाडी गएका लाठी, तरवार, ढुङ्गा, रड, घन, काडेतार बेरिएका बासँ, किल्ला ठोकिएको बास, चप्पल, ढुङ्गा संकलन गरी उठाई फोटो खिचिएको भन्ने समेत ब्यहोराको मिति २०७२।५।७ गतेको घटनास्थल प्रकृती मुचुल्का कागज।

**१४. घटनास्थल मुचुल्का**

जिल्ला कैलाली टिकापुर न.पा.वडा न.९ पशु हाटबजार स्थित पुर्वमा टेक बहादुर चौधरीको कच्ची घर, पश्चिममा उदय सिजालीको घर, उत्तरमा रामधनी बर्माको खेतबारी, दक्षिणमा बिर बहादुर बटालाको १ तले पक्की घर यती चार किल्ला भित्र मिति २०७२।०५।०७ गते प्रतिवादी रेशमलाल चौधरी समेतले प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतलाई लखेटी लखेटी ज्यान जोगाउन रामधनी बर्माको घरको उत्तर पट्टीको कोठामा पस्दा ढोकामा भाला हानी कोठा बाहिर निकाली आगनमा निर्ममता पुर्वक हत्या गरेका प्र.ब.उ.लाई घर बाहिर निकाल्न भाला हानेका, घर पाखाको टायल फुटाएको, ढोका धारिलो हतियार प्रहार गरी ढोकाको चौखट काटिएको अवस्थामा रहेको भन्ने समेत ब्यहोराको घटनास्थल मुचुल्का कागज।

**१५. घटनास्थल तथा लाश जाँच मुचुल्का**

जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्बर ९ स्थित पुर्वमा टिकापुर अस्पतालको खाली जमिन, पश्चिममा टिकापुर अस्पतालको मुल गेट, उत्तरमा टिकापुर अस्पतालको पर्खाल, दक्षिण टिकापुर अस्पतालको नयाँ भवन यति चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टिकापुर अस्पतालको शव गृह भित्र पश्चिम टाउँको, पुर्व खुट्टा भई उत्तानो अवस्थामा रहेको, टाउँकोको बायाँ तर्फको भाग धारिलो हतियारले प्रहार गरेको चोट, आखाँ खुल्ला, बायाँ आखा मुनी काटीएको घाउँ तालुको भागमा गम्भिर चोट लागि रगत बगी रहेको भन्ने समेत व्यहोराको मिति २०७२।५।७ गतेको प्रहरी निरीक्षक मृतक बलराम बिष्टको घटनास्थल लाश जाँच प्रकृती मुचुल्का कागज।

**१६. घटनास्थल लाश जाँच मुचुल्का**

जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्बर ९ स्थित पुर्वमा टिकापुर अस्पतालको खाली जमिन, पश्चिममा टिकापुर अस्पतालको मुल गेट, उत्तरमा टिकापुर अस्पतालको पर्खाल, दक्षिण टिकापुर अस्पतालको नयाँ भवन, यति चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टिकापुर अस्पतालको शव गृह भित्र भुईमा उत्तानो अवस्थामा रहेको, दाँत देखिएको, आखाँको भागमा रगत लागी सुकेको, टाउकोमा गम्भिर चोट लागेको अवस्थामा रहेको मृतक प्रहरी निरीक्षक केशव बोहराको मिति २०७२।५।७ गतेको घटनास्थल लाश जाँच प्रकृती मुचुल्का कागज।

**१७. घटनास्थल लाश जाँच मुचुल्का**

जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्बर ९ स्थित पुर्वमा टिकापुर अस्पतालको खाली जमिन, पश्चिममा टिकापुर अस्पतालको मुल गेट, उत्तर टिकापुर अस्पतालको पर्खाल, दक्षिण टिकापुर अस्पतालको नयाँ भवन यति चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टिकापुर अस्पतालको शव गृह भित्र दक्षिण टाउको, पुर्व खुट्टा गरी उतानो अवस्थामा रहेको, घाँटीको भागमा डाम जस्तो रहेको, दिशा निस्केको भन्ने समेत व्यहोराको मृतक सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउँदको मिति २०७२।५।७ गतेको घटनास्थल लाश जाँच प्रकृती मुचुल्का कागज।

**१८. घटनास्थल लाश जाँच मुचुल्का**

जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्बर ९ स्थित पुर्वमा टिकापुर अस्पतालको खाली जमिन, पश्चिममा टिकापुर अस्पतालको मुल गेट, उत्तर टिकापुर अस्पतालको पर्खाल, दक्षिण टिकापुर अस्पतालको नयाँ भवन यती चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टिकापुर अस्पतालको शव गृह भित्र उत्तानो अवस्थामा रहेको मृतक सशस्त्र प्रहरी हवल्दार राम बिहारी थारुको शरीरमा लगाएको सशस्त्र प्रहरी चुस्ता जलेको, पेटको, छाला पुरै जली डढेको अवस्थामा रहेको, नाक मुखबाट रगत बगेको, अनुहार टाउकोमा चोट भएको भन्ने समेत व्यहोराको मिति २०७२।५।७ गतेको घटनास्थल लाशजाँच प्रकृती मुचुल्का कागज।

**१९. घटनास्थल लाश जाँच मुचुल्का**

जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्बर ९ स्थित पुर्वमा टिकापुर अस्पतालको खाली जमिन, पश्चिममा टिकापुर अस्पतालको मुल गेट, उत्तर टिकापुर अस्पतालको पर्खाल, दक्षिण टिकापुर अस्पतालको नयाँ भवन यती चार किल्ला भित्र दक्षिण

मोहडा भएको जस्ताले छाएको टिकापुर अस्पतालको शव गृह भित्र उत्तानो अवस्थामा रहेको मृतक प्रहरी जवान लोकेन्द्र बहादुर चन्दको मुख अनुहार क्षतविक्षत भइ छाला निस्केको अवस्थामा रहेको, टाउकोमा चोट भएको भन्ने समेत व्यहोराको मिति २०७२।५।७ गतेको घटनास्थल लाश जाँच प्रकृती मुचुल्का कागज।

२०. **घटनास्थल लाश जाँच मुचुल्का**

जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्बर ९ स्थित पुर्वमा टिकापुर अस्पतालको खाली जमिन, पश्चिममा टिकापुर अस्पतालको मुल गेट, उत्तर टिकापुर अस्पतालको पर्खाल, दक्षिण टिकापुर अस्पतालको नयाँ भवन यती चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टिकापुर अस्पतालको शव गृह भित्र लाश राख्ने सिमेन्टको शैया माथि उतानो अवस्थामा मृतक प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको, बायाँ आखाँ खुल्ला, माथिल्लो ओठको मासुको चोक्टा नभएको, टाउँको बायाँ कन्चटमा ३ ईन्च गहिरो धारिलो हतियारले हाने जस्तो घाउँ, टाउको र अनुहारमा रगत लागी लतपतिएको अवस्थामा रहेको भन्ने समेत व्यहोराको मिति २०७२।५।७ गतेको घटनास्थल लाशजाँच प्रकृती मुचुल्का कागज।

२१. **घटनास्थल लाश जाँच मुचुल्का**

जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्बर ९ स्थित पुर्वमा टिकापुर अस्पतालको खाली जमिन, पश्चिममा टिकापुर अस्पतालको मुल गेट, उत्तर टिकापुर अस्पतालको पर्खाल, दक्षिण टिकापुर अस्पतालको नयाँ भवन यती चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टिकापुर अस्पतालको शव गृह भित्र मृतक प्रहरी हवल्दार श्याम बहादुर खड्काको टाउँकोमा चोट, अनुहार रगतले लतपतिएको, पेटको भागमा जलेको भन्ने समेत ब्यहोराको मिति २०७२।५।७ गतेको घटनास्थल लाशजाँच प्रकृती मुचुल्का कागज।

२२. **वस्तुस्थिती मुचुल्का**

मिति २०७२।०५।०७ गते अ. १३:३० बजेको समयमा जिल्ला कैलाली टिकापुर–९ पशुहाट बजार नजिक ड्युटीमा रहेको अवस्थामा प्रतिबादी रेशम लाल चौधरीले आन्दोलन शान्तिपुर्ण हुन्छ भनी भ्रममा पारी अन्य प्रतिबादीहरुलाई हातमा लाठा, भाला, रड जस्ता घरेलु हात हतियार ल्याउन लगाई प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको टोलीलाई एक्कासी घेराबन्दि गरी चारैतिरबाट आक्रमण गरी केही प्रहरी कर्माचारीलाई पेट्रोल खन्याई जिउदै जलाई निर्मम तरीकाले हत्या गर्न लगाएकाले यो षडयन्त्र रेशमलाल

थारुको हो भन्ने समेत व्यहोराको घाईते स.प्र.ज.नविन शाह, टेक बहादुर साँउद, खुशिराम चौधरी र स.प्र.ह. राजेन्द्र प्रसाद थारुले करीव एकै मिलान हुने गरी खुलाई दिएको मिति २०७२।५।२२ गतेको वस्तुस्थिती मुचुल्का।

२३. **वस्तुस्थिती मुचुल्का**

मिति २०७२।०५।०७ गते मुनुवा–६ चिलिमे चौराहमा ड्युटीमा खटीएकोमा हात हातमा लाठी भाला, बन्चरो जस्ता हतियार बोकी आएका आन्दोलनकारीहरुले चिलिमे चौराहाबाट सुरक्षाकर्मीलाई धक्का लगाउदै टिकापुर–९ पशुहाट बजार नजिक पुर्याई निषेधित क्षेत्र तोड्न खोज्दा प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाई बुझाई गर्न खोज्दा निज प्रतिबादीहरुले चारैतिरबाट घेराबिन्द गरी प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतका प्रहरी कर्मचारीहरुलाई भाला, लाठीले घोपी, रोपी, ढुङ्गा मुडा प्रहार गरी, ज्युदै आगो लगाई निर्मम तरिकाले हत्या गरेका हुन्। आन्दोलन शान्ती पुर्बक हुन्छ भनी भ्रममा पारी आफ्ना कार्यकर्तालाई हात हातमा लाठी, भाला जस्ता घरेलु हात हतियार बोक्न लगाई प्रहरी कर्मचारीको हत्या गर्ने योजना प्रतिबादी रेशमलाल चौधरीको हो भन्ने समेत व्यहोराको घाईते स.प्र.ज.खगेन्द्र दमाई, ईन्द्र भण्डारी, स.प्र.स.ह. गणेश बहादुर साउद, स.प्र.ज. नवराज नाथ, स.प्र.ज. खगेन्द्र कुमार साउद, स.प्र.ज. दिपक महरा समेतले मिति २०७२।५।२२ गते गरी दिएको वस्तुस्थिती मुचुल्का।

२४. **वस्तुस्थिती मुचुल्का**

म समेतका शसस्त्र प्रहरी कर्मचारी मिति २०७२।०५।०७ गते थारुहटको आन्दोलनमा शान्ति सुरक्षाका लागी टिकापुर–९ पशुहाट बजारमा खटीएका थियौ। भाला, लाठी, खुकुरी, बन्चरो सहित आएका अन्यायीहरुको जत्थालाई सम्झाई बुझाई गर्न खोज्दा चारैतिरबाट घेराबन्दि गरी लाठी, ढुङ्गा, भाला समेतले हान्न थाले, निषेधित क्षेत्र तोडे, त्यस अबस्थामा अश्रुग्यास सम्म प्रहार गरेका हौ। ज्यान मार्ने योजनाका साथ आएका अन्यायीहरुले छापामार शैलीमा गरेको आक्रमणका अगाडी टिक्न नसकी ज्यान जोगाउन भाग्दा पछाडी पछाडी लखेट्दै प्रहरी बरीष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई भाला, ढुङ्गा, समेतले हानी हत्या गरे। स.प्र.ह. राम बिहारी चौधरी र प्र.ह.श्याम खड्कालाई ज्यूदै जलाई मारेका हुन्, त्यसै गरी खेतमा बन्चरो समेतले टाउकोमा हिर्काई प्रहरी निरीक्षक बलराम बिष्ट र केशब बोहरालाई मारेका हुन्। निर्मम तरीकाले स.प्र.ब.ह.ललित बहादुर साँउद र प्रहरी जनाव लोकेन्द्र बहादुर चन्दलाई मारेका हुन् घटनामा हामीहरु घाईते भएका छौ। प्रतिबादी राम प्रसाद चौधरी, रणभुमी भन्ने फिरुलाल चौधरी, बिश्राम चौधरी,

शिब कुमार चौधरी, प्रदिप चौधरी लगायतका व्यक्तिहरुले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पुर्ब योजना तथा निर्देशनमा षडयन्त्र पुर्बक तरीकाले प्रहरी टोलीलाई घेराबन्दि गरी लखेटी लखेटी मारेका तथा घाईते बनाई हात हतियार समेत लुटी लगेका हुन् भन्ने समेत व्यहोराको एकै मिलानको स.प्र.ह. रबिन्द्र बि.क., स.प्र.ह.लच्छुराम खत्री, स.प्र.ह. प्रदिप चौधरी, स.प्र.स.ह. आशा राम नेपाली, राजेन्द्र ऐर, स.प्र.स.ह.सुरेन्द्र हमाल समेतले गरीदिएको मिति २०७२।५।२३ गतेको वस्तुस्थिती मुचुल्का।

**२५. घाउजाँच केश फारम**

टाउको समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.नि. एकेन्द्र बहादुर खड्काको घाउजाँच केश फारम, घुडा समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. नेत्रराज पडालको घाउजाँच केश फारम, गम्भिर चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ना.नि. रबिन्द्र धनुषेको घाउजाँच केश फारम, खुट्टा समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ह.मकेन्द्र बहादुर अधिकारीको घाउजाँच केश फारम, चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ह. केशब राज जोशीको घाउजाँच केश फारम, टाउको, हात समेतमा चोटपटक लागेको भन्ने समेत व्यहोराको प्र.ह. खेमराज भट्टको घाउजाँच केश फारम, छाती समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. देब बहादुर मौनीको घाउजाँच केश फारम, टाउकोमा चोटपटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. सुरेन्द्र चन्दको घाउजाँच केश फारम, खुट्टा, हात समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. जयराज धामीको घाउजाँच केश फारम, टाउको समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. दिपराज थापाको घाउजाँच केश फारम, हात समेतमा चोट लागको भन्ने समेत व्यहोराको प्र.ज. लक्ष्मण साउदको घाउजाँच केश फारम, टाउको समेतमा चोट पटक लागको भन्ने समेत व्यहोराको प्र.ह. मान बहादुर बुढामगरको घाउजाँच केश फारम, हात खुट्टा समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. गज बहादुर भण्डारीको घाउजाँच केश फारम, शरिरको बाँया भागमा चोट लागेको भन्ने समेत व्यहोराको प्र.ज. केशब महराको घाउजाँच केश फारम, ढाड समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. आन सिंह बिष्टको घाउजाँच केश फारम, हात खुट्टामा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. दिपेन्द्र धामीको घाउजाँच केश फारम, पाखुरामा समेत चोट पटक लागेको भन्ने समेत व्यहोराको प्रहरी जवान लक्ष्मण नेपालीको घाउजाँच केश फारम, पिठ्यू समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. दिपक नेपालीको घाउजाँच केश फारम, हात, टाउको, पाखुरा समेतमा

चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. राम बहादुर ऐरको घाउजाँच केश फारम, हात खुट्टामा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. शेर राम पार्कीको घाउजाँच केश फारम, शरिरमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. भरत सिंह बुडालको घाउजाँच केश फारम, शरिरमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. रामचन्द्र जोशीको घाउजाँच केश फारम, टाउको समेतमा गम्भिर चोट लागेको भन्ने समेत व्यहोराको प्र.ज. योगेन्द्र बहादुर ऐरको घाउजाँच केश फारम, हात, खुट्टा समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ना.नि. मान बहादुर बोहराको घाउजाँच केश फारम, शरिरमा चोट पटक लागको भन्ने समेत व्यहोराको प्र.ह. गजेन्द्र बहादुर शाहको घाउजाँच केश फारम, हात खुट्टामा, टाउकोमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ह.मान बहादुर बुढामगरको घाउजाँच केश फारम, हात, खुट्टामा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. मान सिंह साउदको घाउजाँच केश फारम, खुट्टा समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. देब सिंह कार्कीको घाउजाँच केश फारम, पिठ्यू समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको प्र.ज. राजेन्द्र सिंह धामीको घाउजाँच केश फारम, टाउको, हात खुट्टा समेतमा चोट पटक लागेको भन्ने प्र.ज. सुरज सिंह ठकुरीको घाउजाँच केश फारम, छाती, टाउको समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको स.प्र.ह. शम्शेर टमटाको घाउजाँच केश फारम, हात, खुट्टा टाउको समेतमा चोट पटक लागेको भन्ने समेत व्यहोराको स.प्र.ह. रबिन्द्र बि.क.को घाउजाँच केश फारम, शरिरमा चोट पटक लागेको भन्ने समेत व्यहोराको स.प्र.ह. सुरेन्द्र हमालको घाउजाँच केश फारम, हात, खुट्टा र शरिरमा चोट पटक लागेको भन्ने स.प्र.ह. डम्मर बिष्टको घाउजाँच केश फारम, हात खुट्टामा काटीएका घाउ भएका भन्ने समेत व्यहोराको स.प्र.ह. सोनु बहादुर चौधरीको घाउजाँच केश फारम, हात खुट्टामा चोट लागी सुन्निएको भन्ने समेत व्यहोराको स.प्र.ज. खगेन्द्र बि.क.समेतको घाउजाँच केश फारम।

२६. **प्रतिबादीको घाउजाँच**

काटीएको घाउ भएको भन्ने समेत व्यहोराको प्रतिबादी राम प्रसाद चौधरीको घाउजाँच केश फारम, हिपको भागमा चोट लागेको भन्ने समेत व्यहोराको प्रतिबादी राज कुमार कठरीयाको घाउजाँच केश फारम, टाउकोमा चोट लागेको भन्ने समेत व्यहाराको प्रतिबादी दिल बहादुर चौधरीको घाउजाँच केश फारम, खुट्टा, साप्रामा चोट लागेको भन्ने समेत व्यहोराको प्रतिबादी सुन्दरलाल कठरीयाको घाउजाँच केश फारम, छाती समेतमा

चोट लागेको भन्ने समेत व्यहोराको प्रतिबादी हरीनारायण चौधरी समेतको घाउजाँच केश फारम।

२७. **घाउजाँच केश फारम**

Injury and Abrasion over leg भन्ने समेत व्यहोरा स.प्र.ह.मोहन नाथको घाउजाँच केश फारम, खुट्टामा घाउचोट लागको भने समेत व्यहोराको स.प्र.ज. प्रसाद बि.क. को घाउजाँच केश फारम, टाउकोमा चोट पटक लागेको भन्ने समेत व्यहोराको स.प्र.ज. अंकित नेपालीको घाउजाँच केश फारम।

२८. **घाईते प्रहरीको घाँजाच केश फाराम**

वारदातमा घाईते भएका स.प्र.नि. प्रेम बहादुर ठकुल्ला, स.प्र.ह. जयराम रोकाया, स.प्र.ह. कमल बहादुर चन्द, स.प्र.स.ह. नवराज नाथ, स.प्र.स.ह. कृष्ण बुढा, स.प्र.स.ह. केशब जोशी, स.प्र.ज. नविन शाह, स.प्र.ज. राजेन्द्र प्रसाद जोशी, .प्र.ज. सुरेश तिरुवा, स.प्र.ज. सोनराज चौधरी, स.प्र.ज. प्रशान्त बि.क. स.प्र.ज. अभुज नेपाली, स.प्र.ज. खगेन्द्र खड्का, स.प्र.ज. गंगादत्त पन्त, स.प्र.ज. महेश पार्की, स.प्र.ज.राम थान, स.प्र.ज. अनिल चौधरी, स.प्र.ज. शिबदत्त भट्ट, स.प्र.ज. खगेन्द्र दमाई, स.प्र.नि. सुबर्ण बम, स.प्र.उ.लक्ष्मण सिंहको घाउकेश फारममा शरीरका विभिन्न ठाउमा चोटपटक लागी घाईते भएको भन्ने समेत व्यहोराको विभिन्न मितिका घाईतेहरुको घाँजाच केश फाराम।

२९. **घाईते प्रहरी हवल्दार केशव राज जोशीको घटना विवरण कागज**

मिति २०७२।०५।०७ गतेको दिन म टिकापुर ९ पशु हाटबजार ड्यिउटीमा खटिईएको थिए। सो स्थानमा थारुहट स्वयत प्रदेशको माग राख्दै अन्यायीहरु हातमा घरेलु हात हतियार समेत ल्याई आएका हुन, म संग खटिईएको कमाण्डर निजहरुलाई सम्झाई बुझाई गर्न खोज्दा मार्ने योजना तथा नियतका साथ आएका अन्यायीहरुले चारै तिरबाट म समेतलाई घेराबन्दी गरी ढुङ्गा, गुलेली बर्षाए पछि हामी पछाडी हट्दा समेत लखेट्न नछाडी उल्टै संघातीक आक्रमणलाई कायम राखी प्र.ब.उ.लक्ष्मण न्यौपाने, प्र.नि.बलराम बिष्ट, प्र.नि.केशब बोहरा समेतलाई ईट्टा, ढुङ्गा, भाला, गुलेली समेतले हान्दा मेरो बायाँ खुट्टा तथा टाउँकोमा गम्भिर चोट लागी म रगताम्य भई ढलेपछि मलाई मऱ्यो भनी अरुलाई आक्रमण गर्दै थिए। मलाई घटनास्थलबाट कसले उठाई लग्यो सो समेत थाहा पाइन। टिकापुर अस्पतालमा पुगे पछि मेरो होश खुलेको हो। हाल मेरो स्वास्थ्य अवस्था क्रमिक रुपमा सुधार हुदै आई रहेको छ।म संगै घाईते भएका प्र.ह.जनक सिंह नेगीको अस्पतालमै मृत्यु भयो। म समेतलाई सांघातिक आक्रमण गर्नमा लक्ष्मण थारु,

रेशमलाल चौधरी, फिरुलाल चौधरी समेतको निर्देशनमा राम प्रसाद चौधरी, राम कुमार कठरिया समेतले भाला, खुँडा हानी प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको हत्या गरी म समेतलाई घाईते बनाएका हुन भन्ने समेत ब्यहोराको प्रहरी हवल्दार केशव राज जोशीको घटना विवरण कागज।

**३०. घाईते प्रहरी नायव निरीक्षक रबिन्द्र धनुषेको घटना विवरण कागज**

मिति २०७२।०५।०७ गते १३:३० बजेको समयमा म घटना घटेको स्थान टिकापुर ९ पशुहाटबजारमा डियूटीमा खटिईएको थिए। थारुहट आन्दोलनकारीहरु अराजक हिंसक नहोस भनी स्थानिय प्रशासनले निषेधाज्ञा जारी गरेको थियो। म संगै प्र.नि.बलराम बिष्ट, प्र.ह.श्याम खडका समेत थियौ।घरेलु हात हतियार सहित आएका प्रतिवादीहरुलाई सम्झाई बुझाई गर्दा निजहरु मार्ने योजना साथ आएका रहेछन, म समेतलाई चारै तिरबाट घेराबन्दी गरे। ढुङ्गा, भाला, खुकुरी, तरवार, गुलेली हान्न थाले, हामी संग जनशक्ती कम भएको हुंदा हामी अश्रुग्यास प्रहार गर्दै पछाडी हट्यौं। प्र.ब.उ.समेतको थप टोली आउँदा समेत प्रतिवादीहरुले हात हतियार प्रहार गर्न नछाडे पछि प्रतिवादीहरुले हानेको ईट्टाले मेरो छातीमा हाने, म ढले मैले उठने कोसिस गर्दा पनि टाउँकोमा प्रहार गरे भालाले दायाँ हातको कोखामा रोपे, मेरो मुखबाट रगत आएको रहेछ, त्यस पछि मर्यो भनी छाडेका रहेछन। मलाई उपचारको लागी कसले लग्यो सो समेत थाहा पाईन हाल मेरो नेपाल प्रहरी अस्पतालमा उपचार हुदै क्रमिक सुधारमा छु। प्र.ब.उ.समेतलाई हत्या गर्ने म समेतलाई घाईते पार्ने लक्ष्मण थारु, रेशमलाल चौधरी, फिरुलाल चौधरीको निर्देशनमा प्रेम बहादुर चौधरी, राम कुमार कठरिया समेतका व्यक्ती हुन, वारदातमा संलग्न अन्य व्यक्तीलाई देखेमा चिन्नेछु भन्ने समेत ब्यहोराको मिति २०७२।५।२१ गतेको प्र.ना.नि. रबिन्द्र बहादुर धनुषेको कागज।

**३१. घाईते प्रहरी जवान रामचन्द्र जोशीको घटना विवरण कागज**

मिति २०७२।०५।०७ गतेको दिन टिकापुर ९ पशु हाटबजार ड्युटीमा खटिएको थिए। शान्ती सुरक्षाको अवस्थालाई हेरी सो क्षेत्रमा निषेधाज्ञा जारी गरिएको थियो। चिलिमे चौराहमा ड्युटीमा खटिएका प्र.नि.बलराम बिष्ट समेतले अन्यायीहरुलाई सम्झाई बुझाई गर्ने प्रयास गरी रहेका थिए, प्रतिवादीहरुले नमानी भाला, खुकुरी, बन्चरो समेतले प्रहार गर्दै पछाडी धकेल्दै ल्याए पछि निषेधाज्ञा जारी गरेको स्थानबाट अगाडी बढन नदिन अश्रुग्यास समेत प्रहार गर्दा प्रतिवादीहरुले चारैतिरबाट घेराबन्दीमा पारे, थप टोलीमा खटिई आएका प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतले सम्झाई बुझाई गर्दा नमानी आक्रमण गरे, मलाई

पछाडीबाट खुट्टा समाती भुईमा लडाई पाखुरा, पेट पिठ्यु ढाडमा ढुङ्गाले प्रहार गरे, म बेहोस भए पछि अन्य प्रहरीलाई लखेट्दै गएका थिए। मेरो एकछिन पछि होस खुले पछि भागेर सशस्त्र प्रहरीको ब्यारेकमा गए त्यस पछि मलाई उपचारको लागी टिकापुर अस्पतालमा लगिएको हो, हाल मलाई नेपाल प्रहरी अस्पताल काठमाण्डौमा ल्याई उपचार भई रहेको छ। मेरो काध, किडनी, हात खुट्टामा चोट लागेको छ। लक्ष्मण थारु, रेशमलाल चौधरी, फिरुलाल चौधरीको निर्देशनमा प्रेम बहादुर चौधरी, राम कुमार कठरिया समेतका व्यक्तीले हानेका हुन, प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतलाई निर्ममता पुर्वक हत्या गरे पश्चात प्रहरीको साथमा भएका एस.एल.आर, पेस्तोल, संचार सेटसमेत लुटी लगेका हुन, घटनामा संलग्न व्यक्तीलाई देखेमा म चिन्दछु भन्ने समेत व्यहोराको मिति २०७२।५।१९ गतेको प्रहरी जवान रामचन्द्र जोशीले गरेको कागज।

## ३२. घाईते प्र.ज. लक्ष्मण सिंह नेपालीको घटना बिबरण कागज

मिति २०७२।०५।०७ गतेका दिन शुरुमा मुनुवा–६ चिलिमे चौराहमा ड्युटीमा थियौं, प्रतिबादी धनिराम चौधरीको योजना तथा रेशमलाल चौधरी, लक्ष्मण चौधरीको निर्देशनमा आएका प्रतिबादी हरी नारायण चौधरी, फिरुलाल चौधरी, लगायतका व्यक्तिहरुले धक्का दिदै अटेर गरी म समेतको प्रहरी टोलीलाई टिकापुर–९ स्थित पशुहाट बजार नजिक पुर्याई चारैतिरबाट अन्य प्रतिबादीहरुलाई घेराबन्दि गर्न लगाई हामी साथ रहेका प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको प्रहरी टोलीलाई हात हातमा ल्याएको लाठी, ढुङ्गा, भाला, बन्चरो, खुकुरी, तरवार, गुलेली जस्ता घरेलु हात हतियारले आक्रमण गर्न थालेपछी प्र.ब.उ., प्र.नि.हरु र अन्य प्रहरी कर्मचारी समेत भाग्न बाध्य भयौं, भागी घर भित्र लुकेका प्र.ब.उ. लक्ष्मण न्यौपानेलाई घर बाहिर निकाली निर्मम तरिकाले हत्या गरी अली पर स.प्र.ह. राम बिहारी थारु, प्र.ह.श्याम खड्कालाई ज्यूदै आगो लगाए, तत्पश्चात खेतै खेत अन्य प्रहरी कर्मचारीलाई समेत लखेटी भाला हानी, ढुङ्गा, मुढा, लाठी प्रहार गरी निर्मम तरीकाले हत्या गरे, म समेत घाईते भई हाल सामान्य अबस्थामा छु भन्ने व्यहोराको मिति २०७२।५।२२ गतेको प्र.ज. लक्ष्मण सिंह नेपालीको कागज।

## ३३. घाईते प्र.ज. भरत सिंह बुडालको घटना बिवरण कागज

मिति २०७२।०५।०७ गतेका दिन मुनुवा–६ चिलिमे चौराहमा खटीएको प्र.नि.बलराम बिष्ट समेतको टोलीलाई हातमा भाला, लाठी खुंडा, तरवार, बन्चरो, गुलेली, चिरपट, तरवार जस्ता घरेलु हातहतियार लिई आएका प्रतिबादी हरी नारायण चौधरी समेतको टोलीले प्र.नि.बलराम बिष्टको टोलीलाई धक्का लगाउन थाले पछी निज प्र.नि.ले

प्र.ब.उ.लक्ष्मण न्यौपानेको टोली तथा प्र.नि.केशब बोहराको टोलीमा म समेत भई थप मद्दतकालागी गयौ, पशुहाट बजार नजिक पुग्दा प्र.ब.उ.ज्यूले सम्झाई बुझाई गर्दा प्रतिबादीहरुले नमानी चारैतिरबाट घेराबन्दि गरी घरेलु हातहतियारले आक्रमण गरी केही प्रहरी कर्मचारीको शरिरमा पेट्रोल खन्याई जिउदै आगो लागाई हत्या गरेका हुन्।सो वारदातमा म समेत घाईते भएको थिए, सो घटनाको योजनाकार धनिराम चौधरी र रेशमलाल चौधरी, लक्ष्मण चौधरीको निर्देशनमा प्रतिबादी बिश्राम चौधरी, फिरुलाल चौधरी, शिव कुमार चौधरी, प्रदीप चौधरी, बालकृष्ण चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, रामकुमार कठरीया, राजकुमार कठरीया, सुन्दरलाल कठरीया, दिल बहादुर चौधरी, राम प्रसाद चौधरी, प्रेम चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बृज मोहन डंगौरा,राजेश चौधरी, जित बहादुर डंगौरा, बिर बहादुर चौधरी, राम नरेश चौधरी, सन्तोष कुमार थारु, हरिनारायण चौधरी लगायतका व्यक्तिहरुले प्रहरी कर्मचारीहरुलाई निर्मम तरीकाले कर्तव्य गरी मारेका हुन् भन्ने समेत व्यहोराको मिति २०७२।५।२२ गतेको प्र.ज.भरत सिंह बुडालको कागज।

**३४. घाईते प्रहरी जवान गज बहादुर भण्डारीको घटना बिवरण कागज**

मिति २०७२।०५।०७ गतेका दिन टिकापुर–९ पशु हाटबजारमा ड्युटीमा थिए, हातमा भाला, लाठी, खुकुरी, तरबार, रड समेत ल्याई आएका प्रतिबादीहरु हरीनारयण चौधरी लगायतका व्यक्तिहरुलाई प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीले निषेधित क्षेत्र प्रबेश नगर्नुहोस् भनी सम्झाई बझाई गर्ने क्रममा निजहरुले प्रहरी कर्मचारीलाई लखेटी लखेटी भाला, लाठी समेतले प्रहार गरी बिभत्स तरीकाले हत्या गरेका हुन्, केही कर्मचारीलाई आगो समेत लगाई मारे, सो हिंसात्मक भिडको नेतृत्व प्रतिबादी लक्ष्मण चौधरी र रेशम लाल चौधरीले धनिराम चौधरीको योजनामा गरेका थिए, सुरक्षाकर्मीका हात हतियार संचार सेट प्रतिबादी श्रबण चौधरी लगायतका व्यक्तिहरुले लुटी लगेका हुन् भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको प्रहरी जवान गज बहादुर भण्डारीको कागज।

**३५. घाईते प्रहरी जवान सुरज सिंह ठकुरीको सनाखत कागज**

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने

सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान सुरज सिंह ठकुरीको सनाखत कागज।

**३६. घाईते प्रहरी जवान सुरज सिंह ठकुरीको घटना बिबरण कागज**

मिति २०७२।०५।०७ गते दिउसो अ.१३:३० बजेको समयमा म टिकापुर–९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाई बुझाई गर्ने क्रममा हातमा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, जस्ता घरेलु हात हतियार ल्याई आएका प्रतिबादी राम प्रसाद चौधरी लगायतका व्यक्तिहरुले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पुर्ब योजना तथा निर्देशनमा प्रहरी टोलीलाई घेराबन्दि गरी निर्ममता पुर्बक मार्नुका साथै हात हतियार तथा संचार सेट लुटी लगेका हुन् सो वारदखातको समयमा म पनी घाईते भएको हुं भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको प्रहरी जवान सुरज सिंह ठकुरीको कागज।

**३७. घाईते प्रहरी जवान राम बहादुर ऐरको सनाखत कागज**

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान राम बहादुर ऐरको सनाखत कागज।

**३८. घाईते प्रहरी जवान राम बहादुर ऐरको घटना बिबरण कागज**

मिति २०७२।०५।०७ गते दिउसो अ. १३:३० बजेको समयमा म टिकापुर–९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाई बुझाई गर्ने क्रममा हात लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, जस्ता घरेलु हात हतियार ल्याई आएका प्रतिबादी राम प्रसाद चौधरी लगायतका व्यक्तिहरुले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पुर्ब योजना तथा निर्देशनमा षडयन्त्र पुर्बक तरीकाले प्रहरी टोलीलाई घेराबन्दि गरी ज्यान को भिख माग्दा समेत वास्ता नगरी निर्ममता पुर्बक मार्नुका साथै हात हतियार तथा संचार सेट लुटी लगेका हुन् सो वारदातको समयमा म पनी घाईते भएको हु भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको प्रहरी जवान राम बहादुर ऐरको कागज।

## ३९. घाईते प्रहरी जवान दिपक दमाईको सनाखत कागज

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान दिपक दमाईको सनाखत कागज।

## ४०. घाईते प्रहरी जवान दिपक दमाईको घटना बिबरण कागज

मिति २०७२।०५।०७ गते दिउसो अ. १३:३० बजेको समयमा म टिकापुर–९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाई बुझाई गर्ने क्रममा हात लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, लगायतका घरेलु हात हतियार ल्याई आएका प्रतिबादी राम प्रसाद चौधरी लगायतका व्यक्तिहरुले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पुर्ब योजना तथा निर्देशनमा षडयन्त्रपुर्बक तरीकाले प्रहरी टोलीलाई घेराबन्दि गरी लखेटी लखेटी ज्यानको भिख माग्दा समेत वास्ता नगरी घर भित्र पसेकालाई समेत बाहिर निकाली निर्ममता पुर्बक मार्नुका साथै ज्युँदै शरीरमा आगो हाली, हात हतियार तथा संचार सेट लुटी लगेका हुन्, उक्त वारदातमा प्रतिवादी राम कुमार कठरीया, सुन्दरलाल कठरीया, दिल बहादुर चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, प्रेम चौधरी, समेतको संलग्नता रहेको छ, सो वारदातको समयमा म पनी घाईते भएको हु भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको प्रहरी जवान दिपक दमाईको कागज।

## ४१. घाईते प्रहरी जवान राजेश धामीको सनाखत कागज

प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान राजेश धामीको सनाखत कागज।

४२. **घाईते प्रहरी जवान राजेश धामीको घटना बिबरण कागज**

मिति २०७२।०५।०७ गते दिउसो अ. १३:३० बजेको समयमा म टिकापुर–९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाई बुझाई गर्ने क्रममा हातमा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, लगायत घरेलु हात हतियार ल्याई आएका प्रतिबादी राम प्रसाद चौधरी, रण भुमी भन्ने फिरुलाल चौधरी, बिश्राम चौधरी, शिब कुमार चौधरी, प्रदिप चौधरी, राम कुमार कठरीया, राज कुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, प्रेम चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बृज मोहन डंगौरा, सन्तोष कुमार थारु, राजेश चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, जित बहादुर डंगौरा र लाहुराम चौधरी लगायतका व्यक्तिहरुले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पुर्ब योजना तथा निर्देशनमा षडयन्त्र पुर्बक तरीकाले प्रहरी टोलीलाई घेराबन्दि गरी लखेटी लखेटी ज्यान को भिख माग्दा समेत वास्ता नगरी घर भित्र परेकालाई समेत बाहिर निकाली निर्ममतापुर्बक मार्नुका साथै ज्यूदै शरिरमा आगो हाली, हात हतियार तथा संचार सेट लुटी लगेका हुन्। सो वारदातको समयमा म पनी घाईते भएको हु भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको प्रहरी जवान राजेश धामीको कागज।

४३. **घाईते प्रहरी जवान जयराज सिंह धामीको घटना बिबरण कागज**

मिति २०७२।०५।०७ गते दिउसो अ. १३:३० बजेको समयमा म टिकापुर–९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाई बुझाई गर्ने क्रममा हातमा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, लगायतका घरेलु हात हतियार ल्याई आएका प्रतिबादी राम प्रसाद चौधरी, रण भुमी भन्ने फिरुलाल चौधरी, बिश्राम चौधरी, शिब कुमार चौधरी, प्रदिप चौधरी, बिकास भन्ने बालकृष्ण चौधरी, चमन चौधरी, श्रबण चौधरी, करन चौधरी, लाहुराम चौधरी लगायतका व्यक्तिहरुले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पुर्ब योजना तथा निर्देशनमा षडयन्त्रपुर्बक तरीकाले प्रहरी टोलीलाई घेराबन्दि गरी लखेटी लखेटी ज्यान को भिख माग्दा समेत वास्ता नगरी घर भित्र परेकालाई समेत बाहिर निकाली निर्ममता पुर्बक मार्नुका साथै ज्युँदै शरीरमा आगो हाली, हात हतियार तथा संचार सेट लुटी लगेका हुन् सो वारदखातको समयमा म पनी घाईते भएको हु भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको प्रहरी जवान जयराज सिंह धामीको कागज।

४४. **घाईते प्रहरी जवान योगेन्द्र ऐरीको घटना विवरण कागज**

टिकापुर लगायतका क्षेत्रमा हिंसात्मक गतिविधी बढेको हुंदा म कार्यरत क्षे.प्र.गण मु.का. धनगढीबाट शान्ती सुरक्षाका लागी मिति २०७२।०५।०५ गते टिकापुरमा खटिई गएको थिए। मिति २०७२।०५।०७ गतेका दिन मेरो ड्यूटी टिकापुर ९ पशु हाटबजारमा थियो। सो स्थानमा अन्यायीहरु घरेलु हात हतियार सहित नारा जुलुस लगाउदै आउँदा म भन्दा माथिल्लो कमाण्डरले यहाँ निषेधाज्ञा छ अगाडी नबढनु होस भन्दै थिए। त्यती भन्दा भन्दै प्रतिवादीहरुले म समेतलाई लाठी, भाला, गुलेली हान्न थाले, घेराबन्दी गरे, घेराबन्दी पश्चात धारिलो घरेलु हतियार प्रहार गरे, मेरो बायाँ खुट्टामा समेत ढुङ्गा लागी घाईते भए, मलाई उपचारको लागी ल्याईएको हो। फिरुलाल चौधरी, सुन्दरलाल कठरिया, प्रेम बहादुर चौधरी समेतले म समेतलाई सांघातिक रुपमा आक्रमण गरी प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतलाई हत्या गरेका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।१९ गतेको प्रहरी जवान योगेन्द्र ऐरीको घटना विवरण कागज।

४५. **घाईते प्रहरी जवान जयराज सिंह धामीको सनाखत कागज**

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान जयराज सिंह धामीको सनाखत कागज।

४६. **घाईते प्रहरी जवान लक्ष्मण साँउदको सनाखत कागज**

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान लक्ष्मण साँउदको सनाखत कागज।

४७. **घाईते प्रहरी जवान देब सिंह कार्कीको सनाखत कागज**

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश

चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान देब सिंह कार्कीको सनाखत कागज।

## ४८. घाईते प्रहरी जवान दिप राज थापाको सनाखत कागज

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान दिप राज थापाको सनाखत कागज।

## ४९. घाईते प्रहरी जवान गज बहादुर भण्डारीको सनाखत कागज

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान गज बहादुर भण्डारीको सनाखत कागज।

## ५०. घाईते प्र.ब.उ.लक्ष्मण न्यौपानेको अंङ्गरक्षक प्र.ह.मान बहादुर बुढामगरको सनाखत कागज

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी हवल्दार मान बहादुर बुढामगरको सनाखत कागज।

## ५१. घाईते प्रहरी जवान लक्ष्मण सिंह नेपालीको सनाखत कागज

प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिबादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम नरेश

चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारुलाई हेरी चिनी थाहा पाँए भन्ने समेत व्यहोराको प्रहरी जवान लक्ष्मण सिंह नेपाली सनाखत कागज।

**५२. टेक बहादुर चौधरीको घटना बिबरण कागज**

मिति २०७२।०५।०६ गते बेलुका प्रतिबादी लक्ष्मण चौधरी, धनिराम चौधरी समेतको योजना तथा निर्देशनमा प्रतिबादी बिश्राम चौधरीले मिति २०७२।०५।०७ गते हात हातमा लाठी भाला जस्ता घरेलु हात हतियार ल्याई निषेधित आज्ञा तोडी कार्यक्रम सफल पार्नु पर्छ भनी गाँउमा उद्घोष गरेको मैले सुनेको हुं। टिकापुर –०९ पशुहाटबजारमा प्र.ब.उ.सहित अन्य प्रहरी कर्मचारीको हत्या गर्नमा प्रतिबादीहरु रेशमलाल चौधरी, बिश्राम चौधरी, धनिराम चौधरी र लक्ष्मण चौधरीको महत्वपुर्ण भुमिका रहेको थियो भन्ने समेत व्यहोराको टेक बहादुर चौधरीको घटना बिबरण कागज।

**५३. माहाराज रानाको घटना बिबरण कागज**

मिति २०७२।०५।०७ गते का दिन टिकापुर–९ पशु हाटबजारमा प्रतिबादीहरु कालु रावत, बिमल रावत, छन्कु चौधरी, राम बहादुर चौधरी, संन्दिप चौधरी, शिबराज कठरीया, नामथर थाहा नभएको सन्तु रानाको छोरा र निरज राना लगायतका व्यक्तिहरुको प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतलाई कर्तव्य गरी मार्नेमा संलग्नता रहेको भन्ने सुनी थाहा पाएको छु भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको महाराजा रानाको घटना विवरण कागज।

**५४. डम्बर बहादुर बिष्टको कागज**

मिति २०७२।०५।०७ गतेका दिन स.प्र.नि.प्रेम सिंह ठकुल्लाको कमाण्डमा जिल्ला कैलाली, मुनुवा गा.बि.स.वार्ड न.६ चिलीम चौराहामा ३५ जना खटी गएका थियौ। त्यहां ३००० देखि ३५०० सम्म आन्दोलनकारीहरु भाला, लाठी, गुलेली दाउ सहित आएका थिए, आन्दोलनकारीहरुले सशस्त्र प्रहरी टोली तथा नेपाल प्रहरीको टोलीलाई धकेल्दै ढुङ्गा, गुलेली हान्दै ल्याए पछि अन्यायीहरुको हुल टिकापुर ९ स्थित पशुहाटबजारमा पुग्दा त्यहा निशेधाज्ञा क्षेत्र घोषणा गरेको हुदा टिकापुरबजार प्रबेश गर्न नदिन रोक्ने प्रयास गऱ्यौ, त्यस क्रममा योजनाबद्ध घरेलु हातहतियार सहित प्रतिबादीहरुले चारै तिरबाट घेरा बन्दी गरी हामीहरु बिचमा पऱ्यौं, त्यस पछि पनि भाला लाठीले हान्दा ज्यान जोगाउन समस्या परेकोले भाग्न उम्कन बाध्य भयौं, संगै भएका अन्य साथीहरु संग

३ नाल एस.एल.आर र २ नाल ग्याँस गन थियो, त्यस अबस्थामा पनि क्षति पुऱ्याउने सम्भावना ठानी खेतको बाटो हुदै आए, मेरो पछाडी अन्यायी आई बाया हातमा लाठीले हिर्काई दाहिने खुट्टाको तिघ्रामा समेत हिर्काए। म सोही ठाउमा ढलेपछि नेपाल प्रहरीको एक जना साथीले मलाई उठाई पछाडी ल्याए पछि म संग भएको पारदर्शी सिल्ड समेत अर्को साथीले ल्याउनु भएको हो, प्रहरी बरीष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने समेतका प्रहरी कर्मचारीहरुलाई आन्दोलनकारीहरुले घरेलु हतियार प्रयोग गरी कर्तव्य गरी मारेको तथा मेरो बाँया हात र खुट्टामा चोट लागेको हो भन्ने समेत व्यहोराको मिति २०७२।५।१६ गतेको डम्बर बहादुर बिष्टको कागज।

**५५. प्र.ज. देब बहादुर मौनीको कागज**

मिति २०७२।०५।०७ गते म ड्युटीको शिलशिलामा टिकापुर– ९ पशु हाट बजारमा खटीएको थिए, उक्त समयमा थरुहटको भिडले वारदात स्थलमा S.S.P सरलाई घेरा हालेको थियो। सो पश्चात निजहरुले ढुङ्गामुडा गर्न थालेपश्चात आफुहरुले अश्रुग्याँश हान्दै पछाडी गएका हौं, निजहरुले हानेको गुलेलीले म घाईते भएको हुँ, यी प्रतिवादीहरु मार्ने उद्देश्यका साथ हातहतियार लिई योजना बद्ध तरिकाले आई सुरक्षाकर्मीलाई कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको प्र.ज. देब हादुर मौनीको मिति २०७२।५।१० गतेको कागज।

**५६. प्र.ज. आन सिंह बिष्टको कागज**

मिति २०७२।०५।०७ गते म ड्युटीको शिलशिलामा टिकापुर– ९ पशु हाटबजारमा खटीएको थिए। वारदातका दिन प्र.नि.बलराम बिष्टको नेतृत्वमा सुरक्षाकर्मीको टोली थरुहट कार्यकर्ताको आन्दोलनको पूर्व जानकारी पाए पश्चात चिलिमे चौराहा भन्ने ठाउमा खटिएका थियौं, ऐ.दिउँसो १३:३० बजेको समयमा प्र.नि.बलराम बिष्टले आन्दोलनकारीको जुलुशले उग्ररुप लिईसकेको भनि खबर गरेपछि प्र.ब.उ.लक्ष्मण न्यौपानेको कमाण्डमा १३ जनाको टोली र प्र.ना.नि.लोकसिंह भाटको कमाण्डमा म समेत १५ जनाको टोली टिकापुर न.पा.वडा नं.९ पशुहाटबजारमा खटि गएका हौं, उक्त समयमा वारदात स्थलमा प्रहरी टोलीलाई धकलपकल गरी ढुङ्गामुढा प्रहार गर्ने काम भईरहेको थियो। प्र.ब.उ.ले सम्झाई बुझाई गर्दै गर्दा आफुहरु सबैलाई आन्दोलनकारीहरुले C आकारको घेरा हाली सकेपश्चात एउटा घरको बाहिर लगाएको काठ बार भत्काई उक्त घरको आड लिन पुगेका हौं, निजहरुले ढुङ्गामुढा प्रहार गर्न लागे पश्चात आफुहरुले हवाई फायर, रबर बुलेट, हान्दा समेत निजहरु भाला, भाटा, फलामे रडलिई आफुहरुमाथि प्रहार

गरेको र खेतबारी तर्फ भाग्ने क्रममा केही सुरक्षाकर्मीहरुलाई सोही स्थानमा मारेको, केही सुरक्षाकर्मीलाई आगो लगाई जलाई मारेको र प्र.ब.उ.लाई समेत निर्मम तरिकाले कर्तव्य गरी मारेका हुन, मेरो हात खुट्टा कम्मरका भागमा चोट पटक लागेको छ, जुलुशको अग्र भागमा प्रतिवादी हरिनारायण चौधरी, राम प्रसाद चौधरी, समेतका व्यक्तिहरु थिए भन्ने समेत व्यहोराको मिति २०७२।५।१० गतेको प्र.ज. आन सिंह बिष्टको कागज।

**५७. प्र.ज. सुरेन्द्र चन्दको कागज**

मिति २०७२।५।७ गते म ड्युटीको शिलशिलामा टिकापुर– ९ पशुहाटबजारमा खटि गएको हुँ, प्र.नि.बलराम बिष्टको कमाण्डमा सुरक्षाकर्मी चिलिमे चौराहामा खटिगएकोमा जुलुशले उग्ररुप लिएपश्चात प्र.नि.बलराम बिष्टले थप जनशक्ति माग गरेपछि प्र.ब.उ.को कमाण्डमा १३ जनाको टोली र प्र.ना.नि.लोकसिंह भाटको कमाण्डमा १५ जनाको टोली खटि गएका हौं, पशुहाटबजारमा खटीएको थिए, आन्दोलनकारीहरुले सुरक्षाकर्मीलाई धकेलपकेल गरी ढुङ्गा मुढा गर्दा प्र.ब.उ.ले सम्झाई बुझाई गर्दा समेत निजहरुले चारैतिर घेरा हाली आक्रमण गरे पश्चात नजिकैको घरमा लगाएको बार भत्काई घरको सहारा लिईरहेका थियौं, पुनः प्रतिवादीहरुले लगातार आक्रमण गरेपश्चात प्र.ब.उ.ले खेतबारी तर्फ जान निर्देशन दिए पश्चात सो स्थान तिर जाने क्रममा प्र.नि.बलराम बिष्ट समेतका सुरक्षाकर्मीलाई भाला समेतका हतियारले कर्तव्य गरी मारेको, केही सुरक्षाकर्मीलाई भाला रोपी जलाई मारेको, प्र.ब.उ. समेतलाई भाला रोपी मारेको, आफु घाईते भई बाच्न सफल भएको हुँ, जुलुसको अग्रपंक्तिमा प्रतिवादी हरिनारायण चौधरी र राम प्रसाद चौधरी लगायतका व्यक्तिहरु थिए भन्ने समेत व्यहोराको मिति २०७२।५।१० गतेको प्र.ज. सुरेन्द्र चन्दको कागज।

**५८. प्र.ह. मान बहादुर बुढामगरको कागज**

म प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको अंङ्ग रक्षक भई मिति २०७२।५।७ गतेका दिन प्र.ब.उ.कै कमाण्डमा १४ जनाको टोली थरुहटको आन्दोलन कार्यक्रममा सुरक्षार्थ खटि गएका थियौं। थरुहटको बिरोध जुलुसले टीकापुर स्थित सरकारी कार्यालयको बोर्डहरु हटाइ थारुहट राज्य लेख्ने भन्ने सूचनाको आधारमा वारदातका दिन विभिन्न स्थानमा सुरक्षाकर्मी खटिएका थियौं। प्र.नि.बलराम बिष्टको कमाण्डमा मुनुवा गा.वि.स.वडा नं.६ चिलिमे चौराहामा १५ जनाको जति प्रहरी टोली खटाएकोमा दिउँसो १३:०० बजेको समयमा निज प्र.नि.ले जुलुश हाम्रो नियन्त्रण भन्दा बाहिर छ, थप जनशक्ति पठाई दिनु पर्‍यो भनि ई.प्र.का. टीकापुरमा जानकारी गराउँदा स.प्र.बल उग्रतारा

गणका प्र.उ.समेत ई.प्र.का. टीकापुरमा आएको अवस्थामा प्र.ब.उ.लक्ष्मण न्यौपानेलाई स.प्र.ब.उ.ले आफ्नै गाडीमा राखी वारदात स्थलमा गएका हौं, प्र.नि.केशब बोहराको कमाण्डमा १२/१३ जनाको टोली थप वारदात स्थलमा गएको हो, प्रहरीहरुलाई धकेल्दै गरेको अवस्थामा पशुहाटबजारमा प्रतिवादीहरुले एकाएक लाठा, ढुङ्गा प्रहार गर्दै आफुहरुलाई C आकारको घेरा बन्दी गरी आक्रमण गर्दै गर्दा आफुहरुले अश्रुग्याँस र रबर बुलेट प्रहार गरेका हौं, रबर बुलेट र अश्रुग्याँश सकिसकेको अवस्थामा निजहरुले लगातार हातहतियार प्रयोग गरी आफुहरुमाथि प्रहार गर्दै गर्दा मैले प्र.ब.उ.लक्ष्मण न्यौपानेलाई नजिकैको घर भित्र बस्न लगाई म खेत तर्फ भागेको हुँ, मेरो खुट्टामा कम्मरमा चोट लागी घाईते भएको थिए। पछि प्रतिवादीहरुले प्र.ब.उ.घरभित्र रहेको थाहापाई निजलाई आंगनमा ल्याई सोही स्थानमा भाला रोपी मारेका हुन, अन्य प्रहरी कर्मचारीहरुलाई समेत सोही तरिकाले निर्ममता पूर्वक कर्तव्य गरी मारेका हुन, उक्त जुलुशको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेको सुन्नमा आएको थियो। जुलुशको अग्र पक्तिंमा घाईते अवस्थामा पक्राउ भएका प्रतिवादी हरिनारायण चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, सुन्दरलाल कठरीया, दिल बहादुर चौधरी, राज बहादुर कठरीया र राम कुमार कठरीया समेतका प्रतिवादीहरु थिए भन्ने समेत व्यहोराको मिति २०७२।५।१० गतेका प्र.ह. मान बहादुर बुढामगरको कागज।

## ५९. नेत्रराज पडालको कागज

मिति २०७२।५।७ गते म थरुहट आन्दोलनको सुरक्षार्थ खटि गएकोमा थरुहटको जुलुशले चिलिमे चौराहामा खटिएको प्रहरी टोलीलाई च्याप्दै पशुहाटबजार सम्म ल्याएकोमा उक्त स्थानमा S.S.P समेतको टोली वारदात स्थलमा पुगे पश्चात सम्झाउँदा समेत नमानेपछि अश्रुग्याँश प्रहार गरेकोमा अश्रूग्याँश उल्टै आफुहरुतिर फाली आफुहरुमाथि लाठा, भाला, ढुङ्गा प्रहार गर्दै आन्दोलनकारीहरुले आफुहरुलाई C आकारको घेरामा पारी कुटपिट गर्दा मलाई ढुङ्गाले हिर्काई म बेहोस भए पछि मेरो हतियार समेत लगि गएका हुन, निजहरुले S.S.P समेतको टोलीलाई भाला, लाठा, खुँडा समेत प्रहार गरी कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको मिति २०७२।५।१३ गतेको नेत्रराज पडालको कागज।

## ६०. स.प्र.ह. शम्शेर सिंह टमटाको कागज

मिति २०७२।०५।०७ गतेका दिन थारुहटका आन्दोलनकारीले टिकापुर बजारमा आई धनजनको क्षति पुऱ्याउने जानकारी कार्यालयमा प्राप्त भए पश्चात स.प्र.नि.

प्रेम सिंह ठकुल्लाको कमाण्डमा जिल्ला कैलाली, मुनुवा गा. बि. स. वार्ड न.६ चिलीम चौराहमा ३५ जना खटी गएका थियौ। ३०००/३५०० सम्म आन्दोलनकारीहरु भाला, लाठी, गुलेली दाउ सहित आएका थिए, आन्दोलनकारीहरुले सशस्त्र प्रहरी टोली तथा नेपाल प्रहरीको टोलीलाई धकेल्दै ढुङ्गा, गुलेली हान्दै ल्याएपछि सो हुल टिकापुर ९ स्थित पशुहाटबजारमा पुग्दा त्यहाँ निशेधाज्ञा क्षेत्र घोषणा गरेको हुँदा टिकापुर बजार प्रवेश गर्न नदिन रोक्ने प्रयास गर्‍यौं, त्यस क्रममा योजनावद्ध घरेलु हातहतियार सहित प्रतिबादीहरुले चारै तिरबाट घेरा बन्दी गरी हामीहरु बिचमा पारी निजहरुले भाला, लाठीले हान्दा समेत ज्यान जोगाउन समस्या परी हवाई फायर खोली भाग्न उम्कन बाध्य भयौ। अन्य साथीहरु संग रहेका ३ नाल एस.एल.आर र २ नाल ग्याँश गन भएको अबस्थामा पनि क्षेति पुग्ने ठानी खेतको बाटो हुदै आएपछि मेरो पछाडी प्रतिवादीहरु आई हातमा रडले हिर्काई टाउकोमा पछाडीबाट हिर्काई म सक्त घाईते भएपनि ज्यान जोगाई सुरक्षीत ठाउ सम्म पुगे, अन्य साथीहरुले उद्धार गरी अस्पताल सम्म पुर्‍याएका हुन, घटनामा प्रतिबादीहरुले चारैतिरबाट घेरा हाली भेटेका जती नेपाल प्रहरी र शसस्त्र प्रहरीलाई निर्घात कुटपिट गरी जलाई मार्ने कार्य गरेका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।१६ गतेको शम्शेर सिह टमाटाको कागज।

६१. **प्र.ना.नि. राजु शाहको कागज**

मिति २०७२।०५।०७ गते बिहान अन्दाजी १०:०० बजेको समयमा प्र.नि.बलराम बिष्टको कमाण्डमा मुनुवा ६ चिलीम चौराहमा प्रहरी टोली खटी गएकोमा निज प्र.नि सेमतको प्रहरी टोलीलाई प्रतिबादीहरुको भिडले धकेल्दै टिकापुर न.पा.वडा नं.९ पशुहाटबजार नजिक पुर्‍याए पछि निज प्र.नि.ले थप मद्दतका लागी रिपोटिङ्ग गरे पश्चात प्र.ब.उ.लक्ष्मण न्यौपाने स.प्र.उ.को गाडी चढी घटनास्थल पुगे पश्चात प्र.ब.उ.समेतको टोलीलाई प्रतिबादीहरुले बिभिन्न प्रकारका हातहातमा ल्याएका भाला, खुँडा, खुकुरी समेत प्रहार गरी कर्तब्य गरी मारेको हो र सो आन्दोलनको नेतृत्व प्रतिबादी रेशमलाल चौधरीले गरेको थियो र प्रतिबादीहरु श्रबण चौधरी, प्रदिप चौधरी, संगम, रणभुमी नाम गरेका ब्यक्तीहरुले हत्या गरी प्रहरी संग रहेको हातहतियार समेत लुटी लगेका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।१६ गतेको प्र.ना.नि. राजु शाहको कागज।

६२. **प्र.ना.उ. धन बहादुर कठायतको घटना विवरण कागज**

मिति २०७२।०५।०४ गतेका दिन अखण्ड सुदुरपश्चिम पक्षधर र थारुहटका बिच टिकापुर क्षेत्रमा झडप भएको र स्थिती तनाबग्रस्त हुने अबस्था भएकोले तत्काल

प्र.ब.उ.लक्ष्मण न्यौपानेको टोली खटी टीकापुरमा खटि आएको थियो। ऐ.७ गतेका दिन थारुहट समर्थकहरुले लाठी, भाला समेतका घरेलु हातहतियार लिई टिकापुर बजार तर्फ आउदैछन भन्ने जानकारी मलाई भए पछि टिकापुर बजारको आसपासका एरीयाहरुमा निशेधाज्ञा जारी गरेको थियो। मलाई लम्की पुलमा ड्युटीमा खटाएको र चिलिमे चौराहामा प्र.नि.बलराम बिष्टको कमाण्डमा टोली खटीएको मा उक्त स्थानमा हुलले च्यापे पश्चात निज प्र.नि.ले थप सुरक्षाका लागि जानकारी गराउँदा प्र.नि.केशब बोहरा समेतको टोली लिई प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको टोली उक्त स्थानमा थप खटिएको मा चिलिमे चौराहाबाट आन्दोलनकारीहरुले सुरक्षाकर्मीहरुलाई धकेल्दै पशुहाटबजारमा पुऱ्याउँदा प्र.ब.उ. समेतले निशेधित क्षेत्र प्रबेश गर्न रोक्दै सम्झाई रहेको अवस्थामा सोही हुलबाट अन्यायीहरुले लाठी, भाला, गुलेली, तरवार समेतका घरेलु हतियारले आक्रमण गरी सुरक्षार्थ खटि गएका प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतका प्रहरी कर्मचारीहरुको हत्या गरेको भन्ने कुरा मलाई जानकारी भए पश्चात म आफु खटिएको स्थानबाट वारदात स्थलमा जादा घरेलु हतियारहरु यत्रतत्र छरिएका रगतका टाटाहरु भएको तथा मृतकहरुलाई अस्पताल ल्याई सकेको देखेको हुँ। सो घटनाका मुख्य योजनाकार रेशमलाल चौधरी, लक्ष्मण थारु र रामचन्द्र चौधरी समेतको योजना तथा निर्देशनमा रणभुमि भन्ने फिरुलाल चौधरी, बिकास भन्ने बाल कृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, श्रवण चौधरी, लाहु राम चौधरी, खुसी राम चौधरी, सन्त राम चौधरी र हाल प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु हरी नारायण चौधरी समेतले उक्त घटना योजनावद्ध तरीकाले गरेको भन्ने समेत व्यहोराको मिति २०७२।५।२२ गतेको प्र.ना.उ.धन बहादुर कठायतको घटना विवरण कागज।

**६३. प्रहरी जवान केशव सिंह महरा, दिपेन्द्र सिंह धामी, दिपराज थापा, लक्ष्मण साउँद, देव सिंह कार्की र नेत्र पडाल समेतको कागज**

मिति २०७२।०५।०७ गतेका दिन म प्रहरी निरिक्षकको कमाण्डमा जिल्ला कैलाली टिकापुर न.पा.वडा नं.९ पशुहाट बजारमा ड्युटीमा खटिएको थिए। उक्त स्थानमा आक्रोशमा आएका आन्दालनकर्ताहरुले ढुङ्गा मुढा प्रहार गर्दै छन् भन्ने जानकारी पश्चात उक्त स्थानमा प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोली खटिएको थियो। वारदातका दिन प्रतिवादी लक्ष्मण चौधरी, रेशमलाल चौधरी, धनीराम चौधरी र राम चन्द्र चौधरीको निर्देशन अनुसार प्रतिवादीहरुले बोकी ल्याएका घरेलु हतियार सहित निजहरु वारदात स्थलमा आई अन्यायीहरुले उक्त घरेलु हातहतियार भाला, लाठी, ढुङ्गा, तरवार, खुकुरी समेत प्रहार गर्दै

सुरक्षार्थ खटिएको प्रहरी कर्मचारीहरुलाई घेरा बन्दि गरी योजनाबद्ध तरीकाले कुटपिट गर्दा आफु समेत घाईते भएको हौं।प्र.ब.उ लक्ष्मण न्यौपाने सक्त घाईते भए पश्चात ज्यान जोगाउन घर भित्र पसेका र घर भित्र बाटै प्रतिवादीहरुले निकाली घर आगनमा लछारपछार गर्दै भाला, लाठी, ढुङ्गा, तरवार, खुकुरी समेत प्रहार गरी निजको हत्या गरेको थियो भने सोही स्थान नजिकै स.प्र.ह.राम बिहारी थारु, प्र.ज. लोकेन्द्र बहादुर चन्द, प्र.ह. श्याम खड्का, समेतलाई भाला, लाठी, ढुङ्गा, तरवार, खुकुरी समेत प्रहार गरी हत्या गरेका हुन भने धानको खेतबारीमा प्र.नि. बलराम बिष्ट, प्र.नि.केशब बोहरा, स.प्र.ब.ह. ललितबहादुर साउंद समेत लाई लखेटी लखेटी मारेका हुन भने प्र.ह.जनक नेगी सोही घटनामा सक्त घाईते भई उपचारका क्रममा मृत्यू भएको हो। हामीहरु संग भएका हात हतियार एस एल आर, पेस्तोल, ग्यास गन, संचार सेट समेत प्रतिवादीहरुले लुटि लगेका हुन। सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरुलाई हाल प्रहरी हिरासतमा रहेका प्रतिवादी हरी नारायण चौधरी, जित बहादुर डगौरा समेतले निर्ममतापुर्वक हत्या गरेको हो। उक्त घटनामा जित बहादुर डंगौरा, राम नरेश चौधरी, विश्व चौधरी, राजेश चौधरी, बृज मोहन डंगौरा, सन्तराम चौधरी, किसनलाल चौधरी, प्रेम चौधरी, राम प्रसाद चौधरी, राजकुमार कठरीया, रामकुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया तथा हाल फरार रहेका प्रतिवादीहरु रणभुमी भन्ने फिरुलाल चौधरी, बिश्राम चौधरी, फुलराम चौधरी, बिकाश भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदिप चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, रामचन्द्र चौधरी, लाहुराम चौधरी, राम चन्द्र चौधरी, खुशीराम चौधरी, सन्तराम चौधरी, डम्मर कठरीया, ईश्वरी प्रसाद चौधरी, बन्धुराम चौधरी, नुरुल अलि जागा, सिताराम चौधरी, सुरज मिया हास्मी समेतका ब्यक्ति घटनामा संलग्न थिए भन्ने समेत ब्यहोराको मिति २०७२।५।२२ गतेको प्रहरी जवान केशव सिंह महरा समेतको कागज।

६४. **प्र.ना.नि. मान बहादुर बोहराको कागज**

मिति २०७२।०५।०७ गतेका दिन थारुहट राज्यको माग गर्दै आएका आन्दोलनकारीहरुले उग्ररुप लिदै छन्, थप टोली पठाउनु पर्‍यो भनी मुनुवा–६ चिलिमे चौराहमा ड्युटीमा खटीएका प्रहरी निरीक्षक बलराम बिष्टको टोलीले भनेपछी प्र.ब.उ.लक्ष्मण न्यौपाने उक्त स्थानमा खटी जाँदा उँहाको पछाडी म पनी प्र.नि.केशब बोहराको कमाण्डमा खटी गएको थिएको थिए, टिकापुर न.पा.वडा नं. ९ पशु हाटबजारमा म समेत पुग्दा घरेलु हात हतियार सहित आएका प्रतिबादीहरुलाई सम्झाई बुझाई गर्न खोज्दा निजहरुले प्रहरीलाई घेराबन्दिमा पारी लाठी, ढुङ्गा, भाला समेतले हिर्काएपछी ज्यान

जोगाउन भाग्दा समेत घर भित्र पसेका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई घरबाट तानी निर्ममता पुर्बक हत्या गरेको र स.प्र.ह.राम बिहारी थारु समेतलाई जलाई हत्या गरेको, खेतमा भाग्दै गरेका प्रहरी निरीक्षक बलराम बिष्ट समेतलाई खेतमा लडाई भाला बन्चरो टाउकोमा हानी निर्ममता पुर्वक हत्या गरेका हुन् र घटनामा म समेत घाईते भएका हौ। रेशम लाल चौधरी, धनिराम चौधरी, लक्ष्मण चौधरीको मुख्य योजनामा सन्तराम चौधरी, राज कुमार चौधरी, हरी नारायण चौधरी समेतका प्रतिबादीहरुले निर्ममता पुर्बक हत्या गरेका हुन्, प्रहरीको हतियार प्रतिवादी श्रवण चौधरीले लगि गएको भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको प्र.ना.नि. मान बहादुर बोहराको घटना बिबरण कागज।

**६५. प्रत्यक्ष दर्शी यज्ञदेवी भट्टको घटना विवरण कागज**

मिति २०७२।०५।०७ गतेका दिन थरुहट आन्दोलनकारीहरुले हातमा भाला, खुँडा, खुकुरी, दाउँ जस्ता घरेलु हातहतियार लिई प्रहरी कर्मचारीहरुलाई लखेट्दै लखेट्दै मारेको मैले देखेकी हुं, केही समय पछि गोली पडकिएको आवाज सुने पछि म बाहिर गई हेर्दा मृतकको घरमा कराईरहेको सुनी म समेत गई हेर्दा नाबालक टेक बहादुर साउँदको टाउको पछाडी गोली लागी मृत अवस्थामा मैले देखेको हुँ, प्रतिवादीहरु थारु समुदायका हुन भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको यज्ञदेवी भट्को घटना विवरण कागज।

**६६. प्रत्यक्ष दर्शी गोकुल भण्डारीको घटना विवरण कागज**

मिति २०७१।०५।०७ गतेका दिन म भाईलाई लिन करुणा बोडिङ्ग स्कुल जाने क्रममा थारु आन्दोलनकारीहरुले हातमा भाला खुँडा, गुलेली, मासु काट्ने फलामे दाउ, समातेको देखी छिमेकी घरमा गई बसेको हु। त्यहाबाट हेर्दा निजहरुले सुरक्षाकर्मीहरुलाई लखेटी लखेटी मारेको देखेको हु।सो घटना टिकापुर–९ पशुहाट बजार देखी ब्लक नं. २९ सम्म भएको हो। सुरक्षाकर्मीलाई मारी सके पछी निजहरु मुनुवा तर्फ भागी गएका हुन्। पछी निजहरुले नाबालकलाई समेत मारेको सुने सुरक्षाकर्मीलाई मारे पश्चात हात हतियार समेत लुटी लगेको हुन् भन्ने समेत व्यहोराको मिति २०७२।५।२३ गतेको गोकुल भण्डारीको कागज।

**६७. प्रत्यक्षदर्शी शुशिला बर्माको कागज**

मिति २०७२।०५।०७ गते म खाना खाई आफ्नै घरमा बसी रहेको अवस्थामा अन्दाजी १३:०० बजेको समयमा मेरो घरको पश्चिम तर्फबाट मानिसहरुको जमात

आएको देखी घर भन्दा टाढा बाधि राखेका भैसीलाई नजिक ल्याई बरण्डामा बसीरहेको अबस्थामा पछि नाम थाहा पाएका अञ्चल प्रहरी कार्यालय सेतीका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई लखेटी ल्याएका हुन, निज लक्ष्मण न्यौपानेलाई मेरो घरको पश्चिम पट्टिको ढोका भित्र प्रबेश गरी ढोका भित्रबाट लगाउन खोज्दा उक्त हुलले ढोकाको तलको भागबाट उम्काई निज लक्ष्मण न्यौपानेलाई कठालोमा समाती बाहिर ल्याउदा मैले समेत त्यसो नगर्नु होस भनि आग्रह गर्दा समेत यो घरमा आगो लगाउनु पर्छ भनि धम्कि दिए, निज लक्ष्मण न्यौपानेले समेत नमार भनि आग्रह गर्दा समेत निज ब्यक्तीहरुले आगनमा ल्याई कुटी भाला घोची तेर्साई टाउकोमा ढुङ्गा प्रहार गरी निर्मम पुर्बक हत्या गरेका हुन, उक्त हुल सयौको संख्यामा थियो, निजहरुले हातमा लाठी खुँडा तरवार बन्चरो हसिया समेतका हतियार ल्याएका थिए। ग्यालनमा पेट्रोल बोकेका थिए, मेरो घरको पुर्बपट्टि शसस्त्र प्रहरीका राम बिहारी चौधरीको हातमा हिर्काई सो पश्चात शरीरमा पेट्रोल खन्याई आगो लगाई हत्या गरेका हुन। सोहि नजिक अर्का प्रहरी कर्मचारीलाई समेत शरीरमा पेट्रोल खन्याई आगो लगाई हत्या गरेका हुन, निज तिनै जनाको हत्या गरेको मैले आफ्नै आखाले देखेकी हु, सो घटनामा संलग्नहरुको एकिन नाम मलाई थाहा भएन, सबै थारु जातीका ब्यक्तीहरु थिए। सो घटनामा पुर्ब योजना तयारीका साथ प्रहरी बरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने समेतका ब्यक्तीहरुको निर्ममता पुर्बक क्रुर तवरबाट हत्या गरेको हो भन्ने समेत ब्यहोराको मिति २०७२।५।१६ गतेको सुशिला बर्माको कागज।

**६८. मृतक प्र.ह.जनक नेगीको लाश जांच प्रकृती मुचुल्का**

श्री शसस्त्र प्रहरी गण पिपलाडी कञ्चनपुरको हेलीप्याडमा राखीएको मृतक प्र.ह.जनक नेगीको मृतक लाश, लाशको दाहिने पाखुरामा काटीएको घाउ तथा निलडाम रहेको शरीरमा निलडाम रहेको, दाहिने कोख, पिठ्युमा चिथरीएको निलडामहरु रहेको भन्ने लाश जाच प्रकृती मुचुल्का।

**६९. शब परिक्षण प्रतिबेदन।**

Blunt force trauma to chest भन्ने ब्यहोराको प्र.ह.मृतक जनक नेगीको शब परिक्षण प्रतिबेदन।

**७०. स.प्र.ब.ह. ललित बहादुर साँउदको शब परीक्षण प्रतिबेदन**

टाउकोमा चोट पटक लागेको कारण मृत्यू भएको भन्ने समेत व्यहोराको स.प्र.ब.ह ललित बहादुर साउद, प्र.नि.केशब बोहरा, प्र.नि.बलराम बिष्ट, प्र.ज.लोकेन्द्र बहादुर चन्द, प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको शब परीक्षण प्रतिबेदन तथा टाउकोमा चोट भई शरीर

जलेको भन्ने व्यहोराको स.प्र.ह.राम बिहारी थारु र प्र.ह.श्याम बहादुर खड्काको शब परिक्षण प्रतिवेदन।

**७१. प्रतिवादी हरिनारायण चौधरीको बरामदी/ खानतलासी मुचुल्का कागज**

जिल्ला कैलाली, धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पुर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुलगेट, दक्षिणमा जिल्ला सरकारी वकिल कार्यालयको पर्खाल संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न. १ कञ्चनपुर बस्ने प्रतिवादी हरि नारायण चौधरीले लगाएको पाईन्टको गोजी भित्र रहेको पर्समा राखेको सिम कार्ड बरामद गरिएको भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का कागज।

**७२. प्रतिवादी दिल बहादुर चौधरीको बरामदी/खानतलासी मुचुल्का कागज**

जिल्ला कैलाली धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पुर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर बस्ने प्रतिवादी दिल बहादुर चौधरीले लगाएको पाईन्टको दायाँ खल्तीबाट भिडियोकन कम्पनीको कालोमा रातो रङ्ग भएको मोबाईल थान १ बरामद गरिएको भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का कागज।

**७३. प्रतिवादी राम प्रसाद चौधरीको बरामदी/खानतलासी मुचुल्का कागज**

जिल्ला कैलाली, धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पुर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली जोशीपुर गा.वि.स.वडा न.४ बस्ने प्रतिवादी राम प्रसाद चौधरीले लगाएको हाप पाईन्टको गोजीबाट स्यामसुङ्ग कम्पनीको सेतो रङ्गको मोबाईल टयाब सो मोबाईलमा ९८०४६३६२६५ नम्बरको सिम कार्ड रहेको मोबाईल टयाबको ग्यालरी फोल्डर भित्र प्रतिवादी राम प्रसाद

चौधरीले वारदातको समयमा खिचेको भिडियो फुटेज तथा भिडियो तथा फोटोहरु, ईन्टेक्स कम्पनीको सेतो रंगको ९८२४६०८५२७ नम्बरको सिमकार्ड प्रयोग भएको मोबाईल सेट थान एक, RAGE कम्पनीको कालो रंगको ९८११६७४२३९ नम्बरको एन.सेलको सिमकार्ड समेत बरामद गरिएको भन्ने बरामदी/ खानतलासी मुचुल्का कागज।

७४. **प्रतिवादी जित बहादुर डगौंराको बरामदी/ खानतलासी मुचुल्का कागज**

जिल्ला कैलाली, धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पुर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न.६ बस्ने प्रतिवादी जित बहादुर डगौराले लगाएको पाईन्टको दाहिने गोजीबाट लाभा कम्पनीको मोडल नं. २८३ कालो रंङ्ग ९८०४६१२३११ र ९८६८४३०६२८ नम्बरको सिमकार्ड प्रयोग भएको मोबाईल थान एक समेत बरामद गरिएको भन्ने बरामदी/ खानतलासी मुचुल्का कागज।

७५. **प्रतिवादी सन्तराम चौधरीको बरामदी/खानतलासी मुचुल्का कागज**

जिल्ला कैलाली, धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पुर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न.५ बस्ने प्रतिवादी सन्तराम चौधरीले लगाएको हाप पाईन्टको गोजीबाट कलर्स कम्पनीको सेतो रंगको एनसेल कम्पनीको ९८२४६६९५७० र ९८०४६५२५६५ नम्बरको सिमकार्ड प्रयोग भएको मोबाईल थान एक समेत बरामद गरिएको भन्ने बरामदी /खानतलासी मुचुल्का कागज।

७६. **प्रतिवादी राम नरेश चौधरीको बरामदी/खानतलासी मुचुल्का कागज**

जिल्ला कैलाली, धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पुर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालयसंग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई

ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली टिकापुर नगरपालीका वडा नम्बर ३ बस्ने प्रतिवादी राम नरेश चौधरीले लगाएको हाप पाईन्टको गोजीबाट स्यामसुङ्ग डस कम्पनीको कालो रंगको ९८४८४३३०२२ नम्बरको नमस्तेको सिमकार्ड ९८१२६६४४७३ नम्बरको एनसेल कम्पनीको सिमकार्ड प्रयोग भएको मोबाईल सेट समेत बरामद गरिएको भन्ने बरामदी/ खानतलासी मुचुल्का कागज।

७७. **प्रतिवादी किसनलाल चौधरीको बरामदी/खानतलासी मुचुल्का कागज**

जिल्ला कैलाली धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पुर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली थापापुर गा.वि.स.वडा न.५ बस्ने प्रतिवादी किसनलाल चौधरीको प्यान्टको बायाँ खल्तीमा स्यामसुङ्ग जिटिएस ५३०१ नमस्तेको ९८४८४६६०९२ नम्बरको सिम कार्ड प्रयोग भएको मोबाईल थान १, माईक्रोम्याक्स सेतो मोडेल एक्स ०९९१ एनसेलको ९८२४६१३३३४ नम्बरको सिम कार्ड प्रयोग भएको मोबाईल थान १ समेत बरामद गरिएको भन्ने बरामदी/ खानतलासी मुचुल्का कागज।

७८. **प्रतिबादी संङ्गम भन्ने सन्तोष कुमार चौधरीको जिउ खानतलासी मुचुल्का**

जिल्ला प्रहरी कार्यालय कैलालीको हिरासत कक्ष बाहिर ग्यालरीमा प्रतिबादी संङ्गम भन्ने सन्तोष कुमार चौधरीलाई हिरासतमा राख्न भन्दा पहिले निजको जिउको तलासी लिई नोकिया कालो रंङ्गको ९८१८९४२०८८ नं.को सिमकार्ड प्रयोग भएको मोबाईल बरामद भएको भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

७९. **प्रतिबादीहरुको घर खानतलासी मुचुल्का**

राज कुमार कठरीया, राम कुमार कठरीया, संङ्गम भन्ने सन्तोष चौधरी, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, बिर बहादुर चौधरी, राम नरेश चौधरी, हरी नारायण चौधरीको घर खानतलासी गरीएको मुचुल्का।

८०. **प्रतिबादी लक्ष्मण चौधरीको जिउ खानतलासी मुचुल्का**

जिल्ला प्रहरी कार्यालय कैलालीको हिरासत कक्ष बाहिर ग्यालरीमा प्रतिबादी लक्ष्मण चौधरीलाई हिरासतमा राख्न भन्दा पहिले निजको जिउको तलासी लिई पाईन्टको खल्तीमा बोकेको ईन्टेक्स कम्पनीको मोबाईल र सो मा ९८१३६४२१४० नं.को सिमकार्ड प्रयोग

भएको मोबाईल बरामद भएको भन्ने समेत व्यहोराको खान तलासी तथा बरामदी मुचुल्का।

## ८१. खानतलासी मुचुल्का

जिल्ला कैलाली, टिकापुर न.पा.वडा नं. ९ व्लग नं. २९ पशु हाटबजार नजिक पुर्बमा सदबरुवा तर्फ जाने कच्ची सडक, पश्चिममा शंकरपुर गांउ, उत्तरमा सदबरुवा गाँउ, दक्षिणमा जमरा खोला यति चार किल्ला भित्र रहेको चर्चेको पशु हाटबजार क्षेत्र, शंकरपुर, टिकापुर, मुनुवा जोड्ने सडक, धानखेतलाई घटनास्थल कायम गरी शुरु प्रहरीलाई घेराबन्दिमा पारी ढुङ्गामुढा, गुलेली प्रहार गरेको पिच सडकको बाटोबाट हुदै अन्तिममा मृतलाश शसस्त्र प्रहरी बरिष्ठ हवल्दार ललित बहादुर साउद भएको ठाँउ सम्म सरसर्ती हेर्दा प्रतिबादी रेशमलाल चौधरी समेतले घटनामा मार्न प्रयोग गरेका घरेलु हतियारहरु भेटिएका, प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई निर्ममता पुर्बक हत्या गर्नमा प्रयोग गरीएका र घटनास्थलमा नै छाडि गएका भनिएका र प्रहरीलाई घेराबन्दि गरेको पिचसडकमा थारुहट राज्य जिन्दाबाद लेखिएका पर्चा रहेका, प्रहरी बरीष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई मारेको घर आगनमा १ फिट ९ ईन्च लम्बाई ९ ईन्च गोलाई भएको चारपाटे काठ छेउको भागमा रगत लागी सुकेको काठ थान १, १ फिट १० ईन्च लम्बाई ५ ईन्च गोलाई भएको काठको लाठीमा काँडेतार बेरेको लाठी थान १, प्रहरी जवान लोकेन्द्र चन्दलाई मारेको स्थान नजिक १ फिट १० ईन्च लम्बाई भएको ५ ईन्च गोलाई भएको काठको लाठी टुप्पोमा काँडेतार बेरीएको लाठी थान १, शसस्त्र प्रहरी हवल्दार रामबिहारी थारु समेतलाई जलाएको स्थान नजिक २ फिट ८ ईन्च लम्बाई भएको बाँस चिरीएको, फलामे किला ठोकेका थान १, ५ फिट लम्बाई भएको हान्न प्रयोग भएको फुटेको आलो बाँसको लाठी थान १, ३ फिट ६ ईन्च लम्बाई भएका बाँसको लाठी थान २, ६ फिट ७ ईन्च लम्बाई गोलाई ७ ईन्च भएको टुप्पोमा फुटेको सुकेको बाँसको लाठी थान १, ४ फिट ११ ईन्च लम्बाई भएको बाँसको सुकेको लाठी थान १, ३ फिट २ ईन्च लम्बाई भएको छेउमा फलामे किला ठोकेको लाठीथान २, २ फिट ९ ईन्च लम्बाई ९ ईन्च गोलाई भएको काठको लाठी थान १, ३ फिट लम्बाई ७ ईन्च गोलाई भएको काठको लाठी थान १, २ फिट ७ ईन्च लम्बाई भएको काठको लाठी थान १, ४ फिट लम्बाई भएको फलामे रड थान १, २ फिट ९ ईन्च लम्बाई भएका तरवार थान २, १ फिट ८ ईन्च लम्बाई भएको अंग्रेजी टि आकारको छड थान १, १ फिट २ ईन्च लम्बाई भएको काठको बिंड भएको घन थान १, प्रहरी युनिफर्ममा प्रयोग गर्ने कालो

रंगको बेतकाठको टुक्रा जलाएको अवस्थामा रहेको, कालो रंङ्गको चप्पल थान १, प्रहरी निरीक्षक बलराम  बिष्ट, केशब बोहरा समेतलाई हत्या गरीएको स्थान नजिक टुबर्ग बियरका बोतलथान २, १ फिट गोलाई भएको फुटाई धार बनाईएको ढुङ्गा थान १, १० ईन्च गोलाई भएको ढुङ्गा फुटाई धार पारीएको थान १, प्रहरी हवल्दार श्याम खड्कालाई हत्या गरेको स्थान नजिक १ फिट ४ ईन्च लम्बाई रडको भित्र प्वाल भएको बाहिरी भागमा टेप धागोले बेरेको रड १, १ फिट ४ ईन्च लम्बाई भएको फलामे रड थान १, १० फिट ६ ईन्च लम्बाई भएको फलामे चेप्टो रड थान १, १ फिट २ ईन्च लम्बाई भएको टुप्पोमा धार भएको फलामे छिना थान १ फेलापारी बरामद गरीएको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का।

८२. **खानतलासी मुचुल्का**

जिल्ला कैलाली मुनुवा गा.बि.स.वडा न. ५ मोतिनगर स्थित पुर्व, पश्चिम टिकापुरबाट मुनुवा गा.बि.स.हुंदै जोशिपुर जाने कच्ची बाटो, उत्तरमा डिल्ली राज शर्माको टायल व्लग उद्योग, दक्षिणमा मोती मा.बि.मोतिनगर स्कुलको वाल पर्खाल, यति चार किल्ला भित्र रहेको, कच्ची रोडको उत्तर पट्टीको नरकट घारीमा मिति २०७२।०५।०७ गते थारुहट थरुवान आन्दोलनकारीले लुटीलगेको एस.एल.आर. तोडफोड गरेको भनी श्रबण चौधरीले यस कार्यालयमा जानकारी गराए पश्चात यस कार्यालयबाट प्रहरी टोली खटी गई खोज तलास गर्दा एस.एल.आर.राईफलको साइड कभर (खोल) फेला परेको भन्ने समेत व्यहोराको खान तलासी बरामदी मुचुल्का।

८३. **बरामदी मुचुल्का**

घटनास्थल वरपरबाट बन्चरो थान–१, चक्कु थान १, फलामको भाला थान १ बरामद भएको भन्ने मिति २०७२।५।२९ गतेको  बरामदी मुचुल्काबाट खुली आएको पाईन्छ।

८४. **प्रतिबादीहरुको स्वास्थ्य परीक्षण रिपोर्ट**

Nine depressed circular wound on left lower thing above knee. Each having–1 cm radius. Slight bleeding present. भन्ने समेत व्यहोराको सुन्दरलाल कठरीयाको स्वास्थ्य परीक्षण रिपोर्ट, multiple (4-5) healed abrasion marks on the back. Each - 3 inch long भन्ने समेत व्यहोराको दिल बहादुर चौधरीको स्वास्थ्य परीक्षण रिपोर्ट, 4 inch long wound on right back भन्ने समेत व्यहोराको प्रतिबादी राज कुमार कठरीयाको स्वास्थ्य परीक्षण रिपोर्ट, 1 inch wound in left arm And vicular joint. भन्ने समेत व्यहोराको हरी नारायण चौधरीको स्वास्थ्य परीक्षण रिपोर्ट।

**८५. करन चौधरीको सनाखत कागज**

घटनास्थलबाट बरामद भएको सामान मध्ये भाला श्रवण चौधरीले प्र.ब.उ.लाई प्रहार गरेको हतियार हो, काठको बिड भएको दाउ, प्रदीप चौधरीले वारदातमा प्रयोग गरेको हतियार हो, ठूलो पंयूको लाठी लालु चौधरीले प्रयोग गरेको हो, ठूलो बाँसको लाठी प्रतिवादी राजाराम चौधरीले प्रयोग गरेको हो, सुकेको अर्को लाठी प्रतिवादी जित बहादुर डंगौराले प्र.ज.लोकेन्द्र बहादुर चन्दलाई हान्न प्रयोग गरिएको हो, अन्य हातहतियारहरु फरार रहेका अन्य प्रतिवादीहरु समेतले प्रयोग गरेका हुन भनि मिति २०७२।५।२८ गते करन चौधरीले गरि दिएको सनाखत कागज।

**८६. नेत्रराज पडालको सनाखत कागज**

उक्त घटनामा संलग्न भएका प्रतिवादी मध्ये प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी, करन डंगौरा, विश्राम चौधरीलाई लाईन लहरमा उभ्याएको अवस्थामा हेरी देखि चिने भन्ने समेत व्यहोराको मिति २०७२।५।२९ गतेको नेत्रराज पडालको सनाखत कागज।

**८७. दिपराज थापाको सनाखत कागज**

उक्त घटनामा संलग्न भएका प्रतिवादी मध्येका श्रवण चौधरी, प्रदीप चौधरी, करन डंगौरा, विश्राम चौधरीलाई हेरी देखि चिने भन्ने समेत व्यहोराको मिति २०७२।५।२९ गतेको दिपराज थापाको सनाखत कागज।

**८८. प्रतिवादी श्रवण चौधरीको सनाखत कागज**

वारदात स्थलमा प्रयोग भएका हाल बरामद भईआएका लाठा लगायतका हातहतियारहरु उक्त वारदातमा आफु समेतका प्रतिवादीहरुले प्रयोग गरेका हुन भन्ने समेत व्यहोराको मिति २०७२।५।२९ गतेको श्रवण चौधरीको सनाखत कागज।

**८९. सुरज सिंह ठकुरीको सनाखत कागज**

प्र.ब.उ.लक्ष्मण न्यौपानेलाई भाला प्रहार गर्ने व्यक्ति प्रतिवादी श्रवण चौधरी हो, पछि निज प्रतिवादीको हातमा लुटीलगेको SLR भिरेको मैले देखेको हुँ, सो हतियार प्रतिवादी प्रदीप चौधरीले खोसेको समेत मैले देखेको हुँ, प्रतिवादी करन चौधरीले प्रहरी कर्मचारीहरुलाई लाठीले प्रहार गरेको मैले देखेको हुँ, प्रतिवादी विश्राम चौधरी समेतले हातमा लाठी लिई खेतखेतबाट लखेटेको मैले देखेको हु भन्ने समेत व्यहोराको मिति २०७२।५।२९ गतेको सुरज सिंह ठकुरीको सनाखत कागज।

## ९०. प्रतिवादी प्रदीप चौधरीको सखानत कागज

काठको बिड भएको बन्चरो, घटनास्थलमा रहेको कच्ची बाटो भन्दा पर खेतमा भागीरहेका २ जना प्रहरीलाई मार्दाका बखत प्रयोग गरिएको हतियार हो र कालो बिडको चक्कु घटनास्थलमा रहेको घरबाहिर लक्ष्मण न्यौपानेलाई प्रहार गर्दा प्रयोग भएको हतियार हो, फलामको भाला प्रतिवादी हरिनारायण चौधरी लगायतका फरार रहेको प्रतिवादी राजाराम चौधरी लगायतका प्रतिवादी मध्ये कसैले हातमा समातेको देखेको हुँ, प्रायः मिल्दो जुल्दो हातहतियार प्रयोग गरेकोले एकिन गर्न सक्दिन भन्ने व्यहोराको मिति २०७२।५।२९ गतेको प्रदीप चौधरीको सनाखत कागज।

## ९१. खटपट भन्ने सितल राज डगौराको सनाखत कागज

पंक्तिबद्ध भई उभ्याईएका मानिस हेरे देखे, अन्दाजी वर्ष २५–२६ को संगम भन्ने सन्तोष कुमार थारु हो। निज म संगै द्धन्दकालमा माओवादीमा संगै कार्य गरेको व्यक्ती हो, निजको घर जि.कै.टिकापुर ५ घियापुछरी हो, निजले नै वारदात समयमा बोरामा हतियार बोकेको देखेको हु, भागबद्ध भएका अन्य व्यक्तिहरु मेरो गाउँको सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, बृजमोहन डंगोरा, विश्राम भन्ने जित बहादुर डंगौरालाई चिन्दछु, निजहरुले भाला, लाठी लिई घटनामा गएका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।२० गतेको खटपट भन्ने सितल राज डगौराको सनाखत कागज।

## ९२. सितलराम डगौराको कागज

वारदात पूर्व प्रतिवादीहरु रेशमलाल चौधरी, लक्ष्मण थारु, बन्धु थारु र रामचन्द्र चौधरी समेतका कार्यकर्ताले थापापुर गा.वि.स.मा प्रत्येक वडा, गा.वि.स.का भलमन्सा बोलाई एक कार्यक्रम गरी थरुहट राज्यको मागको लागि सशक्त आन्दोलन गर्नुपर्छ, सबैले उपस्थित हुनु पर्छ भन्ने निर्देशन दिएका थिए, सोही निर्देशन बमोजिम भलमन्साहरुले आफ्नो वडाका चौकीदार मार्फत प्रत्येक घरधुरीबाट एक एक जना आन्दोलनमा जानुपर्ने, नगएमा रु.१,०००।– जरिबाना हुने भनि उर्दी जारी गरी निर्देशन भए बमोजिम वारदातका दिन विभिन्न गाउँबाट हातमा घरेलु हतियार भाला, खुँडा, लाठा, तरबार समेत बोकी गएका हौं, म समेत वारदातका दिन दिउँसो १४:०० बजेको समयमा मोती चोकमा पुग्दा प्रहरीले अश्रुग्याँश हानेको अवस्थामा आन्दोलनकारी दौडिदै गर्दा संगम भन्ने व्यक्तिलाई मैले देखेको थिए। निजले आफ्नो साथमा बन्दुक बोकी ल्याएको समेत देखेको हुँ, को कस्ले भाला, खुँडा प्रयोग गरी मारे थाहा भएन भन्ने समेत व्यहोराको मिति २०७२।०५।१४ गतेको सितलराज डगौराको कागज।

## ९३. केशे भण्डारीको कागज

मिति २०७२।०५।०७ गते म आफ्नै घरमा नै थिए। घटना भएको ठाउँ नै मेरो घर हो, सो दिन थारुहटका मानिस आई टिकापुर बजारमा आई क्षती पुऱ्याउने योजना रहेको छ भन्ने बिहान थाहा भएको थियो, हामी घटनास्थलका मानिसहरुलाई घर भित्र बस्नु आत्तिनु पर्दैन भनेका थिए, दिउसो १३:३० बजेको समयमा हजारौंको सख्यामा आएको जत्थाले ड्युटीमा रहेका प्रहरी बरिष्ट उपरीक्षक समेतको टोलीलाई मेरो घर भन्दा २०० मिटर अगाडी सडकमा चारै तिरबाट घेरा हाली ढुङ्गा, गुलेली लाठा हिर्काउन लाग्दा प्रहरी टोलीले अश्रुग्याँस प्रहार गरी रहेका थिए, प्रहरीको केही नलागी आफ्नो ज्यान जोगाउन भाग्नलाग्दा छिमेकी संगिता बर्माको घर भित्र छिरेका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई तानी घर बाहिर ल्याई लाठा, भालाले हानी गोरु चुटाई गरी मारेको र प्रहरी हवल्दार श्याम खड्कालाई सडकमा नै मारी सकेका थिए, शसस्त्र प्रहरी हवल्दार राम बिहारी चौधरी र प्रहरी जवान लोकेन्द्र चन्दलाई पनि भन्नै नसकीने गरी दानबिय तरीकाले हातमा भएका किला रोपेका लाठी, तार बेरेका लाठीले हानी नजिकैको खर ल्याएर आगो लगाएका हुन। घाईते भई भाग्दै गरेका अन्य प्रहरीलाई समेत खेतमा लखेट्दै हान्दै गरेका थिए, रगताम्य भई भाग्दै गरेका प्रहरी निरीक्षक बलराम बिष्ट र केशब बोहरालाई धान खेतमा फेला पारी मारमार भन्दै फरुवा, भाला, लाठीले हानी मारेको, उक्त घटना प्रत्यक्ष मैले आफ्नो घरको झ्यालबाट हेरी रहेको थिए, प्रहरी दयाको भिख माग्दै थिए, त्यस्तो क्रुरतापुर्वक मार्ने मराउने र घटना गराउनेमा १६ बर्ष देखी ४० बर्ष सम्मका थारु मानिसहरु थिए भन्ने समेत ब्यहोराको केशे भण्डारीको कागज।

## ९४. गोपाल पुनको कागज

मिति २०७२।०५।०७ गते म आफ्नै घरमा थिए, थारुहट आन्दोलन कर्ता हातमा लाठी भाला समेत ल्याई आएका थिए, प्रहरी टोलीले उक्त भिडलाई रोक्न खोज्दा ज्यान मार्ने उद्देश्यका साथ आएका अन्यायीहरुले मेरो घर अगाडी घेरा बन्दी गरी प्रहरीको केही नलागी भाग्यो त्यस क्रममा अन्यायीहरुले मेरो घरको नल्का पनि तोडेका हुन, तनाव पुर्ण अबस्था भए पछि अन्यायीहरुले प्रहरीलाई लखेटी लखेटी भाला रोपी, खकुरीले हानी आगोले जलाई मारेका रहेछन। अलिकती अबस्था शान्त भई सकेपछि म घर बाहिर निस्कदा क्षतबिक्षत अबस्थाका लाश प्रहरीले ओसारीरहेको थियो, युवा उमेरका थारु समुदायका मानिसहरुले घटना गराएका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।१६ गतेको गोपाल पुनको कागज।

## ९५. नरेश चौधरीले गरेको कागज

मिति २०७२।०५।०७ गते मेरो घरमा नै खाना खाई घरमा बसी रहेको अवस्थामा टाढाबाट मानिसहरुको हुल आएको देखेको हु। पछि घर नजिकै पुग्दा प्रहरी टोलीलाई लखेटीलखेटी कुटीरहेका थिए। घटनामा संलग्न ब्यक्तीहरुले हातमा लाठी, भाला, खुकुरी, खुँडा, बन्चरो, हसिया समेतका हातहतियारहरु बोकेका थिए, उक्त घटनामा सबै थारु जातीका मानिसहरु थिए, निजहरु पुर्ब योजनाका साथ हात हतियार बोकी आएका थिए, निजहरुले प्रहरी बरिष्ट उपरीक्षक लक्ष्मण न्यौपाने समेतका प्रहरी कर्मचारीहरुलाई लखेटीलखेटी कुटीकुटी धारीलो हतियार समेत प्रहार गरेका हुन। निज ब्यक्तीहरुले ग्यालेनमा पेट्रोल समेत बोकी ल्याएका थिए, पेट्रोल छर्की आगो लगाई निर्मम तवरबाट हत्या गरेका हुन, सोही घटनामा फुलवारी रिसोर्टका संचालक रेशमलाल चौधरी समेतका ब्यक्तिहरु थिए भन्ने समेत ब्यहोराको मिति २०७२।५।१६ गतेको नरेश चौधरीले गरेको कागज।

## ९६. किरण भन्ने राजेन्द्र हमालको कागज

मिति २०७२।०५।०७ गते दिउसो थारुहटको आन्दोलनमा लाठी भाला बन्चरो सहित टिकापुर बजारमा प्रबेश गर्न लागेको जानकारी पाई म मेरो घर छिमेकी भिम बहादुर भण्डारीको २ तले घरको छतमा गएको थिए, हजारौको संख्यामा आएका हातमा लाठी, भाला बोकेका प्रतिबादीहरुको हुलले प्रहरीलाई धकेल्दै थिए, प्रहरीलाई बिचमा पारे पछि तितरबितर पार्न प्रहरीले अश्रुग्यौंस हान्यो मार्ने योजनाका साथ आएका अन्यायीहरुले चारै तिरबाट प्रहरी टोलीलाई घेरा हालेपछि ज्यान जोगाउन प्रहरीहरु भाग्दा पिछा गरेका अन्यायीहरुले संगिता बर्माको घर भित्र पसेका प्र.ब.उ.लक्ष्मण न्यौपानेलाई घर बाहिर निकाली मारेको, म बसेको ठाउबाट उक्त घट्ना छेकीएको हुदा सबैकुरा देख्न पाइन। शसस्त्रका प्रहरी हवल्दार राम बिहारी चौधरीलाई चारैतिरबाट घेरी भाला डन्डाले प्रहार गरिरहेका थिए। निज अन्यायीहरुले हानहान मारमार भन्दै थिए, पछि नजिकै भएको घरबाट खर ल्याई जिउदै जलाए, संग संगै लोकेन्द्र चन्दलाई पनि त्यसै गरी हानेर खरले जलाएर मारे, घाईते भएका प्रहरी निरीक्षक केशब बोहरा र बलराम बिष्ट घाईते भई खेततिर भाग्दै गरेका थिए, राम्रो संग दौड्न पनि सकि रहेका थिएनन्, टाउकोबाट बगेको रगत पुछ्दै थिए, प्रहरी निरीक्षक केशब बोहराको खेतको आलीमा ढले पछि हाप पाईन्ट लगाएको मोटो जिउ भएको ब्यक्तीले सोही स्थानमा गई फरुवाले टाउकोमा हिकाई

मारेको र प्र.नि.बलराम बिष्टलाई पनि खेतमा हानी मारेका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।१६ गतेको किरण भन्ने राजेन्द्र हमालको कागज।

### ९७. कृष्ण डगौराको घटना बिबरण कागज

मिति २०७२।०५।०७ गते गाउँका भलमन्सा टिकाराम कठरीयाले आन्दोलनमा सहभागी हुनुपर्ने नभए जरीवाना तिर्नु पर्ने भनि उर्दी जारी गरेपछि म समेत उक्त आन्दोलनमा गएको हुँ, वारदात स्थलमा पुग्दा सुरक्षाकर्मीहरुले सम्झाई बुझाई गर्दा समेत निज आन्दोलनकारीहरुले निषेधित क्षेत्र प्रवेश गर्न खोज्दा सुरक्षाकर्मीहरुले अश्रुग्याँस प्रहार गरेकोमा प्रतिवादी राम प्रसाद चौधरी लगायतका प्रतिवादीहरुले सुरक्षाकर्मीमाथि घरेलु हातहतियार प्रयोग गर्न थाले, म सोही स्थानबाट फर्कि घर आएको हुँ, घर फर्कि आउँदै गर्दा आन्दोलनकारीहरुले सुरक्षाकर्मीहरुलाई बिभत्स तरिकाले मारेको हो भन्ने कुरा सुनेको थिए। वारदात समयमा लक्ष्मण चौधरी, रेशमलाल चौधरी, सोही स्थानमा नै थिए, निजहरुले नै योजना बनाएका हुन, वारदातमा खुशीराम चौधरी, सिताराम चाौधरी, संगम चौधरी, लगायतका प्रतिवादीहरु प्रत्यक्ष रुपमा प्रहरीलाई प्रहार गर्नमा संलग्न थिए। सुरक्षाकर्मीको हतियार संगम चौधरी लगायतले लुटी लगेको हो भन्ने समेत व्यहोराका मिति २०७२।५।१७ गतेको कृष्ण डगौराको घटना बिबरण कागज।

### ९८. पतिपावन कठरीयाको घटना विवरण कागज

मिति २०७२।०५।०७ गते दिउसो अन्दाजी १३:३० बजेको समयमा थरुहट राज्यको माग गर्दै चिलिमे चौराहाबाट ठूलो संख्याको जुलुश स्थानीय पशुहाटबजार नजिक आई पुग्दा निषेधित क्षेत्रमा प्रबेश गर्न नदिने गरी खटिएका सुरक्षाकर्मीहरुलाई निजहरुले घेरा बन्दी गरी आफु साथ बोकी ल्याएका हातहतियार लाठी, भाला, गुलेली, बोतल प्रहार गरी अमानबिय तरीकाले कुटपिट गर्न लाग्दा ज्यान जोगाउन संगीता बर्माको घरमा रहेका प्र.ब.उ.लक्ष्मण न्यौपानेलाई प्रतिवादी मध्येका हरिनारायण चौधरीले बाहिर आंगनमा ल्याई भाला रोपी कर्तव्य गरी मारेको तथा अन्य सुरक्षाकर्मीहरुलाई वारदात स्थलमा बिभत्स तरिकाले हत्या गरेको हो भन्ने समेत ब्यहोराको मिति २०७२।५।१७ गतेको पतिपावन कठरीयाको घटना विवरण कागज।

### ९९. झनक विश्वकर्माको कागज

मिति २०७२।०५।०७ गते १३:३० बजेको समयमा आन्दोलनकारीहरुको ठुलो भिड वारदात स्थलमा आउन लाग्दा प्रहरीहरुले सर्वसाधारणलाई घरभित्र जान लगाएकोमा म पशुहाटबजार नजिक भएकोले घर जान टाढा हुँदा डम्मर चौधरीको घरमा बसेको

थिए। पछि आन्दोलनकारीहरुले सुरक्षाकर्मीहरुलाई घेराबन्दी गर्दा समेत प्रहरीले सम्झाउन थालेकोमा उल्टै आन्दोलनकारीहरुले आफुसाथ भएका हतियार प्रहार गर्न थालेपश्चात सुरक्षाकर्मीले अश्रुग्याँश हानेकोमा आन्दोलनकारीहरुले नमानी सुरक्षाकर्मी माथि लगातार प्रहार गर्दा संगीता बर्माको घरमा ज्यान जोगाउन बसेका प्र.ब.उ.समेतलाई बाहिर निकाली बिभत्स तरिकाले हत्या गरेको तथा अन्य सुरक्षाकर्मी समेतलाई लाठी, भाला समेतका हतियारले बिभत्स रुपमा कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको मिति २०७२।५।१७ गतेको झनक विश्वकर्माको कागज।

**१००. प्रेम सिंह बोहराको कागज**

मृतक प्रहरी निरीक्षक केशब बोहरा मेरो छोरा हो। निज अंचल शसस्त्र प्रहरी गुल्म सेतीमा कार्यरत रहि आएकोमा थारुहट संघर्ष समितिको आन्दोलनमा शान्ति सुरक्षाका लागी टिकापुरमा खटीएको थियो, फोनमा कुराकानी भईरहन्थ्यो, मिति २०७२।०५।०७ गते मेरो अर्को छोरा नविन सिंह बोहराले दाजुलाई अन्यायी रेशमलाल चौधरी समेतले कर्तव्य गरी मारेको जानकारी दिए, पछी संचार माध्यमबाट खबर सुनी एकिन भए, वारदात स्थलमा सुरक्षाकर्मी माथि आक्रमण गरी बिभत्स तरिकाले हत्या गर्नेमा रामचन्द्र चौधरी, रणभुमी भन्ने फिरुलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरी, शिब कुमार चौधरी, प्रदीप चौधरी, श्रवण चौधरी, करन चौधरी, रामकुमार कठरीया, राजकुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, हरिनारयाण चौधरी, राम प्रसाद चौधरी, बृज मोहन डंगौरा, राजेश चौधरी, सन्तराम चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष थारु समेतका व्यक्तिहरुले प्रतिवादी रेशमलाल चौधरी र लक्ष्मण चौधरी समेतको योजना र निर्देशनमा सुरक्षाकर्मी माथि भाला, खुँडा, खुकुरी र लाठी समेत प्रहार गरी बिभत्स रुपमा सुरक्षाकर्मीको हत्या गरेको भन्ने थाहा पाएको हुँ भन्ने समेत व्यहोराको मिति २०७२।५।२० गतेको प्रेम सिंह बोहराको कागज।

**१०१. बुझिएका मानिस महेश बोहराको कागज**

मिति २०७२।०५।०७ गते दाजु केशब बहादुर बोहरालाई अन्यायी रेशमलाल चौधरी समेतले नेतृत्व गरेको हुलले हत्या गरेको खबर पाएको हुं। घटनाको वास्तविकता बुझ्दा थारु कल्याणकारी सभाका अध्यक्ष तथा संयोजक धनिराम चौधरी, रेशम लाल चौधरी, लक्ष्मण थारु चौधरी समेतले थारु संघर्षका नामबाट संचालन गरेको हुल जत्थामा घरेलु हात हतियार बोकेको रणभुमी भन्ने फिरुलाल चौधरी, बृज मोहन डगौरा, राजेश चौधरी, सन्तराम चौधरी, बिर बहादुर चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारु, हरिनारायण

चौधरी, राम प्रसाद चौधरी, राजेश चौधरी, सन्तराम चौधरी, बिर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, रामचन्द्र चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरी, प्रदीप चौधरी, शिवकुमार चौधरी, श्रवण चौधरी, करन चौधरी, राम कुमार कठरीया, राज कुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया समेतले निर्ममता पुर्बक हत्या गरेको भन्ने थाहा पाएको हुँ भन्ने समेत व्यहोराको मिति २०७२।५।२० गतेको महेश बोहराको कागज।

**१०२. जित बहादुर चन्दको घटना विवरण कागज**

थारुहट राज्यको माग गरी टिकापुर लगायतका स्थानमा भएको बन्द हड्ताल, तोडफोडमा शान्ति सुरक्षाका लागी प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो छोरा लोकन्द्र बहादुर चन्द टिकापुरमा ड्यिटी खटिएको भनी निज छोरा संग फोन सम्पर्क हुदा जानकारी भएको र वारदातको दिन समेत बिहानको समयमा फोन सम्पर्क भएकोमा दिउँसोको समयमा एक्कासी मिडियाबाट मेरो छोरा लगायत ५/६ जनाको विभत्स हत्या भएको जानकारी पाएको हुँ। सो हत्याकाण्ड थारु कल्याणकारी सभाका संयोजक धनिराम चौधरी, जिल्ला कैलाली दुर्गौली गा.वि.स.घर भई कैलाली जिल्ला क्षेत्र नम्बर १ का थारु संघर्ष समितिका संयोजक रेशमलाल चौधरी, ऐ. फुलबारी १ बस्ने लक्ष्मण चौधरी, रणभुमी भन्ने फिरुलाल चौधरी, माओवादी पुर्व लडाकु विश्राम चौधरी लगायतका व्यक्तीहरुको निर्देशनमा अन्य प्रतिवादीहरु राम कुमार कठरिया, सुन्दरलाल कठरिया समेतले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियार सहित आई पुर्व योजना बमोजिम चारैतिरबाट घेरा हाली मेरो छोरा लोकेन्द्र बहादुर चन्द माथी साँङ्घातिक आक्रमण गरी निर्ममता पुर्वक हत्या गरेका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।२० गतेको जित बहादुर चन्दको घटना विवरण कागज।

**१०३. पबित्रा साँउदको कागज**

मिति २०७२।०५।०७ गते दिउसो १३:३० बजेको समयमा मेरो श्रीमान स.प्र.ब.ह ललित बहादुर साँउद र प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको टोली टिकापुर–९ पशु हाटबजार नजिक ड्युटीमा खटीएको अबस्थामा प्रतिबादी रेशमलाल चौधरी, लक्ष्मण चौधरी, धनिराम चौधरीको निर्देशन तथा योजनामा हाल प्रहरी हिरासतमा रहेका राम प्रसाद चौधरी लगायतका प्रतिबादीहरुले निषेधित क्षेत्र तोडी निजी तथा सार्वजनिक सम्पत्तीमा क्षती पुर्याउने खोजेकाले निजहरुलाई सम्झाई बुझाई गर्ने क्रममा उल्लेखित प्रतिबादीहरुले चारैतिरबाट घेराबन्दि गरी पुर्ब योजना मुताबिक हात–हातमा लिएका लाठी, भाला, बन्चरो,

जस्ता घरेलु हात हतियारले निर्मम तरीकाले हत्या गरी केही प्रहरी कर्मचारीलाई जिउदै आगो लगाई क्रुर तवरले हत्या गरेको भन्ने व्यहोराको मिति २०७२।५।२२ गतेको पबित्रा साँउदको कागज।

**१०४. सृजना थारुको कागज**

मिति २०७२।०५।०७ गते दिउसो १३:३० बजेको समयमा मेरो श्रीमान स.प्र.ह.राम बिहारी थारु र प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोली टिकापुर–९ पशुहाट बजार नजिक ड्युटीमा खटीएको अबस्थामा प्रतिबादी रेशमलाल चौधरी, लक्ष्मण चौधरी, धनिराम चौधरीको निर्देशन तथा योजनामा हाल प्रहरी हिरासतमा रहेका राम प्रसाद चौधरी लगायतका प्रतिबादीहरुले निषेधित क्षेत्र तोडी निजी तथा सार्वजनिक सम्पत्तीमा क्षती पुऱ्याउने खोजेकाले निजहरुलाई सम्झाई बुझाई गर्ने क्रममा उल्लेखित प्रतिबादीहरुले चारैतिरबाट घेराबन्दि गरी पुर्ब योजना मुताबिक हात–हातमा लिएका लाठी, भाला, बन्चरो, जस्ता घरेलु हात हतियारले निर्मम तरीकाले प्रहार गरी जिउदै आगो लगाई क्रुरतवरले हत्या गरेको भन्ने समेत व्यहोराको मिति २०७२।५।२२ गतेको सृजना थारुको कागज।

**१०५. बुझिएका मानिस बिर सिंह नेगीको कागज**

प्रहरी हवल्दार जनक नेगी मेरो छोरा हो।निज छोरा अञ्चल सशस्त्र प्रहरी गुल्ममा कार्यरत रही आएको थियो।केही हप्ता पहिले देखी टिकापुर लगायतको क्षेत्रमा थारुहट आन्दोलन कर्ताहरुले टिकापुर लगायतको क्षेत्रहरुमा जनधनको क्षती पुऱ्याउने अवस्था आए पछि प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको कमाण्डमा छोरा खटिई गएको मलाई जानकारी थियो । मिति २०७२।०५।०७ गतेका दिन जि.कै.टिकापुर न.पा.९ पशुहाटबजारमा डियूटीमा खटिएको अवस्थामा प्रहरीलाई मार्ने योजनाका साथ रेशमलाल चौधरी समेतका मानिस घरेलु हात हतियार सु–सजित भई आई छोरा समेतको प्रहरी टोलीलाई घेरा बन्दी पारी भाला, लाठी, खुकुरी, काडेतार बेरेका लाठी, गुलेली समेतका हातहतियारले हिर्काई निर्ममता पुर्वक केही सुरक्षाकर्मीको हत्या गरेको तथा केही सुरक्षाकर्मीहरुलाई गम्भीर घाईते बनाएकोमा मेरो छोराको उपचारको क्रममा मृत्यु भएको हो, उक्त घटनामा प्रतिवादीहरु राम कुमार कठरीया, सुन्दरलाल कठरीया, दिल बहादुर चौधरी, राज कुमार कठरीया, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, प्रेम चौधरी, किसनलाल चौधरी, सान्तराम चौधरी, बृज मोहन डंगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, जित बहादु डंगौरा, सन्तोष कुमार थारु, लाहुराम चौधरी समेतका प्रतिवादीको

संलग्नता रहेको तथा उक्त वारदात गर्नमा प्रतिवादी धनीराम चौधरी, लक्ष्मण थारु, रेशमलाल चौधरी समेतको योजना र निर्देशन गरेका हुन भन्ने समेत ब्यहोराको मिति २०७२।५।२१ गतेको बिर बहादुर नेगीको कागज।

**१०६. बुझिएका लक्ष्मी देवी खड्काको कागज**

घटना मितिमा म आफ्नै घरमा थिए। मेरो श्रीमान् श्याम खडका शान्ती सुरक्षाको लागी टिकापुरमा खटिएको भन्ने जानकारी थियो। अन्यायी प्रतिवादीहरु घरेलु हतियार लाठी, खुकुरी, भाला, समेत  साथमा लिइ टिकापुर बजारमा जनधनको क्षती गर्न आउँदै गर्दा प्रतिवादीहरु वारदात स्थलमा पुग्दा मेरो श्रीमान् समेतले उक्त क्षती हुन नदिन रोक्ने प्रयास गर्दा श्रीमान् समेतको उच्च प्रहरी अधिकारी समेतको टोलीलाई घेराबन्दी गरी निर्ममतापुर्वक हत्या गरेका हुन। हत्या गर्नेमा धनी राम चौधरी, रेशमलाल चौधरी, लक्ष्मण थारु समेतको पुर्व योजनामा राम कुमार कठरिया, सुन्दरलाल चौधरी, दिल बहादुर चौधरी, हरिनारायण चौधरी, राजेश चौधरी, जित बहादुर डगौरा, संगम भन्ने सन्तोष कुमार थारु, प्रेम चौधरी, किसनलाल चौधरी, सन्तराम  चौधरी, बृजमोहन डंगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, राम नरेश चौधरी, सन्तोष कुमार थारु समेतले निर्ममतापुर्वक हत्या गरेको भन्ने समेत  ब्यहोराको मिति २०७२।५।२१ गतेको लक्ष्मी देवी  खडकाले गरेको कागज।

**१०७. बुझिएका मानिस भरत बहादुर बिष्टको कागज**

मेरो दाजु प्रहरी निरीक्षक बलराम बिष्ट जि.प्र.का.कैलालीमा कार्यरत रही केही समय पहिले देखी टिकापुर लगायत क्षेत्रमा थारुहट राज्य लगायतका माग राखी भएको आन्दोलनमा शान्ती सुरक्षाको लागी टिकापुरमा खटिनु भएको थियो। वारदात मिति २०७२।०५।०७ गतेका दिन प्रतिवादीहरुले दाजुको निर्ममता पुर्व हत्या गरेको संचार माध्यमबाट सुनी थाहा पाए। घटनाको बारेमा बुझ्दा टिकापुर ९ मा दाजु समेत खटिई गएको अवस्थामा हत्या गर्ने योजनाका साथ घरेलु हातहतियार समेत बोकि आएका रेशमलाल चौधरी समेतले घेरा बन्दी गरी भाग्न उम्कन खोज्दा समेत लखेटी प्रतिवादी राम कुमार कठरिया, सुन्दरलाल कठरिया, हरिनारायण चौधरी, विकास चौधरी, फिरुलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, प्रदिप चौधरी, करन चौधरी समेतका व्यक्तीले भाला, डण्डा, खुकुरी, गुलेली, बन्चरो लगायतका घरेलु हतियारले निर्ममतापुर्वक हत्या गरेका हुन भन्ने समेत ब्यहोराको घटना विवरण कागज।

**१०८. प्रतिवादी राम प्रसाद चौधरीले गरेको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

थारु जातीको बाहुल्यता भएको कैलाली समेतको जिल्लालाई संघिय थारुवान संघिय प्रदेश बनाउनका लागी हाल बन्दै गएको नयाँ संविधानमा लेखाउन सबैले आमहडताल गर्नुपर्छ र २०७२।०५।०७ गते टिकापुर नगरपालिका अन्तर्गतका सरकारी कार्यालयहरुमा संघिय थारुवान प्रदेश लेख्नु पर्छ, यदी राज्य पक्षले हाम्रो कार्यमा बाधा पुऱ्याएमा प्रतिकार गर्नु पर्छ, त्यसका लागि प्रत्येक घरबाट अनिवार्य रुपमा आन्दोलनमा घरेलु हातहतियार बोकी मिति २०७२।५।७ गते टीकापुर जानुपर्ने, नगए दण्ड जरिबाना हुने भनि उर्दी जारी भए पश्चात प्रतिवादी लक्ष्मण चौधरी, रेशमलाल चौधरी र धनीराम चौधरी, फुलराम चौधरी समेतका नेताहरुले दिएको निर्देशन अनुसार म समेत हाल प्रहरी हिरासतमा रहेका संगम भन्ने सन्तोष कुमार थारु, राम कुमार कठरिया, राम नरेस चौधरी, विर ब. चौधरी, राजेश चौधरी, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, हरिनारायण चौधरी, प्रेम चौधरी, जित बहादुर डगौरा समेतका हजारौ व्यक्तीहरु गएका थियौ। हामीहरुको टिकापुर बजारको पश्चिम पट्टिको नाका जिल्ला कैलाली टिकापुर न.पा.वडा न.९ पशुहाटबजार बाट टिकापुर बजार प्रवेश गर्ने र यदी प्रहरीले छेकेमा रोकेमा प्रतिकार गर्ने निर्देशन अनुसार पशुहाटबजार बाट टिकापुर बजार प्रवेश गर्न खोज्दा हाल नाम दर्जा थाहा भएको प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीले हामीहरुलाई छेकी रोकी टिकापुर बजार प्रवेश गर्न नदिएकोले हामीहरुले प्रतिकार गरेका हौं। उक्त दिन टिकापुर बजारमा रहेका सरकारी कार्यालयहरुमा स्वायत थरुहट राज्य लेख्न रेशमलाल चौधरी समेतका नेताहरुले पुर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिरका नाकाहरुबाट एकै साथ प्रवेश गर्ने भने बमोजिम सोही बमोजिम प्रवेश गरेका हौ। उक्त पशुहाट बजारमा प्रहरी माथी आक्रमण गरी भाग्न सजिलो हुने भएकोले सोही नाकाबाट प्रवेश गरेका हौ। प्रहरीले शुरुमा नै फायर गर्दैनन् शुरुमा सम्झाई बुझाई गरी अश्रुग्यास हानेमा वा रोकेमा चारै तिरबाट घेरा हाली मार्ने पुर्व योजनाका साथ गएका थारुहटका कार्यकर्ताहरुलाई पशुहाट बजारमा रोकेको हुदा सोही बमोजिम घेरा हाली पुर्व योजना बमोजिम नै लाठी, भाला, खुकुरी, खुँडा, समेतका घरेलु हतियार प्रहार गरी डियूटीमा रहेका प्रहरी कर्मचारीहरु माथि आक्रमण गरिएको हो। उक्त स्थानमा हाल प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु फिरुलाल चौधरी, विश्राम चौधरी, सुरज मिया हास्मी, फुलराम चौधरी, विकास भन्ने वालकृष्ण चौधरी, शिवकुमार चौधरी, प्रदिप चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, समेतका व्यक्तीहरु थिए। उक्त आक्रमणमा परी प्र.ब.उ.लक्ष्मण न्यौपाने, प्र.नि.बलराम बिष्ट, प्र.नि.केशव बोहरा, प्र.ह.जनक

नेगी, प्र.ह.श्याम खडका, प्र.ज.लोकेन्द्र बहादुर चन्द र २ जना शसस्त्र प्रहरीका २ जना कर्मचारीहरुको समेत मृत्यु भएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी राम प्रसाद चौधरीको मिति २०७२।५।१८ गतेको बयान कागज।

**१०९. प्रतिवादी राम कुमार कठरीयाको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।५।७ गते बिहान गाउँको भलमन्सा डम्मर कठरियाले टिकापुर आन्दोलनमा प्रत्येक घरबाट आन्दोलनमा जाने र नगएमा रु. १००० (एक हजार) जरिबाना लाग्छ भनी चिराकी सुनबर्ष कठरिया मार्फत उर्दी भन्न लगाएको र साथै आ-आफ्नो घरबाट भाला डन्डा बोकेर बिहान १०:०० बजे गाउँका सबै मानिस जनता मा.वि.को पिपल चौतारामा जम्मा हुने भनेपछि म संग दिनेश कठरिया, पुरन कठरिया, राम कुमार कठरिया समेतका मानिस प्राय सबैको हात हातमा किला ठोकेको लाठी, तार बेरेको लाठी, हसिया, बन्चरो, समेत ६/७ जनाको हातमा थियो। हामी भेला जम्मा भई सके पछि गाउँको भलमन्सा डम्मर कठरियाले नारा जुलुस लगाउँदै अगाडी बढ्ने र चिलिमे चौराह पुगेपछि अन्य गा.वि.स.का मानिससंग भेट भइ अगाडी बढने भनेपछि चिलिमे चौराहमा ७/८ हजार मानिस भाला, डण्डा सहित भेला भएका थिए, प्रहरी टोली पनि थियो। महिला अगाडी, हामी पछाडी हुदै प्रहरी टोलीलाई धकेल्दै पशुहाटबजार सम्म पुऱ्याउदा त्यहाँ निषेधीत क्षेत्र तोकिएको हुदा प्रहरीले रोक्ने कोशिश गर्यो, हामीहरुलाई जस्तो सुकै भएपनी टिकापुर पुग्ने र सरकारी कार्यालय तोडफोड गर्ने भनिएको हुदा अगाडीका प्रहरीहरुलाई ढुङ्गामुढाको बर्षा गऱ्यौ, केही टोली प्रहरीलाई घेर्न गए, म पनि प्रहरीलाई घेर्न सडकको दक्षिण पट्टीको घरको बाटो हुँदै जाँदा मेरो हिपको भागमा पछाडिको साथीले पछाडीबाट प्रहरीलाई हान्न खोज्दा मेरो पछ्याडी चोट लागी उपचारको लागी जि.कै.मुनुवा गा.वि.स.वडा न.२ कञ्चनपुर बस्ने दिनेश कठरिया, ऐ.ऐ.बस्ने राम कुमार कठरियाले लगी गएका हुन, म संगै प्रहरीलाई घेरा हाल्न भनी जि.कै. मुनुवा गा.वि.स.वडा न.२ बस्ने दुतराम कठरिया, ऐ.ऐ.वडा न.१ बस्ने दिनेश कठरिया म संगै पक्राउ भएका राम कुमार कठरिया समेत घेरा हाले पछि प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई घर भित्रबाट तानी घर आगनमा ल्याई भाला, लाठी, ढुङ्गा, समेतले निर्घात कुटपिट गरी मारेको हो भने शसस्त्र प्रहरी हवल्दार राम बिहारी चौधरी र प्रहरी जवान लोकेन्द्र बहादुर चन्दलाई आगो लगाएको हो, खेतमा भाग्दै गरेको प्रहरी निरीक्षक बलराम बिष्ट र केशब बोहरालाई लखेटी निर्घात रुपमा मार्नेमा जिल्ला कैलाली मुनुवा गा.वि.स.४ बस्ने श्रवण चौधरी, ऐ.ऐ.बस्ने प्रदिप चौधरी, ऐ.टिकापुर न.पा.५ घियापुछारी बस्ने संगम भन्ने सन्तोष कुमार

डगौरा सम्मका मानिस नाम थाहा भएको र अन्य घटनास्थलमा उपस्थित मानिसहरु देख्न पाएमा चिन्दछु। आगो लगाउने भाला रोप्ने लगभग ४०/५० जना थिए, घटनामा भाला हान्ने, आगो लगाउने मध्येका जि.कै.मुनुवा गा.वि.स.वडा न.४ बस्ने श्रवण चौधरी, ऐ.ऐ.बस्ने वर्ष १९ को प्रदिप चौधरी, ऐ.टिकापुर घिया पुछारी बस्ने संगम भन्ने सन्तोष कुमार डगौरा, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, समेतका व्यक्ति हुन, प्रहरीका हतियार श्रवण चौधरी र सन्तराम चौधरीले लुटी लगेको हो भन्ने सुनेको हुँ, घटनाका मुख्य योजनाकार टिकापुर ९ फुलबारी एफ.एम.का भएका रेशमलाल चौधरी, जि.कै.फुलबारी गा.वि.स.वडा न.१ फुलबारी बस्ने लक्ष्मण थारु(चौधरी) हुन। निजहरुले गाउँगाउँबाट भाला, डण्डा सहित मानिस ल्याउन अह्राएका हुन भन्ने समेत ब्यहोराको प्रतिवादी राज कुमार कठरियाको बयान कागज।

**११०. प्रतिवादी प्रेम बहादुर चौधरीले गरेको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।०५।०७ गते जिल्ला कैलाली, टिकापुर न.पा.वडा न.९ पशुहाटबजार नजिक प्रहरीलाई भाला खुँडाले हान्नुपुर्व नेतृत्व कर्ता प्रतिवादी रेशमलाल चौधरी समेतले थारुहट राज्यको माग गर्न आन्दोलन गर्नुपर्छ, त्यसको लागी गाउँगाउँ घरघरबाट भाला, खुकुरी, डण्डा सहित मिति २०७२।५।७ गते टीकापुर जानु पर्छ भनी गाउँको भलमन्सा कनैयालाल चौधरी मार्फत गाउँ भरीका मानिसलाई भाला, खुकुरी, बन्चरो, लाठी, गुलेली सहित जान भनेको हुदा पुर्व योजना अनुसार घरेलु हात हतियार लिई गएको, बाटोमा प्रहरीले अबरोध गरेमा त्यही सिध्याएर अगाडी बढने, टिकापुर बजारमा थारुहट राज्यको बोर्ड लगाई छाडने भन्ने गाउँगाउँमा भनेकोले वारदातको दिन भाला, डण्डा, खुकुरी समेत लिई आउने र नआएमा रु.१०००(एक हजार) दण्ड जरिबाना हुने भनेकाले मेरो गाउँबाट २/३ सयको संख्यामा झवही भन्ने स्थानमा आयौ, त्यसै गरी भजनी, जोशीपुर, मुनुवा, थापापुर, लगायतको गाउका मानिस पनि सोही स्थान हुदै टिकापुर बजार प्रवेश गर्ने पश्चिम पट्टीको पशु हाटबजारको नाकामा आई पुर्व योजना बमोजिम टिकापुरमा स्वयात्त राज्यको बोर्ड लगाउन प्रहरीले अबरोध गरेमा साथमा भएका हात हतियारले बर्षाउने भन्ने योजना थियो। जुलुशको अगाडी महिला थिए, सो जुलुस पशुहाटबजार नजिक पुग्दा त्यहाँ खटिएका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले यहाँ निषेधित क्षेत्र घोषणा गरिएको छ यहाँ बाट अगाडी नबढनुहोस भन्दा प्रहरीलाई जसरी पनि सिध्याउन पर्छ भन्ने आदेश अनुसार अगाडी भएका महिला टोली अगाडी बढीरहेको अवस्थामा पछाडीको पुरुषको समुहले प्रहरीहरुलाई घेराबन्दीमा पारे पश्चात हातमा भएका भाला,

बन्चरो, फरुवा, गुलेलीले हिर्काउँदा निजहरुले आफुसँग भएको रबरको गोली, अश्रुग्यासले हान्दा आफुहरुले नछोडे पश्चात निजहरु टिक्न नसकी भाग्न थाले, भाग्दै गरेका प्रहरीलाई पछाडीबाट लखेटी हान्दा घर भित्र छिरेका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई तानी घर बाहिर भाला लाठाले हानी मारेको र त्यसैगरी शसस्त्र प्रहरी हवल्दार राम बिहारी चौधरी, प्रहरी जवान लोकेन्द्र चन्दलाई लाठा भाटाले हानी ढाले पश्चात आगो लगाई दिएको तथा भाग्दै गरेका प्रहरी निरीक्षक बलराम बिष्ट, केशब बोहरा लगायतका प्रहरी कर्मचारीलाई समेत लखेटीलखेटी मारेको हो, मैले बोकी लगेको लाठीले प्रहरीलाई हिर्काएको हुँ र उक्त लाठी मैले वारदात स्थलमै छोडी गएको थिए, प्रतिवादी रेशमलाल चौधरी घटनास्थलमा सँगै थिए। घटनामा बचन दिनेमा जि.कै.फुलबारी १ फुलबारी गाउँ बस्ने लक्ष्मण थारु रहेको निजले गाउँका भलमन्साहरु र थारु संघर्ष समितिमा नेतृत्व गर्ने गाउगाँउबाट भाला, डण्डा, खुकुरी, सहित आउन लगाएको र पुर्व माओवादीका लडाकु विश्राम चौधरी, ऐ नारायणपुर ९ बस्ने फिरुलाल चौधरी, ऐ.टिकापुर ५ बस्ने संङ्गम भन्ने सन्तोष कुमार डगौरा, ऐ मुनुवा ५ का श्रवण चौधरी, करन चौधरी, प्रदिप चौधरी समेतले प्रहरीलाई भाला, खुकुरी, हान्ने, आगो लगाउने काम गरेका हुन, प्रहरी संग भएको हात हतियार लग्ने मध्येका श्रवण चौधरी, संङ्गम भन्ने सन्तोष कुमार डगौरा समेतका हुन भन्ने समेत ब्यहोराको प्रतिवादी प्रेम बहादुर चौधरीको बयान कागज।

**१११. प्रतिवादी सुन्दरलाल कठरियाले गरेको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।०५।०७ गते जिल्ला कैलाली टिकापुर आन्दोलनमा जान भनी मेरो गाउँको भलमन्सा डम्बर कठरियाले निर्देशन गरे अनुसार मेरो गाउँको चौकीदार (चिराकी) घर घरमा आई घरबाट अनिवार्य रुपमा १ जना आन्दोलनमा जाने नगएमा रु.१०००।– एक हजार जरिबाना हुने र लाठी घरेलु औजार हसिया, भाला, लगी वार कि पार गर्ने खबर भए अनुसार म बिहान खाना खाई मेरो गाउँको जनता माध्यमिक विद्यालय कञ्चनपुर मुनुवामा आई सो विद्यालयबाट भलमन्सा डम्बर कठरियाले १२/१५ जनाको समुह बनाई हात हातमा भाला तथा लाठी बोकी जि.कै.मुनुवा गा.वि.स.वडा न.६ चिलिमे चौराहमा भेला जम्मा भएका हौं। मैले पनि बासको लाठीमा किला हानेको लाठी सहित चौराहमा गएको थिए।सो चौराहमा मेरो गाउँबाट ७/८ सय जना भेला जम्मा भई सकेका थिए, अन्य जोशीपुर, बौनिया, खैलाड, भजनी एरियाबाट जि.कै.टिकापुर ९ फुलबारी एफ.एमका संचालक रेशमलाल चौधरीले निर्देशन गरे अनुसार घरेलु हात हतियार लिएर आउनु भनेकाले आन्दोलनको आगाडी पंक्तीमा महिला र पछाडी पुरुष नारा लगाउँदै जि.कै.मुनुवा

गा.वि.स.वडा न.६ स्थित चिलिमे चौराहमा पुग्दा प्रहरी टोलीले आन्दोलन गर्ने समुदायका व्यक्तीहरुलाई सम्झाई रहेका थिए, आन्दोलनकारीले प्रहरी टोलीलाई धकेलेर अन्दाजी ३ किलोमिटर पछाडी पशु हाटवजार सम्म लगेका थिए उक्त निषेधित स्थानमा पुग्दा प्रहरीले रोक्न खोज्दा आन्दोलनकारीले प्रहरी टोलीलाई घेरा हाली लाठा, भाला प्रहार गरेको र प्रहरी संग भएको अश्रुग्याँस, रबरछर्रा हान्दा म अग्र पंक्तीमा भएकोले मेरो खुट्टामा ९ ओटा छर्रा लागेका हुन। प्रहरी आफ्नो सुरक्षाको लागी भागी रहेको बेला मेरो हातमा भएको बासको लाठीले ३/४ पटक प्रहरीलाई प्रहार गरेको थिए। सो पश्चात म मेरो खुट्टामा लागेका रबरको छर्रा र अश्रुग्यासले गर्दा बेहोस भएको थिए, को कसले अस्पतालमा लगेको हो थाहा भएन, म संगै मेरो गाउँका भलमन्सा डम्मर कठरिया, तुल्सी राम कठरिया, गुम्मन कठरिया समेतका गाउँका अन्य साथीहरु संगै आएका हौ र आन्दोलनको बेला अगाडी पछाडी भएको हो। प्रहरीलाई अन्य आन्दोलनकारीले कुटपिट गर्दा घर भित्र पसेका प्रहरीलाई बाहिर निकाली भाला प्रहार गर्ने, आगो लगाउने र हत्या गर्ने जि.कै.मुनुवा गा.वि.स.वडा न.४ लटकनिया बस्ने मेवालाल चौधरीको छोरा श्रवण चौधरी, ऐ.ऐ.बस्ने प्रदिप चौधरी, हरिनारायाण चौधरी हुन, प्रदीवादी करन चौधरीले २ जना प्रहरीलाई मार्यो, बिर पहलमान हो भनि निजलाई काँधमा बोकी प्रतिवादीहरुले लगेका थिए भन्ने सुनेको हुँ, प्रतिवादी मध्येका हरिनारायण चौधरी र श्रवण चौधरीले प्रहरीको हतियार लग्दै गरेको मैले देखेको हुँ, वारदात स्थलमा म सँग हरिनारायण चौधरी, राजकुमार कठरीया, किसनलाल कठरीया, बृज मोहन चौधरी समेतका हाल हिरासतमा रहेका अन्य प्रतिवादीहरु समेत थिए। निर्देशन दिने प्रमुख भुमिकामा रेशमलाल चौधरी र लक्ष्मण चौधरी नै हुन भन्ने व्यहोराको मिति २०७२।५।१८ गतेको सुन्दरलाल कठरीयाको बयान।

**११२. प्रतिवादी हरिनारण चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

गाउंको भलमन्सा मोकुलाल चौधरीको उर्दी र चिराकीले भने अनुसार प्रत्येक घरवाट २ जना मानिस अनिवार्य रुपले आन्दोलनमा जानु पर्ने, प्रत्येकले घरेलु हतियार वोक्नु पर्ने, नगए रु.१०००।— जरिबाना हुने भने पश्चात मिति २०७२।०५।०७ गतेका दिन विहान म समेत मेरो गाउंका मानिसहरु लाठा भाला बोकी चिलिमे चौराहामा जम्मा भएका हौं। उक्त स्थानमा जानु पूर्व गाउंका भलमन्सा लगायतका मान्छेहरु गोल्डेन एकेडेमी स्कूलमा वैठक वसी जसरी पनि निषेधित क्षेत्र तोड्ने निर्णय गरेका हुन, ८/१० हजारको संख्यामा चिलिमे चौराहामा जम्मा भएका हातहातमा घरेलु हतियार बोकेका

आन्दोलनकारीहरुले सुरक्षाकर्मीहरुलाई धकेल्दै २ कि.मि.टाढा पशुहाटबजार सम्म पुऱ्याएपछि निशेधित क्षेत्र तोडन खोज्दा सुरक्षाकर्मीहरुले अश्रुग्याँश तथा रबर छर्रा हानेको हो, म अग्र स्थानमै भएको हुनाले मेरो हातको पाखुरा र दायाँ छातीको भागमा रबरको छर्रा लागेको हो, भिडले प्रहार गरेको लाठी, भाला, खुकुरीको आगाडी प्रहरीहरुको केही सीप नलागी घरका गल्ली र खेततीर भागेका हुन, मेरो हातमा भएको काँचो बाँसको डण्डाले प्रहरीलाई हिर्काएको हु, अन्य साथीहरु समेतले हिर्काउँदै गरेका थिए, सुरक्षाकर्मीहरुलाई पशुहाटबजारमा घेराहाली आक्रमण गर्दा म लगायतका अन्य प्रतिवादीहरु थिए, आन्दोलनमा मसँग हुकुमलाल चौधरी, अनिल चौधरी, बिर बहादुर चौधरी समेत थिए, आक्रमण गर्दा निजहरु अगाडी पछाडी थिए, घर भित्र लुकेका प्रहरीलाई प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी समेतले ल्याई मारेका हुन, अन्य प्रहरीलाई प्रतिवादी करन चौधरी समेतले मारेको हो, निजलाई २ जना प्रहरी मारेको भन्दै काँधमा बोकी लगेको हो भन्ने सुनेको हुँ, प्रतिवादीहरु रेशमलाल चौधरी, र लक्ष्मण चौधरीले निर्देशन गरेको हो भन्ने समेत व्यहोराको मिति २०७२।५।१८ गतेको प्रतिवादी हरी नारायण चौधरीले गरेको बयान कागज।

**११३. प्रतिबादी राम कुमार कठरीयाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।५।७ गते बिहान गाँउको भलमन्सा डम्मर कठरीयाले चिराकी मार्फत घर घरमा आज टिकापुर आन्दोलनमा जानुपर्छ, नगएमा प्रत्येक व्यक्तिले रु १,०००।– जरीवाना तिर्नु पर्छ, आन्दोलनमा अनिबार्य रुपमा भाला, लाठी खुकुरी सहित जानु पर्ने र पहिले बोर्डिङ्ग स्कुलमा जम्मा हुने भनेको हुँदा म आफ्नो घरबाट लाठी हातमा लिई स्कुलमा गए, स्कुलमा ७।८ हजार जनाको संख्यामा घरेलु हात हतियार सहित जम्मा भई डम्मर कठरीयाको निर्देशनमा पंक्तिबद्ध भई प्रतिवादीहरु टीकाराम चौधरी, बिरु चौधरी समेत सँगै लाठी बोकेर गएका थिए। उक्त हुलमा म अगाडी गएको हुँ, पशुहाटबजार नजिक प्रहरीलाई घेरा बन्दी गरी लाठा हानी सकेको अवस्थामा म पुगेको हुँ, आन्दोलानकारीले प्रहरीलाई हान्ने क्रममा प्रतिवादी राजकुमार कठरीयाको हिपमा चोट लाग्न गएको हो, उक्त वारदातमा प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी, हरिनारायण चौधरी, सिताराम चौधरी, संगम चौधरी, समेतको संलग्नता रहेको छ, उक्त वारदात गर्नमा लक्ष्मण चौधरी, तथा रेशमलाल चौधरीले निर्देशन गरको हो, प्रहरीको हतियार लुटी लिने प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी हुन भन्ने व्यहोराको मिति २०७२।५।१८ गतेको राज कुमार कठरीयाको बयाज कागज।

**११४. प्रतिबादी दिल बहादुर चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

वारदातका दिन म आफ्नै घरमा थिए। सो दिन विहान मेरो गाउँको भलमन्सा डम्मर कठरीयाले चिराकी मार्फत प्रत्येक घरबाट हातमा हातहतियार लिई अनिवार्य रुपमा आन्दोलनमा जानु पर्ने, नगए रु.१,०००।– जरिबाना हुने भनेपछि मसमेत डम्मर बहादुर कठरीया सँगै जनता मा.वि.मा.जम्मा भएका हौं, सो स्थानबाट चिलिमे चौराहा तर्फ जानु पर्छ भनेपछि म समेत समूह बनाई डम्मर बहादुर कठरीया, राज कुमार कठरीया, राम कुमार चौधरी, कालुराम चौधरी, काठराम कठरीया र हाल हिरासतमा रहेका प्रतिवादीहरु समेत उक्त स्थानमा गएका हौं, चिलिमे चौराहामा ८/१० हजारको संख्यामा मानिसहरु जम्मा भएका थिए। उक्त स्थानबाट अगाडी बढी निषेधित क्षेत्र तर्फ जानलाग्दा खटिएका प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको सुरक्षाकर्मीको टोलीले आफुहरुले जबरजस्ती आगाडी बढन खोज्दा, सुरक्षाकर्मीहरुले अश्रुग्याँश तथा रबर गोली प्रहार गर्दा आफुहरुले सुरक्षाकर्मी माथि घेरा हाली आक्रमण गरेका हौं, मैले ढुङ्गा, लाठी, बोतल समेतले प्रहार गरेको थिए। को कसको चोटले प्रहरीहरु मरेका हुन थाहा भएन, उक्त घटनामा बालकृष्ण चौधरी, फुलराम चौधरी समेतको संलग्नता छ, प्रतिवादीहरु रेशमलाल चौधरी, लक्ष्मण चौधरी र धनीराम चौधरीको निर्देशन अनुसार उक्त घटना भएको हो, वारदात स्थलमा प्रहरी माथि आक्रमण गर्ने मध्येका श्रवण चौधरी र सन्तोष चौधरीले प्रहरीको हतियार समेत लुटी लगेका हुन भन्ने समेत व्यहोराको मिति २०७२।५।२१ गतेको प्रतिबादी दिल बहादुर चौधरीको बयान कागज।

**११५. प्रतिबादी बृज मोहन डगौराले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

थारु समुदायको हकहितको लागि आमहडताल गर्नु पर्ने, प्रहरीहरुको हस्तक्षेप भएको खण्डमा प्रतिकार गर्नु पर्ने भएकोले वारदातका दिन टीकापुर स्थित सरकारी कार्यालयमा गई थरुहट प्रदेशको बोर्ड लगाउनु पर्ने हुँदा, प्रत्येक घरबाट अनिवार्य रुपमा हातमा घरेलु हतियार लाठा, भाला, खुँडा जस्ता बोकी आन्दोलनमा आउनु पर्ने, यदि नआएको खण्डमा रु १,०००।– जरिबाना हुने भनि प्रतिवादी रेशमलाल चौधरी समेतले निर्देशन गरेपछि म साईकल चढेर उक्त कार्यक्रममा आएको हुँ, गाउँगाउँबाट आएका आन्दोलनकारीहरु चिलिमे चौराहा हुँदै अग्र पक्तिंमा महिलाहरु लगाई पशुहाटबजार तर्फ गएकोमा निशेधित क्षेत्र भनि प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतले सम्झाउँदै गर्दा आफुहरुले नमाने पछि प्रहरीहरुले Tear Gas प्रहार गरेका हुन, सो पश्चात महिलाहरु भागदौड गरेपछि आफुहरुले चारैतिरबाट सुरक्षाकर्मीहरुलाई घेरा बन्दी पारी आफु सँग भएका हातहतियारले

निजहरुलाई प्रहार गरेका हौं, सुरक्षाकर्मीहरुलाई कर्तव्य गरी मारी सकेपश्चात निजहरुको हतियार को कसले लुट्यो थाहा भएन, म सँगै गएका सुरक्षाकर्मीलाई हतियार प्रहार गर्ने किसन लाल चौधरी लगायतका साथीहरु नै हुन, नाम थाहा नभए पनि हाल आएर सबैलाई मैले चिनी सनाखत गरेको छुँ भन्ने समेत व्यहोराको मिति २०७२।५।२१ गतेको बृज मोहन डंगौराको बयान।

**११६. प्रतिवादी राम नरेश चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

प्रतिबादी रेशमलाल चौधरी, लक्ष्मण थारु लगायतका ब्यक्तीहरु बिच घर घरबाट हातमा लाठी भाला बन्चरो जस्ता घरेलु हातहतियार लिई टिकापुर स्थित सरकारी कार्यालयमा थारुवान स्वयात्त प्रदेषको बोर्ड लगाउने भनि निर्णय गरेअनुसार वारदातका दिन विभिन्न गाउँबाट प्रत्येक घरबाट १/१ जनाका दरले हातहतियार सहित वारदातका दिन आन्दोलनमा जानु पर्ने निर्देशन भए अनुसार चिलिमे चौराहामा जम्मा भएको आन्दोलनकारीहरुको समूह अगाडी बढने क्रममा पशुहाटबजारनजिक पुग्दा प्रहरीले रोक्न खोज्दा प्रहरी माथि आक्रमण गर्दा प्र.ब.उ. छिमेकी घरमा बसेको देखि निजलाई समेत बाहिर ल्याई खुँडा प्रहार गरेको र अन्य प्रहरी कर्मचारीहरु समेतलाई लखेटी आफुहरुसँग भएका हतियार प्रहार गरी मारेका हौं, उक्त कार्यमा प्रतिवादीहरु सिताराम चौधरी, फिरुलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, प्रदीप चौधरी, हरिनारायण चौधरी समेतका व्यक्तिहरु संलग्न थिए।यसका मुख्य योजनाकार प्रतिवादीहरु धनीराम चौधरी, रेशमलाल चौधरी, राम चन्द्र चौधरी र लक्ष्मण चौधरी समेतका व्यक्तिहरु हुन भन्ने समेत व्यहोराको मिति २०७२।५।२१ गतेको राम नरेश चौधरीको बयान कागज।

**११७. प्रतिवादी बिर बहादुर चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

वारदातका दिन प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारु, समेतले प्रत्येक घरबाट एक एकजना घरेलु हतियार सहित थरुहटको आन्दोलनमा जानु पर्ने यदि कोही नगएमा रु.१,०००।– जरिबाना हुने निर्देशन गरेपश्चात, म वारदातका दिन विकास चौधरीले नेतृत्व गरेको टोलीमा सहभागी भएको थिए। सबैको हातमा लाठा, भाला, बन्चरो, काँडेतार बेरिएका लाठीहरु बोकेका थिए। वारदात स्थल पुशहाटबजार नजिक पुगेपछि निशेधित क्षेत्र प्रबेश गर्न खोज्दा S.S.P लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाई बुझाई गर्दा आफुहरुले नमानेपश्चात सुरक्षाकर्मीहरुले अश्रुग्याँश हान्दा अग्रपक्तिमा रहेका महिलाहरु यत्रतत्र भागेपछि हामीहरु पूर्वयोजना अनुसार प्रहरीलाई घेराबन्दी गरी म लगायत

प्रतिवादीहरु राम प्रसाद चौधरी, प्रेम चौधरी, राम नरेश चौधरी लगायतले प्रहरीलाई घेराबन्दी हाली बोकी लिएका हातहतियारले प्रहार गरेका हौं, सो पश्चात म घर फर्किएको हुँ, पछि S.S.P सहितका प्रहरीहरुलाई मारेको भन्ने सुनेको हुँ, उक्त आन्दोलनमा प्रतिवादी राम कुमार कठरीया, दिल बहादुर चौधरी, लगायतका व्यक्तिहरु समेत थिए। निजहरुलाई मैले चिनी सखानत गरि दिए। अन्य व्यक्तिहरुमा प्रतिवादी सिताराम चौधरी, राम चन्द्र चौधरी, खुशीराम चौधरी, श्रवण चौधरी लगायतका समेत थिए भनि सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको मिति २०७२।०५।२१ गतेको बिर बहादुर चौधरीको बयान कागज।

**११८. प्रतिबादी बिश्राम भन्ने जित बहादुर डगौराले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।०५।०७ गतेका दिन थारु सामुदायका नेता रेशमलाल चौधरी, लक्ष्मण थारु समेतले प्रत्येक गाउका भलमन्साहरुलाई जिल्ला कैलाली टिकापुर न.पा. अन्तर्गतका सरकारी कार्यालयहरुमा थारुहट स्वायत्व प्रदेश लेख्ने आन्दोलनमा आउंदा प्रत्येकले हातमा घरेलु लिएर आउनु पर्ने, नआएमा जरीवाना समेत गराउने निर्देशन दिएकाले म समेत प्रतिवादीहरु सन्तोष कुमार कठरीया, राजकुमार कठरीया, दिल बहादुर चौधरी, राम नरेश कठरीया, बिर बहादुर चौधरी, सुन्दरलाल चौधरी, समेत आएका हौं, आफुहरु समेत भएको उक्त आन्दोलनमा संलग्न व्यक्तिहरु पशुहाटबजार नजिक पुग्दा निषेधित क्षेत्रमा प्रबेश गर्न खोज्ने क्रममा प्रहरीले रोक्दा आफुहरुले नमाने पश्चात सुरक्षाकर्मीबाट अश्रुग्याँश प्रहार भए पछि आफुहरुले बोकी लिएका हतियार सहितले सुरक्षाकर्मीहरुलाई घेरा बन्दी पारी आक्रमण गरेको हौं, उक्त समयमा प्रतिवादीहरु फुलराम चौधरी, विश्राम चौधरी, बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदीप कुमार चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी समेतका व्यक्तिहरु थिए। सबैले आफुले बोकी लिएका हतियारहरुले सुरक्षाकर्मी माथि प्रहार गरी बिभत्स रुपमा सुरक्षाकर्मीलाई मारेका हौं, सुरक्षा कर्मीको हतियार श्रवण चौधरीले लगेको हो भन्ने हाल थाहा पाएको हुँ भन्ने समेत व्यहोराको मिति २०७२।५।२१ गतेको जित बहादुर डगौराको बयान कागज।

**११९. प्रतिबादी राजेश चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।०५।०७ गतेका दिन टिकापुर बजार स्थित सरकारी कार्यालयहरुमा हामी प्रतिबादीहरुले थारुवान संघिय राज्य लेखेको बोर्ड राख्नु पर्ने र सो का लागी प्रत्येक घरबाट एक एक जना व्यक्ती आउनु पर्ने यदी नआएमा १ हजार

जरिबाना तिर्नु पर्ने, प्रहरी प्रशासनले थुनछेक गरेमा सबै जनाले हात हातमा लाठी, तरवार, खुँडा, बेल्चा, भाला, खुकुरी, बन्चरो समेतका हातहतियार लिई आउने र सोही हातहतियारबाट आक्रमण गर्नु पर्छ भन्ने रेशम लाल चौधरी, लक्ष्मण थारु समेतका ब्यक्तीहरुको निर्देशन दिए अनुसार गाउँका भलभन्सा ईश्वरी प्रसाद चौधरीले सुनाए पश्चात आफु समेतका  करिब ३०० जना जति मानिस सोही बिहान थापापुर गा.बि.स.मा जम्मा भई प्रतिवादी रामचन्द्र चौधरी र बन्धु थारुले भेलामा भाषण समेत गरिसकेपश्चात आफुहरु उक्त स्थानबाट हातहातमा घरेलु हतियार बोकी चिलिमे चौराहामा पुगेका हौं, ८/१० हजारको संख्यामा रहेका आन्दोलनकारीहरु अगाडी बढ्दै पशु हाटबजार पुगे पश्चात सुरक्षाकर्मीहरुले सम्झाई बुझाई गर्दा महिला टोलीले नमाने पछि प्रहरीले अश्रुग्याँश हानेको र महिला टोली तितरबितर भएका हुन, सो पश्चात वारदात स्थलमा उपस्थित व्यक्तिहरुले प्रहरी माथि घेरा हाली कुटपिट गर्दा म समेत अगाडी गई प्रहरीलाई लखेटेको हुँ, प्रहरीलाई भाला, बन्चरो, घन प्रहार गर्ने प्रतिवादीहरु हाल हिरासतमा रहेका हरिनारायण चौधरी समेतका व्यक्तिहरु हुन भन्ने समेत व्यहोराको मिति २०७२।५।२१ गतेको प्रतिबादी राजेश चौधरीको बयान कागज।

**१२०. प्रतिबादी किसन लाल चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।०५।०७ गतेका दिन टिकापुर बजार स्थित सरकारी कार्यालयहरुमा हामी प्रतिबादीहरुले थारुवान संघिय राज्य लेखेको बोर्ड राख्नु पर्ने र सो का लागी प्रत्येक घरबाट एक एक जना ब्यक्ती आउनु पर्ने यदी नआएमा १ हजार जरिबाना तिर्नु पर्ने, प्रहरी प्रशासनले थुनछेक गरेमा सबै जनाले हात हातमा लाठी, तरवार, खुँडा, बेल्चा, भाला, खुकुरी, बन्चरो समेतका हातहतियार लिई आउने र सोही हातहतियारबाट आक्रमण गर्नु पर्छ भन्ने रेशम लाल चौधरी, लक्ष्मण थारु समेतका ब्यक्तीहरुको निर्देशन दिए बमोजिम भलमन्सा खुशीराम चौधरीले उर्दी जारी गरे पछि म सेमतका प्रतिबादीहरुले हातहातमा लाठी, भाला, रड, खुकुरी, खुँडा, समेतका हातहतियार लिई मुनुवा, बनगाउ, झबही, थापापुर, भजनीबाट थुप्रै प्रतिबादीहरु आएका हौ, प्रहरीले एकै चोटी गोली हान्दैन पहिले सम्झाई बुझाई गर्छन, त्यस पछि अस्रुग्यास प्रहार गर्छन, सोही समयमा प्रहरीलाई चारै तिरबाट घेरा हाली आक्रमण गरी मार्नु पर्छ भन्ने पुर्ब योजनाबमोजिम टिकापुर न.पा. ९ पशुहाटबजारमा म समेतका प्रतिबादीहरुले ड्युटीमा खटीएका प्रहरी माथी हातहातमा बोकी ल्याएका हातहतियारले आक्रमण गरेका हौ, सोही आक्रमणमा परी प्र.ब.उ.लक्ष्मण न्योपाने समेतका प्रहरी कर्मचारीहरुको मृत्यु भएको हो,

अन्य प्रहरी कर्मचारीहरु घाईते भएका हुन। उक्त घटनामा म समेत हाल प्रहरी हिरासतमा रहेका प्रतिबादीहरु फुलराम चौधरी, फिरुलाल चौधरी, बिश्राम चौधरी, बिकाश भन्ने बालकृष्ण चौधरी, शिब कुमार चौधरी, प्रदिप चौधरी, चमन चौधरी, श्रबण चौधरी, करन चौधरी लगायतका प्रतिबादीहरुको संलग्नता छ भन्ने समेत ब्यहोराको प्रतिबादी किसनलाल चौधरीको बयान कागज।

**१२१. प्रतिबादी सन्तराम चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।०५।०७ गतेका दिन टिकापुर बजार स्थित सरकारी कार्यालयहरुमा हामी प्रतिबादीहरले थारुवान संघिय राज्य लेखेको बोर्ड राख्नु पर्ने र सो का लागी प्रत्येक घरबाट एक एक जना ब्यक्ती आउनु पर्ने यदी नआएमा १ हजार जरिबाना तिर्नु पर्ने, प्रहरी प्रशासनले थुनछेक गरेमा सबै जनाले हात हातमा लाठी, तरवार, खुँडा, बेल्चा, भाला, खुकुरी, बन्चरा समेतका हातहतियार लिई आउने र सोही हातहतियारबाट आक्रमण गर्नु पर्छ भन्ने रेशमलाल चौधरी, लक्ष्मण थारु समेतका ब्यक्तीहरुको निर्देशन बमोजिम म समेतका प्रतिबादीहरु हातहातमा लाठी, भाला, खुकुरी, गुलेली, बन्चरो, रड समेत लिई आएका हौ, सोही दिनको दिउसो जिल्ला कैलाली टिकापुर न.पा.वार्ड न. ९ पशुहाट बजारमा प्रहरीले म समेतका प्रतिबादीहरुलाई रोक्न खोज्दा म समेतले हातहातमा ल्याएका उल्लेखित हातहतियारबाट ड्युटीमा खटीएका प्रहरी कर्मचारीहरु माथि आक्रमण गरेका हौ, पछि मसँगै रहेका साथीहरु पुलिस मरेको भनि खुशीयाली मनाउँदै थिए।उक्त वारदातमा प्रतिवादी संगम चौधरी, हरिनारायण चौधरी, किसनलाल चौधरी, बृज मोहन चौधरी, प्रदीप चौधरी, श्रवण चौधरी, करन चौधरी, फिरुलाल चौधरी, राम प्रसाद चौधरी, राजेश चौधरी समेतको संलग्नता थियो भन्ने समेत व्यहोराको मिति २०७२।५।२१ गतेको प्रतिबादी सन्तराम चौधरीको बयान कागज।

**१२२. प्रतिबादी करन डगौराले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०७२।०५।०७ गते बिहान गाउँको भलमन्साले आज टिकापुरमा गाउँका सबै मानिस जाने हातहातमा भाला, लाठी बोकेर जाने भनी खबर गरे पछी बिहान अन्दाजी १०:०० बजेको समयमा सबै मानिसहरु गाँउको स्कुलमा जम्मा भयौं, म पनी संगै हातमा लाठी बोकेर गएको हु। त्यस पछी टिकापुर आउनका लागी हिड्यौं, मुनुवा–६ चिलिमे चौराहमा पुग्दा अन्य गाँउका मानिसहरु पनी त्यस स्थानमा जम्मा भएका थिए, नारा जुलस गर्दै टिकापुर आयौ, त्यहा प्रहरी टोली थियो, प्रहरी टोलीलाई धकेल्दै अगाडी बढेका हौ, टिकापुर– ९ पशुहाट बजार नजिक पुग्दा निषेधित क्षेत्रमा जान नदिन सम्झाई बुझाई गर्न

लाग्दा प्रतिवादी रेशमलाल चौधरीले प्रहरी हाम्रो दुश्मन हो, प्रहरीलाई घेराबन्दिमा पारी मार भनेपछी म समेतले प्रहरी माथी लाठी, ढुङ्गा, भाला, तरबार, गुलेली हिर्काउदा प्रहरी भागेका थिए, पिछा गर्ने क्रममा सडक किनारामा फेला परेका प्रहरी जवान लोकेन्द्र चन्दलाई भाला, लाठीले हानी मार्यौं, निजलाई हान्दा मैले पनी लाठीले हिर्काएको थिए, त्यस पछी स.प्र.ह.राम बिहारी थारुलाई हान्दै गरेको ठाँउमा गए, निजलाई लाठी भालाले हाने पछी खरले आगो लगाएको हो। नजिकै प्रहरी हवल्दार श्याम खड्कालाई पनी भाला लाठाले हानी मरणासन्न पारी पेट्रोल शरीरमा छर्किई आगो लगाएका हौ, निजलाई पनी मैले लाठीले हिर्काएको थिए, त्यस पछी घर भित्र ज्यान जोगाउन छिरेका प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई घर बाहिर तानी श्रबण चौधरी समेतले भाला बन्चरोले हानी मारेका हौ।त्यस पछी भाग्दै गरेको प्रहरी निरीक्षक बलराम बिष्ट र केशब बोहरालाई खेतमा बन्चरो समेतले टाउकोमा हानी मारेका हौ।अन्तिममा स.प्र.ब.ह.ललित बहादुर साँउदको घाँटी च्यापी मारेका हौं। सो घटना क्रममा म संगै भएका मैले चिनेका रेशमलाल चौधरी, रमेश चौधरी, नरेश चौधरी, प्रदिप चौधरी, लालु चौधरी, श्रबण चौधरी, राजाराम चौधरी, फुलराम चौधरी, गोपाल चौधरी, मेवालाल चौधरी समेतका व्यक्तिहरु थियो, सबैको हातहातमा लाठी बन्चरो लगायतका हतियारहरु थिए, घटनाका मुख्य योजनाकार रेशमलाल चौधरी, धनीराम चौधरी र लक्ष्मण चौधरी हुन भन्ने समेत व्यहोराको मिति २०७२।५।२५ गतेको प्रतिबादी करन चौधरीको बयान कागज।

**१२३. प्रतिवादी विश्राम चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

थारुहट संघर्ष समिति क्षेत्रिय सदस्य हुं। घटना मिति २०७२।०५।०७ गते म टिकापुर गएको थिएन। सो दिनको योजना टिकापुर लगायतका मुख्य स्थानमा स्वयत थारुहट प्रदेशको बोर्ड लगाउने योजना थियो। सो कुराको निर्देशन धनीराम चौधरी, रेशमलाल चौधरी र लक्ष्मण चौधरीले गरेका थिए। प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतलाई निर्मम हत्या गरेको भिडको नेतृत्व रेशमलाल चौधरीको हो। घटनाका बारेमा बुझ्दा लाठी, भाला, खुकुरी, बन्चरो समेत ल्याई आएका प्रतिवादीहरुले निषेधित क्षेत्र तोडन खोजे पछि प्रहरीले सम्झाई बुझाई गरी अश्रुग्यास प्रहार गर्दा चारै तर्फबाट प्रहरीलाई घेरा बन्दी गरी क्रुर तरिकाले प्रहरीको हत्या गरेको भन्ने सुनेको हुँ। थारुहट आन्दोलनका क्रममा घटना मिति भन्दा पहिले विभिन्न भाषण माईकिङका क्रममा थारु समुदायलाई उत्तेजित बनाउने गरी स्वयात्त थारु प्रदेश नदिए प्रहरीलाई मार्नु पर्छ, कुटपिट गर्नु पर्छ भन्ने कार्य

गरी आएका थिए भन्ने समेत ब्यहोराको मिति २०७२।५।२५ गतेको प्रतिवादी विश्राम चौधरीले गरेको बयान कागज।

**१२४. प्रतिवादी लक्ष्मण थारुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

घटना मिति २०७२।०५।०७ गते बिहान म दाङ्ग लमहीमा थिए। सोही दिउँसो १३:०० बजेको समयमा कोहलपुर आई १४:३० बजे बर्दियाको गुलरीयामा थिए, उक्त दिन म सोही स्थानमा बसेको हुँ, टीकापुरको पशुहाटबजारमा भएको घटनामा प्रतिवादी रेशमलाल चौधरीको संलग्नता रहेको छ, अन्य को कसको संलग्नता छ सो मलाई थाहा छैन, सो सम्बन्धमा प्रतिवादी रेशमलाल चौधरीलाई नै थाहा होला, घटनाका सम्बन्धमा फुलराम चौधरीले भने पश्चात मैले प्रदीप चौधरीलाई फोन गरी थाहा पाएको हुँ, कोहलपुरमा नै हुदा प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतलाई निर्मम हत्या भएको सुनी थाहा पाएको हु। सो वारदातका योजनाकार रेशमलाल चौधरी हुन। म विभिन्न कार्यक्रमहरुमा कञ्चनपुर देखी चितवन सम्म एक थारुहट राज्य बनाउन पर्छ। यदी त्यसो नभएमा प्रत्येक थारुहरुले हात हातमा लाठी ल्याई जुलुस निकाल्नु पर्दछ भनि मन्तव्य सम्म दिने गरेको हो। टिकापुर घटना पश्चात टिकापुरका केही घरहरुमा आगो लगाएको देखे पछि मलाई आक्रोश आई थारुहरुले हतियार उठाएमा के होला भनी फेसबुकमा स्टाटस लेखेको हु भन्ने समेत ब्यहोराको मिति २०७२।५।२५ गतेको लक्ष्मण थारुको बयान कागज।

**१२५. प्रतिवादी नरुल अली जागा भन्ने तहौवर अली जागाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

घटना मिति २०७२।०५।०७ गते बिहान खेतको घास काटने विषयमा चौधरी पक्ष संग मेरो नजिकको भाई संग झगडा भएकोले मेरो गाउँको भलमन्सालाई भेटन गएको थिए, सो दिन १७:३० बजेको समयमा झगडा मिलाउन खोज्दा नमिले पछि सो दिन म घरमा फर्किए, ऐ ८ गतेका बिहान प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतलाई भाला, खुंडा, खुकुरी, गुलेली लगायतका घरेलु हतियार प्रयोग गरी निर्मम हत्या गरेको भन्ने सुनेको हुँ, म गाउँको अगुवा मान्छे भएकोले मलाई घटना संलग्न भनी पोलेको हुनु पर्छ। वारदातमा मेरो संलग्न छैन, उक्त घटना हरिनारायण चौधरी, रेशमलाल चौधरी समेतले घटाएका हुन भन्ने मैले बुझेको छु भन्ने समेत ब्यहोराको मिति २०७२।५।२५ गतेको नरुल अली जागा भन्ने तहौवर अली जागाको बयान कागज।

## १२६. संगम भन्ने सन्तोष कुमार थारुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान

घटना मिति २०७२।०५।०७ गते दिन धनी राम चौधरीको योजनामा संयोजक रेशमलाल चौधरी अर्का नेता लक्ष्मण चौधरीको निर्देशनमा थारुहरुको छुट्टै थारुहट राज्य बनाउनका लागी बोर्डमा टिकापुरका सरकारी कार्यालयमा थारुहट स्वयात्त सरकार लेख्ने कार्यक्रम सशक्त पार्न हातमा लाठी, भाला, खुकुरी समेत लिई जाने यदी नगएमा रु. १०००।– रुपैया जरिबाना हुन्छ भनि भनेको र बाटोमा प्रहरीले अवरोध पुगाएमा लाठी, भाला, जे जेले हुन्छ प्रतिकार गर्नु पर्छ भनी गाउँको भलमन्सा शुसिल चौधरी मार्फत गाउँ गाउँमा उर्दी गरेको थियो। सोही मुताविक म समेत सहभागी भई टिकापुर आएका हौ, घटनास्थानमा पुग्दा निषेधित क्षेत्र तोडन खोज्दा प्रहरीले सम्झाई बुझाई अश्रुग्याँस प्रहार गरी तितर वितर गर्न खोजेको थियो। पुर्व योजना बमोजिम म समेतले प्रहरीलाई लखेटेका हौ र प्रहरीलाई घेराबन्दीमा पार्‍यौ तत्पश्चात साथमा भएका भाला, खुकुरी, घनले प्रहरीलाई हानेका हौ, प्रहरीलाई आगो लगाउँदा समेत देखेको थिए। खेत सम्म लखेटी लखेटी मारेका हौं, घटनामा मैले चिनेका राज बहादुर कठरिया, सोलारी कठरिया, दिनेश कठरिया, बिरु चौधरी, कालु रावत, छुन्कु चौधरी, राम ब. चौधरी, सन्दिप चौधरी, शिवराज कठरिया समेतका अन्य व्यक्तीहरु तथा हाल पक्राउ व्यक्तिहरु समेत संलग्न थिए भन्ने समेत ब्यहोराको मिति २०७२।५।२५ गतेको संगम भन्ने सन्तोष कुमार थारुको बयान कागज।

## १२७. लाहु राम चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान

म थारुहट थारुवान संघर्ष समितिको कैलाली जिल्ला संयोजक हुं, स्वयात्त प्रदेशका लागी सशक्त आन्दोलन गर्ने जिल्ला भरी संघर्ष समिति गठन गरिएको थियो। घटना मिति २०७२।५।७ गतेका दिन कैलाली जिल्लाका विभिन्न कार्यालयहरुमा थारुहट थारुवन स्वयत प्रदेश लेखिएको बोर्ड ब्यानर टास्ने भन्ने कार्यक्रम थियो। म कैलाली सदरमुकाम धनगढीको आन्दोलनको नेतृत्व गरी रहेको थिए। सोही क्रममा टिकापुरमा रेशमलाल चौधरीको नेतृत्वमा भएको हात हतियार खुकुरी, भाला, डन्डा बोकेको जत्थाले प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतलाई निर्ममता पुर्वक हत्या गरेको भन्ने सुनेको हुं। सो घटनाको योजनाकार तथा घटना गराउने व्यक्ती रेशमलाल चौधरी हो भन्ने समेत ब्यहोराको मिति २०७२।५।२५ गतेको लाहुराम चौधरीको बयान कागज।

## १२८. श्रवण चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान

मिति २०७२।०५।०७ गतेका दिन प्रतिवादी रेशमलाल चौधरी, धनीराम चौधरी, लक्ष्मण चौधरीको योजना तथा निर्देशन अनुसार गाउँको भलमन्सा बलीराम चौधरीले प्रत्येक घर घरबाट हात हातमा घरेलु हात हतियार सहित बोकी टिकापुरमा हुने थारुहट आन्दोलनमा जानु पर्छ भनेपछि म समेतका मानिस सोही योजनामा सरिक भई हातमा घरेलु हातहतियार बोकी नारा जुलुस गर्दै टिकापुर सम्म जाने क्रममा टिकापुर ९ पशुहाटबजार पुग्दा निषेधित क्षेत्रबाट प्रहरीले आगाडी नबढ्नु भनी सम्झाई बुझाई गर्दा आफुहरुले नमाने पश्चात भिडलाई तितरवितर गर्न अश्रुग्यास समेत प्रहार गर्दा पुर्व योजना बमोजिम नै प्रहरीलाई घेराबन्दी गर्ने, मार्ने कार्यका लागी प्रहरीलाई चारैतिरबाट घेरी ढुङ्गा, भाला, लाठीले हानी प्रहरी ज्यान जोगाउन भाग्दा बाटोमा नै प्र.ज. लोकेन्द्र चन्दलाई हानी मारे पश्चात स.प्र.ह.राम बिहारी चौधरी, प्र.ह. श्याम खडका समेतलाई पिछा गरी भाला लाठीले घोपी रोपी जिउँदै आगो लगाई जलाउने तथा अन्य प्रहरीलाई खेतमा लखेटी लखेटी मार्नेमा मेरो संलग्नता रहेको छ, प्रहरीको साथबाट एस एल आर राईफल म समेतले खोसी लगे पछि मैले बोकी लगेको हु, हाल प्रहरीले देखाएको एस एल आर बोकेको फोटो मेरो हो, उक्त एस एल आर प्रदिप चौधरीले लगेका छन, उक्त घटनामा हाल हिरासतमा रहेका प्रतिवादीहरु मध्ये किसनलाल चौधरी, गंगाराम डगौरा, नरुल जागा, लक्ष्मण चौधरी, लाहुराम चौधरीलाई मैले घटनास्थलमा देखिन। अन्य सबै पक्राउ प्रतिवादीहरु सुरक्षाकर्मीलाई मार्नमा संलग्न थिए। भागि फरार रहेका प्रदीप चौधरी, कन्डु चौधरी, बलिराम चौधरी, अन्डुराम चौधरी, लाहानु चौधरी लगायतका व्यक्तिहरु समेत घटनामा संलग्न थिए भन्ने समेत ब्यहोराको मिति २०७२।५।२८ गतेको श्रवण चौधरीको बयान कागज।

## १२९. प्रतिवादी प्रदीप चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान

प्रतिवादीहरु धनीराम चौधरी, लक्ष्मण चौधरी र रेशमलाल चौधरीको योजना तथा निर्देशन अनुसार गाउँका भलमन्सा बलिराम चौधरीले मिति २०७२।५।७ गते प्रत्येक घरबाट १/१ जनाका दरले घरेलु हातहतियार सहित आन्दोलनमा टीकापुर जानु पर्ने, नगए रु.१,०००।– जरिबाना हुने उर्दी जारी गरेपश्चात गाउँका साथीहरु श्रवण चौधरी लगायतका व्यक्तिसँग आफुसमेत गई चिलिमे चौराहामा पुगेकोमा चारैतिरबाट हातमा घरेलु हतियार बोकी आएका आन्दोलनकारी समेत उक्त स्थानमा नाराजुलुश गर्दै आएका थिए। प्रतिवादी रेशमलाल चौधरी निजहरुको नेतृत्व गर्दै थिए। निज प्रतिवादीले हातमा पन्जा र

मुखमा मास्क लगाएका थिए, म निज रेशमलाल चौधरीको विश्वास पात्र भएको हुनाले मलाई निजले बडि गार्डको रुपमा राखेका थिए। पछि वारदात स्थलमा पुग्दा सुरक्षाकर्मीहरु माथि प्रतिवादीहरु श्रवण चौधरी, हरिनारायण चौधरी, गंगाराम डगौरा बलिराम चौधरी, रेशमलाल चौधरी, रमेश चौधरी लगायतले आक्रमण गरेका हौं। S.S.P को पेटमा प्रतिवादी मध्येका श्रवण चौधरीले भाला हानेको हो। मैले सुरुमा बासको लठ्ठीले हानेको र पछि चक्कुले आँखा तथा शरीरका अन्यमा भागमा समेत हानेको हुँ। प्रतिवादी रेशमलाल चौधरीले हामीहरुलाई पहाडी समुदायको पक्ष लिनु हुँदैन, तिनिहरुलाई आक्रमण गर्नु पर्छ भनी कडा निर्देशन दिएका हुन, हाल हिरासतमा रहेका प्रतिवादी हरिनारायण चौधरी, राम प्रसाद चौधरी लगायतका प्रतिवादीहरु समेतले सुरक्षाकर्मीहरुलाई विभिन्न हतियार प्रयोग गरी मारेका हुन। मैले लुटी लगेको SLR प्रतिवादी श्रवण चौधरीको हातमा दिएको हुँ। बलिराम चौधरी समेतका अन्य प्रतिवादीहरु समेत प्रस्तुत वारदातमा संलग्न थिए। निजहरु हाल भागी फरार रहेका छन्। के कुन ठाउँमा छन् मलाई थाहा भएन भन्ने समेत व्यहोराको मिति २०७२।५।२९ गतेको प्रतिवादी प्रदीप चौधरीको बयान कागज।

**१३०. बादी नेपाल सरकारको अभियोगः**

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्ष गरेको साबिती बयान, बुझिएका मानिसहरुको कागज व्यहोरा, वस्तुस्थिती मुचुल्का तथा पोलीग्राम परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, BTS प्रतिवेदन, प्रत्यक्षदर्शिहरुको भनाइ, अभियुक्त चिनि सनाखत गर्नेहरुको भनाइ, घाइतेहरुको भनाइ घटना बिवरण कागज र खानतलासि मुचुल्का समेतका आधार प्रमाणहरुबाट मिति २०७२।५।७ गते दिउसो प्रहरी वरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने, प्र.नि.बलराम बिष्ट, प्र.नि.केशव बोहरा, प्र.ह.श्याम बहादुर खडका, प्र.ज.लोकेन्द्र बहादुर चन्द, स.प्र.ब.ह.ललित साउंद, सहायक हवल्दार राम बिहारी चौधरी, प्र.ज.जनक नेगी समेतका ८ जना सुरक्षाकर्मी र डेढ बर्षिय वालक टेक बहादुर साउँदलाई कर्तव्य गरी मारेको वारदात स्थापित हुन आयो।

१३१. साथै घाईते प्र.ज.सुरज सिंह ठकुरी, राम बहादुर ऐर, दिपक दमाई, राजेश धामी, जयराज सिंह धामी, लक्ष्मण साउँद, देव सिंह कार्की, दिपराज थापा, लक्ष्मण सिंह नेपाली, र प्र.ह.मान बहादुर बुढाले वारदातका दिन प्रहरी कर्मचारीहरुमाथि वारदात स्थलमा

उपस्थित भई विभिन्न हातहतियार प्रयोग गरी कुटपिट गर्दै अपराध कार्यमा संलग्न प्रतिवादीहरु सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर डंगोरा, बिर बहादुर चौधरी, रामनरेश चौधरी, बृज मोहन डंगौरा, बिर बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, रामकुमार कठरीया, राजकुमार कठरीया, हरिनारायण चौधरी, राम प्रसाद चौधरी र सन्तोष कुमार चौधरीलाई आफुहरुले वारदात स्थलमा प्रत्यक्ष देखेको हो भनि निज प्रतिवादीहरुलाई सनाखत गरि दिएको पाईन्छ ।

१३२. प्रतिवादी लाहुराम चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा म थरुहट थारुवान संघर्ष समिति कैलाली जिल्लाको संयोजक भएको हुँदा वारदातका दिन जिल्ला भरी थरुहट प्रदेशको बोर्ड लगाउने भन्ने सर्कुलर गरेको थिए। सोही अनुसार मिति २०७२।०५।०७ गते मैले धनगढीको आन्दोलनको नेतृत्व गरेको थिए। दिउँसो जिल्ला प्रशासन कार्यालय अगाडी भाषण गर्दै गर्दा टीकापुर-९ पशुहाटबजारमा रेशम लाल चौधरीको नेतृत्वमा भएको हुलले प्रहरी ब.उ.लक्ष्मण न्यौपाने सहितको हत्या गरेको थाहा पाए पछि कार्यक्रम छोट्टयाई म क्याम्पस रोड गएको हुँ, उक्त हत्यामा प्रतिवादी रेशमलाल चौधरीको नै योजना हो। मैले कुनै निर्देशन समेत दिएको छैन। मैले केवल थरुहट राज्यको बोर्ड लगाउन मात्र भनेको हुँ भनि उल्लेख गरेको पाईन्छ।

१३३. प्रतिवादी श्रवण चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा वारदातका दिन टीकापुर स्थित सरकारी कार्यालयहरुमा थरुहट प्रदेशको बोर्ड राख्न प्रत्येक व्यक्तिहरु हतियार सहित जानु पर्ने, यदि प्रहरीले रोक्न खोजे निजहरुलाई नै सिध्याउने भनि प्रतिवादी रेशमलाल चौधरी, धनीराम चौधरी र लक्ष्मण चौधरी समेतले निर्देशन गरे अनुसार भल्मन्सा बलिराम चौधरीले प्रत्येक घरबाट १/१ जना व्यक्ती आन्दोलनमा नगए दण्ड जरिबाना समेत हुने जानकारी गरेपश्चात प्रतिवादीहरु प्रदीप चौधरी, हरि नारायण चौधरी, रमेश चौधरी र म चिलिमे चौराहा पुगेका हौं, चिलिमे चौराहाबाट प्रतिवादीहरुले थरुहट जिन्दाबाद भन्ने समेतका नारा लगाउँदै अगाडी बढेका हौं, पशु हाटबजार नजिक पुग्दा प्र.ब.उ.समेतले सम्झाउने क्रममा हामी अगाडी बढन खोज्दा प्रहरी टोलीले अश्रुग्याश तथा रबरका गोलीले हानेपछि हामीहरुले सुरक्षाकर्मीहरुलाई घेरा बन्दी गरी हातहतियार प्रहार गरी प्रतिवादी प्रदीप चौधरी, हरिनारायण चौधरी, बलिराम चौधरी र रमेश चौधरीले प्र.ब.उ.घरभित्र लुकेको थाहापाई निजलाई बाहिर निकाली भाला प्रहार गरी कर्तव्य गरी मारेका हौं। अन्य प्रहरीहरु माथि पनि प्रहार

गरी मारेका हौं, प्रतिवादी करन चौधरीले मरणासन्न अवस्थामा घोप्टो परेको प्रहरीलाई लाठीले ठोक्दै थिए। प्रतिवादी प्रदीप चौधरीले प्रहरीको SLR ल्याई मलाई दिएका हुन। प्रदिप चौधरी समेतका प्रतिवादीहरुले २ जना प्रहारीलाई जिउँदै जलाएका हुन। सबै प्रतिवादीहरुको सामूहिक संलग्नतामा उक्त वारदात घटित भएको हो। प्रतिवादीहरु हरिनारायण चौधरी, राम प्रसाद चौधरी, राजकुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, राम कुमार कठरीया, बृज मोहन कठरीया, राजेश चौधरी, सन्तराम चौधरी, विरबहादुर चौधरी, राम नरेश चौधरी, जित बहादुर डंगौरा, संगम भन्ने सन्तोष कुमार थारु, करन डंगौरा, विश्राम चौधरी समेतका प्रतिवादीहरुले म सँगै रही प्र.ब.उ.समेतको टोलीलाई घेरा बन्दी हाली मारेका हौ। भागी फरार रहेका प्रतिवादीहरु प्रदीप चौधरी, बलीराम चौधरी, लाहानु चौधरी, रमेश चौधरी, लालु चौधरी, राजाराम चौधरी, फुलराम चौधरी, गोपाल चौधरी, सुशील चौधरी, लौटन कुमार चौधरी, केवालाल चाँधरी, गंगाराम चौधरी, विक्रम चौधरी, छुपुलाल चौधरी, अनिल चौधरी, विर बहादुर चौधरी, सुवर्ण कठरीया, दुतराम कठरीया, टीकाराम कठरीया, कनैयालाल चौधरी, निरज राना, रामलाल चौधरी, काठराम चौधरी, रामलाल चौधरी (टीकापुर २), बोमन चौधरी, गुमान कठरीया, तुलसीराम कठरीया, बन्धु राना, किसनलाल कठरीया, रामनरेश कठरीया, फुलराम चौधरी, कालुराम चौधरी, लालकुमार चौधरी, पञ्चराम चौधरी, एञ्जल चौधरी, भागीराम चौधरी(टीकापुर ३), भेजुलाल चौधरी, बिरु चौधरी, जोखनलाल चौधरी, पुरन चौधरी, सुन्दर चौधरी, बाबुराम चौधरी, राम बहादुर चौधरी, तेलीराम दहित, सेन्तराम चौधरी, विश्राम चौधरी, रामचन्द्र चौधरी, शेरे चौधरी, दिनेश चौधरी, कोटलाल चौधरी, चिङ्गवा भन्ने राम प्रसाद चौधरी, जुकुलाल चौधरी, दिपुराम चौधरी, विनोद चौधरी, चुन्नीराम चौधरी, सन्तराम चौधरी, भिम बहादुर चौधरी, मालिक राम चौधरी, र कालुराम चौधरी लगायतका प्रतिवादीहरुले सुरक्षाकर्मी माथि लाठा, भाला ढुङ्गा, बञ्चरो, काँडेतार बेरेको लाठी, हँसिया समेतका घरेलु हतियार प्रयोग गरी कर्तव्य गरी मारेको हो, प्रहरी हिरासतमा रहेका साथीहरुलाई चिनी सनाखत गरि दिए। हतियारहरु समेत मैले सनाखत गरि दिए भनि खुलाई दिएको पाईन्छ।

१३४. प्रतिवादी प्रदीप चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा प्रतिवादी धनीराम चौधरी, रेशमलाल चौधरी तथा लक्ष्मण थारु समेतको योजना तथा निर्देशन मुताविक प्रतिवादी बलिराम चौधरीले हातहातमा लाठी भाला बञ्चरो लगायतका घरेलु हतियार बोकि अनिवार्य रुपमा वारदातको दिन आन्दोलनमा जानु पर्ने नगएमा जरिबाना

तिनु पर्ने भन्ने उर्दी जारी गरेपछि मेरो गाउँका साथी श्रवण चौधरी लगायतका थुप्रै मानिसहरु टीकापुर स्थित सरकारी कार्यालय कब्जा गर्ने भनि चिलिमे चौराहामा जम्मा भएका थियौं। उक्त स्थानमा खटिएको प्रहरी टोलीलाई धकेल्दै, पशु हाटबजार नजिक पुग्दा निशेधितक्षेत्र तोड्ने क्रममा मसँगै रेशमलाल चौधरी समेत थिए। निजले मुखमा मास्क तथा हातमा पञ्जा लगाएको थिए। प्रहरी माथि आक्रमण गर्दा हामीले निजहरु भाग्ने क्रममा लेखेटेका हौं, प्रतिवादीहरु श्रवण चौधरी, हरिनारायण चौधरी, बलिराम चौधरी, रमेश चौधरी, रेशमलाल चौधरी र म समेतले प्र.ब.उ.लाई घरभित्रबाट बाहिर निकाली हामी मध्येका श्रवण चौधरीले भालाले पेटमा हान्यो, मैले बाँसको लठ्ठीले हाने पछि चक्कुले आखा तथा शरीरको अन्य भागमा हानेको हुँ, SLR समेत खोसी मैले श्रवण चौधरीको हातमा दिएको हुँ, म समेतका साथीहरुले प्रहरीलाई जिउँदै जलाएका हौं, हाल पक्राउ परेका प्रतिवादीहरु सबै मसँगै घटनास्थलमा नै थिए। हामी बाहेक फरार रहेका बलिराम चौधरी, लाहानु चौधरी, रमेश चौधरी, राजाराम चौधरी, फुलराम चौधरी, गोपाल चौधरी, शुसील चौधरी, लौटन कुमार चौधरी, केवालाल चौधरी, गंगाराम चौधरी, विक्रम चौधरी, छुकुलाल चौधरी, अनिल चौधरी, विर बहादुर चौधरी, सुवर्ण कठरीया, दुतराम कठरीया, टीकाराम कठरीया, कनैयालाल चौधरी, निरज राना, टीकाराम कठरीया, रामलाल चौधरी, काठराम चौधरी, रामलाल चौधरी(टीकापुर २), बोमन चौधरी, गुमान कठरीया, तुलसीराम कठरीया, बन्दुराना, किसनलाल कठरीया, रामनरेश कठरीया, फुलराम चौधरी, कालुराम चौधरी, बालकुमार चौधरी, पञ्चराम चौधरी, एञ्जल चौधरी, भागीराम चौधरी, भेजुलाल चौधरी, बिरु चौधरी, जोखनलाल चौधरी, पुरन चौधरी, सुन्दर चौधरी, बाबुराम चौधरी, राम बहादुर चौधरी, तेलीराम दहित, सन्तराम चौधरी, विश्राम चौधरी, रामचन्द्र चौधरी, शेर चौधरी, दिनेश चौधरी, काटलाल चौधरी, चिङ्गा भन्ने राम प्रसाद चौधरी, भुकुलाल चौधरी, शिवनारायण चौधरी, दिपुराम चौधरी, बिनोद चौधरी, धनीराम डंगौरा, गंगाराम चौधरी, सन्तराम चौधरी, मिन बहादुर चौधरी, मालिक राम चौधरी, कालुराम चौधरी लगायतका व्यक्तिहरुले प्रहरी टोलीमाथि भाला लाठा प्रहार गरी कर्तव्य गरी मारेका हुन। बरामद भएका लाठी समेतका हतियार आक्रमणमा प्रयोग भएका हतियार हुन भनी सनाखत गरिदिएको छु। घटनास्थलबाट रड, तरबार, बन्चरो, चक्कु र भाला किला ठोकेका लाठा लगायत हातहतियार तथा घटनासँग सम्बन्धित प्रतिवादी राम प्रसाद चौधरीले वारदातको समयमा खिचेको भिडियो, रामचन्द्र चौधरी सँग वारदात बारे कुराकानी भएको कल रेकर्डिङ्ग समेतको मेमोरी लगायतका मोबाईल

समेतका सरसामान बरामद भएको भन्ने बरामदी मुचुलकाबाट खुली आएको देखिन्छ भने उक्त बरामदी सामानले सुरक्षाकर्मीमाथि प्रहार गरेको भनि प्रतिवादी करन चौधरीले सनाखत समेत गरि दिएको पाईन्छ।प्र.ज.नेत्रराज पडाल, दिपराज थापा, सुरज सिंह ठकुरीले प्रतिवादी प्रदीप चौधरी, श्रवण चौधरी, बिश्राम चौधरी र करन चौधरीलाई घटनास्थलमा प्रहरी कर्मचारीलाई कुटपिट गर्न लागेको देखेको हो भनि सनाखत गरि दिएको पाईन्छ।

१३५. घटनास्थलबाट बरामद भएका बरामदी मुचुल्कामा उल्लेखित रड, बन्चरो लगायतका चिजवस्तुहरु वारदात स्थलमा आफुहरुले सुरक्षाकर्मीहरुमाथि प्रहार गर्दा प्रयोग गरेका चिजवस्तुहरु हुन भनि उक्त चिजवस्तुहरु प्रतिवादी श्रवण चौधरी र प्रदीप चौधरीले सनाखत गरि दिएको पाईन्छ। प्रतिवादीहरुको पोली ग्राफ परिक्षण तथा कल डिटेल्स र B.T.S. को प्रतिवेदन हेर्दा पक्राउ प्रतिवादी एवं फरार प्रतिवादी वारदात स्थलमै उपस्थित भई घटनामा पूर्ण रुपमा संलग्न रहेको भन्ने खुली आएको पाईन्छ।

१३६. यसकारण उपरोक्त मिसिल संलग्न आधार प्रमाणहरुबाट प्रतिवादीहरु लक्ष्मण थारु (चौधरी) र लाहुराम चौधरीको योजना तथा निर्देशन अनुसार प्रतिवादीहरु ई.धनीराम चौधरी र रेशमलाल चौधरी समेतले नेतृत्व गरी वारदातका दिन टीकापुर स्थित सरकारी कार्यालयमा थरुहट प्रदेश लेख्ने बहानामा राज्यको शान्ती सुरक्षा तथा सरकारी कार्यालयहरुको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुलाई मार्ने योजना बनाई गाउँका भलमन्सा मार्फत चिराकी (चौकीदार)लाई गाउगाउँमा खटाई गाउगाउँबाट प्रतिवादीहरु बोलाई प्रतिवादीहरु रेशमलाल चौधरी, ई.धनीराम चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, हरिनारायण चौधरी, राजकुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, रामकुमार कठरीया, बृज मोहन डंगौरा, राजेश चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बिर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष कुमार थारु(चौधरी), विश्राम चौधरी, करन चौधरी, लक्ष्मण चौधरी, प्रदीप चौधरी, नरुल अलि जागा, रामचन्द्र चौधरी, विसराम चौधरी(कुश्मी), फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, खुशीराम चौधरी, डम्मर कठरीया, ईश्वरी प्रसाद चौधरी, बन्धुराम थारु, सुरज मिया हास्मी, विद्रोह भन्ने सिताराम चौधरी, दिनेश कठरीया, कालु रावत, विमल रावत, सन्दीप चौधरी बडायक, शिवराज कठरीया, सन्तकुमार चौधरी, बलिराम चौधरी, लाहानु चौधरी, गंगाराम चौधरी, निरज राना, रामलाल चौधरी, काठराम चौधरी, टीकाराम कठरीया, भागीराम चौधरी, बाबुराम चौधरी, राम बहादुर चौधरी, विश्राम

चौधरी, शेरे चौधरी, चुन्नीराम चौधरी, सन्तराम चौधरी, भिम बहादुर चौधरी, रमेश चौधरी समेत प्रत्यक्ष वारदात स्थलमा उपस्थित भई निज प्रतिवादीहरुले टीकापुर ९ स्थित पशुहाटबजारमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुलाई भाग्न उम्कन समेत नपाउने गरी C आकारको घेरा हाली आफुहरुले बोकी ल्याएका घरेलु हतियारहरु भाला, लाठा, खुंडा, बन्चरो, तरबार लगायतले निर्ममता पूर्वक प्रहार गरी प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतका ८ जना सुरक्षाकर्मी र एक जना बालकलाई समेत कर्तव्य गरी मारी निज सुरक्षाकर्मीहरुसँग भएको रु.४२,५६४.६६।- पर्ने एस.एल.आर, रु.६२,७४४.२२।- पर्ने संचार सेट, रु.७९,२२२.५।- पर्ने अश्रुग्याँश गन र २६,९३५.६५।- पर्ने पेस्तोल गरी जम्मा बिगो रु. २,११,४६७.३।- मूल्य बराबरको हतियार र संचार सेट समेत डाँका गरी गैह्रकानूनी अपराधिककार्य गरेकोले निज प्रतिवादीहरु रेशमलाल चौधरी, ई.धनीराम चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, हरिनारायण चौधरी, राजकुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, रामकुमार कठरीया, बृज मोहन डंगौरा, राजेश चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बिर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष कुमार थारु(चौधरी), विश्राम चौधरी, करन चौधरी, लक्ष्मण चौधरी, प्रदीप चौधरी, नरुल अलि जागा, राम चन्द्र चौधरी, विसराम चौधरी (कुश्मी), फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, खुशीराम चौधरी, डम्मर कठरीया, ईश्वरी प्रसाद चौधरी, बन्धुराम थारु, सुरज मिया हास्मी, विद्रोह भन्ने सिताराम चौधरी, दिनेश कठरीया, कालु रावत, विमल रावत, सन्दीप चौधरी बडायक, शिवराज कठरीया, सन्तकुमार चौधरी, बलिराम चौधरी, लाहानु चौधरी, गंगाराम चौधरी, निरज राना, रामलाल चौधरी, काठराम चौधरी, टीकाराम कठरीया, भागीराम चौधरी, बाबुराम चौधरी, राम बहादुर चौधरी, विश्राम चौधरी, शेरे चौधरी, चुन्नीराम चौधरी, सन्तराम चौधरी, भिम बहादुर चौधरी, रमेश चौधरी समेतले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. बिपरित १३(१) नं. तथा चोरीको महलको १ नं. बिपरित ६ नं. बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादीहरुलाई सोही ज्यान सम्बन्धी महलको १३(१) नं. तथा चोरीको महलको १४ (४) नं. बमोजिम सजाय हुनका साथै लुटीएको धनमाल सोही चोरी महलको १०(३) नं. बमोजिम जिल्ला प्रहरी कार्यालय, कैलालीलाई दिलाई भराई पाउन तथा प्रतिवादीहरु मध्येका करन चौधरीको उमेर १४ वर्ष भन्दा कम भई निज नाबालक देखिएको हुँदा निजका हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरि पाउँ।

१३७. साथै प्रतिवादीहरु लक्ष्मण थारु(चौधरी) र लाहुराम चौधरीले आफुहरुको वारदातमा संलग्नता नरहेको भनि ईन्कारी रही बयान गरेता पनि निज प्रतिवादीहरुको कल डिटेल्स प्रतिवेदन, BTS प्रतिवेदन तथा अभियुक्तहरुको पोल समेतबाट निज प्रतिवादीहरु द्वयले प्रस्तुत वारदातको योजनाकारको भूमिका निर्वाह गरी ज्यान मार्नमा बचन दिई ज्यान सम्बन्धी महलको १ नं. बिपरित १३(४) नं. बमोजिम कसुर अपराध गरेको हुँदा निज प्रतिवादीहरु लक्ष्मण थारु (चौधरी) र लाहुराम चौधरीलाई सोही महलको १३(४) नं. बमोजिम सजाय हुन तथा बिरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुले ज्यान मार्ने मनसायका साथ सुरक्षार्थ खटिएका सुरक्षाकर्मी एकेन्द्र बहादुर खडका, नेत्रराज पडाल, रबिन्द्र धनुषे, मकेन्द्र बहादुर अधिकारी, केशबराज जोशी, खेमराज भट्ट, देब बहादुर मौनी, सुरेन्द्र चन्द, जयराज धामी, दिपराज थापा, लक्ष्मण साउँद, मान बहादुर बुढामगर, गज बहादुर भण्डारी, केशब बहादुर बोहरा, आनसिंह बिष्ट समेत ३६ जना सुरक्षाकर्मीलाई जोखिम हतियार प्रहार गरी ज्यान सम्बन्धी महलको १ नं. बिपरित १५ नं. बमोजिम कसुर अपराध गरेकोले बिरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुलाई सोही महलको १५ नं. बमोजिम सजाय गरी पाउनका साथै प्रतिवादी मध्येका करन चौधरी नाबालक देखिएको हुँदा निजका हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (२) बमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग माग दावी रहेको देखिन्छ।

१३८. फरार प्रतिवादीहरुका हकमा अदालतबाटै वारेन्ट जारी गरी पाउनका साथै पक्राउ प्रतिवादीहरु तथा प्रस्तुत मुद्दाको सक्कल मिसिल र बरामद भएका दशीका सामानहरु यसै अभियोग पत्र साथ पेश गरिएको व्यहोरा सादर अनुरोध गरिन्छ। वतन एकिन खुल्न नआएका व्यक्तिहरु रणभूमी भन्ने फिरुलाल चौधरी, राज बहादुर कठरीया, बिरु चौधरी, छुन्कु चौधरी, राम बहादुर चौधरी, रमेश कठरीया, कालुराम चौधरी कठरीया, रमेश चौधरी, नरेश चौधरी, लालु चौधरी, राजाराम चौधरी, फुलराम चौधरी, गोपाल चौधरी, शुसिल चौधरी, लौटन कुमार चौधरी, केवालाल चौधरी, विक्रम चौधरी, हुपुलाल चौधरी, अनिल चौधरी, बिर बहादुर चौधरी, सुवर्ण कठरीया, दुतराम कठरीया, टीकाराम कठरीया, कनैयालाल चौधरी, रामलाल चौधरी, बोमन चौधरी, गुमान कठरीया, तुल्सीराम कठरीया, बन्धु राना, किसनलाल कठरीया, रामनरेश कठरीया, फुलराम चौधरी, कालुराम चौधरी, बालकुमार चौधरी, पन्चराम चौधरी, एन्जल चौधरी, भेजुलाल चौधरी, बिरु चौधरी, जोखनलाल चौधरी, पुरन चौधरी, सुन्दर चौधरी, तेलीराम दहित, ऐन्तराम चौधरी, रामचन्द्र

चौधरी, दिनेश चौधरी, कोटलाल चौधरी, चिङ्गुवा भन्ने राम प्रसाद चौधरी, भुकुलाल चौधरी, दिपुराम चौधरी, बिनोद चौधरी, मालिक राम चौधरी, प्रदीप चौधरी, शिव नारायण चौधरीका हकमा निजहरुको स्पष्ट वतन खुली आएको नदेखिएकोले निजहरुका हकमा स्पष्ट वतन खुली आएका बखत पुरक अभियोग पेश गरिने तथा प्रस्तुत वारदातमा अन्य व्यक्तिहरुको समेत संलग्नता रहेको भनि पछि कहि कतैबाट खुली आएमा निजहरुका हकमा समेत छुट्टै कार्वाहीका लागि अभियोग पत्र पेश गरिने व्यहोरा समेत सादर अनुरोध गरिन्छ भन्ने नेपाल सरकारको अभियोग मागदावी रहेको देखिन्छ।

१३९. <u>प्रतिवादी राम प्रसाद चौधरीले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा म राती सुति राखेको अवस्थामा जानकारी नै नगराई सहिछाप गर्न लगाएका हुन। मिति २०७२/०५/०७ गतेको दिन म जोशीपूरबाट टिकापूर जाने क्रममा मुनुवाबाट फिर्ता भएको हु। मिति २०७२/०५/०७ गतेका दिन टिकापूरमा थारुहट थारुवानको कार्यक्रम भएकोले म उक्त दिन दिउसो अं.१२:३० बजेको समयमा जोशीपूर आफ्नो घरबाट निस्की मेरै गाउँको ३/४ जनासंग टिकापूर जादै गर्दा मुनुवा भन्ने ठाउमा पुग्दा अगाडीबाट मानिसहरु भाग्दै आईरहेको देखी के भएको हो किन भागेको भनी सोध्दा अगाडी झडप भई राखेको छ अगाडी नबढौ भनी भन्दा मलाई पनी सन्चो नभएको हुदा घरतिर फर्की आएको हु, पछी के भएको रहेछ भनी सोधपुछ गर्दा टिकापुरमा घट्ना भएको कुरा थाहा पाएको हु, को कस्को संलग्नतामा के कुन हतियार प्रयोग गरी मृतकको मृत्यु भएको हो मलाई केही थाहा भएन। राज कुमार कठरियाले प्रहरीलाई घेरा हाल्न मैले समेत सहयोग गरेको हु भनी गरेको बयान झुठा हो। निजलाई म चिन्दा पनी चिन्दीन साथै वारदातमा मेरो कुनै संलग्नता पनी रहेको छैन। प्रतिवादी रेशमलाल चौधरीसंग मेरो सामान्य चिनजान रहेको छ, प्रतिवादी लक्ष्मण चौधरीलाई चिन्दिन। वारदातको दिन मेरो मोबाईलमा को कस्ले फोन गरे मलाई थाहा भएन। मौकामा तथा वस्तुस्थिति मुचुल्काका मानिसहरुले के कुन कारणले घट्नामा मेरो समेत संलग्नता रहेको भनी लेखाएका हुन थाहा छैन, हालसम्म घट्ना कुन ठाउँमा घटेको हो सो समेत मलाई थाहा छैन। म वारदातस्थलमा पुगेको होईन, बिच बाटोबाट फर्किएर आफ्नो घर गएको हु, बरामद भएका हात हतियार को कसका हुन थाहा जानकारी भएन। मबाट बरामद भएका ३ वटा मोबाईल मेरै हुन। मोबाईलमा भएका श्रब्यदृष्य थरुहट आन्दोलनमा उपेन्द्र यादव समेतका ब्यक्तीहरु आउदा कैद गरी राखेको हुँ। म गाउँस्तरमा राजनीतिमा आवद्ध रहेको हुदा सोधपुछको लागी

भनी पक्राउ गरी ल्याएका हुन किटानी जाहेरी के कुन कारणले दिएका हुन थाहा भएन भन्ने ब्यहोराको प्रतिवादी राम प्रसाद चौधरीले यस अदालतमा गरेको बयान।

१४०. <u>प्रतिवादी प्रेम बहादुर चौधरीले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान प्रहरीले हिरासतमा रहेको बखत जवरजस्ती रुपमा धम्की तथा कुटपीट गरी सहिछाप गराएका हुन। सो ब्यहोरा मेरो होईन। वारदात घट्नामा मेरो कुनै संलग्नता छैन। मिति २०७२/०५/०७ गते म जिल्ला कैलाली भजनी त्रिशक्ती न.पा वडा नं.४ स्थित महेश क्लिनिकमा काम गरी राखेको थिए। उक्त दिन आफुले संचालन गरेको क्लिनिकमा गाउँबाट आएका बिरामीहरुको उपचार गरी राखेको थिए। सो कुरा मेडीकलको रेकर्डबुक हेरे पनी थाहा हुन्छ। उक्त मिति २०७२/०५/०७ गते म टिकापुरमा गएको थिएन। स्थानिय ब्यक्तीहरुबाट टिकापुरमा कार्यक्रम छ भन्ने थाहा पाएको हु। पछी साझको ६/७ बजेको समयमा टिकापुरमा घट्ना घट्यो मान्छेहरु मारिए भन्ने खबर पाएको हु। प्रतिवादी सुन्दरलाल कठरियाले मौकाको बयानमा वारदातको समयमा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हो। निजलाई म चिन्दा पनी चिन्दिन। मौकामा तथा वस्तुस्थिति मुचुल्काका अधिकांश मानिसहरुले घट्ना वारदातमा मेरो संलग्नता रहेको भनी कागज गरि दिएको कुरा झुठा हो। घट्नाका योजनाकार एवं वचन दिने लक्ष्मण थारुसंग मेरो कुनै नातासम्बन्ध छैन, सामान्य रुपले चिन्दछु। निज संग बोलचाल भएको छैन। घट्ना किन कसले घटाएका हुन थाहा भएन। वारदातमा मेरो संलग्नता नरहेकोले मलाई सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी प्रेम बहादुर चौधरीले यस अदालतमा गरेको बयान।

१४१. <u>प्रतिवादी हरी नारायण चौधरी डगौराले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा वारदात घट्नाका दिन शान्तीपूर्ण तरिकाले चिलिमे चौराहामा गएको थिए भन्ने ब्यहोरा साचो हो। सुरक्षाकर्मीलाई कुटपीट गरेको भन्ने कुरा झुठा हो। मौकाको बयानमा मलाई ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गराएका हुन। मिति २०७२/०५/०७ गते बिहान आफ्नो घरबाट चिलिमे चौराहासम्म गई साझ टिकापूर अस्पतालमा बसेको हु। उक्त दिन बिहान ८ बजेको समयमा गाउको चिराकीले चिलिमे चौराहामा जम्मा भेला हुनु भन्ने जानकारी गराएपछी घरबाट चिलिमे चौराहामा गई एकछिन त्यही बसी टिकापुरतिर जाने क्रममा गोल्डेन एकेडेमीको प्राङ्गणमा भेला भई त्यहाबाट हातहातमा प्लेकार्ड बोकी अग्रपंत्तीमा महिलाहरु

लगाई पछाडी पुरुषहरु लगाई टिकापुरतिर जाने क्रममा टिकापुर एरिया पहिले नै निषेधित क्षेत्र घोषणा गरिएको हुदा सुरक्षाकर्मीले हामीहरुलाई रोक्न अश्रुग्यास र रबरको गोली छर्राहरु हानेपछी मलाई समेत छर्रा लागि दुख्न थालेपछी म आफ्नो घरतिर फर्की रहेको अवस्थामा रेडक्रसको गाडीले मलाई अस्पतालसम्म पुऱ्याई उपचार गराई रहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिइ गएका हुन। मैले कोही कसैलाई कुटपीट गरेको होईन। घट्नामा को कसले सुरक्षाकर्मीलाई निर्ममपूर्वक कुटपीट गरी हत्या गरेका हुन मलाई थाहा भएन। म आफ्नो उपचारको लागी अस्पतालमा भएको अवस्थामा घट्ना भएको हो। प्रतिवादी राम कुमार कठरियाले मौकामा बयान गर्दा वारदातको बेला मेरो समेत घट्नामा संलग्नता रहेको साथै संगै रहेको भनी गरेको बयान झुठा हो। निजलाई म चिन्दा पनी चिन्दिन। घट्नाका योजनाकार को हुन मलाई थाहा छैन। निषेधितक्षेत्रमा प्रवेश गर्न लाग्दा प्रहरीले अश्रुग्यास प्रहार गरे पछी म भिडबाट अलग भई अस्पतालतिर गएको हुदा हाल प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु आन्दोलनमा थिए थिएनन् देखिन। मबाट बरामद भएको सिम (९८११६६९०१५) र मेमोरीकार्ड मेरो मोबाईल बिग्रिएको हुदा निकालेर खल्तीमा राखेको थिए प्रहरीले पक्राउ गर्दा सोही सिम र मेमोरिकार्ड बरामद भएका हुन। मेरो **Polygraph Statement** मा मलाई घटना सम्बन्धि बिषयमा सोधिएका प्रश्नहरुको यथार्थ ब्यहोरा भनेको थिए, सो रिपोर्ट के कसरी फरक देखिन गयो मलाई थाहा छैन। मैले अभियोग दावी बमोजिम अपराध नगरेकोले सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी हरि नारायण चौधरीले यस अदालतमा गरेको बयान।

१४२. <u>**प्रतिवादी राज कुमार कठरियाले यस अदालत समक्ष गरेको बयान**</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। मिति २०७२/०५/०७ गते म टिकापूरको आन्दोलनमा गएको थिए। म आन्दोलनमा गएको कुरा साचो हो तर सुरक्षाकर्मीहरुको संचारसेट हतियार लुटी सुरक्षाकर्मीहरुलाई निर्ममपूर्वक योजना मुताविक कुटपीट गरी हत्या गरेको सम्बन्धमा मलाई केही थाहा छैन। आन्दोलनमा आउनु भनी गाउँको चौकीदारले खबर गरेको हुदा आन्दोलनमा गएको हु। खबर गर्ने चौकिदारको नाम थाहा छैन। खबर पाए पछी हातमा पमप्लेट बोकी आन्दोलनमा गएको हु। सुन्दरलाल कठरियाले आफ्नो मौकाको बयानमा वारदातमा मेरो समेत संलग्नता भनी गरेको बयान झुठा हो, म निजलाई चिन्दा पनी चिन्दिन। मेरो **Polygraph Statement** मा मलाई घटना सम्बन्धि प्रश्नहरु सोधिएका

थिएनन्, सो रिपोर्ट के कसरी फरक देखिन गयो मलाई थाहा छैन। उक्त मितिमा मैले प्रयोग गरेको मोबाईल नं.बाट कोही कसैबाट सम्पर्क गरेको थिईन के कसरी कल डिटेलमा देखियो मलाई थाहा भएन। म संगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरुलाई मैले आन्दोलनमा देखेको थिईन। मलाई घाईते अवस्थामा अस्पतालमा पुऱ्याई होस खुले पछी मात्र थाहा पाएको हु भन्ने ब्यहोराको प्रतिवादी राज कुमार कठरियाले यस अदालतमा गरेको वकपत्र।

१४३. **प्रतिवादी दिल बहादुर चौधरीले यस अदालत समक्ष गरेको बयान**

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। मिति २०७२/०५/०७ गते टिकापूरमा भएको आन्दोलनमा गएको थिए। उक्त दिन बिहान गाउको नाम थाहा नभएको चौकीदारले टिकापुरमा कार्यक्रम छ, सबै जना सहभागी हुनुपर्छ भनी जानकारी गराएपछी गाउकै मानिससहरुसंग म पनी चिलिमे चौराहामा भेला भई टिकापुरतिर जाने बेलामा बाटोमा सुरक्षाकर्मीहरुसंग झडप भएपछी म आफ्नो घर फर्कीएको हु। उक्त घट्नामा को कसको संलग्नता रहेको थियो मलाई थाहा भएन। मसंगै प्रहरी हिरासतमा रहेका अन्य प्रतिवादीहरुले मेरो पनी उक्त घट्नामा संलग्नता रहेको भनी मौकामा बयान गरेको देखिन्छ तर किन यस्तो बयान गरि दिए थाहा भएन, निजहरुलाई म चिन्दा पनी चिन्दिन। मेरो **Polygraph Statement** मा भएका प्रश्नहरु सोधिएका थिएनन्, सो रिपोर्ट के कसरी फरक देखिन गयो मलाई थाहा छैन। वारदातको दिन मैले ९८२४६५७२३ नं.भएको मोबाईल बोकेको थिए। तर कसैलाई फोन गरेको पनी थिएन र मलाई कसैले फोन गरेको पनी थिएन। उक्त दिन मेरो हातमा आन्दोलनको प्लेकार्ड मात्र बोकेको थिए सो बाहेक अरु केही थिएन। बरामद भएका सामानहरु उक्त आन्दोलनमा मैले कसैको हातमा देखेको थिईन, साथै मेरो हातमा पनी थिएनन्। मौकामा बुझीएका राजेश धामीले मेरो समेत संलग्नतामा सुरक्षकर्मीहरुको हत्या भएको हो भनी गरि दिएको कागज झुठा हो। मैले कोही कसैलाई कर्तब्य गरी मारेको होईन। मलाई अनाहक दुख दिने हिसाबले म माथी किटानी जाहेरी पर्न गएको हो। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। घट्नाका मूख्य योजनाकार लक्ष्मण थारु समेत रहेका भन्ने कुरा मलाई थाहा छैन। मैले अभियोग दावी बमोजिम कुनै कसूर नगरेको हुदा मलाई सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी दिल बहादुर चौधरीले यस अदालतमा गरेको बयान।

१४४. <u>प्रतिवादी सुन्दरलाल कठरियाले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। मिति २०७२/०५/०७ गते म टिकापूरको आन्दोलनमा गएको थिए। उक्त मितिमा बिहान ९ बजेको समयमा घरबाट टिकापूरको आन्दोलनमा शान्तीपूर्ण तरिकाले सहभागी हुन गएको थिए। मैले हातमा प्लेकार्ड समातेको थिए। हातमा प्लेकार्ड समाई नाराहरु लगाउदै टिकापूरको हाटबजार नजिक पुग्दा प्रहरीले अश्रु ग्यास सहित रबरको छर्रा हानेपछी मेरो तिघ्रामा ९ वटा छर्रा लागेपछी म लडी बेहोस भएको अवस्थामा को कस्ले मलाई अस्पताल पुऱ्याएका हुन थाहा भएन। मलाई छर्रा लागी बेहोस भए पछी के के भयो सो समेत मलाई थाहा छैन, पछी उपचारको क्रममा टिकापूर अस्पतालमा रहेको बेला मलाई प्रहरीले पक्राउ गरी लगेका हुन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरु झुठा हुन। निजहरुले के कसरी उक्त ब्यहोरा लेखाएका हुन थाहा भएन। मलाई छर्रा लागेपछी म ढलेको हु, पछी के भयो मलाई थाहा भएन तर मैले कसैलाई पनी कुटपीट गरेको छैन। घट्नास्थलबाट बरामद भएका सामानहरु देखे, उक्त सामानहरु वारदातमा प्रयोग भएका हुन होईनन् सो सम्बन्धमा मलाई केही थाहा छैन। वारदातमा मेरो कुनै पनी प्रकारको संलग्नता नरहदा नरहदै किन मेरो नाममा किटानी जाहेरी परेको हो सो मलाई थाहा छैन। मैले अभियोग दावी बमोजिम कुनै कसूर नगरेकोले मलाई सजाय हुनु पर्नै होईन भन्ने ब्यहोराको प्रतिवादी सुन्दरलाल कठरियाले यस अदालतमा गरेको बयान।

१४५. <u>प्रतिवादी राम कुमार कठरियाले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। वारदात मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। उक्त दिन बिहान म खाना खाएर जंगलमा घास काट्न गइ साझ जंगलबाट घर फर्की आएको हु। दोस्रो दिन मेरै गाउँको राज कुमार कठरिया टिकापुर अस्पतालमा भर्ना भएकोले निजलाई कपडा पैसा दिन अस्पताल गएको थिए। म अस्पतालमा गएको बेला बिहान करिब १० बजेको समयमा प्रहरी आई अस्पतालबाट पक्राउ गरि लगेका हुन। वारदात घटना के कसरी भयो, को कसले गरे, सो बिषयमा मलाई केही थाहा छैन। उक्त वारदातमा मेरो कुनै संलग्नता रहेको छैन।

हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरु झुठा हुन। निजहरुले के कसरी उक्त ब्यहोरा लेखाएका हुन थाहा भएन। प्रतिवादी राज कुमार कठरिया मेरो छिमेकी भएको हुदा निजको आमाले मलाई राज कुमार लाई गोली लागी अस्पतालमा भर्ना भएको छ, कपडा र पैसा पुगाई दिनु भनेका हुदा अस्पतालमा गएको हु। निजलाई के कती कारणले गोली लागेको थियो सो मलाई थाहा भएन। मिसिल संलग्न **CALL details** बाट मेरो मोबाईलबाट बिभिन्न ब्यक्तीहरुसंग सम्पर्क भएको देखिए पनी उक्त दिन म बिहान घास काट्न जंगल जाने बेलामा मोबाईल घरमै छोडेर गएको थिए, त्यही समयमा घरका मानिसहरुले चलाएर सम्पर्क भएको देखिएको होला मैले कसैसंग सम्पर्क गरेको थिईन। उक्त घट्ना के कसरी भयो र कसको संलग्नता छ सो बिषयमा मलाई केही थाहा छैन। म उपर जुन अभियोग लगाईएको छ सो बमोजिमको कसूर मैले नगरेको हुदा मलाई सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी राम कुमार कठरियाले यस अदालतमा गरेको बयान।

१४६. <u>प्रतिवादी बृज मोहन डगौराले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। वारदात मिति २०७२/०५/०७ गते म टिकापुर आन्दोलनमा गएको थिए। उक्त मितिमा हाम्रो गाउँको भलमन्सा ईश्वरी प्रसाद चौधरीले हाम्रो गाउँमा भदौ ७ गतेका दिन टिकापुर आन्दोलनमा सबै जनाले एक घरबाट १ जना अनिवार्यरुपमा जानु पर्ने नगए ५००/-जरिबाना लाग्ने भनी गाउँमा भन्दा उक्त दिन करिब ११ बजे तिरको समयमा म लगायतका मान्छेहरु मोतिनगर गाउँसम्म जादै गरेको अवस्थामा टिकापुरबाट आन्दोलनमा गएका मानिसहरु भाग्दै गाउँतिर आउन थालेको देखेपछि म पनी टिकापुर नगई आफ्नो घर तिर फर्की आएको हु। वारदात घट्ना के कसरी भयो सो बिषयमा मलाई केही थाहा भएन। उक्त घट्नामा को कसको संलग्नता रहेको छ सो पनी थाहा भएन। मिति २०७२/०५/१३ गते राती २ बजे म आफ्नै घरमा सुती राखेको अवस्थामा प्रहरी आई तपाईलाई सोधपुछ गर्नुछ भनी ल्याई पक्राउ गरेका हुन। प्रस्तुत घट्ना वारदातमा मेरो कुनै संलग्नता छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरु झुठा हुन।निजहरुले के कसरी उक्त ब्यहोरा लेखाएका हुन थाहा भएन। निजहरुलाई म

चिन्दिन। मेरो **Polygraph Statement** फरक पर्नुको कारण प्रहरीहरुले नेपाली भाषामा के के कुरा सोधे मैले राम्रोसंग बुझेको थिएन त्यसैले फरक पर्न गएको हो। वारदातको दिन मैले मेरै गोतियार प्रेम बहादुर डगौरासंग फोन सम्पर्क गरेको थिए। अन्य कोही कसैलाई सम्पर्क गरेको थिएन। मैले अभियोग माग दावी बमोजिम कुनै कसुर नगरेको हुदा मलाई सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी बृज मोहन डगौराले यस अदालतमा गरेको बयान।

१४७. **प्रतिवादी राजेश चौधरीले यस अदालत समक्ष गरेको बयान**

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान झुठा हो। बनावटी कपोकल्पित ब्यहोरा के कारणले लेखे थाहा भएन। सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। वारदात मिति २०७२/०५/०७ गते म आलु बेच्नको लागी बरकट्टी र लक्कड भन्ने गाउँमा गई साझ आफ्नो घर फर्किएको हु। वारदात भएको दिन म आफ्नो काममा थिए। वारदातस्थलमा म गएको थिईन। उक्त घट्ना के कसरी भयो मलाई थाहा छैन। मिति २०७२/०५/०७ गते राती १ बजेको समयमा म घरमा सुती राखेको अवस्थामा प्रहरी आई पक्राउ गरेका हुन। घट्नाको सम्बन्धमा मलाई केही थाहा छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरु झुठा हुन। निजहरुले के कसरी उक्त ब्यहोरा लेखाएका हुन थाहा भएन । मेरो **Polygraph Statement** देखाउदा देखे, सोमा भएको ब्यहोरा अनुसार मलाई प्रश्नहरु सोधिएका थिएनन्। अरु नै प्रश्नहरु सोधिएका थिए। के कसरी सो ब्यहोरा को प्रश्न सोधिएको भनी उल्लेख गरे मलाई थाहा भएन। वारदात घट्नामा मेरो कुनै संलग्नता छैन। उक्त वारदात घट्नास्थलमा म नगएको हुदा को को प्रतिवादीहरुको घट्नामा संलग्नता रहेको छ भनी भन्न सक्दिन। सबै प्रतिवादीहरुलाई राम्रोसंग चिन्दा पनी चिन्दिन। घट्ना वारदातपूर्व हाम्रो गाउँको भलमन्साले गाउँमा चिराकी मार्फत आन्दोलनमा अनिवार्य रुपमा जानु पर्ने नगए ५००/-जरिबाना लाग्ने नियम लगाएका हुन। अन्य कुनै हातहतियारको प्रयोग गर्ने भन्ने बिषयमा योजना थिएन। मेरो नाममा किन किटानी जाहेरी पऱ्यो मलाई थाहा छैन तर मैले आन्दोलनमा नजाने बरु ५००/-जरिबाना तिर्ने अडान गरेको थिए। मैले अभियोग माग दावी बमोजिम कुनै कसुर नगरेको हुदा मलाई सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी राजेश चौधरीले यस अदालतमा गरेको बयान।

१४८. **प्रतिवादी किसनलाल चौधरीले यस अदालत समक्ष गरेको बयान**

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। मिति २०७२/०५/०७ गते म आफ्नै घरमा रहेको राईसमिलमा काम गरि राखेको थिए। उक्त दिन बिहान देखि राईस मिलमा काम गरी, दिउसो खाना खाई पुन मिलमा काम गरी साझ पनी आफ्नै घरमा सुतेको थिए। घट्नाको जानकारी साझ रेडियो मार्फत थाहा पाएको हु। घट्ना को कसले के कसरी घटाए सो बिषयमा मलाई केही थाहा छैन। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। के कती मान्छेहरुले के कसरी मरे सो थाहा भएन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरु झुठा हुन। निजहरुले के कसरी उक्त ब्यहोरा लेखाएका हुन थाहा भएन। मिति २०७२/०५/१२ गते राती म आफ्नै घरमा सुती राखेको अवस्था प्रहरी आई केही कुरा बुझ्नुछ भनी पक्राउ गरी पछी टिकापुर घट्नामा संलग्न रहेको भनी झुठा ब्यहोरा बनाई मुद्दा चलाएका हुन। मेरो **Polygraph Statement** देखाउदा देखे, सोमा भएको ब्यहोरा अनुसार मलाई प्रश्नहरु सोधिएका थिएनन्। अरु नै प्रश्नहरु सोधिएका थिए। के कसरी सो ब्यहोरा को प्रश्न सोधिएको भनी उल्लेख गरे मलाई थाहा भएन। वारदातस्थलबाट बरामद भएका दशिका सामानहरु देखाउदा देखि पाए। म घट्नास्थलमा नगएको हुदा उक्त सामानहरु त्यहा थिए थिएनन् मलाई थाहा छैन। घट्नाविवरण कागज गर्ने मानिसहरुले पनी मलाई फसाउने नियतले कागज गरी दिएका हुन। निजको ब्यहोरा झुठा हो। वारदात घट्नामा म गएको थिईन म माथी लगाईएको अभियोग झुठा हो। मैले अभियोग माग दावी बमोजिम कुनै कसुर नगरेको हुदा मलाई सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी किसनलाल चौधरीले यस अदालतमा गरेको बयान।

१४९. **प्रतिवादी सन्तराम चौधरीले यस अदालत समक्ष गरेको बयान**

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। प्रहरीले कुटपीट गरी मेरो दाया कानको जाली समेत फुटेको छ। मिति २०७२/०५/०७ गते म आफ्नो पशलको सामान ल्याउन मुनुवा हुदै मोतिपुर सम्म गएको हु। उक्त दिन बिहान म र जनजागृती नि.मा.वि.का शिक्षक दयाराम चौधरी संगै बसी खाना खाई मेरो कस्मेटिक पशलका लागी सामान ल्याउनु पर्ने र कान्छो छोरा टिकापुरमा पढ्ने भएको हुँदा निजलाई

पनी घर ल्याउनु पर्ने भएको कारण मुनुवा बजारमा सामान लिन जादा बजार बन्द भएकोले टिकापुरबाट मान्छेहरुको भिड भाग्दै आएको देखी म पनी टिकापुर नगई आफ्नो घरतिर फर्की आएको हुँ। उक्त दिन टिकापुरमा आन्दोलन छ भनी मलाई थाहा थिएन, मलाई आन्दोलनका बिषयमा कसैले पनी जानकारी दिएका थिएनन्। मेरो आफ्नै घरायसी कामको लागी टिकापुर जानु पर्ने भए पनी मोतीपुरबाट फिर्ता भएको हु। घट्ना वारदातमा मेरो कुनै संलग्नता रहेको छैन। को कसको संलग्नतामा घट्ना घट्न गएको हो सो पनी थाहा छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरु झुठा हुन। निजहरुले के कसरी उक्त ब्यहोरा लेखाएका हुन थाहा भएन। बरामदी दशीका सामानहरु देखाउदा देखे, उक्त सामानहरु म घट्नास्थलमा नगएको हुदा को कसको हातमा थिए थाहा भएन। मोतिपुरमा भिड फर्केको देख्दा कसैको हातमा भाला डण्डाहरु देखेको थिईन। मैले प्रयोग गर्ने गरेको मोबाईल नं.९८०४६५२५६५ नं.को मोबाईलमा उक्त दिन टिकापुरबाट मेरो छोरासंगै बस्ने साथीले छोरालाई लैजानुपर्‍यो भनी र म मोतिपुरमा हुदा घरबाट पनी फोन आएको हो अरु कसैलाई पनी मैले सम्पर्क गरेको थिईन र मलाई पनी अरु कसैले फोन गरेका थिएनन्। मेरो **Polygraph Statement** देखाउदा देखि पाए सोमा भएको ब्यहोरा अनुसार मलाई सोधिएका प्रश्नहरुको जवाफ मैले दिएको थिए घट्नालाई ढाकछोप गर्ने हिसाबले जवाफ दिएको थिएन। मैले जानेको यथार्थ कुरा भनेको थिए के कती कारणले फरक पर्‍यो थाहा भएन भन्ने ब्यहोराको प्रतिवादी सन्तराम चौधरीले यस अदालतमा गरेको वकपत्र।

१५०. <u>प्रतिवादी बिर बहादुर चौधरीले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। के कसरी झुठा बनावटी ब्यहोरा सृजना गरी मलाई फसाउन खोजियो सो बिषयमा मलाई थाहा छैन। मिति २०७२/०५/०७ गते बिहान ९ बजे खाना खाई डिलरबाट चुरोट लिई बिक्री गर्नका लागी झन्झटपुर, मनिकापुर र मौरनिया भन्ने ठाउमा आफ्नो काम गर्न गएको थिए। साझ घर आउदा रेडियोबाट समाचार सुनी घट्नाको बारेमा जानकारी पाएको हु। घट्ना को कसको संलग्नतामा के कसरी घट्न गएको हो मलाई थाहा भएन। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। सो घट्नाको योजना कसले बनाएका हुन सो समेत थाहा छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका

प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरु झुठा हुन। निजहरुले के कसरी उक्त ब्यहोरा लेखाएका हुन थाहा भएन। वारदात मितिका दिन मैले प्रयोग गर्ने गरेको मोबाईल नं.९८४८४२९४३५ बाट कसैलाई फोन गरे जस्तो लाग्दैन, घरका कसैले फोन गरेका थिएकी थाहा भएन। वारदातबाट बरामद भएका भनी देखाएका सामानहरु के कसरी कहाबाट ल्याएका हुन थाहा भएन। वारदात भएको स्थान र मेरो घर करिब ९/१० कि.मि.को दुरीमा रहेको छ। मेरो नाउँमा के कसरी किटानी जाहेरी पर्‍यो मलाई थाहा छैन। मिति २०७२/०५/१२ गते राती म आफ्नै घरमा सुती रहेको अवस्थामा प्रहरीले पकराउ गरेको हो। मैले अभियोग दावी बमोजिम कुनै कसुर नगरेको हुदा मलाई सजाय हुनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने ब्यहोराको प्रतिवादी बीर बहादुर चौधरीले यस अदालतमा गरेको बयान।

१५१. **<u>प्रतिवादी राम नरेश चौधरीले यस अदालत समक्ष गरेको बयान</u>**

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। के कसरी झुठा बनावटी ब्यहोरा सृजना गरी मलाई फसाउन खोजियो सो बिषयमा मलाई थाहा छैन। मिति २०७२/०५/०७ गते म बर्दियामा श्री कालिका मा.बि.सोनपुरमा अध्यापन गराउदै साझ राजापुरमा रहेको डेरामा बसेको हु। उक्त दिन म राजापुर देखी कतै पनी गएको छैन। डेरामा गई टि.भि.हेरी रहेको अवस्थामा समाचारबाट घट्नाको बारेमा जानकारी पाएको हु। मलाई टिकापुरको घट्नाको बारेमा को कसको संलग्नतामा भएको हो थाहा भएन। साथै सुरक्षाकर्मीहरुलाई कुटपीट गरी कसले हतियार लुटि लगेका हुन त्यो पनी थाहा छैन। मिति २०७२/०५/१३ गतेको दिन म बिद्यालयमा अध्यापन गराई राखेको अवस्थामा सादा पोशाकमा गएका प्रहरीले कक्षाकोठाबाट बोलाई तपाईसंग काम छ भनी सोधपुछ गर्नु पर्ने भनी पक्राउ गरी ल्याएका हुन।हाल मसंगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। निजहरुलाई म चिन्दा पनी चिन्दिन। मेरो मोबाईलको **CALL details** देखाउदा देखि पाए। वारदातको दिन मैले मेरै गाउँको मान्छेहरुसंग सम्पर्क गरेको थिए, अरु कसलाई सम्पर्क गरे एकिन थाहा भएन। मैले अभियोग दावी बमोजिम कुनै कसुर नगरेको हुदा मलाई सजाय हुनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने ब्यहोराको प्रतिवादी राम नरेश चौधरीले यस अदालतमा गरेको बयान।

१५२. <u>प्रतिवादी बिश्राम भन्ने जीत बहादुर डगौराले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। वारदात मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। जंगलमा गएर भैसी र गाईलाई घाँस काटी साझ घरमा फर्केको हु। टिकापुर घट्ना के कसरी घट्न गयो मलाई थाहा छैन। वारदात घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। हाल मसंगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयानहरु झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। घट्नाका योजनाकार को हुन सो पनी थाहा छैन। घट्नाको बारेमा सोही दिन साझ घरमा आएपछी रेडियो मार्फत समाचार सुनी थाहा पाएको हु। घट्नाका मुख्य योजनाकार रेशमलाल चौधरी र लक्ष्मण थारु हुन वा होईनन थाहा छैन। निजहरुलाई म चिन्दिन। नाम सम्म सुनेको हु। मैले अभियोग दावी बमोजिम कुनै कसुर नगरेको हुदा मलाई सजाय हुनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने ब्यहोराको प्रतिवादी बिश्राम भन्ने जीत बहादुर डगौराले यस अदालतमा गरेको बयान।

१५३. <u>प्रतिवादी संगम भन्ने सन्तोष थारु (चौधरी)ले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। प्रहरीले मलाई मेरो बुवा बाजेको नाम थार वतन मात्र सोधेका थिए बाकी ब्यहोरा प्रहरी आफैले लेखी मलाई जवरजस्ती सहिछाप मात्र गराएका हुन। वारदातको दिनि मिति २०७२/०५/०७ गते म मेरो चिनजानको साथी नरेश चौधरीलाई भेट गर्न निजको गाउँ भगरैया भन्ने ठाउमा गई साझ ४/५ बजेको समयमा मात्र फर्की आएको हु। वारदातस्थल र मेरो घर ९/१० कि.मि.को दुरीमा रहेको दुरीमा रहेको छ।उक्त दिन म मेरो पुर्व परिचित साथी नरेश चौधरीलाई भेट्न भनी गएकोर निजसंग भेट नहुदा अर्को साथी हेलुराम चौधरीको घरमा गई कुरा गरी रहेको अवस्थामा डेढ बजेको समयमा बर्दियाबाट आफन्त दाजुले फोन गरी घट्नाको बारेमा सोधपुछ गर्दा मलाई केही थाहा छैन भनी भनेको थिए। त्यसपछी मात्र घट्नाको बारेमा जानकारी पाएको हु। घट्ना के कसरी भयो थाहा भएन। उक्त घट्नामा मेरो कुनै संलग्नता छैन। हतियार तथा संचार सेट को कसले लगे थाहा भएन। प्रतिवादी लक्ष्मण थारु बाहेक अरु कुनै प्रतिवादीलाई चिन्दिन। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता

रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। साथै उक्त दिन टिकापुरमा कार्यक्रम रहेको छ भन्ने पनी थाहा थिएन। म मिति २०७२/०५/१७ गते सुख्खडमा गएको बेला प्रहरीले एकछिन काम छ भनी रोकी पक्राउ गरेको हो। म घट्नास्थलमा गएको थिईन मेरो कुनै संलग्नता पनी छैन। मैले अभियोग दावी बमोजिम कुनै कसुर नगरेको हुदा मलाई सजाय हुनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने ब्यहोराको प्रतिवादी संगम भन्ने सन्तोष थारु(चौधरी)ले यस अदालतमा गरेको बयान।

१५४. <u>प्रतिवादी लक्ष्मण थारुले यस अदालत समक्ष गरेको बयान</u>

मैले अनुसन्धानमा बयान गरेको ब्यहोरा पढिबाचि सनाउदा सुनी पाए। मिति २०७२/०५/०७ गते टिकापुर पशुहाट बजारमा भएको घट्नामा प्रतिवादी रेशमलाल चौधरीको संलग्नता रहेको भनी अनुसन्धानको क्रममा मैले आफ्नो बयानमा लेखाएको थिएन। निज १ नं.क्षेत्रको संयोजक तोकिएकोले निजलाई घट्नाकोबारेमा जानकारी हुन सक्दछ भनी भनेको थिए। साथै निजलाई उक्त वारदातको योजनाकार नभई आन्दोलनको संयोजक भनेको थिए। प्रहरी हिरासतमा रहदा प्रहरी गार्ड कमान्डरकै निर्देशनमा मलाई हिरासतमा रहेका अन्य केटाहरुबाट शक्त घाईते हुने गरी कुटपीट गर्न लगाएका हुन। मिति २०७२/०५/०७ गते बिहान ११ बजेसम्म म दाङ्गको लमहीमा मिटिङ बसी त्यहाको मिटिङ सकेर कोहलपुर आएको हु। कोहलपुरमा १ बजेको समयमा पुग्दा टिकापुर घट्नाको सम्बन्धमा सामान्य हो हल्ला सुनेको हु। त्यसपछी म बर्दियाको गुलरिया आउने क्रममा सभासद योगेन्द्र चौधरीले फोन गरी टिकापुर घट्नाको बिषयमा जानकारी दिनु भएको थियो। म २:३० बजे बर्दियाको गुलरिया पुगी प्रदिप चौधरीलाई फोन सम्पर्क गर्दा निजले टिकापुरमा घट्ना घटेको तर के कती क्षती भयो थाहा भएन भनी भनेका थिए। निज प्रदिप चौधरी घट्नास्थलमा थिए थिएनन् थाहा भएन। त्यसपछी मैले रेशमलाल चौधरीलाई फोन सम्पर्क गरी घट्नाको बारेमा बुझ्न खोज्दा आफु फुलवारी एफ.एम.भित्रै रहेको र टिकापुर घट्ना खतरा भएकोले केही समयमा फोन गर्छु भनी मलाई भनेका हुन। त्यसपछी लगतै बिजय कुमार गच्छादारलाई फोन सम्पर्क गर्दा निजले टिकापुर घट्नामा SSP समेतका सुरक्षाकर्मीको मृत्यु भएको र एकदमै नराम्रो घट्ना घट्यो भनी निजले भन्नु भएपछी म गुलरियाको आमसभामा सहभागी भई सो दिन म गुलरियामा नै बसेको थिए। प्रस्तुत घट्ना वारदातमा मेरो कुनै संलग्नता रहेको छैन। उक्त घट्नाको म योजनाकार पनी होईन। योजना को कसले बनाए सो सम्बन्धमा समेत

मलाई केही जानकारी भएन। संविधानमा थारुहरुको हक अधिकारको सुनिश्चित गर्नका लागी सबैजना एकजुट भएर लाग्नु पर्छ भनी आमसभामा सहभागी भई एकजुट भई लाग्न म सबैलाई आग्रह गर्दै आएको थिए। साथै हाम्रा सम्पुर्ण आन्दोलनहरु शान्तीपुर्ण हुने गर्दथे तर टिकापुर घट्ना के कसरी हिंसात्मक हुन गयो सो बारेमा कसैले पनी मलाई जानकारी गराएका थिएनन्। वारदात घट्नाका दिन म घट्नास्थलमा थिएन। को कसले सो घट्ना घटाए मलाई थाहा भएन। प्रतिवादी बिश्राम चौधरी समेतका ब्यक्तीहरुले मौकामा हधिकार प्राप्त अधिकारी समक्षको बयानमा मेरो समेत निर्देशनमा घट्ना हुन गएको हो भनी गरि दिएको बयान झुठा हो। मैले घट्नामा कुनै निर्देशन दिएको थिएन। मिसिल संलग्न Call details अनुसार मैले उक्त दिन हाल पक्राउ परेका कुनै पनी प्रतिवादीलाई सम्पर्क गरेको थिईन। घर परिवार र साथीभाईहरुसंगको CALL details हो। मिति २०७२/०५/२३ गतेको दिन भैरहवामा देवी प्रसाद चौधरीको घरमा कार्यक्रमकै शिलशिलामा जादा बसेको अवस्थामा रुपन्देही जिल्लाका SP राजेन्द्र भण्डारीले देवी प्रसाद चौधरीलाई फोन गरी म लगायतलाई चिया खान भनी बोलाई चिया  खादै गर्दा माथीको आदेश भनी गिरफ्तार गरी सोही राती ठाउँठाउमा गाडी फेरबदल गरी अर्को दिन जिल्ला प्रहरी कार्यालय कैलालीमा पुर्याएको हो। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। उक्त टिकापुर आन्दोलनमा म गएको पनी थिईन। म उक्त घट्नाको योजनाकार पनी होईन। टिकापुर घट्ना भएको केही दिन पछी २०७२/०५/०९ गते म टिकापुरमा जादा प्रशासनको आडमा अखण्ड सदुरपश्चिमका कार्यकर्ताले टिकापुर आसपासमा रहेका थारुहरुका पशल घर खोकाहरु छानीछानी तोडफोड गर्ने गरेको देखी मनमा ठुलो दुख एवं बिडम्बना जस्तो लाग्दा यस्तो हर्कत गर्दा उल्टै थारुहरु उत्तेजित हुने भएकाले यस्तो काम तत्काल रोक्नु पर्दछ, नत्र थारुहरु हतियार उठाउन बाध्य हुने हुदा जातिय सद्भाव बिगार्ने तत्वलाई कानूनी कार्वाही हुनु पर्दछ भनी फेसबुकमा लेखेको थिए। टिकापुरमा घट्ना भएपछी कर्फ्यू लागेकै अवस्थामा प्रशासनको आडमा थारुहरुको घर छानीछानी बिध्वंसात्मक ढंगबाट आगजनी भएको र ठुलो क्षती पुर्‍याई जातिय द्धन्द श्रृजना गराउने गरी भएको सो आगजनीको गाम्भिर्यतालाई मेरो भित्री मनले नै सो भार थाम्न नसक्दा मैले सो भावना फेसबुक मार्फत लेखेको हु। आन्दोलन हिंसात्मक बनाउने कल्पना कदापी सोचेको पनी थिएन, घट्नास्थलबाट बरामद भएका दशीका सामानहरु के कुन स्थानबाट

बरामद भएका हुन मलाई थाहा छैन। म माथी शंकाको भरमा उजुरी लगाएका हुन साथै हाल चलिरहेको अधिकारको आन्दोलनलाई दबाउने हिसाबले म समेत उपर झुठा मुद्दा सृजना गरिएको हो। टिकापुर घट्ना वारदातमा मेरो कुनै संलंग्नता नरहेको हुदा मलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी लक्ष्मण थारु(चौधरी)ले यस अदालतमा गरेको बयान।

१५५. **प्रतिवादी बिश्राम चौधरीले यस अदालत समक्ष गरेको बयान**

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। प्रहरीले मलाई मेरो बुवा बाजेको नाम थार वतन मात्र सोधेका थिए बाकी ब्यहोरा प्रहरी आफैले लेखी मलाई जवरजस्ती सहिछाप मात्र गराएका हुन। वारदात मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। म अपाङ्ग भएको कारण प्राय घर मै बस्ने गर्दछु। टिकापुर घट्ना भएको दिन म आफ्नै घरमा थिए। उक्त घट्नाको बारेमा मैले सोही दिनको नेपाल दर्पण समाचारबाट थाहा पाएको हु। म माथी झुठा आरोप लगाईएको छ। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। अनुसन्धानको क्रमा मेरो पोलियोग्राप गरिएको थियो त्यसमा मलाई सोधिएका प्रश्नहरुको यथार्थ जवाफ मैले दिएको थिए तर के कसरी सो रिपोर्ट परक पर्न गयो मलाई थाहा छैन।घट्नास्थलबाट बरामद भएका दशीका सामानहरु के कुन स्थानबाट बरामद भएका हुन मलाई थाहा छैन। म माथी किन झुठा आरोप लगाईयो मलाई थाहा छैन। म उक्त घट्नामा संलग्न थिईन।घट्नापूर्व गाउघरमा घट्नाको बारेमा योजना बनाएको सम्बन्धमा पनी मलाई केही थाहा छैन।वारदात घट्नामा मेरो कुनै संलग्नता नरहेको कारण मलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी बिश्राम चौधरीले यस अदालतमा गरेको बयान।

१५६. **प्रतिवादी करण चौधरीले यस अदालत समक्ष गरेको बयान**

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप मेरो नै हो। वारदात घट्नास्थलबाट बरामद भएका सामानहरु मध्ये सो दिन बन्चरो र चक्कु प्रतिवादी प्रदिप चौधरीको हातमा थियो। तरबार टिक्लीगढका मान्छेहरुको हातमा देखेको हु। अन्य सामानहरु को कस्को हातमा थिए मलाई थाहा भएन। प्रतिवादी सुन्दरलाल कठरिया बाहेकको नाम थाहा छैन निजको ठेगाना थाहा भएन। निजलाई मैले

घट्नास्थलमा देखेको हु। तर निजको हातमा कुनै हातहतियार देखेको थिएन। निजको हातमा प्लेकार्ड देखेको थिए। साथै निजले कोही कसैलाई कुटपीट गरेको देखेको पनी थिईन। प्रतिवादी प्रदिप चौधरीले प्रहरीको हातबाट हतियार खोसी श्रवण चौधरीलाई दिई श्रवण चौधरीले हतियार लगी गएको देखेको हु। प्रतिवादी राजाराम चौधरीले वारदातमा प्रहरीलाई मार्दाको अवस्थामा मोबाईलमा रेकर्ड गरेको देखेको हु। त्यहा अन्य मानिसले पनी रेकर्ड गरि रहेका देखेको हु तिनिहरुको नाम थाहा छैन। वारदात घट्ना भई प्रहरीलाई मारे पश्चात मलाई रेशमलाल चौधरी र नाम थाहा नभएका ब्यक्तीहरुले काधमा राख्दै बधाई छ भाई भनी भनेका थिए। काडेतार बेरिएको लाठी उक्त वारदातका समयमा प्रतिवादी श्रवण चौधरीले हातमा लिई SSP लाई हिर्काएको हो। उक्त लाठी हाल प्रहरीले बरामद समेत गरि ल्याएको मध्येकै हो। हाल फरार रहेका प्रतिवादीहरु मध्ये टिकापुर-९ बस्ने फुलराम चौधरीलाई चिन्दछु। उक्त दिन निजको हातमा प्लेकार्ड थियो। अन्य फरार प्रतिवादीहरुलाई चिन्दिन। वारदातका समयमा प्रहरी निरिक्षक समेतका ४ जना ब्यक्ती सुरक्षाकर्मीलाई प्रतिवादी प्रदिप चौधरी समेतले भाग्दै गर्दा पछाडीबाट बन्चरोले हानी ढालेका हुन। अन्य ब्यक्तीहरुलाई म चिन्दिन। मैले नचिनेका ब्यक्तीहरुले सुरक्षाकर्मीहरुलाई आगो समेत लगाएको देखेको हु। सो मध्येका प्रतिवादी राजाराम चौधरीले पेट्रोल खन्याएका हुन। घट्नापूर्व चिलिमे चौराहको गोल्डेन स्कुलमा मिटिङ भएको थियो त्यहा के कुन योजना भयो मलाई थाहा भएन। उक्त घट्नामा मैले एक जना ब्यक्तीलाई लाठीले कुटपीट गरेको हु। निज हाल ज्यूदै छन। प्रहरीबाट हात हतियार प्रतिवादी रेशमलाल चौधरी, श्रवण चौधरी र प्रदिप चौधरीले लुटि लगेका हुन। संचार सेट कस्ले लगे थाहा भएन। प्रतिवादी श्रवण चौधरीले यस अदालतमा बयान गर्दा वारदात घट्नामा मेरो कुनै संलग्नता छैन भनी गरेको बयान झुठा हो। निजको समेत उक्त घट्नामा संलग्नता रहेको थियो। प्रतिवादी मध्येका भेषालाल चौधरी बाहेक सबैको उक्त घट्नामा संलग्नता रहेको छ। उक्त घट्नामा रमेश चौधरीको हातमा काडेतार बेरिएको लाठी नरेश चौधरीको हातमा चक्कु, लालु चौधरीको हातमा लाठी, श्रवण चौधरीको हातमा भाला, राजाराम चौधरीको हातमा लाठी र गोपालको हातमा समेत लाठी थियो। निजहरु समेतले सुरक्षाकर्मीहरुलाई कुटपीट गरेका हुन। प्रतिवादी लाहुराम चौधरी र लक्ष्मण चौधरीलाई मैले घट्नास्थलमा देखेको थिएन। निजहरुको घट्नामा कुनै संलग्नता रहेको छैन। वारदातको दिन प्रतिवादी रेशमलाल चौधरीको हातमा लाठी थियो। सोही लाठीले सुरक्षाकर्मीलाई हिर्काएका हुन। मैले लाठीले हानेकै हो मलाई अभियोग दावी बमोजिम

सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी करन चौधरीले निजको बुवा सिताराम चौधरीको रोहबरमा यस अदालतमा गरेको बयान।

१५७. <u>प्रतिवादी श्रवण चौधरीले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। प्रहरीले मलाई मेरो बुवा बाजेको नाम थार वतन मात्र सोधेका थिए बाकी ब्यहोरा प्रहरी आफैले लेखी मलाई जवरजस्ती सहिछाप मात्र गराएका हुन। वारदात मिति २०७२/०५/०७ गतेको दिन म मेरो स्कुलमा कोचिङको लागी गएको र दिउसो म आफ्नो घरमा आएको हु। घर आई खाना खाई सकेपछी गाउकै मानिसहरुले टिकापुरमा कार्यक्रम छ जानु पर्छ भने पछी टिकापुर जाने भनी मोतीपुर भन्ने स्थानमा पुग्दा टिकापुरबाट मानिसहरु भाग्दै आई रहेको देखी म टिकापुर तिर नगई तिनीहरुसंग नै आफ्नो घर आएको हु। वारदात घट्ना कहा भयो को कसको संलग्नता रहेको छ मलाई थाहा छैन। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। प्रहरीले मलाई मिति २०७२/०५/२५ गते पक्राउ गरे पश्चात सोधपुछ गर्दा मैले सो दिन नचिनेका ब्यक्तीहरुले स्कुल नजिकै हतियार जस्तो सामान तोडफोड गर्दै गरेको देखेको ब्यहोरा भनेको हु। तत्पश्चात नजिकै झाडीमा एस.एल.आर.को सईड कभर प्रहरीले फेला पारी बरामद गरेका हुन। घट्ना वारदातका मूख्य योजनाकार को हुन थाहा भएन। म उपर के कती कारणले आरोप लगाए थाहा भएन। मेरो वारदात घट्नामा कुनै संलग्नता नरहेको हुदा अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी श्रवण चौधरीले यस अदालतमा गरेको बयान।

१५८. <u>प्रतिवादी लाहुराम चौधरीले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। ब्यहोरा प्रहरी आफैले लेखी मलाई जवरजस्ती सहिछाप मात्र गराएका हुन। मिति २०७२/०५/०७ गते म धनगढीको कार्यक्रममा थिए। म थारुहट संघर्ष समिति कैलालीको संयोजक भएकोले सो दिन म कैलालीमा भएको शान्तीपूर्ण र्‍याली गरी जिल्ला प्रशासन कार्यलयको अगाडी जादै गर्दा प्रहरीले रोक्दा हामी त्यही कोणसभा गरी २ जना वक्ताहरुलाई मात्र बोल्ने अवसर दिई कार्यक्रम चलाई रहेको अवस्थामा टिकापुरबाट

कसैले फोन गरी घट्नाको बारेमा जानकारी गराएपछी हामीले कैलालीको कार्यक्रम छोट्याई केही बेर मै समापन गरेका हौ। साझ रेडियो टि.भि.बाट समाचार सुनी घट्नाको बारेमा पूरुण जानकारी पाएको हु। मिति २०७२/०५/२४ गते प्रहरीले मलाई मेरै घरबाट पक्राउ गरी लगेका हुन। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। को कसले उक्त घट्ना घटाए मलाई थाहा भएन। उक्त दिन म धनगढीमा भएकोले केही थाहा छैन। उक्त घट्नाका मुख्य योजनाकार को हुन त्यो पनी थाहा भएन। थारुवान थारुहटको केन्द्रिय कार्यक्रम बमोजिम सरकारी कार्यालयमा थारुवान थारुहट स्वायत्त प्रदेश लेखेकोबोर्ड टास्ने गरी शान्तीपूरुण आन्दोलन गर्ने हाम्रो निर्णय बमोजिम टिकापुरमा ७ गतेकै दिन कार्यक्रम राखिएको रहेछ। सो कुरा मैले घट्ना घटी सकेपछी मात्र थाहा पाएको हु। उक्त घट्ना घटाउन मैले बचन दिएको कुरा निराधार एवं झुठा हो। म हिंशात्मक गतिबिधीको बिरोध गर्ने मानिस हो। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। घट्नास्थलबाट बरामद भएका सामानहरु देखाउदा देखे। यी सामानहरु के कहाबाट बरामद भएका हुन मलाई थाहा छैन। म थारुहट थारुवान संघर्ष समितीको जिल्ला संयोजक भएका कारण शंकाको भरमा मलाई झुठा आरोप लगाएका हुन। मेरो वारदात घट्नामा कुनै संलग्नता नरहेको हुदा अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी लाहुराम चौधरीले यस अदालतमा गरेको बयान।

१५९. <u>प्रतिवादी प्रदिप चौधरीले यस अदालत समक्ष गरेको बयान</u>

मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई निर्घातरुपमा कुटपीट गरी जवरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त ब्यहोरा मेरो होईन। ब्यहोरा प्रहरी आफैले लेखी मलाई जवरजस्ती सहिछाप मात्र गराएका हुन। मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। उक्त दिन बिहान घरको काम गरी दिउसो गाउघरकै स-साना केटा केटीहरुलाई ट्यूसन पढाई घर मै बसेको थिए। पछी गाउकै पसलमा जादा गाउकै बन्सीराम खुसिराम चौधरी समेत बसी टिकापुर घट्नाको बारेमा कुरा गरी रहेका सुनी टिकापुर घट्नाको बारेमा जानकारी पएको हु। प्रस्तुत रदात घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। घट्ना वारदातमा को कसको संलग्नता रहेको छ त्यो पनी थाहा छैन। हाल म संगै प्रहरी हिरासतमा रहेका प्रतिवादी करन चौधरीले मैले सुरक्षाकर्मीहरुबाट एस.एल.आर.हतियार खोसी लगेको हुन

भनी मौकामा गरि दिएको बयान ब्यहोरा झुठा हो। निजलाई हाम्रो गाउघरमा दिमाग खुस्केको मानिस भनी भन्ने गरेका छन। निजले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। निजसंग मेरो कुनै रिसईबी छैन, किन झुठा बयान गरी मेरो पोल गरे थाहा भएन। हाल समंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरुको घट्नामा संलग्नता रहे नरहेको सम्बन्धमा पनी मलाई थाहा छैन। अनुसन्धानको क्रममा झिकाईएको CALL details मेरो होईन। सो मा भएको मोबाईल नं. र नाम ठेगाना समेत फरक रहहेको छ। वारदात घट्नाबाट बरामदी दशीका सामान के कहाबाट बरामद भए थाहा भएन। प्रतिवादी करन चौधरीले वारदातमा मेरो हातमा चक्कु र बन्चरो देखेको भनी गरेको बयान झुठा हो। मलाई के कारणले झुठा आरोप लगाईयो थाहा भएन। तर मैले घट्ना वारदातमा कुनै संलग्नता नरहेकोले मैले अभियोग दावी बमोजिम सजाय पाउनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने ब्यहोराको प्रतिवादी प्रदिप चौधरीले यस अदालतमा गरेको बयान।

१६०. **प्रतिवादी नुरुल अलीजागा भन्ने तहौबर अलीजागाले यस अदालत समक्ष गरेको बयान**

मैले अनुसन्धान अधिकबारी समक्ष गरेको बयान ब्यहोरा र सहिछाप मेरो नै हो। वारदात मिति २०७२/०५/०७ गते म आफ्नै गाउको भलमान्सेको घरमा छिमेकीको झगडा मिलाउन गएको र साझ ५ बजे मात्र त्यहाबाट फर्की आफ्नो घर आएको थिए। वारदात घट्ना के कसरी भयो को कसको संलग्नता रहेको छ, सो बिषयमा मलाई केही थाहा छैन। टिकापुर घट्नाको बारेमा मैले २०७२/०५/०८ गते बिहान रेडियोबाट समाचार सुनी थाहा पाएको हु। घट्नास्थल टिकापुर पशुहाट बजार देखी मेरो घर मोटरसाईकलमा बरिब १ घण्टाको समय लाग्ने दुरीमा रहेको छ। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरुले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। घट्नास्थलबाट बरामद भएका सामानहरु देखाउदा देखे। यी सामानहरु के कहाबाट बरामद भएका हुन मलाई थाहा छैन। के कती कारणले ममाथी झुठा आरोप लगाईयो मलाई थाहा भएन तर मैले अभियोग दावी बमोजिम कसुर गरेको नहुदा मलाई सजाय हुनु पर्ने होईन भन्ने समेत ब्यहोराको प्रतिवादी नुरुल अली जागा भन्ने तहबर अली जागाले यस अदालतमा गरेको बयान।

१६१. **प्रतिवादी बिसराम चौधरी कुस्मीले यस अदालत समक्ष गरेको बयान**

मिति २०७२/०५/०७ गते म आफ्नै गाउमा रहेको मेरो आफ्नै केराबारी तथा नर्सरीमा काम गरी रहेको थिए। को को प्रतिवादी भई घट्ना घटाएका हुन थाहा भएन। मैले नेपाल तथा ईजरायल समेत गई केरा खेतीको लागी तालिम गरी केरा खेती गर्दै आएको छु। म एक्लो मान्छे भएको कारण मलाई आफ्नो केराबारी छोडी अन्त जान फुर्सद पनी हुदैन। घट्नाको सम्बन्धमा मलाई केही थाहा छैन। घट्नाको सम्बन्धमा सोही दिन साझ टेलिभिजनमा समाचार सुनी थाहा पाएको हु। प्रतिवादी श्रवण चौधरी र प्रदिप चौधरीले अनुसन्धानमा मेरो समेत संलग्नता रहेको भनी किन बयान गरी दिए थाहा भएन। निजहरुलाई म चिन्दिन। म थारुवान थारुहट संघर्ष समितिको कुनै पदमा बसेको छैन, मलाई राजनीतिमा कुनै चासो पनी छैन। मलाई मिति २०७२/१२/२३ गते प्रहरीले पक्राउ गरेका हुन। मैले वारदातको दिन कुनै पनी प्रतिवादीलाई भेटघाट गरेको छैन। साथै उक्त दिन कुनै पनी प्रतिवादीसंग फोन सम्पर्क पनी भएको छैन। घट्नाबाट बरामद भएका सामानहरु को कसबाट बरामद भए मलाई थाहा छैन। मैले अभियोग दावी बमोजिम कुनै कसूर गरेको नहुदा सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी बिसराम कुस्मी चौधरीले यस अदालतमा गरेको बयान।

१६२. <u>प्रतिवादी बिद्रोह भन्ने सिताराम चौधरीले यस अदालत समक्ष गरेको बयान</u>

मिति २०७२/०५/०७ गते मैले कुनै कसैलाई कर्तब्य गरी मारेको छैन। सोही मिति २०७२/०५/०७ गते गाउकै भलमन्सा ईश्वरी प्रसाद चौधरीले गाउका सबै मानिसहरुलाई पहिला थापापुर गाविस.को कार्यालयमा गएर थारुहट स्वायत्त प्रदेश लेखु पर्छ। त्यसपछी सबै जना आन्दोलन गर्न टिकापुर जानुपर्छ नजाने ब्यक्तीलाई जरिबाना समेत गरीने साथै गाउ निकाला गरिने भनी खबर गरेकाले हामी गाउका तिन चार सय जना भेला भई थापापुर गाविस.मा गई त्यहा थारुहट स्वायत्त प्रदेशको बोर्ड लेख्यौ। त्यसपछी त्यहाबाट हातथमा लाठी मुङ्ग्रो बोकी टिकापुर जाने क्रममा जोशीपुरको करमण्डी भन्ने ठाउमा पुगेपछी मेरो साईकलको रिङ भाचिएपछी त्यहाबाट म घर फर्की गई घरबाट मोटरसाईकल ल्याई टिकापुर जाने बेला टिकापुरको मोतिपुर भन्ने ठाउमा बसी रक्सी खाई रहेको अवस्थामा टिकापुरमा गोली चलेको आवाज सुनी त्यही स्थानबाट घर फर्की आएको हु। म पहिले ने.क.पा.माओवादीको सेना भएको कारण मेरो नाउँमा झुठा मुद्दा दिएका हुन। म सो दिन घट्नास्थलमा पुग्न नपाउदै घट्ना भएका कारण घर फर्केको हु। आन्दोलनमा नजानेलाई जरिबाना गरी गाउ निकाला गर्ने भनी थारु नेताहरुले धम्की दिएका हुदा बाध्य भएर आन्दोलनमा जाने भनी गएको हु। टिकापुर घट्नामा ८

जना सुरक्षाकर्मी र एक जना नाबालको मृत्यु भएको कुरा सो को भोलिपल्ट रेडियोबाट सुनी थाहा पाएको हु। म थापापुर गाविस.वडा नं.७ नवलपुर गाउको थारुवान थारुहट संघर्ष समिती संयोजक थिए। म घट्नास्थलमा नगएको कारण मलाई सजाय हुनुपर्ने होईन। दोषी को हो कसको कमान्डमा घट्ना घट्न गएको हो एकिन गरी कारवाही हुनुपर्दछ भन्ने ब्यहोराको प्रतिवादी बिद्रोह भन्ने सिताराम चौधरीले यस अदालतमा गरेको बयान।

१६३. **प्रतिवादी चुन्निराम चौधरीले यस अदालत समक्ष गरेको बयान**

मिति २०७२/०५/०७ गते मलाई थारुहट थारुवान संघर्ष समिती क्षेत्र नं.३ का संयोजक रामचन्द्र चौधरीले आज तपाई टिकापुरमा हुने आन्दोलनमा जानु पर्दछ। त्यहा वालपेन्टिङ समेत गर्नु पर्ने हो पोलिस समेत किनेर ल्याउनु होला भनी खबर गरेकाले म साईकल चढी जोशीपुर बजार गई पोलिस किनी जोशीपुरको झवहीस्थित रामजानकी मन्दिरको पर्खालमा थारुहट संयुक्त राज्य परिषद जिन्दावाद भन्ने लेखी वालपेन्टिङ गरि रहेको अवस्थामा त्यहीबाट धेरै मानिसहरु हातहातमा लाठी भाटा बोकी टिकापुरतर्फ गई रहेको देखी तपाईहरु किन लाठी बोकेर जानु भएको हाम्रो आन्दोलन त शान्तीपुर्ण तरिकाले गर्ने भनिएको छ भनी भनेको थिए। मैले भनेपनी मानिसहरु लाठी भाटाहरु बोकी टिकापुर गईसकेपछी म पनी काम सकाएर आन्दोलनमा जाने सोच बनाई काम गरिरहेको अवस्थामा बरिब २ बजेको समयमा मानिसहरु टिकापुरबाट चिच्याउँदै, हल्ला गरी घरतर्फ फर्की रहेको देखी किन फर्किनु भयो भनी सोध्दा टिकापरमा घट्ना भयो भनी भनेका थिए। पछी FM रेडियोहरुबाट आन्दोलनकारीहरुबाट टिकापुरमा २/४ जना प्रहरीको हत्या भयो भन्ने समाचार सुनी घट्नाको बारे थाहा पाएको हु। घट्नामा को को ब्यक्तीको संलग्नता थियो मलाई थाहा भएन। म पनी आन्दोलनमा जानेवाला थिए तर काम गर्दा गर्दै ढिला भएका कारण जान पाएन। म घट्नास्थल नपुगी जोशीपुरबाट फिर्ता भएको हु। म थारुवान थारुहट संघर्ष समिती क्षेत्र नं.३ को सह-सचिव पदमा कार्यरत रहेको छु। हामीले मिति २०७२/०५/०७ गते जोशीपुर गाविस झवहीमा शान्तीपूर्ण आन्दोलनको लागी भेला हुने भन्ने निर्णय गरेका थियौ। टिकापुरका साथिहरुले टिकापुरमा रहेका सरकारी कार्यालयहरुमा थारुहट स्वायत्त प्रदेश लेख्ने निर्णय भएको छ तपाईहरु टिकापुर आउनुहोस भनी भनेपछी हामीले हाम्रो सम्पर्कमा भएका मानिसहरुलाई टिकापुर जाने जानकारी गराएका थियौ। मलाई वालपेन्टिङको जिम्मा दिएको हुदा टिकापुर पुग्न सकिन। प्रतिवादी प्रदिप चौधरी र श्रवण चौधरीले टिकापुर घट्नामा मेरो समेत संलग्नता

रहेको भनी अनुसन्धानमा गरेको बयान झुठा हो। निजहरुलाई म चिन्दिन। मिति २०७२/११/२७ गते प्रहरीले मलाई मेरै पशलबाट पक्राउ गरेका हुन। वारदात घट्नास्थलमा मेरो संलग्नता नरहेको कारण मलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी चुन्निराम चौधरीले यस अदालतमा गरेको बयान।

**१६४. प्रतिवादी राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी समेत २४ जनाको हकमा यस अदालतमा गरेको थुनछेक आदेशः**

मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, अन्य सह-अभियुक्तहरुको बयान कागज, बुझिएका मानिसहरुको कागज व्यहोरा, वस्तुस्थिती मुचुल्का तथा पोलीग्राम परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन समेतका आधार, कारण र प्रमाणबाट पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई यि प्रतिवादीहरु राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी समेत २२ जनाको हकमा थुनामा पठाउने लाई मुलुकी ऐन अ.बं. ११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका लागी कानुन बमोजिम थुनामा रख्न नियमानुसार सुविधा पाउने गरी थुनुवा पुर्जि दिइ जिल्ला कारागार कार्यालय कैलाली, धनगढीमा पठाईदिनु र प्रतिवादी श्रवण चौधरी र करन चौधरी १६ बर्ष मुनिका २ जना नाबालक देखिंदा, निजहरुको हकमा बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (१) र (२) को दावी समेत देखिंदा बालसुधार गृह सराङ्कोट पोखरामा पठाउनु भन्ने यस अदालतको मिति २०७२।०६।२४ गते भएको थुनछेक आदेशलाई पुनरावेदन अदालत दिपायल र सम्मानित सर्वोच्च अदालतबाट समेत सदर भएको देखिन्छ।

**१६५. <u>प्रतिवादी रेशमलाल चौधरीले यस अदालत समक्ष गरेको बयान</u>**

कैलालीको टिकापुरमा घट्ना हुनुपूर्व अखण्ड सुदुरपश्चिम र थारुहट प्रदेशको बिषयलाई लिएर आन्दोलन चली रहेको अवस्थामा सो आन्दोलनको सम्बन्धमा छलफल बिचारबिमर्स गर्नकोलागी २०७२/४/३० गते जिल्ला प्रशासन कार्यालय कैलालीमा सर्वदलिय बैठक बसेको थियो। उक्त बैठकको मुख्य उद्देश्य आन्दोलन नगर्ने सबै नेताहरुले आ-आफ्नो कार्यकर्तालाई सम्झाउने भन्ने भएको थियो। मिति २०७२/०४/०२५ गते अम्रेश कुमार सिँह, राजेन्द्र महत्तो, उपेन्द्र यादव र सुरेन्द्र चौधरी लगायतका नेताहरु आई टिकापुरमा सम्पन्न गरेको आमसभाले पहाडी समुदाय र थारुहरु बिचमा सद्भाव कायम गर्नुको सट्टा बिभाजनको रेखा कोरे जस्तो बनाएको थियो। मिति

२०७२/०५/०६ गते टिकापुरमा सर्बदलिय बैठक बसी ७ गते टिकापुरमा रहेका सरकारी कार्यालयहरुमा बोर्ड ब्यानर टास्ने कार्यक्रम रहेको भनी मलाई जानकारी भएकोले समाजमा शान्ती नखलबलियोस भन्ने उद्देश्येले त्यहाका एस.एस.पी.साबलाई भोली हाम्रो कार्यक्रम रहेको छ भनी जानकारी गराएको थिए। मिति २०७२/०५/०७ गते पनी शान्ती नबिग्रियोसभनी मधेशी दल भनिएका स्थानिय नेताहरुलाई पनी शान्तीपूर्ण हिसाबले कार्यक्रम गर्नु होला भनी सम्झाएको थिए। मिति २०७२/०५/०७ गते म दुर्गौली भन्ने स्थानमा आए। त्याहाका स्थानिय नेताहरुलाई तोडफोड नगरौ, शान्तीपूर्ण तरिकाले माग राखु नै सबैभन्दा उत्तम उपाय हो भनी सम्झाउन लागेको थिए। उता मुनुवा गाविस.अन्तर्गतको चिलिमे चौराहामा भिड जम्मा हुदै थियो भन्ने कुरा थाहा पाई सो कुरा शशस्त्रका एस.एस.पी.लक्ष्मण न्यौपानेलाई पनी जानकारी गराएको थिए। त्यसपछी त्यहाका कार्यकर्ताहरुले आ-आफ्नो तर्क दिन थाले पछी उनिहरु संग कुराकानी नमिल्ला जस्तो भएपछी स्थानिय नेताहरुले आ-आफ्नो नेताहरुलाई सम्पर्क गरी त्यहाबाट उठेर गए। म चाही मेरो बर्दियामा काम भएको कारण बर्दियाको गुलरियातिर हिडे। म दुर्गौलीबाट लगभग ११ बजेतिर हिडेको हु। म ठाकुरद्धार पुग्न लाग्दा मोबाईलमा फोन आई टिकापुरमा त भिडन्त भयो भन्दा सानोतिनो झडप भयो होला भनी वास्ता गरिन त्यसपछी ओराली बजारमा पुगी गाडी रोकी चिसो कोक खान लाग्दा त्याहा टि.भि.मा टिकापुरमा द्धन्द भई २८/३० जना बेपत्ता भए भन्ने समाचार सुनेपछी म गुलरियाको ग्रिल पशलमा जादा त्यहाका पसलेले तपाईलाई त प्रहरीले खोजी राखेको छ के हो भनी भने पछी म त्यहो गोप्य स्थानमा सुरक्षितसाथ बसेको हु। टिकापुर घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। मैले कसैलाई निर्देशन गरेको पनी छैन। मैले कुनै योजना पनी बनाएको छैन। म प्रति लगाएको आरोप झुठा हो। म माथीझुठा आरोप लाग्नुको कारण म समाजमा केही गरौं समाजको बिकास गरौ जस्तै टिकापुर खक्रौला रोडको अगुवाई, बाडी पीडितलाई आफ्नैतर्फबाट राहत वितरण, स्व.खडक बहादुरको सालिक निर्माण जस्तो लोकप्रिय कार्य गरेको र टिकापुरमा महोत्सब गराउने र मेरो भाषण सुन्न जनता आतुर हुने भएकोले तत्कालिन आन्दोलनको जस लिने आफ्नो पक्षमा पनी बिभिन्न राजनैतिक दलका ब्यक्तीहरुको आकांक्षाको आधारमा म थारु जातीको हक अधिकारमा लाग्ने सामाजिक अभिप्राय लिई काम गर्ने व्यक्ती भएकाले फसाउने उद्देश्यले मलाई झुठा आरोप लगाएका हुन।

टिकापुर घट्ना भएपछि प्रहरीले मलाई खोजी रहेको छ भन्ने जानकारी पाएपछी सामाजिक सदभाव नबिग्रियोस भन्ने उद्देश्यले म यही मंसिर महिनामा भएको चुनावमा पनी लडे जनताले मलाई प्रतिनिधिसभामा बिजय पनी गराए। यदी मेरो लोकप्रियता नभएको भए जनताले मलाई भोट दिदैनन् थिए होला। यो राजनीतिक लडाई हो एकदिन त समाजमा मन्थन होला भन्ने लागी म आफ्नै जनताको घरदैलोमा बसेको थिए। प्रस्तुत मुद्दामा म सरहैको प्रतिवादी प्रदिप चौधरी श्रवण चौधरी लगायतका प्रतिवादीहरुले मलाई घट्नामा संलग्न रहेको घट्नाको योजना बनाई निर्देशन दिएको भनी गरि दिएको बयान झुठा हो। उनीहरुले के कुन दवावमा मेरो नाम लेखाउन पुगे मलाई थाहा भएन। प्रदिप चौधरी र चमन चौधरीसंगको Call details को सम्बन्धमा मैले तिनीहरुलाई सम्झाउन भेटेर कुराकानी गरौ भनी सम्पर्क गरेको हु। जाहेरवालालाई म चिन्दा पनी चिन्दिन। उहाको परिवारको सदस्यले सहादत प्राप्त गर्नु भएकोले जाहेरी दिएका हुन सक्छन। मौकामा कागज गर्ने मान बहादुर बुढा लगायतका ब्यक्तीहरुले आन्दोलनको नेतृत्व मैले गरेको भनी गरेको कागज झुठा हो। निजहरुलाई म चन्दिन। टिकापुरमा घट्ना हुदाका बखत म टिकापुर मा नभएकोले कसरी योजना बनाई निर्देशन दिन सक्छु? थारुहट संघर्ष समिति क्षेत्र नं.१ को संयोजक शुरुमा मलाई बनाईएको हो तर पछी नेताहरु आ-आफ्नो तरिकाले चल्न थालेपछी मैले बिभिन्न मिडियाकर्मीहरुलाई समेत बोलाई संयोजक नरहेको जानकारी समेत गराई सकेको छु। मिति २०७२/०५/०२ गते मेरो जेठानको मृत्यु भएकोले म काठमाण्डौ गएको थिए। नेपाली कांग्रेसका सभापती शेरबहादुर देउवाको परामर्समा जिल्ला प्रशासन कार्यालय कैलालीमा २०७२/०५/०५ गते बेलुकी आएको हु। ६ गते जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सर्वदलिय बैठकमा बसेको हु। सोही दिन बेलुकी टिकापुरको उग्रतारा शसस्त्र गण भित्रको सर्वदलिय बैठकमा पनी उपस्थित भएको छु। म कुनै घट्नाको योजनाकार र निर्देशक पनी होईन म प्रति लगाईएको सम्पुर्ण आरोपहरु झुठा हुन भन्ने ब्यहोराको प्रतिवादी रेशमलाल चौधरीले यस अदालतमा गरेको बयान।

**१६६. प्रतिवादी रेशमलाल चौधरीको यस अदालतमा गरेको थुनछेक आदेशः**

मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, अन्य सह-अभियुक्तहरुको बयान कागज, बुझिएका मानिसहरुको कागज व्यहोरा, वस्तुस्थिती मुचुल्का तथा पोलीग्राम परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन समेतका हृदय

विदारक तथ्य, आधार, कारण र प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ (ख) ले प्रमाणमा लिन मिल्ने नै देखिएकाले थप प्रमाणहरु बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई यि प्रतिवादी रेशमलाल चौधरीलाई मुलुकी ऐन अ.बं. ११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका लागी कानुन बमोजिम थुनामा रख्न नियमानुसार सुविधा पाउने गरी थुनुवा पुर्जि दिइ जिल्ला कारागार कार्यालय कैलाली, धनगढीमा पठाईदिनु भन्ने यस अदालतको मिति २०७४।११।१४ गतेको थुनछेक आदेश सम्मानित उच्च अदालत दिपायल र सम्मानित सर्वोच्च अदालतबाट समेत सदर भएको पाइन्छ।

**१६७. प्रतिवादी गंगाराम चौधरीले यस अदालतमा गरेको बयान**

म उक्त घटनामा संलग्न छैन मेरो उपर किन किटानी जाहेरी दिए र अन्य प्रतिवादीहरुले किन मेरोनाम उल्लेख गरे मलाइ थाहा छैन। मिति २०७२।०५।०७ गते घटना घटेको ठाउँमा म गएको छैन। म आफ्नो खेतवारीमा काम गरिरहेको थिए। प्रतिवादी श्रवण चौधरी र प्रदिप चौधरीले म पनि घटनास्थलमा थिए भनी किन पोल गरे मलाई थाहा छैन, तसर्थ अभियोग दावीबाट सफाइ पाउँ भन्ने प्रतिवादी गंगाराम चौधरीले यस अदालतमा गरेको बयान गरेको पाइन्छ।

**१६८. प्रतिवादी गंगाराम चौधरीको यस अदालतमा गरेको थुनछेक आदेशः**

मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, प्रतिवादीहरुको बयान कागज, बुझिएका मानिसहरुको कागज व्यहोरा, वस्तुस्थिती मुचुल्का तथा पोलीग्राम परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन समेतका आधार प्रमाणहरुबाट मिति २०७२।५।७ गते दिउसो प्रहरी वरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने, प्र.नि.बलराम बिष्ट, प्र.नि.केशव बोहरा, प्र.ह.श्याम बहादुर खडका, प्र.ज.लोकेन्द्र बहादुर चन्द, स.प्र.ब.ह.ललित साउंद, सहायक हवल्दार राम बिहारी चौधरी, प्र.ज.जनक नेगी समेतका ८ जना सुरक्षाकर्मीलाई र एक जना डेढ बर्षिय नावालकलाई कर्तव्य गरी मारेको भन्ने देखिन्छ। तसर्थ यसै मुद्दाका अन्य प्रतिवादीहरु समेत थुनछेक प्रयोजनार्थ पुर्पक्षकालागि थुनामा रहेको देखिंदा र यी प्रतिवादीलाई सह अभियुक्तहरु श्रवण चौधरी र प्रदिप चौधरीले म पनि घटनास्थलमा थिए भनी किटानी पोल गरेको देखिंदा यी प्रतिवादी गंगाराम डगौरा चौधरीलाई समेत सोहि आधार र कारणबाट थप प्रमाणहरु बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई यि प्रतिवादीलाई मुलुकी ऐन अ.बं. ११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका लागी कानुन बमोजिम थुनामा राख्न नियमानुसार सुविधा पाउने गरी थुनुवा पुर्जि

दिइ जिल्ला कारागार कार्यालय कैलाली, धनगढीमा पठाईदिनु भन्ने मिति २०७५।०८।२७ गतेको थुनछेक आदेश ।

१६९. <u>मौकामा बुझिएका घाईते केशबसिह महराले यस अदालत समक्ष गरेको वकपत्र</u>

मिति २०७२/०५/०७ गते म प्र.ना.नि.लोकसिँह भाटको निरिक्षणमा टिकापुर सुरक्षाको लागी खटिई गएको थिए। उक्त वारदात मितिका दिन करबि १२ बजेसम्म म ई.प्र.का. टिकापुरमा थिए। घट्नास्थलमा ढुङ्गा मुढा प्रहार भई थप सुरक्षाको आवश्यकता परेको जानकारी आयो। प्र.ब.उ.लक्ष्मण न्यौपानेको टोली घट्नास्थलतर्फ गएको हो। फेरी पनी थप सुरक्षाको माग भएको हुदा म प्र.ना.नि.लोकसिँह भाटको टोलीमा खटिई घट्नास्थल गएको थिए। म समेतको घट्नास्थलमा पुग्दा आन्दोलनकारीहरु अनियन्त्रित अवस्थामा थिए। हातहातमा बोतल भाला गुलेलीको साथ रहेका आन्दोलनकारीहरुले हामीलाई चारैतिरबाट घेर्दा हाम्रो टोली पछाडी हट्यो। आन्दोलनकारीहरुले मलाई बाया खुट्टामा बासको लठ्ठिले गुलेलिले बियरको खाली बोतलले टाउकोमा हान्दा म बेहोस भएपछी शसस्त्रको गाडीमा हाली मलाई अस्पताल पुऱ्याएका हुन। प्र.ब.उ.लक्ष्मण न्यौपानेको मृत्यु भई सकेको कुरा प्र.नि.केशव बोहराले भनी थाहा पाएको हु र म पछी अस्पतालमा हुदा प्र.नि.केशब बोहराको समेत मृत्यु भएको कुरा सुनेर थाहा पाएको हु। मलाई आन्दोलनकारीहरुले नै प्रहार गरी घाईते बनाएका हुन। को कुन ब्यक्तीले हानेका हुन थाहा भएन। आन्दोलनकारीहरु १५-२० हजारको हाराहारीमा थिए। अनुसन्धानको क्रममा मैले गरेको कागजको ब्यहोरा र सहीछाप मेरो नै हो। प्रतिवादी रेशमलाल चौधरीलाई मिति २०७२/०५/०६ गते टिकापुर शशस्त्र गणमा छलफलको क्रममा देखेर चिनेको हु। टिकापुर घट्नामा मैले निजलाई देखेको थिएन। मृतकहरुलाई कसले कस्लाई मारेको हो थाहा भएन भन्ने ब्यहोराको मौकामा बुझिएका घाईते केशब सिँह महराले गरेको बकपत्र।

१७०. <u>मौकामा बुझिएका घाईते दिपराज थापाले यस अदालत समक्ष गरेको वकपत्र</u>

मिति २०७२/०५/०७ गते प्र.ब.उ.लक्ष्मण न्यौपाने समेतको टोलीमा टिकापुर सुरक्षाको लागी म समेत खटी गएको हु। ५ गते देखी म त्यही थिए। उक्त वारदात मितिका दिन १२ बजे सम्म ई.प्र.का. टिकापुरमा थिए पछी घट्ना हुनु भन्दा अगाडी थप सुरक्षाको लागी प्र.नि.बलराम बिष्टको निरिक्षणमा टोली खटिई गएकोमा पुनःथप सुरक्षाको लागी माग भएको हुदा प्र.ब.उ.लक्ष्मण न्यौपानेको टोलीसंग म पनी उक्त घट्नास्थलमा गएको हु। म समेत लक्ष्मण न्यौपानेको टोली घट्नास्थलमा पुग्दा त्यहा

आन्दोलनकारीहरु अनियन्त्रित अवस्थामा थिए। आन्दोलनकारीहरुलाई सम्झाउन लक्ष्मण न्यौपाने आफै जादा आन्दोलनकारीहरुले चारैतिरबाट घेरी सकेका थिए। भिड नियन्त्रण गर्न अश्रुग्यास फ्याक्दा पनी भिड नियन्त्रण हुन सकेन पछी हामी पछाडी निस्कन लाग्दा म समेत अन्य सुरक्षाकर्मी पहिले नै घाईते भई अस्पताल लगेका हुन। मैले अस्पतालमा नै लक्ष्मण न्यौपाने समेतको मृत्यु भई सकेको कुरा सुनी थाहा पाएको हु।मलाई खुट्टामा लाठ्ठीले हानेका हुन, टाउकोमा ईटा वा ढुङ्गा के ले हानेका हुन थाहा भएन। चोट लागेर बेहोस भएको थिए। मलाई शुरुमा लाठिले हान्ने मानिस ५०-६० बर्षका थिए नाम ठेगाना थाहा भएन। लक्ष्मण न्यौपानेलाई आन्दोलनकारीहरुले मारेको प्रत्यक्ष देखिन कसले मारेका हुन थाहा भएन। प्रतिवादी लक्ष्मण थारुलाई टि.भि.मा देखेर चिनेको र रेशमलाल चौधरीलाई घट्ना हुनु भन्दा १ दिन अगाडी शसस्त्र गणमा देखेर चिनेको हु। उक्त वारदात घट्नाको दिन प्रतिवादी रेशमलाल चौधरीलाई पशु हाटबजार निजक गाडीमा देखेको हु भन्ने ब्यहोराको मौकामा बुझिएका घाईते दिपराज थापाको बकपत्र।

१७१. **<u>बादीका साक्षी रामचन्द्र जोशीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म ड्युटीमा टिकापुरमा थिए। उक्त दिन थरुहटको आन्दोलन थियो। आन्दोलनमा मानिसहरु करिब ५/७ हजारको संख्यामा थिए। उक्त घट्नामा नाबालक सहित ९ जनाको मृत्यु भएको थियो। उक्त घट्नामा म लगायत ५ जना शक्त घाईते भएका थियौ। जस मध्ये १ जनाको मृत्यु भएको थियो। अन्य सामान्य घाईते धेरै जना थिए। आन्दोलनकारीहरुले घरेलु हातहतियार भाला, गुलेली, बियरका बोतल फुटाएर सिसा बनाएका देखेको हु। मलाई ढुङ्गा ईटाले प्रहार गरी घाईते बनाएका हुन। मलाई घाईते बनाएपछी बेहोस भएको र आन्दोलनकारीहरुले मृत्यु भई सक्यो भनी छोडेर गएपछी प्रहरीसाथीहरु आई अस्पताल लगी उपचार भएको हो। मैले प्रहरीमा गरेको कागजको ब्यहोरा र सहिछाप मेरो नै हो। हामी अस्पतालमा उपचार गराई रहेको अवस्थामा अनुसन्धानका प्रहरीले प्रतिवादीहरुको फोटो देखाउदा चिनी प्रतिवादीहरुको नाम लेखाई दिएको हु। नाम मलाई थाहा थिएन। मलाई कुन प्रतिवादीले घाईते बनाएका हुन नाम थाहा छैन साथै मृतकलाई पनी कसले प्रहार गरी मारेका हुन थाहा भएन भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी रामचन्द्र जोशीले गरेको बकपत्र।

१७२. **<u>बादीका साक्षी महेश बोहराले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मिति २०७२/०५/०७ गते म आफ्नो घर बेलौरिमा थिए। उक्त टिकापुर घट्नामा प्रहरीतर्फ ८ जना र १ जना नाबालक गरी ९ जनाको मृत्यु भएको

हो। मृतक प्र.नी.केशब बोहरा मेरो सहोदर दाजु हुन। उक्त दिन मेरो दाजु केशब बोहरा प्रहरी भएकोले सुरक्षार्थ टिकापुर आउने जाने क्रम २/३ दिन अगावै चलि रहेको थियो। घट्नाको पछिल्लो दिन मृतक मेरो दाजु केशब बोहराको शव घरमा ल्याएपछी देखेको हु। मृतकको शरिरको खुट्टामा भाला जस्तो धारिलो हतियारले वारपार छेडिएको घाँउ थियो। टाउकोको पछाडी भागमा थिलथिलो हुने गरी चोट लागेको र पिठ्यूमा धारिलो हतियारको चोट तथा लठ्ठीको निलडाम रहेको थियो। मृतक मेरो दाजु केशब बोहराले वारदातको दिन बिहान ९ बजे तिर आमा र मलाई फोन गरी आन्दोलन शान्तीपूर्ण तरिकाको हुने भएकाले कुनै चिन्ता नलिनु भनी भन्नु भएको थियो। प्रतिवादीहरुसित मेरो प्रत्यक्ष चिनजान रहेको छैन। मिडीयामा नाम सुनेर र फोटो देखेर चिनेको हु भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी महेश बोहराले गरेको बकपत्र।

१७३. **बादीका साक्षी भरत बहादुर बिष्टले यस अदालत समक्ष गरेको वकपत्र**

मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। टिकापुर घट्नामा SSP लक्ष्मण न्यौपाने लगायत मेरो सहोदर दाजु बलराम बिष्ट सहित ८ जना सुरक्षाकर्मी र एक जना नाबालकको मृत्यु भएको थियो। आन्दोलनकारीहरुले भाला, खुकुरी, गुलेली लगायत हतियार प्रयोग गरी क्रुरता पूर्वक एवं अमानविय ढंगले निजहरुको हत्या गरिएको थियो। वारदातको दिन मेरो दाजु बलराम बिष्ट सुरक्षार्थ जानु भएको थियो। मृतकलाई मैले वारदातको भोलिपल्ट शव घरमा आएपछी देखेको हु। निजको शरिरको बिभिन्न भागहरु देब्रे आखामा रडले हानी आखा फुटेको टाउकोमा भाला रोपिएको देब्रे कोखिबाट अर्को कोखिसम्म भालाले छेडिएको पेटमा पनी एक छेउबाट अर्को छेउसम्म भाला रोपिएको अवस्थामा लाश देखेको हु। प्रतिवादीहरुको नाम मैले स्थानियहरुसंग सोधेर र संचार माध्यमहरुबाट सुनेर थाहा पाएको हु भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी भरत बहादुर बिष्टले गरेको बकपत्र।

१७४. **प्रतिबादी रेशमलाल चौधरीका साक्षी पूर्ण बहादुर चौधरीले यस अदालत समक्ष गरेको वकपत्र**

मिति २०७२/०५/०७ गते मेरो प्रतिवादी रेशम चौधरीसंग बिहान १० बजेतिर दुर्गौली चौराहामा आधा घण्टा जती भेट भएको थियो। भेट हुदा निज त्यहा जम्मा भएका मान्छेहरुलाई शान्तीपूर्ण तरिकाले आन्दोलन गर्नु पर्छ भनी सम्झाउदै हुनुहुन्थ्यो। टिकापुर निषेधित क्षेत्र भएको ठाउमा नजानु भन्दै हुनुहुन्थ्यो। त्यसपछी उहा ११ बजेतिर गुलरिया जानु भयो र म आफ्नो घरतिर गएको थिए। टिकापुर घट्नामा प्रतिवादी रेशम चौधरीको

कुनै संलग्नता छैन। निजको संयोजकत्व र निर्देशन पनी केही थिएन।उहा माथी लगाईएको आरोप मिथ्या हो। दुगौंली चौराहा देखी टिकापुर घट्नास्थल करिब ६/७ कि.मि.को दुरीमा रहेको छ।प्रतिवादी रेशम चौधरीले घट्ना हुनु भन्दा १०/१५ दिन अगाडी थारुहरुले मैले भनेको मान्दैनन, अब म थरुहटको नेतृत्व गर्दैन, भनी मौखिकरुपमा घोषणा गरि सक्नु भएको थियो। मिति २०७२/०५/०२ गते उहा काठमाण्डौ गई ऐ.५ गते बेलुकी काठमाण्डौबाट फर्की आउनु भएको साचो हो। प्रतिवादी रेशम चौधरी गुलरिया मोटरसाईकलमा गएका हुन भन्ने समेत ब्यहोराको प्रतिवादी रेशम चौधरीका साक्षी पूर्ण बहादुर चौधरीले गरेको वकपत्र।

१७५. **<u>प्रतिबादी सन्तोष चौधरीका साक्षी जित बहादुर चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म भग्रैया भन्ने गाउँमा थिए। प्रतिवादी सन्तोष चौधरी पनी त्यही थिए। त्यहा हेलुराम चौधरीको घरमा निजसंग बिहान ९ बजेको समयमा भेट भएको थियो। साथै त्यही खाना खाई बेलुकी ४-५ बजेतिर संगै घर फर्केका हौ। टिकापुर घट्नामा प्रतिवादह्री सन्तोष चौधरीको कुनै संलग्नता रहेको छैन। घट्नामा निज गएको पनी होईनन। किन झुठो आरोप लगाईयो थाहा छैन। निज निर्दोष छन। भग्रैया गाउँ र टिकापूर पशुहाट बजार करिब ५-६ कि.मि.को दुरीमा रहेको छ भन्ने समेत ब्यहोराको प्रतिवादी सन्तोष चौधरीका साक्षी जित बहादुर चौधरीले गरेको वकपत्र।

१७६. **<u>प्रतिबादी तहौबर अली जागाका साक्षी चन्द्रलाल डगौराले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। प्रतिवादी तहौबर अली जागा पनी मसंगै थिए। म गाउँको भलमन्सा भएको कारण गाउँको झगडा मिलाउन मानिसहरु मेरो घरमा जम्मा भएका र यी प्रतिवादी पनी त्यही आएका थिए। टिकापुर घट्नामा यी प्रतिवादीको कुनै संलग्नता रहेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी नुरुल जागा भन्ने तहौबर अली जागाका साक्षी चन्द्रलाल डगौराले गरेको वकपत्र।

१७७. **<u>प्रतिबादी बीर बहादुर चौधरीका साक्षी टटकान चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गतेको दिन म आफ्नै घरमा थिए। प्रतिवादी बीर बहादुर चौधरीसंग मौरनियामा २ बजेको समयमा भेट भएको र त्यो भन्दा पहिला पनी केराबारीमा हाल्ने पिना लिन जादा अं.१२ बजेको समयमा पनी मनिकापुर चौरमा भेट भएको थियो।

निज चुरोट बेच्न लागिरहेका थिए। टिकापुर घट्नामा निजको कुनै संलग्नता रहेको छैन। मौरनिया देखी टिकापुर १४/१५ कि.मि.को दुरीमा रहेको छ। निज माथी लगाईएको आरोप झुठा हो भन्ने समेत ब्यहोराको प्रतिवादी बीर बहादुर चौधरीका साक्षी टटकान चौधरीले गरेको वकपत्र।

१७८. **<u>बादी नेपाल सरकारका साक्षी जाहेरवाला शारदा कडायतले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मेरो श्रीमान केशव बोहराको मृत्यु मिति २०७२/०५/०७ गते टिकापुरको पशुहाट बजारमा भएको हो। मेरो श्रीमान ड्युटीमा रहेका बेला भिड नियन्त्रण गर्ने क्रममा हतियारधारी समूहले प्रहार गरी हत्या गरेका हुन। थरुहट आन्दोलनको नेतृत्व गर्ने प्रतिवादी रेशमलाल चौधरी, लाहुराम चौधरी, लक्ष्मण चौधरी, धनीराम चौधरी समेतको संलग्नतामा मेरो श्रीमानको हत्या भएको हो। मेरो श्रीमानको टाउको पछाडी धारिलो हतियारले काटिएको, हातका औंलाहरु काटिएका, पिठ्यूमा ठाउठाउमा भालाहरु रोपिएका थिए। यिनै प्रतिवादीहरुले सामुहिकरुपमा मेरो श्रीमानको हत्या गरेका हुन भन्नेसमेत ब्यहोराको जाहेरवाली शारदा कडायतले गरेको बकपत्र।

१७९. **<u>प्रतिबादी नुरुलअलि जागा भन्ने तहौबर अली जागाका साक्षी ईन्द्र कुमार मल्लले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते प्रतिवादी नुरुल अनी जागाले बिहान ९/१० बजेको समयमा मलाई फोन गरी गाउँमा झगडा भएकोले झगडाको बारेमा जानकारी गराएका थिए। गाउँमा झगडा नमिल्दा यी प्रतिवादी नुरुल अली जागा समेत गाउँका अन्य मानिसहरु भजनीमा म कहा आउदा संगै थिए। घट्नामा यी प्रतिवादीको कुनै संलग्नता रहेको छैन। किनभने यी फ्रतिवादी २०७२/०५/०७ गतेको बिहान ९/१० बजेदेखी ऐ.८ गतेको ११/१२ बजे सम्म मेरो प्रत्यक्ष सम्पर्कमा रहेका हुदा संलग्न रहेको छैन भनी भनेको हु। उक्त दिन म भजनीमा थिए। भजनी र टिकापुर पशुहाटबजार १८/१९ कि.मि.को दुरीमा रहेको छ भन्ने समेत ब्यहोराको प्रतिवादी नुरुलअली जागा भन्ने तहौबर अली जागका साक्षी ईन्द्र कुमार मल्लले गरेको बकपत्र।

१८०. **<u>बादी नेपाल सरकारका साक्षी रबिन्द्र धनुषेले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म टिकापुर ड्युटीमा खटीएको थिए। उक्त दिनि टिकापुरमा थरुहटको आन्दोलन रहेको थियो। आन्दोलनमा करिब २/३ हजार मानिसहरु रहेका थिए। आन्दोलनमा मानिसहरुले घरेलु हात हतियार बोकेका थिए। आन्दोलनमा

हत्या भएका एसएसपी लक्ष्मण न्यौपाने समेतका ९ जनाको हत्या गर्नमा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारु, प्रेम चौधरी, फिरुलाल चौधरी, राम कुमार कठरिया, बिश्राम चौधरी समेतको संलग्नता रहेको थियो। उक्त आन्दोलनमा म समेत घाईते भएको थिए। प्रतिवादीहरुलाई उक्त आन्दोलनको दिन आन्दोलनमा देखेको हुनाले चिनेको हु। तिनीहरुले हातमा गुलेली ढुङ्गा भाला ईट्टा समेतका चिजवस्तु लिएर आएका देखेको हु भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने रबिन्द्र धनुषेले गरेको बकपत्र।

१८१. **<u>प्रतिबादी रामनरेश चौधरीका साक्षी बीरबल चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मिति २०७२/०५/०७ गते म बर्दियाको राजापुरमा रहेको कालिका मा.बि.मा थिए। प्रतिवादी रामनरेश चौधरी पनी त्यही थिए। हामी दुबै जना उक्त बिद्यालयका शिक्षक हौ। टिकापुरमा भएको घट्नामा निजको संलग्नता रहेको छैन। बर्दियाको राजापुर देखी टिकापुर २५/३० कि.मि.को दुरीमा रहेको छ। घट्नापछी राम नरेशको घरमा गई प्रहरीले खोज तलास गर्दा घरमा नभेट्दा कतै घट्नामा संलग्न भएर घरबाट भागेर गएको हो की भन्ने शंकाको आधारमा निजलाई पक्राउ गरिएको हो तर निजको घट्नामा कुनै संलग्नता रहेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी रामनरेश चौधरीका साक्षी बीरबल चौधरीले गरेको बकपत्र।

१८२. **<u>बादी नेपाल सरकारका साक्षी जाहेरवाला जंग बहादुर साउदले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मेरो नाती नाबालक टेक बहादुर साउदको मृत्यु गोली लागेर मिति २०७२/०५/०७ गते मेरो आफ्नै घरको वरण्डा टिकापुरमा भएको हो। मैले पछी बुझ्दा गोली प्रतिवादी गणेश चौधरीले हानेको भन्ने सुनेको हु। मेरो छोरा नेत्र साउद पनी प्रहरी भएकोले टिकापुर घट्ना भएको ठाउ र मेरो घर नजिकै रहेको कारण मृतक प्रहरीहरुको लाश र घाईते प्रहरी मेरो घरको वरीपरी रहेकोले मेरो छोराले घाईते साथीहरु अस्पताल पठाउने र एक जना घाईते प्रहरीलाई घरमा लिई पानी खुवाई अस्पताल पठाएको प्रतिवादीहरुले देखी प्रहरीलाई सहयोग गर्यो भन्ने रिसले ७/८ राउण्ड गोली प्रहार गरेका हुन। गोली छोरालाई नलागी मेरो नातीलाई लागेको हो। उक्त घट्नामा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारु, रामजनम चौधरी, धनिराम चौधरी समेतको संलग्नता

रहेको छ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी जाहेरवाला जंग बहादुर साउदले गरेको बकपत्र।

१८३. **<u>प्रतिबादी लक्ष्मण चौधरीका साक्षी प्रकाश कुमार चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मिति २०७२/०५/०७ गते म दाङ्गको लमहीमा थिए र प्रतिवादी लक्ष्मण थारु पनी त्यही लमही बजारमा रहेको भुषाल गेष्ट हाउसमा भेट भई १० बजे तिर खाना खाई ११ बजे सम्म संगै बसी उहा र म छुट्टिएका हौ। टिकापुर घट्नामा प्रतिवादी लक्ष्मण थारुको कुनै संलग्नता रहेको छैन किनभने उक्त मितिमा निज दाङ्गको लमही बजारमा थिए। दाङ्गमा रहेको मान्छेले कैलालीको टिकापुरमा भएको घट्ना घटाउन सक्ने अवस्था रहदैन। लक्ष्मण चौधरी(थारु) थारु नेता भएको कारण निज माथी मुद्दा लगाईएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी लक्ष्मण चौधरी(थारु)का साक्षी प्रकाश कुमार चौधरीले गरेको बकपत्र।

१८४. **<u>प्रतिबादी प्रेम बहादुर चौधरीका साक्षी हरी शाहले यस अदालत समक्ष गरेको वकपत्र</u>**

प्रतिवादी प्रेम बहादुर चौधरी मेरो छिमेकी हुन। वारदात मिति २०७२/०५/०७ गते म आफ्नो काम बिशेषले भजनी गएको थिए र यी प्रतिवादी प्रेम बहादुर चौधरी पनी निजले संचालन गरेको क्लिनिकमा बिरामीहरुको उपचार गरि राखेको देखेको हु र साझ ५ बजे तिर फर्की आउने बेलामा पनी उनी आफ्नै क्लिनिकमा बिरामीहरुलाई हेरि राखेको देखेको हु। टिकापुर घट्नामा प्रतिवादी प्रेम बहादुर चौधरीको कुनै संलग्नता रहेको छैन। भजनी देखी टिकापुर २०/२५ कि.मि.को दुरीमा रहेको छ भन्ने समेत ब्यहोराको प्रतिवादी प्रेम बहादुर चौधरीका साक्षी हरी शाहले गरेको बकपत्र।

१८५. **<u>वादी नेपाल सरकारका साक्षी दिपेन्द्र सिँह धामीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मिति २०७२/०५/०७ गते म टिकापुरमा भएको घट्नास्थलमा नै थिए। घट्नास्थल वरपर करिब ३/४ हजारको संख्यामा मानिसहअरु भाला, खुडा, गुलेली लगायतका हतियार लिई उपस्थित भएका थिए। सुरक्षाकर्मी ५५/६० जना जती थियौ। एसएसपी लक्ष्मण न्यौपाने सहित ८ जनाको हत्या प्रतिवादी रेशमलाल चौधरीको नेतृत्वमा भएको सुनेको हु। मलाई पनी घट्नामा प्रतिवादीहरुले घाईते बनाएका थिए। प्रतिवादी रेशमलाल चौधरीको नेतृत्वमा घट्ना घटेको भन्ने कुरा सुनेर थाहा पाएको हु भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी दिपेन्द्र सिँह धामीले गरेको बकपत्र।

१८६. **<u>वादी नेपाल सरकारका साक्षी योगेन्द्र ऐरले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म टिकापुर घट्नास्थलमा नै थिए। म लगायत अन्य सुरक्षाकर्मीहरु आन्दोलन भएका कारण सुरक्षा गर्न त्यहा गएका थियौ। प्रतिवादी रेशमलाल चौधरीले नेतृत्व गरी थारुहटले आन्दोलन गरिराखेका थिए। आन्दोलनमा करिब ४/५ हजार मानिसहरु रहेका थिए। उक्त घट्नामा १ जना नाबालक सहित ९ जनाको हत्या भएको थियो। आन्दोलनकारीहरुले ईटा, गोली, लाठी, भाला समेतले प्रहार गरेका थिए। प्रतिवादी रेशमलाल चौधरीलाई प्रत्यक्ष देखेर चिनेको होईन नामले रेशम हो भनी चिनेको हु। आन्दोलनको नेतृत्व रेशमलाल चौधरीले गरेको भन्ने कुरा बिभिन्न माध्यमहरुबाट सुनी थाहा पाएको हु। आन्दोलनमा रेशमलाल चौधरीको प्रत्यक्ष उपस्थित भएको मैले देखेको थिईन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी प्रहरी जवान योगेन्द्र ऐरले गरेको बकपत्र।

१८७. <u>वादी नेपाल सरकारका साक्षी केशवराज जोशीले यस अदालत समक्ष गरेको वकपत्र</u>

वारदात मितिमा म टिकापुरको पशुहाट बजारमा थिए। उक्त दिन टिकापुरमा थरुहटको आन्दोलन रहेको र उक्त आन्दोलनको नेतृत्व प्रतिवादीहरु रेशमलाल चौधरीहरुले गरेका थिए। सो आन्दोलनमा मेरो टाउको हात खुट्टामा चोट लागेको थियो। आन्दोलनमा लगभग ८०००/-जती मानिसहरुको सहभागिता रहेको देखेको हु। मलाई को कसले प्रहार गरी घाँईते बनाए थाहा भएन।उक्त दिन SSP लक्ष्मण न्यौपाने, केशब बोहरा, बलराम बिष्ट, जनक नेगी लगायतका ९ जनाको मृत्यु भएको हो। आन्दोलनकारीहरुले भाला, त्रिशुल, बन्चरो समेत प्रहार गरी हत्या गरेका हुन। कुन कुन ब्यक्ती प्रहार गरी हत्या गरेका हुन मलाई थाहा भएन तर आन्दोलनमा रहेका ब्यक्तीहरुले नै प्रहार गरेका हुन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी प्रहरी जवान केशवराज जोशीले गरेको बकपत्र।

१८८. <u>प्रतिवादी श्रवण चौधरीका साक्षी केशवलाल महत्तोले यस अदालत समक्ष गरेको वकपत्र</u>

प्रतिवादी श्रवण चौधरीलाई म सानै बच्चादेखी चिन्दछु।मिति २०७२/०५/०७ गतेका दिन म आफ्नै घरमा थिए दिउसोतिर टिकापुर जादाखेरी प्रतिवादी श्रवण चौधरीसंग मेरो भेट मोतीजगर चोकमा भएको थियो। सो स्थानबाट टिकापुर हाटबजार करिब एक डेढ कि.मि.को दुरीमा रहेको छ। टिकापुर घट्नामा प्रतिवादी श्रवण चौधरीको कुनै संलग्नता रहेको छैन। निज बिहान ट्युसन पढेर दिउसो १२ बजे घर आई दिन भरी

आफ्नै घरमा थियो। टिकापुर गएको थिएन भन्ने समेत ब्यहोराको प्रतिवादी श्रवण चौधरीका साक्षी केशवलाल महतौको बकपत्र।

१८९. **<u>वादी नेपाल सरकारका साक्षी देव बहादुर मौनीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म टिकापुरमा सुरक्षाको लागी सोही स्थानमा थिए। टिकापुरमा आन्दोलन भएकाले म सुरक्षा गर्न त्यह गएको थिए। उक्त दिन टिकापुरमा प्रतिवादी रेशमलाल चौधरीको नेतृत्वमा करिब ७/८ हजार मानिसहरुकीको सहभागितामा आन्दोलन भई रहेको थियो। उक्त घट्नामा १ जना नाबालक सहित ९ जनाको हत्या भएको थियो। आन्दोलनकारीहरुले लाठी, ढुङ्गा, गुलेली समेतले प्रहार गरी मलाई समेत घाईते बनाएका हुन। साथै आन्दोलनकारीहरुले धारिलो हतियार भाला समेत प्रहार गरी हत्या गरेका थिए भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी देव बहादुर मौनीले गरेको बकपत्र।

१९०. **<u>वादी नेपाल सरकारका साक्षी भरतसिँह बुडालले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म टिकापुरमा SSP लक्ष्मण न्यौनानेको टोलीमा सुरक्षार्थ खटिएको थिए। उक्त दिन ८ जना प्रहरी र १ जना नाबालक गरी ९ जनाको हत्या भएको थियो। हत्या गर्ने ब्यक्तीहरु को को थिए तत्काल थाहा भएन, पछी बुझ्दा प्रतिवादी श्रवण चौधरी, प्रदिप चौधरी लगायतका ब्यक्तिहरु हुन भन्ने थाहा पाएको हु। उक्त टिकापुर घट्नाको नेतृत्व प्रतिवादी लक्ष्मण चौधरीले गरेका थिए। उक्त घट्नामा म समेत घाईते भएको थिए मेरो टाउको हात घाटी पिठ्यूमा चोट लागेको थियो।प्र दिप चौधरी र श्रवण चौधरीलाई म पहिले चिन्दिन थिए। पछी नाम थाहा पाएर चिनेको हु। प्रतिवादी लक्ष्मण चौधरीलाई पनी घट्नामा उपस्थित भएको देखिन। प्रतिवादी लक्ष्मण चौधरीको नेतृत्वमा शान्तीपुर्ण जुलुश आएको सूचना पाएका थियौ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी भरतसिँह बुडालले गरेको बकपत्र।

१९१. **<u>वादी नेपाल सरकारका साक्षी राम बहादुर ऐरले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म टिकापुरमा ड्युटी मा गएको थिए। उक्त घट्नामा म लगायत ३०/३५ जना घाईते भएका थियौ र ९ जनाको मृत्यु भएको थियो। प्रतिवादी रेशमलाल चौधरी र धनिराम चौधरीको नेतृत्वमा उक्त घट्ना घटाएका हुन। मृत्यु भएका ९ जनाको हत्या गर्ने मानिसहरु हाल थुनामा रहेका प्रतिवादीहरु रहेका हुनाले यिनीहरुले नै गरेका हुन। मलाई घाईते बनाउने मानिस को हुन थाहा भएन। टाढाबाट गुलेलीले हानेका थिए। आन्दोलनमा प्रतिवादीहरुको नाम थाहा थिएन। पछी अनुसन्धानमा पक्राउ

गरी ल्याएपछी जिल्ला प्रहरी कार्यालयमा चिनेर नाम लेखाएको हु। घट्नामा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण चौधरी र धनिराम चौधरीलाई देखेको थिईन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी राम बहादुर ऐरको बकपत्र।

१९२. <u>वादी नेपाल सरकारका साक्षी नेत्रराज पडालले यस अदालत समक्ष गरेको वकपत्र</u>

वारदात मितिमा थरुहटको आदोलनले टिकापुर बन्द भएकोले म टिकापुरमा ड्युटीमा खटी गएको थिए। आन्दोलनमा आन्दोलनकारीहरु हजारौको संख्यामा थिए। आन्दोलनकारीहरुले दिउसो डेढ बजेको समयमा आक्रमण गरेका थिए। आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेका थिए। आन्दोलनमा १ जना नाबालक सहित ९ जनाको हत्या भएको थियो। मृतक SSP लक्ष्मण न्यौनपानेलाई प्रतिवादी श्रवण चौधरीको हातमा रहेको भालाले प्रहार गरेका र अन्य प्रतिवादीहरुको हातमा भाटाहरु थिए, त्यसैले प्रहार गरी हत्या गरिएको हो। शुरुमा मलाई लाठी भाटाले प्रहार गरेका र म घाईते भएपछी प्रतिवादी प्रदिप चौधरीले मसंग भएको SLR हतियार खोसी लगेका हुन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी नेत्रराज पडालले गरेको बकपत्र।

१९३. <u>प्रतिवादी लाहुराम चौधरीका साक्षी काली प्रसाद चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>

मिति २०७२/०५/०७ गते म धनगढीमा थिए। धनगढीको मालपोत कार्यालयमा आफ्नो लेखापढी ब्यवसायी गरि राखेको थिए। प्रतिवादी लाहुराम चौधरी पनी धनगढीमा नै थिए। बिहान १० बजेको समयमा निजसंग मेरो भेट भएको थियो। हाम्रो भेट भएपछी निजले आज हाम्रो शान्तीपूर्ण कार्यक्रम रहेको छ सहभागी भई दिनुपर्‍यो भनी भने पछी म पनी कार्यक्रममा सहभागी भई दिउसो डेढ बजेतिर जिल्ला प्रशासन कार्यालय अगाडी कोणसभामा परिणत भई कोणसभामा प्रतिवादी लाहुराम चौधरी सभाको सभापती भई अन्त्यमा सभाको समापन पनी गर्नु भएको थियो। सभा बिसर्जन भएपछी प्रतिवादी लाहुराम चौधरी र म संगै मालपोत कार्यालयमा गई मालपोत नजिकै रहेको चिया पशलमा चिया खाई साझको ४ बजेको समयमा आ-आफ्नो घरतिर गएका थियौ। उक्त दिन प्रतिवादी लाहुराम चौधरी धनगढी भन्दा अन्यत्र कतै गएका थिएनन्। प्रतिवादी लाहुराम चौधरी बुद्ध धर्मका अनुयायी हुन, उनले घट्ना घटाउन बचन दिएका होलान भन्ने मलाई लाग्दैन। निजको घट्नामा कुनै संलग्नता रहेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी लाहुराम चौधरीका साक्षी काली प्रसाद चौधरीले गरेको बकपत्र।

१९४. **प्रतिवादी लाहुराम चौधरीका साक्षी गोपीलाल चौधरीले यस अदालत समक्ष गरेको वकपत्र**

मिति २०७२/०५/०७ गते म धनगढीमा थिए। धनगढीको मालपोत कार्यालयमा आफ्नो लेखापढी ब्यवसायी गरि राखेको थिए। प्रतिवादी लाहुराम चौधरी पनी धनगढीमा नै थिए। दिउसो डेढ बजेको समयमा निजसंग मेरो भेट भएको थियो। जिल्ला प्रशासन कार्यालय अगाडी कोणसभामा परिणत भई कोणसभामा प्रतिवादी लाहुराम चौधरी सभाको सभापती भई अन्त्यमा सभाको समापन पनी गर्नु भएको थियो। सभा बिसर्जन भएपछी प्रतिवादी लाहुराम चौधरी र म संगै मालपोत कार्यालयमा गई मालपोत नजिकै रहेको चिया पशलमा चिया खाई साझको ४ बजेको समयमा आ-आफ्नो घरतिर गएका थियौ। धनगढी देखी टिकापुर करिब १०० कि.मि.को दुरीमा रहेको छ। प्रतिवादी लाहुराम चौधरी उक्त दिन धनगढीमा भएका हुदा टिकापुरमा भएको घट्नामा निजको संलग्नता रहेको छैन। निज निर्दोष रहेका हुदा निजलाई कुनै प्रकारको सजमय हुनु पर्ने होईन भन्ने समेत ब्यहोराको प्रतिवादी लाहुराम चौधरीका साक्षी गोपीलाल चौधरीलेगरेको बकपत्र।

१९५. **वादी नेपाल सरकारका साक्षी लक्ष्मी खड्काले यस अदालत समक्ष गरेको वकपत्र**

मेरो श्रीमान श्याम खड्काको हत्या तिन बर्ष पहिले टिकापुरमा भएको हो। मेरो श्रीमानको हत्या प्रतिवादी रेशमलाल चौधरीसमेतले गर्यो भन्ने सुनेकी हु। मेरो श्रीमान जनपद प्रहरीमा कार्यरत रही टीकापुरमा ड्युटीमा रहेको अवस्थामा हत्या भएको हो। प्रतिवादी रेशमलाल चौधरीफलाई म चिन्दिन निजले नै हत्या गरेका हुन भनी पत्रपत्रिका समाचार गाउँघरमा सुनेको आधारमा भनेकी हु भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी लक्ष्मी खड्काले गरेको बकपत्र।

१९६. **वादी नेपाल सरकारका साक्षी जाहेरवाला प्रकाश खड्काले यस अदालत समक्ष गरेको वकपत्र**

मिति २०७२/०५/०७ गते म आफ्नै कार्यलय बैजनाथ बाहिनी अत्तरियामा थिए। उक्त घट्नामा मेरो दाजु श्याम खड्का लगायत ९ जनाको मृत्यु भएको थियो। थरुहटका कार्यकर्ता रेशमलाल चौधरीको नेतृत्वमा मेरो दाजु समेतको हत्या गरेका हुन। मेरो दाजुको शरिरको ठाउठाउमा भालाले हानेको चोट बन्चरो प्रहार गरेको घाउ र परालले जलाईएको थियो। प्रतिवादी रेशमलाल चौधरी घट्नामा उपस्थित भएको मैले देखेको थिईन। बिभिन्न संचार माध्यमहरुबाट निजले नेतृत्व गरेको कुरा सुनेर थाहा पाएको हु

भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी जाहेरवाला प्रकाश खड्काले गरेको बकपत्र।

१९७. **<u>प्रतिवादी बिश्राम चौधरीका साक्षी धनिराम चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गतेको दिन बिहान करिब नौ बजेको समयमा म प्रतिवादी बिश्राम चौधरीको घरमा गएको थिए। निज पनी आफ्नै घरमा थिए। निजको घरमा खाना खाई सो दिन दिनभरी बिश्राम चौधरी र म निजकै घरमा बसी गफगाफ गरी बिताएका थियौ। बेलुका ३/४ बजे तिर निजको घरबाट म आफ्नो घर फर्की आएको हु। उक्त वारदातको दिन दिनभरी हामी दुबै जना निजको घरमा संगै भएको कारण टीकापुर घट्नामा निजको कुनै संलग्नता रहेको छैन। प्रतिवादी बिश्राम चौधरीको घर र टिकापुर घट्नास्थल करिब ६/७ कि.मि.को दुरीमा रहेको छ भन्ने ब्यहोराको प्रतिवादी बिश्राम चौधरीका साक्षी धनिराम चौधरीले गरेको बकपत्र।

१९८. **<u>वादी नेपाल सरकारका साक्षी नरेश कुमार चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म आफ्नै घर टिकापुर न.पा.वडा नं.१ मा थिए। घट्नास्थल टिकापुर पशुहाट बजार र मेरो घर करिब ३०० मिटरको दुरीमा रहेको छ।उक्त वारदातको दिन कसको आन्दोलन थाहा भएन। म आफ्नो घरभित्र रहेकोले कती आन्दोलनकारी थिए त्यो पनी थाहा भएन। घट्ना पश्चात सडकमा लाठीहरु फालिएको मैले देखेको हु। अन्य के कस्ता हतियार थिए मैले देखिन। मृतकहरुलाई कसले माऱ्यो त्यो पनी थाहा भएन। आन्दोलन अवधीभर म घरभित्र रहेको थिए भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी नरेश कुमार चौधरीले गरेको बकपत्र।

१९९. **<u>वादी नेपाल सरकारका साक्षी गोपाल पुनले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म आफ्नै घर टिकापुर न.पा.वडा नं.१ मा थिए। घट्नास्थल टिकापुर पशुहाट बजार र मेरो घर करिब ५० मिटरको दुरीमा रहेको छ। उक्त वारदातको दिन कसको आन्दोलन थियो थाहा भएन। आन्दोलनमा हजारौ मानिसहरुको उपस्थिति रहेको थियो। आन्दोलनकारीहरुले के कस्ता हतियार बोकेका थिए मैले देखिन। घट्ना पश्चात लाठी घट्नास्थलमा देखेको हु। मृतकहरुलाई आन्दोलनकारीहरुले ढुङ्गाले हानेर लाठ्ठीले सिलौटाले किला ठोकेर हत्या गरेका थिए। कसले हत्या गरेको हो मलाई थाहा भएन। प्रहरीमा गरिएको कागजमा मेरो भनेको कुरा

लेखिएको छैन। मैले आज बकपत्र गर्दा भनेको कुरा नै भनेको थिए। मैले कुनै किसिमको हात हतियार र घट्ना भएको देखेको थिईन भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी गोपाल पुनले गरेको बकपत्र।

२००. <u>वादी नेपाल सरकारका साक्षी केशे भण्डारीले यस अदालत समक्ष गरेको वकपत्र</u>

मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए।मेरो घरदेखी घट्नास्थल टिकापुर पशुहाटबजार अन्दाजी ५० मिटरको दुरीमा रहेको छ। उक्त दिन पशुहाटबजारमा थरुहटको आन्दोलन रहेको थियो। आन्दोलनमा हजारौ मानिसहरु सहभागी रहेका थिए। आन्दोलनकारीहरुले ९ जना सुरक्षाकर्मीहरु समेतको हत्या गरेका थिए। उक्त दिन आन्दोलनकारीहरुको हातमा गुलेली, भाला, फरुवा, खन्ती, सिसाका बोतल समेत थिए भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी केशे भण्डारीले गरेको बकपत्र।

२०१. <u>वादी नेपाल सरकारका साक्षी रबिन्द्र बि.क.ले यस अदालत समक्ष गरेको वकपत्र</u>

वारदात मिति२०७२/०५/०७ गते म घट्नास्थलमा नै ड्युटीमा थिए। सो दिन थरुहटको आन्दोलन भएका कारण हामी सुरक्षार्थ खटिई गएका थियौ। आन्दोलनकारीहरुले हाम्रो टोली उपर आक्रमण गर्दा म समेतका १०/१२ जना सुरक्षाकर्मी घाईते भएका हौ। स संगै घाईते भएका २ जनाको मृत्यु भएको हो। उक्त घट्नामा ९ जनाको मृत्यु भएको थियो। निजहरुलाई आगो लगाई रडले भालाले प्रहार गरी हत्या गरेका थिए। मलाई प्रहार गरी घाईते गराउने र मृतकहरुलाई प्रहार गरी हत्या गर्ने को को हुन एकिन थाहा भएन। प्रतिवादी रेशमलाल चौधरीलाई मैले घट्नास्थलमा देखेको थिईन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी रबिन्द्र बि.क.ले गरेको बकपत्र।

२०२. <u>वादी नेपाल सरकारका साक्षी प्रदिप चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>

वारदात मिति २०७२/०५/०७ गतेको दिन म लगायत ३५ जनाको सशस्त्र प्रहरीको टोली टिकापुर पशुहाट बजारमा ड्युटीमा थियौ। हामी आन्दोलनको सुरक्षार्थ ड्युटीमा रहेको बेला आन्दोलनकारीहरुले हात-हातमा गुलेली लाठी चिरपट भाला लगायतका हतियार बोकी हामीहरुलाई घेरा हामी आक्रमण गरी ९ जनाको हत्या गरेको र म लगायतलाई घाईते बनाएका हुन। उक्त दिन टिकापुरमा आन्दोलन रहेको कारण निषेधित क्षेत्र घोषणा गरी ड्युटी गरी राखेको अवस्थामा आन्दोलनकारीहरुले निषेधित क्षेत्र तोडी सुरक्षाकर्मीहरु माथी आक्रमण गरेका हुन। आन्दोलनकारीहरुले आक्रमण गरे पछी

हामीले आत्मसुरक्षाको लागी हवाई फायर गरेका हौ। आदोलनकारीहरु हजारौको संख्यामा भएकाले कसले आकर्मण गरेका हुन एकिन भन्न सक्दिन। मृत्यु भएका ९ जनाको हत्या आन्दोलनकारीहरुले नै गरेका हुन कसले गर्यो नाम म चिन्दिन भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी प्रदिप चौधरीले गरेको बकबपत्र।

२०३. **वादी नेपाल सरकारका साक्षी गणेश बहादुर साउँदले यस अदालत समक्ष गरेको वकपत्र**

टिकापुरमा भएको मिति २०७२/०५/०७ गतेको घट्नामा १ जना नाबालक सहित ९ जना सुरक्षाकर्मीको हत्या भएको थियो। उक्त दिन म पनी घट्नास्थलमा नै थिए। उक्त घट्नामा हत्या गरिएका ब्यक्तीहरुको हत्या थरुहट आन्दोलनको नेतृत्व गरिरहेका प्रतिवादी रेशमलाल चौधरीको कमाण्डमा भएको हो। घट्नाको दिन घट्नास्थलमा मैले प्रतिवादी रेशमलाल चौधरीलाई घट्नास्थलमा देखेको थिईन। घट्ना भएको अघिल्लो दिन शान्तिपूर्ण आन्दोलन हुन्छ भन्ने सम्झौताको समयमा प्रतिवादी रेशमलाल चौधरीलाई देखेको हु भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी गणेश बहादुर साउदले गरेको बकपत्र।

२०४. **प्रतिवादी सन्तराम चौधरीका साक्षी बाशुराम डगौराले यस अदालत समक्ष गरेको वकपत्र**

बि.स. २०७२/०५/०७ गतेको दिन म आफ्नै घरमा थिए। बिहान १०/११ बजेको समयमा प्रतिवादी सन्तराम चौधरीसंग निजको कस्मेटिक पसलमा भेट भएको थियो। भेट हुदा पसलको सामान लिन र टिकापुरमा पढ्ने छोरालाई घर ल्याउन मुनुवा हुदै टिकापुर जाने भनी भन्दै हुनुहुन्थ्यो। बेलुका साझ ४ बजेतिर फेरी भेट हुदा टिकापुर गएर छोरालाई र पशलको सामान लिएर आउनु भयो भनी सोध्दा टिकापुरमा आन्दोलन भई मानिसहरुको भिड टिकापुरबाट फर्की रहेको देखी आफु पनी टिकापुर जान नसकी बिचबाटो बाट फर्की आएको भनी भन्नु भएको थियो। हाम्रो गाउँ र टिकापुर करिब १९/२० कि.मि.को दुरीमा रहेको छ। टिकापुरमा भएको घट्नामा निज प्रतिवादी सन्तराम चौधरीको कुनै संलग्नता रहेको छैन। निजको आचरण राम्रो छ। निज निर्दोष मानिस हुन। निजको घट्नामा संलग्नता नरहेको हुदा सफाई पाउनु पर्छ भन्ने ब्यहोराको प्रतिवादी सन्तराम चौधरीका साक्षी बाशुराम चौधरीले गरेको बकपत्र।

२०५. **प्रतिवादी बृजमोहन डगौराका साक्षी रामजीवन चौधरीले यस अदालत समक्ष गरेको वकपत्र**

मिति २०७२/०५/०७ गते म बिहान देखी साझसम्म आफ्नै घरमा थिए। दिउसो तिर साईकल चढी डेढ घण्टाको दुरिमा रहेको कृषी सहकारी मुनुवा बजार गएको थिए। मुनुवा बजारबाट डेढ बजेको समयतिर फर्कीने क्रममा पथरैयाको पुलमा प्रतिवादी बृजमोहनसैग भेट भएको र कहा जादैछौ भनी सोध्दा टिकापुर जादैछु भनी भन्दै हुनुहुन्थ्यो। मुनुवा बजार र टिकापुरको दुरी पैदल जादा डेढ घण्टाको समयलाग्ने दुरीमा रहेको छ। पछी दिउसो ३ बजेको समयतिर फेरी प्रतिवादी बृजमोहनसँग गाउँमा भेट हुदा टिकापुर जानु भएन भनी सोध्दा टिकापुर जादै गर्दा टिकापुरबाट मानिसहरुको भिड भागेर फर्किदै गरेको मोती नगरमा देखी म पनी टिकापुर नगई घर फर्की आए भनी भन्दै हुनुहुन्थ्यो। प्रतिवादी बृजमोहन डगौरालाई नेपाली भाषा बोल्न पनी आउदै र बोलेको पनी बुझ्दैन। प्रतिवादी बृजमोहन डगौराको टिकापुर घट्नामा संलग्नता रहेको छैन किनभने निज टिकापुर नपुगी बिचबाटो बाटै फर्की आएका हुन भन्ने ब्यहोराको प्रतिवादी बृजमोहन डगौराका साक्षी रामजीवन चौधरीले गरेको बकपत्र।

२०६. **<u>प्रतिवादी हरिनारायण चौधरीका साक्षी रमेश चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मितिमा म आफ्नै घरमा थिए। प्रतिवादी हरिनारायण चौधरीलाई रेडक्रसको गाडी आई निजलाई अस्पताल लैजाने क्रममा देखेको हु। पछी के भएको रहेछ भनी अस्पताल पुग्दा निजको पाखुरा खुट्टामा गोली लागेको देखेको हु। टिकापुरमा घट्ना हुदाको समयमा प्रतिवादी हरिनारायण चौधरी अस्पतालमा थिए। म पनी अस्पतालमा संगै थिए। घट्ना हुनु भन्दा अगाडी नै प्रहरीको गोली लागी प्रतिवादी हरिनारायण चौधरी अस्पतालमा भएको हुदा संलग्नता रहेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी हरिनायण चौधरीका साक्षीरमेश चौधरीले गरेको बकपत्र।

२०७. **<u>प्रतिवादी राजेश चौधरीका साक्षी सन्तराम डगौराले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गतेको दिन म आफ्नै घरमा थिए। बिहान १०.३० बजेको समयमा खाना खाई पुजाको सामान किन्न भनी जोशीपुर जादैगर्दा बाटोमा प्रतिवादी राजेश चौधरीलाई भेटेको हु। निज साईकलमा आलुको बोरा राखी बरगधी गाउँतिर बेच्न जादैछु भनी भन्दै हुनुहुन्थ्यो। पछी दिउसो २ बजेतिर म जोशीपुरबाट फर्कीदा राजेश चौधरी लकर भन्ने गाउँमा आलु बेच्दै गरेको देखेको हु। साथै बेलुकी ६ बजेतिर फेरी राजेश चौधरीलाई आफ्नै गाउँको चिया पशलमा चिया खाई रहेको देखेको हु।मेरो

गाउँबाट टिकापुर १४/१५ कि.मि.को दुरीमा रहेको छ। टिकापुर घट्नामा प्रतिवादी राजेश चौधरीको कुनै संलग्नता रहेको छैन भन्ने ब्यहोराको प्रतिवादी राजेश चौधरीका साक्षी सन्तराम डगौराले गरेको बकपत्र।

२०८. **<u>वादी नेपाल सरकारका साक्षी पतीपावन कठरियाले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते मआफ्नै घरमा थिए। मेरो घर घट्नास्थल पशुहाट बजारबाट करिब ४०० मिटरको दुरीमा रहेको छ। उक्त दिन टिकापुरमा थरुहटको आन्दोलन रहेको थियो। आन्दोलनको दिन म आफ्नै घरभित्र बसेको थिए। आन्दोलनमा के कस्ता हतियारहरु थिए मैले देखिन तर पछी घट्ना भई सकेपछी वारदातस्थलमा लाठी भाटा देखेको हु।घट्नामा मानिसहरुको मृत्यु भयो भन्ने कुरा पछी सुनेर थाहा पाएको हु। के कसरी मृत्यु हुन गयो थाहा भएन। प्रहरीमा मैले गरेको कागजको ब्यहोरा मेरो होईन प्रहरीले ब्यहोरा लेखेर मलाई सहिछाप गर्न लगाएका हुन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी पतिपावन कठरियाले गरेको बकपत्र।

२०९. **<u>प्रतिवादी बिश्राम भन्ने जित बहादुर डगौराका साक्षी भरतलाल डगौराले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते मआफ्नै घरमा थिए। दिउसो १२ बजेको समयमा प्रतिवादी जित बहादुर डगौरासंग बाटोमा भेट भएको थियो। म घरमा आई गाईवस्तुलाई घास हाली गाउँकै चोकमा जाँदा ३ बजेतिर निजसंग भेट भएको थियो। घट्ना भएको दिन प्रतिवादी जित बहादुर डगौरा दिन भरी म संगै रहेका थिए।टिकापुर घट्नामा निजको संलग्नता रहेको छैन। जाहेरी दरखास्त ब्यहोरा झुठा हो। अभियोग दावी बमोजिम निजलाई सजाय हुनु पर्ने होईन। वारदात मितिको दिन प्रतिवादी जीत बहादुर डगौरा टिकापुर गएका थिएनन् भन्ने ब्यहोराको प्रतिवादी बिश्राम भन्ने जितबहादुर डगौराका साक्षी भरतलाल डगौराले गरेको बकपत्र।

२१०. **<u>वादी नेपाल सरकारका साक्षी यज्ञ देवी भट्टले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। मेरो घर र वारदातस्थल टिकापुर पशुहाट बजार करिब ५०० मिटको दुरीमा रहेको छ। उक्त दिन आन्दोलन भएको देखेको हु। घट्नास्थल मेरो घरभन्दा अली टाढा भएकोले घट्ना भएको देखिन। गोली चलेको सुनेको हु। आन्दोलन थारुहरुको रहेको भन्ने सुनेकी थिए। कुन पार्टीको हो थाहा भएन। आन्दोलनकारीहरुले हातमा लाठी समातेका थिएदेखेकी हु। भाला हसिया

पनी समातेका थिए भन्ने सुनेकी हु। को कसले कसलाई हत्या गरेका हुन थाहा भएन। मृतक नाबालक टेक बहादुर साउदको घर र मेरो घर नजिकै रहेको हुदा गोली लागी मृत्यु भयो भन्ने सुनेको हु भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी यज्ञ देवी भट्टले गरेको बकपत्र।

२११. **<u>प्रतिवादी किसनलाल चौधरीका साक्षी जित बहादुर डगौरा ले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। म प्रतिवादी किसनलाल चौधरीको मिलमा धान कुटाउन गएको थिए। धान कुटाउने पालो कुर्दा ३-४ बजेको समय लागेको थियो। म पनी पालो कुरी दिनभरी निजसंगै निजकै मिलमा बसेको थिए। पछी मेरो पालो आई धान कुटाई म आफ्नो घर फर्की आएको र प्रतिवादी किसनलाल आफ्नै घरमा बसेका हुन। उक्त घट्ना भएको दिन निज दिनभरी आफ्नै मिलमा काम गरी मसंगै भएकोले निजको टिकापुर घट्नामा कुनै संलग्नता रहेको छैन। अभियोग माग दावी बमोजिम निजलाई सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी किसनलाल चौधरीका साक्षी जित बहादुर डगौराले गरेको बकपत्र।

२१२. **<u>वादी नेपाल सरकारका साक्षी शुशिला बर्माले यस अदालत समक्ष गरेको वकपत्र</u>**

टिकापुरमा भएको घट्नास्थल र मेरो घर नजिकै रहेको छ। घट्ना मेरो घरमा नै भएको हो। घट्ना हुदा म पनी घरमा नै थिए। SSP लक्ष्मण न्यौपानेको हत्या मेरो घरको आगनमा भएको हो। निजको हत्या आन्दोलनमा आएको भिडले लाठी ढुङ्गाले कुटपीट गरी गरेको थियो हत्या गर्नेको नाम थाहा भएन। आन्दोलन थरुहटको थियो। आन्दोलनमा हत्या भएका सबै जनाको हत्या भएको मैले देखेकी होईन। SSP लक्ष्मण न्यौपानेलाई मेरो घरबाट निकालेर हत्या गरेका हुदा देखेकी हु। आन्दोलनकारीहरुले पेट्रोल खन्याई हत्या गरेको देखेको होईन। खरले आगो लगाई धुवा निस्केको देखेको हो भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी शुशिला बर्मालेगरेको बकपत्र।

२१३. **<u>वादी नेपाल सरकारका साक्षी पबित्रा साउँदले यस अदालत समक्ष गरेको वकपत्र</u>**

घट्ना भएको मिति २०७२/०५/०७ गते टिकापुरमा मेरो श्रीमान ललित साउद समेतका ब्यक्तीहरुको हत्या भएको थियो। हत्या भएका सबै जनाको नाम मलाई थाहा छैन। SSP लक्ष्मण न्यौपाने सहित मेरो श्रीमानको हत्या प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण चौधरी लगायतका प्रतिवादीहरुले गरेका हुन। उक्त घट्नाको नेतृत्व प्रतिवादी

रेशमलाल चौधरीले गरेका थिए। घट्नामा संलग्नता प्रतिवादीहरु सबै जनाको रहेको छ भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी पबित्रा साउदले गरेको बकपत्र।

२१४. <u>वादी नेपाल सरकारका साक्षी मुकुन्द अधिकारीले यस अदालत समक्ष गरेको वकपत्र</u>

मिति २०७२/०५/०७ गते म टिकापुर पशुहाट बजारमा ड्युटीमा खटिई गएको थिए। टिकापुरमा उक्त दिन थरुहटको आन्दोलन रहेको थियो। उक्त घट्नामा १ जना नाबालक सहित ९ जनाको मृत्यु भएको थियो। हत्या गर्ने प्रतिवादीहरुको नाम उक्त दिन धेरै भिड भएको हुदा चिन्न सकिन पछी जिल्ला प्रहरी कार्यालयमा ल्याएपछी चिनेको हु। आन्दोलनमा पनी प्रतिवादीहरुलाई देखेको हुदा चिनेको हु। यिनै आन्दोलनकारीहरुले नै नौ जनाको बिवत्स हत्या गरेका हुन भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी मुकुन्द अधिकारीले गरेको बकपत्र।

२१५. <u>प्रतिवादी सिताराम भन्ने सन्तकुमार चौधरीका साक्षी भैरब महतौले यस अदालत समक्ष गरेको वकपत्र</u>

मिति २०७२/०५/०७ गते म आफ्नै घर मोतिनगरमा थिए। उक्त दिन लगभग ११.३० बजेको समयमा प्रतिवादीले आन्दोलनमा जाउ भनी मेरो घर आएका थिए। पछी मैले निजलाई उक्त आन्दोलनमा जानु हुदैन उता निषेधितक्षेत्र घोषणा गरिएको छ भनी सम्झाई गाउँकै होटलमा नास्ता खुवाई निजलाई घर फिर्ता पठाएको हु। टिकापुर घट्नामा निजको कुनै संलग्नता रहेको छैन। निज मेरै सामुन्ने आफ्नो घर फर्की गएका हुन। निज पूर्व माओवादी कार्यकर्ता भएको कारण शंकाले निज उपर उजुरी दिएका होलान। निजलाई कारवाही हुनु हुदैन। निज माथीको आरोप झुठा हो भन्ने ब्यहोराको प्रतिवादी सिताराम भन्ने सन्तकुमार चौधरीका साक्षी भैरब महतौले गरेको बकपत्र।

२१६. <u>वादी नेपाल सरकारका साक्षी जाहेरवाला मान बहादुर बोहराले यस अदालत समक्ष गरेको वकपत्र</u>

वारदात मिति २०७२/०५/०७ गते म टिकापुरमा नै सुरक्षार्थ ड्युटीमा खटिएको थिए। उक्त दिन टिकापुरमा थरुहटको आन्दोलन रहेको थियो। आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेका थिए भन्ने सुनेको थिए। आन्दोलनमा ४/५ हजार जनाको सहभागिता रहेको थियो। आन्दोलनमा १ जना नाबालक सहित ९ जनाको हत्या भएको थियो। २७/२८ जना घाईते भएका थिए। मलाई समेत चोट पटक लागेको थियो। प्रतिवादी राम कुमार चौधरी, लक्ष्मण थारु जित ब.चौधरी लगायतका २० जना प्रतिवादीहरुले सुरक्षाकर्मीहरुको हत्या गरेका थिए। प्रतिवादीहरुले घरेलु हातहतियार

हसिया, खुकुरी, बन्चरो, काठमा किला ठोकिर बनाएका घरेलु हतियार प्रयोग गरी हत्या गरेका हुन। प्रतिवादीहरुको नाम पहिले थाहा थिएन। जिल्ला प्रहरी कार्यालयमा ल्याएपछी चिनेको हु। मृतक बलराम बिष्टलाई म भन्दा करिब १०० मिटरको दुरीमा हत्या गरेका थिए। प्रतिवादी रेशमलाल चौधरी घट्नास्थलमा उपस्थित भएर कसैलाई प्रहार गरेको मेले देखेको थिईन भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी जाहेरवाला मान बहादुर बोहराले गरेको बकपत्र।

२१७. **प्रतिवादी प्रदिप चौधरीका साक्षी खुशिराम चौधरीले यस अदालत समक्ष गरेको वकपत्र**

मिति २०७२/०५/०७ गते म आफ्नै अफु श्री जनसेवक ग्रामिण सहकारी संस्थामा थिए। उक्त दिन प्रतिवादी प्रदिप चौधरी घास काटेर १० बजे तिर घास लिएर घर फर्किदा मेरै घर नजिक भेट भएको थियो। घरमा आएपछी खाना खाई ११ बजे देखी ३ बजेसम्म गाउँघरका केटाकेटीहरुलाई ट्यूसन पढाएका थिए। निजसंग मेरो छोरा पनी ट्यूसन पढ्ने हुनाले ट्यूसन पढाई सकेपछी निज प्रतिवादी प्रदिप चौधरीलाई मेरो अफिस नजिक भेटेको थिए। टिकापुर घट्नामा प्रतिवादी प्रदिप चौधरीको कुनै संलग्नता रहेको छैन। उक्त दिन निज टिकापुरमा गएकै छैनन्। निजमाथी लगाईएको आरोप झुठा हो। प्रतिवादी करन चौधरीको बयान झुठा हो। निजको दिमाग सन्तुलनमा हुदैन। निजको बोलीको ठेगान हुदैन। निज बिश्वासिलो मानिस पनी होईन भन्ने ब्यहोराको प्रतिवादी प्रदिप चौधरीका साक्षी खुशिराम चौधरीले गरेको बकपत्र।

२१८. **प्रतिवादी चुन्निराम चौधरीका साक्षी खडक बहादुर चौधरीले यस अदालत समक्ष गरेको वकपत्र**

वारदात मिति २०७२/०५/०७ गते म र प्रतिवादी चुन्निराम चौधरी जोशीपुरको रामजानकी मन्दिरमा पेन्टिङ गरि राखेका थियौ। उक्त दिन हामीहरुले करब १२ बजे देखी अढाई बजेसम्म वालपेन्टिङ गरेका हौ। अढाई बजेतिर वालपेन्टिङ गरि राखेको अवस्थामा टिकापुरबाट मानिसहरु भागेर आईरहेको देखी के भयो भनी सोध्दा टिकापुरमा झडप भएको छ, तिमिहरु पनी घर तिर गईहाल भनेपछी हामी दुबै जना आ-आफ्नो घरतिर गएका थियौ। हामी वालपेन्टिङ गरी राखेको रामजानकी मन्दिर र टिकापुरको दुरी करिब डेढ घण्टाको फरकमा रहेको छ। प्रतिवादी चुन्निराम चौधरीको टिकापुर घट्नामा कुनै संलग्नता रहेको छैन। निज निर्दोष छन भन्ने ब्यहोराको प्रतिवादी चुन्निराम चौधरीका साक्षी खडक बहादुर चौधरीले गरेको बकपत्र।

२१९. **<u>वादी नेपाल सरकारका साक्षी जाहेरवाला गोरख बहादुर साउँदले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मिति २०७२/०५/०७ गते म आफ्नै घर टिकापुरमा थिए। टिकापुर घट्नामा मेरो भाई ललित साउँद समेत ९ जनाको मृत्यु भएको थियो। उक्त दिन मेरो भाई सुरक्षार्थ सो स्थानमा गएको थियो। मृतक मेरो भाई ललित साउँदको घाटीमा धारिलो हतियारले काटिएको घाउ थियो। निधारमा निलडाम समेत थिए। घट्नास्थल देखी मेरो घर करिब ३ कि.मि.को दुरीमा रहेको छ। प्रतिवादी रेशमलाल चौधरी र म एकै ठाउमा बस्ने हुनाले चिनेको हु। प्र.लक्ष्मण थारुलाई नामले मात्र चिन्दछु। उक्त दिन घट्नाको समयमा म आफ्नै घर भएकोले घट्नामा को को प्रतिवादीहरु थिए थाहा भएन भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी जाहेरवाला गोरख बहादुर साउँदले गरेको बकपत्र।

२२०. **<u>प्रतिवादी चुन्निराम चौधरीका साक्षी जगराम डगौराले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म जोशीपुर गा.पा.वडा नं.४ मा रहेको मेरो पसलमा थिए। प्रतिवादी चुन्निराम चौधरी पनी त्यही रहेको रामजानकी मन्दिरमा ११ बजे देखी २ बजेसम्म वालपेन्टिङ गरिराखेको मैले देखेको हु। २ बजेपछी उनीहरु घरतिर गएका हुन। टिकापुर घट्नामा प्रतिवादी चुन्निराम चौधरीको कुनै संलग्नता रहेको छैन भन्ने ब्यहोराको प्रतिवादी चुन्नीराम चौधरीका साक्षी जगराम डगौराले गरेको बकपत्र।

२२१. **<u>प्रतिवादी बिसराम कुश्मी चौधरीका साक्षी माता प्रसाद चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म नारायणपुर-६स्थित प्रतिवादी बिसराम कुश्मी चौधरीको केराबारीमा थिए। यी प्रतिवादी पनी मसंगै केराबारीमा बिहान ६ बजे देखी बेलुकी ७ बजेसम्म काम गरी राखेका थिए। निज १५ बर्षदेखी केराबारी संचालन गर्दै आएका छन। उक्त दिन हामी दुबै जना केराबारीमा सरसफाई माटो हाल्ने काम मल हाल्ने काम साथै किटनाशक औषधी हाल्ने काममा थियौ। टिकापुर घट्नामा यी प्रतिवादीको कुनै संलग्नता रहेको छैन। खै के कुन कारणले निजको नाममा जाहेरी दिएका हुन मलाई थाहा छैन भन्ने ब्यहोराको प्रतिवादी बिसराम कुश्मी चौधरीका साक्षी माता प्रसाद चौधरीले गरेको बकपत्र।

२२२. **<u>प्रतिवादी राम कुमार कठरियाका साक्षी टिकाराम डगौरा थारुले यस अदालत समक्ष गरेको वकपत्र</u>**

वारदात मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। प्रतिवादी राम कुमार कठरियालाई पनी बिहान ११ बजेको समयमा खाना खाएर जंगलतिर घासकाट्न गएको देखेको हु र पछी ३ बजेतिर घास ल्याएर जंगलबाट आएको देखेको हु। टिकापुर घट्नामा प्रतिवादी रामकुमार कठरियाको कुनै संलग्नता रहेको छैन। प्रतिवादी राम कुमार कठरियालाई २०७२/०५/०८ गते बिहान प्रतिवादी राज कुमार चौधरीलाई गोली लागी टिकापुर अस्पतालमा उपचार गराई राखेको हुनाले कपडा र पैशा दिएर आउँ भनी जाँदा प्रहरीले पक्राउ गरेका हुन। निजको घट्नामा संलग्नता नरहेको हुँदा सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी राम कुमार कठरियाका साक्षी टिकाराम डगौरा थारुले गरेको बकपत्र।

२२३. **<u>प्रतिवादी सुन्दरलाल कठरियाका साक्षी लक्ष्मण कठरियाले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। बिहान १० बजेतिर प्रतिवादी सुन्दरलाल कठरिया हातमा प्लेकार्ड बोकेर जुलुशमा जाने भनेर गएको देखेको हु। घट्नामा निजको कुनै संलग्नता रहेको छैन। किनभने घट्ना घट्नु भन्दा पहिले नै निजलाई गोली लागी अस्पतालमा घाईते रहेको भन्ने कुरा मानब अधिकारकर्मी फिरुलाल चौधरीले गाउँमा जानकारी गराएका थिए। निजलाई गोली लागी बेहोस भएपछी टीकापुरमा घट्ना भएको हो। प्रतिवादी सुन्दरलाललाई अस्पतालमा गोली लागी उपचार गराई राखेको अवस्थामा प्रहरीले शंकाको आधारमा पक्राउ गरेका हुन। निजलाई घट्ना हुनुपूर्व नै गोली लागी घाईते भएको भन्ने कुरा सुनेर थाहा पाएको हु भन्ने ब्यहोराको प्रतिवादी सन्दरलाल कठरियाका साक्षी लक्ष्मण कठरियाले गरेको बकपत्र।

२२४. **<u>प्रतिवादी राम प्रसाद चौधरीका साक्षी जीत बहादुर चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म र प्रतिवादी राम प्रसाद चौधरीसंगै निजको घर जोशीपुर-४ झवहीमा थियौ। उनको घरबाट निस्केर आन्दोलनमा जाने भनी मुनुवासम्म पुगेको अवस्थामा टिकापुरबाट मानिसहरु भाग्दै आई रहेको देखी के भयो किन फर्केको भनी सोध्दा टिकापुरमा झडप भयो भनी भनेपछी हामीहरु पनी टिकापुर जानु हुदैन भनी टिकापुर जाने भनी राम प्रसाद चौधरीको घरबाट गएका सबै जना फर्की आ-आफ्नो

घरतिर गएका हौ। त्यहाबाट घरफर्की आएपछी एकछीन राम प्रसाद चौधरीको घरमा बसी टीकापुरमा भएको झडपको बारेमा बुझी साझ ४ बजेतिर म आफ्नो घर फर्की आएको हु। टिकापुर घट्नामा प्रतिवादी राम प्रसाद चौधरीको कुनै संलग्नता रहेको छैन। निजलाई अभियोग माग दावीबमोजिम सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको प्रतिवादी रामप्रसाद चौधरीका साक्षी जीत बहादुर चौधरीले गरेको बकपत्र।

२२५. **<u>प्रतिवादी दिल बहादुर चौधरीका साक्षी कृष्णलाल कठरिया थारुले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गतेको दिन म आफ्नै घरमा थिए। प्रतिवादी दिल बहादुर चौधरी पनी घरमा नै थिए। बिहान ८ बजेको समयमा निजले मलाई टिकापुरमा आन्दोलनमा जाउँ भनी भन्दै थिए। मैले मेरो काम भएको हुदा जान सक्दिन भनेको थिए। पछी दिउसो पौने १ बजेको समयमा पनी निजसंग घर नजिकै भेट भएको थिए। भेट हुदा आन्दोलनमा जाने भन्थेउ किन नगएको भनी भन्दा आन्दोलनमा जाने भनी गएको तर चिलिमे चौराहामा प्रहरीले रोकी आन्दोलनमा नजाउ भनी फर्काएपछी टिकापुर नगई फर्की घर आएको भनी मलाई भनेका थिए। टिकापुर घट्नामा प्रतिवादी दिल बहादुर चौधरीको कुनै संलग्नता रहेको छैन भन्ने ब्यहोराको प्रतिवादी दिल बहादुर चौधरीका साक्षी कृष्णलाल कठरिया थारुले गरेको बकपत्र।

२२६. **<u>प्रतिवादी राज कुमार कठरियाका साक्षी ज्ञान बहादुर चौधरीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म आफ्नै घरमा थिए। प्रतिवादी राज कुमार कठरियाको घर पनी मेरो घर नजिकै हुदा बिहान १० बजेको समयमा हातमा प्लेकार्ड बोकी टिकापुरमा शान्तीपूर्ण आन्दोलनमा जान्छु भनी गएका थिए। बेलुका ५ बजेतिर मानब अधिकारकर्मी फिरुलाल चौधरीले प्रतिवादी राज कुमार कठरियालाई १२ बजेतिर गोली लागी अस्पतालमा भर्ना भएको छ भन्ने जानकारी गराएका थिए। घट्ना हुनु भन्दा पहिले नै निजलाई गोली लागी अस्पतालमा भर्ना भएको हुदा निजको घट्नामा कुनै संलग्नता रहेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी राज कुमार कठरियाका साक्षी ज्ञान बहादुर चौधरीले गरेको बकपत्र।

२२७. **<u>वादी नेपाल सरकारका साक्षी आनसिँह बिष्टले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/०५/०७ गते म टिकापुरमा ड्युटीमा खटिएको थिए। उक्त दिन टिकापुरमा थरुहटको आन्दोलन थियो। उक्त आन्दोलनमा नाबालक सहित नौ जनाको मृत्यु भएको थियो। उक्त घट्नाको मुख्य योजनाकार प्रतिवादी रेशमलाल चौधरी हुन। हत्या कसले गरे नाम थाहा भएन। उक्त घट्नामा म लगायत २७/२८ जना घाईते भएका थियौं। उक्त घट्नामा कसले कसलाई प्रहार गरी घाईते बनाए मलाई थाहा भएन। मलाई घाईते बनाएपछी आफ्नो बचाउको लागी भाग्दै गर्दा मेरै अगाडी हत्या भएको देखेको थिए भन्ने ब्यहोराको वादी नेपाल सरकारका साक्षी आनसिँह बिष्टले गरेको बकपत्र।

२२८. <u>**वादी नेपाल सरकारका साक्षी जाहेरवाला दिपक न्यौपानेले यस अदालत समक्ष गरेको वकपत्र**</u>

मेरो दाई लक्ष्मण न्यौपानेको हत्या मिति २०७२/०५/०७ गते जिल्ला कैलाली टिकापुर न.पा.वडा नं.९ पशुहाट बजारमा गरेका हुन। मेरो दाई लक्ष्मण न्यौपाने नेपाल प्रहरीमा सेती अञ्चल प्रहरी कार्यालयमा SSP पदमा कार्यरत रहेका र टिकापुरमा थरुहटले आन्दोलन गरेको हुँदा सुरक्षा कायम गर्न उक्त स्थानमा खटिई जानु भएको थियो। उक्त आन्दोलनको नेतृत्व प्रतिवादीहरु रेशमलाल चौधरी, लक्ष्मण थारु लगायतका ब्यक्तीहरुले गरेका थिए। मेरो दाई लक्ष्मण न्यौपानेको हत्या घरेलु हात हतियार प्रहार गरी गरेको कुरा लाश देख्दा थाहा पाएको हुँ। हत्या प्रतिवादी रेशम चौधरीको निर्देशनमा यस मुद्दाका अन्य प्रतिवादीहरुले गरेका हुन। घट्ना वारदातका दिन म घटनास्थलमा थिईन, काठमाण्डौमा थिए। घट्नाको जानकारी मेरो दाईको अंगरक्षक र बाँच्नको लागी भागेर जसको घरमा जानु भएको थियो उनैको सम्पर्कबाट थाहा पाएको हुँ। घट्नाको मुख्य योजनाकार रेशमलाल चौधरी नै हुन भनी भन्नु पर्ने कारण घट्ना हुनु भन्दा केही दिन अगाडी राजेन्द्र महतो, अमरेश कुमार सिँह लगायतका नेताहरु टिकापुरमा आई भाषण गर्दा उक्साहटपूर्ण भाषण गरेका र रेशमलाल चौधरीलाई मुख्य योजनाकारको कार्यभार दिई घटना घटाईएको कुरा सञ्चार माध्यमहरुबाट जानकारी पाई लेखाएको हुँ। साथै रेशमलाल चौधरीले अनिवार्य रुपमा घरघरबाट १/१ जना हतियार सहित उपस्थित हुनु पर्ने भनी निर्देशन दिएको आधारबाट लेखाएको हुँ। घटनाको १ दिन अगाडी प्रतिवादी रेशमलाल चौधरीले सर्वदलिय बैठक गरी आन्दोलन शान्तीपूर्ण तरिकाले गर्ने त्यसको नेतृत्व मैले गर्ने भनी बैठकमा प्रतिबद्धता पनी जनाएका थिए। घटनाको दिन प्रतिवादी

लक्ष्मण थारु कहाँ थिए थाहा भएन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी जाहेरवाला दिपक न्यौपानेले यस अदालतमा गरेको बकपत्र।

२२९. **वादी नेपाल सरकारका साक्षी जाहेरवाला ओमकार थारुले यस अदालत समक्ष गरेको बकपत्र**

मिति २०७२/५/७ गते म बर्दिया प्रहरी कार्यालय मैनापोखरीमा थिए। शान्तिपूर्ण आन्दोलन गर्ने भनेका थारु आन्दोलनकारीहरुले उग्ररुप लिंदा सुरक्षार्थ खटिएका टोलीलाई प्रतिवादी रेशमलाल चौधरीको आदेश बमोजिम आक्रमण गरि जिउँदै जलाई मेरो दाई राम विहारी थारु समेतलाई कर्तव्य गरी मारेका थिए भन्ने कुरा अन्य पीडित पक्षबाट सुनी थाहापाई जाहेरी दिएको हुँ। प्रतिवादी रेशमलाल चौधरीले कहिले कसलाई आदेश दिए सो मलाई थाहा भएन भन्ने समेत व्यहोराको जाहेरवाला ओमकार थारुले यस अदालत समक्ष गरेको बकपत्र ।

२३०. **वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने सृजना थारुले यस अदालत समक्ष गरेको वकपत्र**

उक्त वारदातको दिन दिउँसो १२ बजेको समयमा मेरो श्रीमान स.प्र.ह.रामविहारी थारु समेत सो स्थानमा खटिएको अवस्थामा प्रतिवादीहरु रेशमलाल चौधरी, लक्ष्मण चौधरी, धनीराम चौधरी समेतका मानिसहरुले घेराबन्दी गरेका छन भनी प्रहरी जवान सिता थारुले फोन गरेको र पछि ३ बजेतिर मेरो श्रीमान रामविहारी थारु समेतको मृत्यु भएको भन्ने सुनेकी हुँ। प्रहरी जवान सिता थारुले मेरो श्रीमानको मृत्यु भएको खबर मात्र दिएकी हुन। कुन कुन प्रतिवादीको उपस्थिती थियो भनी केही भन्नु भएन। प्रतिवादीहरुको नाम मलाई थाहा छैन। रेशमलाल चौधरीको नाम सुनेकी हुँ निज घटनामा उपस्थित भए नभएको मलाई थाहा छैन। प्रहरीमा गरेको कागजको व्यहोरा र सहिछाप मेरै हो भन्ने समेत व्यहोराको मौकामा कागज गर्ने सृजना थारुले यस अदालत समक्ष गरेको बकपत्र।

२३१. **वादी नेपाल सरकारका साक्षी स.प्र.ज.खुशिराम चौधरीले यस अदालत समक्ष गरेको वकपत्र**

उक्त मितिको दिन म घटनास्थलमा ड्युटिमा खटिएको थिए। उक्त घटना भैंसी बजारमा घटेको थियो। सो घटनामा ९ जनाको मृत्यु भएको थियो। मृत्यु भएका ब्यक्तिहरु मध्ये राम विहारी चौधरी र लाले साउँदको नाम मात्र थाहा भएको, अन्यको नाम थाहा छैन। राम विहारी थारु समेतका ब्यक्तिहरुलाई कसले मारेका हुन मलाई थाहा भएन। निजहरुको हत्या आन्दोलनकारीहरुले गरेको हुनुपर्छ। सो घटनामा मेरो

दाहिने हातमा गुलेलीले चोट लागी रगत बगेकाले म त्यहाँबाट अस्पतालमा पुगेको थिए। गुलेली सबैले समाएको देखेको हुँ। आन्दोलनकारी मध्ये मलाई गुलेली कसले हान्यो मलाई थाहा छैन भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी बस्तुस्थिती मुचुल्का कागज गर्ने स.प्र.ज.खुशिराम चौधरीले यस अदालत समक्ष गरेको वकपत्र।

२३२. **<u>वादी नेपाल सरकारका साक्षी स.प्र.ज.खगेन्द्र बहादुर साउँदले यस अदालत समक्ष गरेको वकपत्र</u>**

उक्त मितिको दिन म घटनास्थलमा ड्युटिमा खटिएको थिए। सो वारदात स्थान टिकापुर न.पा.स्थित पशु हाटबजार नजिकै हो सो स्थानमा १ नाबालक टेक बहादुर साउँद, एस.एस.पि.लक्ष्मण न्यौपाने, स.प्र.ह.ललित साउँद र राम विहारी थारु सहित ९ जनाको मृत्यु भएको हो। म लगायत धैरै घाईते भएका थिए। मलाई गुलेलीको छर्राको चोट लागेको थियो। करिब दश हजारको जमात थियो। मलाई प्रहार गर्ने ब्यक्तिहरु रेशमलाल चौधरी लगायतका ब्यक्तिहरु हुन। म कुनै पनि प्रतिवादीलाई चिन्दैन। सन्त्रासको वातावरण थियो, कसैले कसैलाई चिन्न सक्ने अवस्था थिएन। रेशमलाल चौधरीलाई घटना हुँदाको बखत उपस्थित भएको म आफैले देखिन। वारदात मितिको बिहान १० बजेको समयमा प्रतिवादी रेशमलाल चौधरीले रिसोर्टबाट निस्कने क्रममा "आज रगतको खोला बग्छ" भनेको मैले प्रत्यक्ष सुनेकाले रेशमलाल चौधरी लगायतका ब्यक्तिले घटना घटाएको भनी लेखाएको हुँ। प्रतिवादी प्रेम बहादुर चौधरीलाई म चिन्दैन। निज वारदातमा भए नभएको भलाई थाहा भएन भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने स.प्र.ज.खगेन्द्र बहादुर साउँदले यस अदालत समक्ष गरेको वकपत्र।

२३३. **<u>वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने महाराज रानाले यस अदालत समक्ष गरेको वकपत्र</u>**

उक्त मितिका दिन आफ्नै गाउँ मुनुवामा थिए। म उक्त घटनस्थलमा नगएकोले सो घटनामा कति जनाको मृत्यु भयो, निजहरुको हत्या कसले गऱ्यो थाहा भएन। मुनुवाको सडकबाट धेरै मान्छे गएको देखेको हुँ। मैले प्रहरीमा कागज गर्दा प्रतिवादीहरुले मारेको भनी लेखाएको होईन प्रहरीले आफै लेखि मलाई सहिछाप गराएका हुन। म कुनै प्रतिवादीलाई पनि चिन्दैन भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने महाराज रानाले यस अदालत समक्ष गरेको वकपत्र।

२३४. **<u>वादी नेपाल सरकारका साक्षी घटनाका घाईते प्र.ज.लक्ष्मण साउँदले यस अदालत समक्ष गरेको वकपत्र</u>**

उक्त मितिको दिन म घटनास्थल टिकापुर स्थित पशु हाट बजारमा ड्युटिमा खटिएको थिए। उक्त घटनामा एस.एस.पि.लक्ष्मण न्यौपाने, प्र.नि.बलराम विष्ट, प्र.नि.केशव वोहरा, प्र.ह.जनक नेगी, प्र.ह.राम विहारी थारु, प्र.ज.लोकेन्द्र चन्द, एक बालक टेक बहादुर साउँद समेतका ९ जनाको मृत्यु भएको थियो। मलाई ढाडमा गुलेलीको चोट लागेको थियो। प्रतिवादी रेशमलाल चौधरीको आयोजनामा उक्त हत्या भएको हो। उक्त घटनामा १५/१६ हजार जना जतिको संलग्नता थियो। प्रतिवादीहरु लक्ष्मण थारु र रेशमलाल चौधरीले दिउँसो साढे दुई बजेतिर एस.एस.पी न्यौपाने सहितका नौ जना मानिसहरुलाई मारेको मैले आफ्नै आंखाले १० मिटर टाढाबाट देखेको हुँ। रेशमलाल चौधरी र लक्ष्मण चौधरीलाई म पहिले देखि नै चिन्दछु। यी २ जना बाहेक म अन्य प्रतिवादीहरुलाई चिन्दैन। रेशमलाल चौधरीले सेतो सर्ट र कालो पाइन्ट लगाएको थियो भने लक्ष्मण चौधरीले निलो सर्ट र कालो पैन्ट लगाएको थियो। भाला, रड, गुलेली प्रयोग गरी रेशमलाल चौधरी र लक्ष्मण चौधरीले एस.एस.पि.लक्ष्मण न्यौपानेलाई मारेका थिए भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने एवं.घटनाका घाईते प्र.ज.लक्ष्मण साउँदले यस अदालत समक्ष गरेको वकपत्र।

२३५. **<u>वादी नेपाल सरकारका साक्षी घटनाका घाईते प्र.ज.राजेश धामीले यस अदालत समक्ष गरेको वकपत्र</u>**

मिति २०७२/५/७ गते म घटनास्थलमा ड्युटीमा थिए। सो घटनामा ९ जनाको मृत्यु भएको हो। मलाई समेत टाउको र दायाँ खुट्टामा ढुंगाको चोट लागेको थियो। रेशमलाल चौधरी, लक्ष्मण चौधरी, प्रेम चौधरी समेतका १० औं हजारको हुल थियो। उक्त भिडमा मलाई कसले हानेका हुन थाहा भएन। रेशमलाल चौधरीले एस.एस.पि लक्ष्मण न्यौपानेलाई भाला फलाम जस्तो तरबारले हानेको देखेको हुँ। लक्ष्मण चौधरीले प्रहरी निरीक्षक केशव वोहरालाई भाला र ढुङ्गाले हानी मारेका हुन। रेशमलाल चौधरी, लक्ष्मण चौधरी र प्रेम चौधरीको मात्र नाम थाहा छ। मैले निज प्रतिवादीहरुलाई १ दिन अगाडी मात्र चिनेको थिए। रेशमलाल चौधरीले कालो रंगको सर्ट र खैरो रंगको पाईन्ट लगाएको थियो भने लक्ष्मण चौधरीले कलेजी रंगको भेष्ट र कालो पाईन्ट लगाएका थिए भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने घटनाका घाईते प्र.ज.राजेश धामीले यस अदालत समक्ष गरेको वकपत्र।

२३६. <u>वादी नेपाल सरकारका साक्षी बस्तुस्थिती मुचुल्का गर्ने घाईते टेक बहादुर चन्दले यस अदालत समक्ष गरेको वकपत्र</u>

मिति २०७२/५/७ गते म घटनास्थलमा ड्युटीमा थिए। सो घटनामा ८ प्रहरी र १ जना नाबालकको मृत्यु भएको हो। उक्त हत्या लक्ष्मण चौधरी, प्रेम चौधरी र रेशमलाल चौधरी लगायतका १०/१५ हजारको समूहले गरेका हुन। लक्ष्मण चौधरी र अन्यलाई म चिन्दैन। लक्ष्मण चौधरीलाई मैले घटनास्थलमा देखेन। रेशमलाल चौधरी र प्रेम चौधरीलाई घटनास्थलमा देखेको हुँ। मलाई प्रतिवादी रेशमलाल चौधरीले मुख्य भई हान्नु पर्छ भनेका हुन। को को ले हानेका हुन थाहा भएन। मलाई पिठ्युँ र खुट्टामा गुलेली र ढुंगाको सामान्य चोट लागेको थियो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी बस्तुस्थिती मुचुल्कामा बुझिएका टेक बहादुर चन्दले यस अदालत समक्ष गरेको वकपत्र।

२३७. <u>यस अदालतको ठहरः</u>

**नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन, अ बं. २९ नम्बर तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकार भित्र पर्दछ। प्रस्तुत मुद्दामा उपस्थित हुनु भएका बिद्वान कानून व्यवसायीहरुले निम्नलिखित बहस जीकिर प्रस्तुत गर्नुभयो।**

२३८. यसमा वादी नेपाल सरकारको तर्फबाट उपस्थीत विद्वान जिल्ला न्यायाधिवक्ता श्री बिष्णु प्रसाद पौडेलले थारुहट राज्यको माग गर्दै आन्दोलनमा उत्रिएका यी प्रतिवादीहरु समेतका प्रदर्शनकारीहरुले टिकापुर न.पा. वडा नं. ९ स्थित पशु हाटबजार नजिकमा रहेका सरकारी कार्यालयको सुरक्षार्थ खटिएका प्रहरी बरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने सहितका प्रहरी कर्मचारीहरुले निषेधाज्ञा जारी गरिएको निषेधित क्षेत्रमा प्रवेश गर्ने बाटोमा गई निषेधित क्षेत्रमा प्रवेश नगर्नुस भनि सम्झाई बुझाई गर्दा समेत मार्ने योजनाका साथ आएका प्रतिवादीहरुले हातमा बन्चरो, तरवार, लाठी, पेट्रोल लगायतका बिभिन्न घरेलु हातहतियार सहितका साथै आधुनिक हतियारहरु समेत लिई प्रहरीलाई घेराबन्दीमा पारी बोकि ल्याएका हात हतियारले प्रहार गरी सुरक्षार्थ खटिएका प्रहरी बरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने समेतका ८ जना सुरक्षाकर्मीहरु र एक जना डेढ

बर्षिय नावालक टेक बहादुर साउँद समेतलाई गोली हानी विभत्स तवरले हत्या गरी, दर्जनौं प्रहरी कर्मचारीहरुलाई अंगभंग गरी ज्यान मार्ने उद्योग गरेको र प्रहरी कर्मचारीहरु सँग रहेको हात हतियार र संचार सेट समेत लुटी लगेकोले यी प्रतिवादीहरुले उक्त जघन्य उपराध गरेको हुँदा सम्मानित सर्वोच्च अदालतबाट अप्रत्यक्ष प्रमाणको बारेमा सिद्धान्त प्रतिपादन भएको नि.नं. ७३७८, अपराधिक मनसाय तत्वको बारेमा सिद्धान्त प्रतिपादन भएको नि.नं. ९७४७ र Elibi जीकिर सम्बन्धमा सिद्धान्त प्रतिपादन भएको नि.नं. ९१४४ को नजिर समेतका आधारमा दावी पुष्ट भएको अवस्था छ। प्रस्तुत वारदातको प्रकृति हेर्दा हजारौं जनाको अनियन्त्रित हुल, प्रत्येकको हातमा विभिन्न किसिमका घरेलु हतियार, भाला, फर्सा, बन्चरो, खुँडा, खुकुरी, तलवार जस्ता साँघातिक हतियारहरु हुनुको पुष्टि स्वयं प्रतिवादीहरुले अनुसन्धान समक्ष गरेको वयान, वारदात हुँदाकाबखत भीड नियन्त्रणमा खटिएका प्रहरी जवान तथा जुनियर अधिकृतहरुको कागज, अन्य बुझिएका व्यक्ति तथा भिडियो क्लीपवाट पनि पुष्टि हुन आएको छ। भीडमा सामेल प्रत्येकले आ-आफ्नै किसिमले नाराहरु लगाई अनियन्त्रित किसिमले रहेको देखिन्छ, भीडको तत्कालिन अवस्था हेर्दा कुनै राजनीतिक अभिष्ट नभई दंगा भड्काउने, सार्वजनिक सम्पत्तिको नास गर्ने र सो कार्यमा कसैले अवरोध सृजना गरे आफुसँग भएका हतियारको प्रयोग गर्ने उद्देश्यबाट प्रेरित देखिन्छन। त्यस्तो उपद्रव नहोस भनी दंगा नियन्त्रण गर्न खटिएका सुरक्षाकर्मीहरुले भीड नियन्त्रण गर्न खोज्दा यी प्रतिवादीहरुले आफुसँग भएको घरेलु हतियार प्रयोग गरी हत्या गरेको देखिन्छ। कुनै निश्चित राजनीतिक नारा नभएको, कुनै निश्चित व्यक्तिको नेतृत्वमा भएको, हात हातमा घरेलु हतियार बोकेका असंयमित, अनियन्त्रित भई आवेगात्मक ढंगले सार्वजनिक ठाउँमा दंगा गर्नुवाट सो वारदातमा संलग्न यी प्रतिवादीहरु समेत राजनीतिक रुपमा परिचालित थिएनन् भन्ने प्रष्ट हुन्छ। दोहोरो भीडन्त थियो कि भन्नलाई पनि दंगा नियन्त्रण गर्न भएको प्रहरीहरु सँग यथेष्ट हतियार नभएको र भए जतिका हतियारहरुको प्रयोग गर्दा समेत हजारौंको भीडमा प्रहार गर्न संभव नभई एकतर्फी रुपमा भीडको प्रभाव, दवाव सुरक्षाकर्मीहरु माथि परी भएका हतियार पनि यी प्रतिवादीहरुले नै खोसेर लगेको देखिन्छ। यसको साथै वारदातमा संलग्नहरु मध्ये एकतर्फीरुपमा प्रहरी कर्मचारीहरु मात्र हताहत भई यी प्रतिवादीहरुतर्फ कुनै मानवीय क्षती नभएवाट पनि प्रस्तुत वारदात दोहोरो भीडन्तको रुपमा नभई यी प्रतिवादीहरु तथा भीडको तर्फबाट मात्र आक्रमण भइ उक्त घटना भएको प्रष्ट हुन्छ। साथै

वारदातमा बुझिएका व्यक्ति तथा चश्मदीत गवाहका रुपमा वकपत्र गर्ने सुशिला बर्मा, यज्ञदेवी भट्ट, गोकुल भण्डारी समेतले मृतक प्र.व.उ. लक्ष्मण न्यौपानेलाई भीडले लखेट्दै निजहरुको घरछेउ पुऱ्याउँदा मलाई नमार भनी आग्रह गर्दा समेत यी प्रतिवादीहरु समेतले भाला रोपेर, टाउकोमा सिलौटोको ढुङ्गा बजारेर मारेका हुन भनी वताएको हुँदा वारदात एकतर्फी भएको प्रष्ट हुन्छ। भीड नियन्त्रण गर्न गएका प्रहरी जवान तथा अधिकृतहरु जो वारदातमा घाइते भएका बुझिएका व्यक्ति वीरसिंह नेगी, केशवराज जोशी, प्र.ना.नि. रविन्द्र धनुषे, प्रा.ना.उ. धन बहादुर कठायत, प्र.व.उ. लक्ष्मण न्यौपानेको अंगरक्षक मान बहादुर बुढा समेतको कागज प्रमाणहरु र अदालतमा भएको निजहरुको बकपत्र समेतबाट यी प्रतिवादीहरु समेतले हातमा घरेलु हतियार लिई वारदातस्थलबाट प्रहरीहरुलाई लखेट्दै खेततर्फ लगि पेट्रोल छर्की जिउँदै जलाइ मारेका भन्ने कुराबाट समेत वारदात सिद्ध भएकाले साथै सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२२ र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०४९, अंक ५, नि.नं. ४५३९ समेतबाट यी प्रतिवादीहरुलाई अभियोगदावी बमोजिम सजाय हुनुपर्छ भनि बहस गर्नुभयो।

२३९. यस्तै सहायक जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मी किशोर शर्माले घटनास्थलबाट रड, तरबार, बन्चरो, चक्कु र भाला किला ठोकेका लाठा लगायत हातहतियार तथा घटना सँग सम्बन्धीत प्रतिवादी राम प्रसाद चौधरीले वारदातको समयमा खिचेको भिडियो र निजले रामचन्द्र चौधरी सँग वारदात बारे कुराकानी गरेको कल रेकर्डिङ्ग समेतको मेमोरी कार्ड लगायतका मोबाईल समेतका सरसामान बरामद भएको भन्ने बरामदी मुचुल्काबाट खुली आएको देखिन्छ भने बरामदी लाठा, हतियार समेतका सामानले सुरक्षाकर्मीमाथि प्रहार गरेको भनि प्रतिवादी करन चौधरीले सनाखत समेत गरि दिएको पाईन्छ। प्र.ज.नेत्रराज पडाल, दिपराज थापा र सुरज सिंह ठकुरी समेतले प्रतिवादी प्रदीप चौधरी, श्रवण चौधरी, बिश्राम चौधरी र करन चौधरीलाई घटनास्थलमा प्रहरी कर्मचारीहरुलाई कुटपिट गर्न लागेको देखेको हो भनि सनाखत समेत गरि दिएको पाईन्छ। घटनास्थलबाट बरामद भएका बरामदी मुचुल्कामा उल्लेखित रड, बन्चरो लगायतका चिजवस्तुहरु वारदात स्थलमा आफुहरुले सुरक्षाकर्मीहरुमाथि प्रहार गर्दा प्रयोग गरेका चिजवस्तुहरु हुन भनि उक्त चिजवस्तुहरु प्रतिवादी श्रवण चौधरी र प्रदीप चौधरीले सनाखत गरि दिएको, घटनामा प्रयोग गरिएका भनिएका लाठी, भाला, बन्चरो, बोतल, चक्कु र तरवार लगायतका सामाग्रीहरु यत्रतत्र छरिएर रहेको भन्ने घटनास्थल मुचुल्का,

मृतकको शरीरमा घाउचोट निलडाम रहेको तथा जलाएको अवस्थामा रहेको भन्ने बेहोराको मृतकहरुको लाशजाँच मुचुल्का, मृतकहरुको टाउको लगायत शरीरमा गम्भिर चोटको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन, घाइते प्रहरीहरुको घाउँजाँच केश फारम, घटनास्थलबाट रड, तरबार, बन्चरो, चक्कु र काँटी ठोकेको लाठा लगायतका हतियार बरामद भएको भन्ने बरामदी मुचुल्का, प्रहरी जवान सुरेन्द्र चन्द समेतका व्यक्तीहरुले प्रतिवादी निषेधित क्षेत्र उल्लंघन गरी भाला समेतका हातहतियार प्रयोग गरी ९ जनाको हत्या र केही सुरक्षाकर्मीहरुलाई मरणासन्न हुने गरी कुटपिट गरी हतियारसमेत लुटी लगेका हुन् भनी लेखाएको किटानी ब्यहोरा, घटनाका प्रत्यक्षदर्शी सुशिला बर्माले प्रहरी उपरीक्षक लक्ष्मण न्यौपानेलाई मेरो घरको आँगनमा ल्याई कुटी भाला घोचि टाउकोमा प्रहार गरी मारेका हुन् भनि कागज गरिदिएकी, यि प्रतिवादीहरुको घटनामा संलग्नता थियो भनी प्रहरी जवान नेत्रराज पडाल समेतले गरिदिएको सनाखत कागजात, मिसिल संलग्न रहेको Call Detail Record र NCELL BTS विश्लेषण, प्रतिवादी राजकुमार कठरिया समेतले आदालतसमक्ष आन्दोलनमा गएको भनी साबित रही गरेको बयान, प्रतिवादी करण चौधरी, बिश्राम चौधरी समेतले कुटपिट गरेको भनी गरेको बयान, लाहुराम चौधरी स्थानीय दिनेश एफ. एम. बाट घटनाको जिम्मा लिई अन्तरवार्ता दिएको भनी जाहेरीमा उल्लेख गरेको ब्यहोरा, प्रतिवादी रेशमलाल चौधरीको Elibi जीकिर पुष्टि भएको अवस्था छैन। यी प्रतिवादीहरुले पुर्व मनसाय, योजना र षडयन्त्र पुर्वक टिकापुर घटना घटाएका हुन। यो वारदात क्षमा गर्न योग्य हत्या नभएकोले अदालतले मान्छेको जीवन, स्वतन्त्रता र सम्पत्तिको हकप्रति सदैव सम्बेदनशिल हुनुपर्दछ तसर्थ सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०७१, अंक ९, नि.नं. ९२४९ समेतबाट प्रतिवादीहरुको कसुरमा संलग्नता रहेको भन्ने देखिँदा अभियोग दावी बमोजिमको सजाय गरिपाउँ भनि बहस प्रस्तुत गर्नुभयो।

२४०. प्रतिवादी रेशमलाल चौधरीको तर्फबाट उपस्थित बिद्वान बरिष्ठ अधिवक्ता श्री गोपाल कृष्ण घिमिरेले प्रतिवादी रेशमलाल चौधरी मौकामा फरार रहेपनि अदालतको सम्मान गर्दै आफु कैलाली निर्वाचन क्षेत्र नं. १ बाट संघिय सांसदमा भारी मतले बिजित भएपछि यस मुद्दामा वयान दिन आउँदा आफ्नो वयानको सवाल जवाफ ५ मा सम्पुर्ण कुरा नढाँटि लेखाइ दिएको पाइन्छ। उनि एक सामाजिक अभियान्ता हुन, Criminal Background का मानिस होइनन्, यो घटनाको समय मुलुकभरी नयाँ संविधान जारी हुने

र सो संविधानमा बिभिन्न जातजाती र क्षेत्रको अधिकार के हुने भन्ने आन्दोलनहरु भइरहेका थिए, त्यसैको कडिको रुपमा टिकापुर आन्दोलन भएको हो। अपराध हुनकालागि चारचरणको आवश्यकता पर्दछ, यस घटनामा योजना, तयारी, मनसाय समेत केहि छैन, यो घटना देशको शीर निहुरिनेगरी भएको, राष्ट्रिय लज्जाको बिषय भएको भएतापनि त्यसमा यी प्रतिवादीको हात छैन, फौजदारी मुद्दामा अमुर्त कुराले ठाउँ लिदैन। निजलाई मुलुकी ऐन, ज्यान सम्बन्धिको १३ (१) नं. बमोजिम दावी लिएको मिलेको छैन। आफ्नो स.ज. ६ मा वारदातको दिन टिकापुरमा थारुहटको व्यानर टास्ने जानकारी सुरक्षा निकायलाई आफुले गराएको र सो जानकारी गराउनु सद्भाव नविग्रियोस भन्नकालागि मात्र हो, त्यसलाई वारदात स्विकार गरेको मान्न मिल्दैन। प्रतिवादी करन चौधरी आफै नाबालक प्रतिवादी भएकोले निजको भनाईलाई प्रमाणमा लिन मिल्दैन, प्रतिवादी करन चौधरीले प्रतिवादी रेशमलाल चौधरीलाई यस अगाडी चिनेका हुन भन्ने प्रमाण पेश हुन सकेको छैन। C आकारको घेरामा बसेर प्रतिवादी रेशमलाल चौधरीले हत्या गर्ने योजना बनाएका होइनन्, अपराध संका रहित तवरबाट पुष्टि हुनु पर्दछ भन्ने कुरा प्रमाण ऐन, २०३१ को दफा २५ ले व्यवस्था गरेको छ। After Thought Statement बाट प्रतिवादी बनाइएका र सवै वयान एकै मिलान मौकामा बनाएको देखिएको हुँदा सबै अभियोग झुठ्ठा हो। कुनै प्रत्यक्षदर्शीले पनि यी प्रतिवादीको नाम लिन सकेका छैनन्। आशंकाको आधारमा मात्र यो मुद्दा चलेको हुँदा निर्दोषिताको सिद्धान्त यसमा आकर्षित हुनपर्दछ। यो घट्ना भिडले घटाएको हो। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प २०७१, अंक ९, नि.नं. ९२४३ मा र अनुसन्धानमा कागज गर्ने व्यक्तिहरु स्वयम अदालतमा आएर त्यहीँ व्यहोराको बकपत्र गरिदिएनन् भने प्रमाण लिन मिल्दैन भनि उल्लेख भएको त्यसैगरी अनिश्चित र संदिग्ध कुरालाई प्रमाण मान्न मिल्दैन भनी ने.का.प २०७२, अंक ४, नि.नं. ९३८५ मा र फौजदारी कसुरमा अभियोग दावी लिँदा कसले के कस्तो दायित्व लिनु पर्दछ सो कुरा स्पष्ट रुपमा खुल्नेगरी कसुर अपराधको दायित्वको निर्क्योल गर्नुपर्नेमा सो नगरेकोले सबै अभियुक्त समान रुपमा दोषि हुन भनी भन्न सकिदैन भनि ने.का.प २०७३, अंक ४, नि.नं. ९५८९ मा सिद्धान्त प्रतिपादन भएको समेतको आधारमा यी प्रतिवादिले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

२४१. त्यसैगरी प्रतिवादी रेशमलाल चौधरीको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री हरी फुयाँलले प्रतिवादी रेशमलाल चौधरीको वयानको स.ज. ६ मा उनले कसै प्रति बैरभाव राखेका छैनन्, म कानूनको सम्मान गर्छु भनेका छन। स.ज. ८ मा मैले सामाजिक सद्भाव बिग्रिने, खलबलिने खालको भाषण गरेको छैन, शान्तिपुर्ण आन्दोलन गर्नुपर्छ भनेको हुँ, शान्तिपुर्ण आन्दोलन हुँदैनकी भनेर प्रहरीलाई पुर्व सूचना दिएको मात्र हुँ, भनेका छन। त्यस घटनामा बिभिन्न दल, समुदायका मान्छेहरु भेला भएका हुँदा निजको मात्र निर्देशनमा त्यो आन्दोलन भएको होईन। पोलि ग्राफी प्रतिवेदनलाई अन्य प्रमाणले पुष्टि नगरे सम्म त्यसलाई प्रमाणमा लिन मिल्दैन। यो समुदाय आफ्नो न्याय प्राप्तीको आन्दोलनमा समावेस भएको हुँदा थारु समुदायले स्वास फेर्न सक्नेगरी न्याय प्रदान होस। यी प्रतिवादी घट्नास्थलमा छैनन् भन्ने कुरा निजको Call Details Data बाट खुलेको छ, निजले नै लाठि हानेको भनेर सह अभियुक्तले भनेको वयान आफैमा गलत छ, तसर्थ Criminal Responsibility बहन गराउने कुरा Personal Approach मा भरपर्दछ, यी प्रतिवादीको वारदातमा Level of involvement पुष्टि हुन सक्ने देखिँदैन तसर्थ यी प्रतिवादी प्रति उदार दृष्टिकोण राखेर अभियोग दावी नै पुष्टि नहुने हुँदा निजलाई सफाइ दिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

२४२. त्यसैगरी प्रतिवादी रेशमलाल चौधरीको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता डा. श्री दिनमणी पोखेलले बादी पक्षको अभियोगदावी हेर्दा किटानी जाहेरीलाई मुख्य आधार मानेको छ। यो जाहेरी यी प्रतिवादीको हकमा किटानी मान्न मिल्दैन किनभने मिति २०७२।०५।०७ गते भएको घटनाको किटानी जाहेरी यी प्रतिवादीको हकमा २०७२।०५।२२ गते बाट मात्र पर्न सुरुभएको छ। घटनाको धेरैपछि आएको जाहेरीमा देखाएको कुराले मौकाको जाहेरीको रुप लिन सक्दैन। सो जाहेरीको व्यहोरा पुष्टिहुन अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरिएको हुनुपर्दछ। कुनै वारदातको बारेमा तत्काल जाहेरी नदिइ पछि सोचि बिचारीकन (Afer thought statement) किटान गरिदिएको जाहेरीलाई महत्वपुर्ण प्रमाणमा लिन मिल्दैन भनी ने.का.प. २०६७, अंक १२, नि.नं. ८५२४ पृष्ठ २०९६ मा सिद्धान्त प्रतिपादन भएको छ। संकारहित तवरले कसुर प्रमाणित गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ ले बादीपक्षलाई दिएको छ, बादीपक्षले सो कुरा प्रमाणित गर्न सकेको छैन। यी प्रतिवादी घटना घट्नु अघि बिभिन्न सर्वदलीय बैठकमा भाग लिएका, स्वयम मृतक बरिष्ठ प्रहरी उपरिक्षकले डाँकेको मिति २०७२।०५।०६ गतेको शान्ति शुरक्षा सम्बन्धी बैठकमा समेत यी

प्रतिवादीको सहभागिता रहेकोमा त्यस्ता व्यक्तिलाई सुरुमा प्रहरीहरुबाटै परेका मिति २०७२।०५।०८ र मिति २०७२।०५।१४ का जाहेरीमा निजको नाम नपर्नुबाट पनि यी प्रतिवादीबाट सो वारदातमा संलग्न छैनन् र निजबाट सो घटना घटेको होइन भन्ने प्रमाणित हुन्छ। सो वारदातमा प्रतिवादी रशेमलाल चौधरीको संलग्नता स्पष्टरुपमा उल्लेख नभई गौश्वारा रुपमा आएको हुँदा अभियोग पत्र नै पुर्णरुपमा बिरोधाभासपूर्ण छ। मौकामा कागज गर्नेहरुको भनाई र सह प्रतिवादीहरुको वयान व्यहोरा यी प्रतिवादीको हकमा पोल उजुर गर्ने सन्दर्भमा परस्पर बाझीएको छ, कसैले योजना बनाएको भनेका छन कसैले नेतृत्व गरेका भनेका छन, कसैले सुन्न आयो भनेका छन भने प्रत्यक्षदर्शी शुसिला बर्मालेनै एकिन नाम थाहा भएन भनेकी छिन प्रत्यक्षदर्शी केसे भण्डारीले किटान गरि भन्न सकेका छैनन्। यी प्रतिवादीको हकमा अभियोगपत्रमा लगाएको सजाय होस भन्ने दफा नै आकर्षित हुन सक्दैन। जाहेरी (Afer thought statement) बाट आएको छ। Call Details हेर्दा निज वारदात स्थलको D Area मा रहेको देखिँदैन, यी प्रतिवादी शान्तिपुर्वक आन्दोलनका हिमायती भएपनि आक्रमणकारी होइनन्। यी समाजसेवी, कलाकार र उद्यमि मान्छे हुन। अन्य तराईवादी राजनीतिक दलका मान्छेहरुले टिकापुरको माहोलमा तरलता ल्याउने सम्भावना देखि नेपाली कांग्रेसका नेता श्री शेर बहादुर देउवाले तपाई टिकापुर गई त्यहाँको भड्कावलाई शान्तिपुर्ण अवतरण गराईदिनुहोस भनेका कारण यी व्यक्ती प्रहरीकै गाडीमा टिकापुर सम्म गएको हुँदा यीनले प्रहरीको हत्या गर्ने कुराको कल्पना पनि गर्न सकिदैन। प्रतिवादी आफ्नो समुदायको नेता भएकोमा बिवाद छैन। सो हत्याको घट्ना खेदजनक छ। तर यी प्रतिवादी हत्यारा होइनन्, सो आन्दोलनमा बिभिन्न अन्य समुदाय, दल, तह र तप्काका मान्छेहरु पनि संलग्न थिए, यीनको मात्र नेतृत्व थिएन, अन्य तप्काका मान्छेहरुले यीनको कुराको सुनुवाई नगरेपछि उनी त्यहाँबाट आफ्नो फुलबारी एफ.एम बर्दिया तर्फ Scaping मात्र भएका हुन, त्यसलाई मौकामा फरार भएको भनी मान्न मिल्दैन, अदालतमा आएर यी प्रतिवादीले आफ्नो वयान कुनै ढाँटछल नगरि दिएका छन। यसरी नागरिक अगुवाको भुमिकामा रहेका व्यक्तिलाई अपराधिको रुपमा चित्रणगरी अभियोग लगाउनु दुराषययुक्त छ। यी प्रतिवादी मिति २०७२।०५।०५ गते मात्र काठमाण्डौबाट आफ्नो जेठानको काजकृया छाडी आएको हुँदा निजले ऐ. ०७ गतेको योजना बनाउने प्रश्न नै उठ्दैन। अन्य योजनाकार भनिएका प्रतिवादीहरु लाहुराम चौधरी र लक्ष्मण थारु संग यीनको सम्पर्क भएको भन्ने Call Details ले

देखाँउदैन र निजहरुका बिचमा छलफल बैठक भएको पनी खुल्दैन। घटनाको दिन यीनि ११:०० बजे दुर्गौली, ०२:०० बजे लम्की र ०३:०० बजे बर्दियाको गुलरीया रहेको निजको Call Details ले देखाएको हुँदा यी प्रतक्ष्य र अप्रतक्ष्य दबै प्रमाणबाट यी प्रतिवादी वारदातमा संलग्न छैनन्। बिधि शास्त्रिय मान्यताको आधारमा पनि प्रमाणहरु मालाकार कडिमा पुष्टि भएको हुनुपर्दछ। अदालतमा सावित हुने प्रतिवादी करन चौधरीले गरेको किटानी निज स्वयम नावालक हुँदा निजको भनाई प्रमाणमा लिन मिल्दैन। कसुर प्रमाणित संका रहित तवरले पुष्टि हुनुपर्दछ भनी ने.का.प. २०५५, नि.नं. ६५१० मा सिद्धान्त प्रतिपादन भएको छ, त्यसैगरी ने.का.प. २०५५, अंक ९, नि.नं. ६६०१ मा सह अभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको हुनुपर्दछ भनी सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी ने.का.प. २०६६, अंक ८, नि.नं. ७७४९ मा सह अभियुक्तको भनाई साक्षिको भनाइ सरह मानिदैन भनी सिद्धान्त प्रतिपादन भएको छ। यसबाट पनि यी प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउनु पर्दछ भनी वहस प्रस्तुत गर्नुभयो।

२४३. त्यसैगरी प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारु चौधरी र लाहुराम चौधरीको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री मीलन कुमार राईले टिकापुरमा भएको मिति २०७२।०५।०७ गतेको घट्नास्थल ब्लक नं. ९ पशु हाटबजार पुर्व सदवरुवा जाने कच्चि सडक, पश्चिम शंकरपुर गाउँ, उत्तर सतवरुवा, दक्षिण जमरा खोला भनीएको छ यो स्थानमा यी प्रतिवादीको भौतिक उपस्थिति Call Details बाट नदेखिई दुर्गौलीमा देखिएको छ, जो ५ किलो मिटर टाँढा छ। मिति २०७२।०५।०८ गते पहिलो जाहेरी पऱ्यो त्यसमा यी प्रतिवादीको नाम छैन। मिति २०७२।०५।१४ गते पुरक जाहेरी पऱ्यो त्यसमा "प्रत्यक्ष घटनामा संलग्नता र घटनामा मुख्य भई ज्यान मार्नका लागि बचन दिने व्यक्तिहरु" भनी उल्लेख भयो तर त्यसमापनि यी प्रतिवादीको नाम छैन। जव मिति २०७२।०५।२२ बाट मृतकका आफन्त तथा परिवारजनबाट थप जाहेरीहरु पर्नथाले, त्यसपछि मात्र यी प्रतिवादी रेशमलाल चौधरीले शान्तिपुर्ण आन्दोलन हुन्छ भनी भ्रममा पारी षडयन्त्र गरेर घट्ना घटाएको हो भनी नाम उल्लेख हुन थालेकोले निज उपर किटानी जाहेरी पनि छैन र निजलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १३ (१) नं. बमोजिमको दावी लिन मिल्दैन। यी प्रतिवादीका बिरुद्ध कागज गर्ने र बकपत्र गर्नेहरु प्रहरी कर्मचारी र मृतकका आफन्तहरु मात्र हुन। यी प्रतिवादीले आन्दोलनका केही तथ्यहरु स्विकार गर्नु मात्रलाई आपराध स्विकार गरेको

मान्न मिल्दैन। जाहेरीमा उल्लेख नभएको कुरालाई अदालतमा आइ अगल बकपत्र गरेको बिषयलाई प्रमाणमा लिन नहुने भनी सम्मानित सर्वोच्च अदालतबाट ने.का.प २०७५, अंक ३, पृष्ठ ५२०, नि.नं. ९९७७ मा सिद्धान्त प्रतिपादन भईरहेको सन्दर्भमा अभियोगदावी पुष्टिहुन नसक्ने र प्रतिवादी लक्ष्मण थारु र लाहुराम चौधरी थारुहटको कार्यकर्ता भएकै कारणले मात्र प्रतिवादी बनाइएको हो। निजहरु दुवै जना घट्नास्थलमा छैनन्, निजहरुले योजनाकारको भूमिका निर्वाह गरेका छैनन्, प्रतिवादी लाहुरामको ठेगाना अभियोगमा लेखिएको वतन र जाहेरवाला मान बहादुर बोहराले उल्लेख गरेको निजको वतन फरक छ। दुवै जनाको Call Details र BTS प्रतिवेदन हेर्दा प्रतिवादी मध्येका लक्ष्मण थारु दाङ र बर्दियामा देखिएका, प्रतिवादी मध्येका लाहुराम चौधरी धनगढीमा देखिएका छन। मिति २०७२।०५।०८ गते र ऐ. १४ गतेको जाहेरीमा यी तीनैजना प्रतिवादीको नाम छैन। जाहेरवाला मान बहादुर बोहराले आफ्नो २ वटा किटानी जाहेरी, मौकाको कागज र अदालतमा भएको वयानमा यी प्रतिवादीहरुको हकमा चारथरी बकपत्र गरेका र दिपराज थापाले तीनथरी बकपत्र तथा सनाखत गर्दै मैले जि.प्र.का. मा राखेको नामको आधारमा प्रतिवादीहरुको सनाखत गरेको हुँ निजहरुलाई चिन्दिन भनेबाट यस मुद्दामा खडा गरिएका कागजातहरु सत्य व्यहोराबाट भएको नहुँदा यी प्रतिवादिहरुले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

२४४. यसै गरी प्रतिवादीहरु सन्तराम चौधरी, जितबहादुर चौधरी र किसनलाल चौधरीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री इन्द्र प्रसाद लेखक र श्री प्रयागराज भट्टले राज्यले फरार प्रतिवादीहरुलाई पक्राउ गर्न नसकी यी निर्दोष नागरिकलाई साडे तीन बर्ष देखि बन्दि बनाएको छ। राज्यलाई आफ्नो कुन नागरिक कहाँ छ त्यो थाहा हुनपर्दछ नत्र किन कर तिर्ने? कुनै प्रमाण बिना यी प्रतिवादीहरुलाई थुन्न मिल्दैन। अभियोग गोलमोटल रुपमा आएको छ। हजारौको भिडमा ५८ जनाले मात्र त्यति ठुला गम्भिर प्रकृतिका ३/३ वटा अपराध यी प्रतिवादीहरुले मात्र गरेको हो भनी कसरी किटान गर्न सकिन्छ। यी प्रतिवादीहरुको नाम सुरु २०७२।०५।०८ गतेको जाहेरीमा उल्लेख छैन। एकैपटक २०७२।०५।१४ गतेको पुरक जाहेरीमा उल्लेख छ तर सो जाहेरी दिने मान बहादुर बोहराले अदालतमा बकपत्र गर्दा आफ्नो स.ज. १२,१३ र १४ मा यी प्रतिवादीहरुलाई चिनेको भनेर भन्न सकेका छैनन् र सो जाहेरी टिकापुर एरियाको प्रहरीलाई सोधेर दिएको हुँ भनेको हुँदा जाहेरी नै सत्य हो भन्न मिल्दैन।

जाहेरवाला गोरख बहादुर साउँद, दिपक न्यौपाने, शारदा कठायत, प्रकाश खड्का र जंग बहादुर साउँदको अदालत समक्ष गरेको बकपत्रको स.ज. ११ हेर्दा सुनेर जाहेरी दिएको हुँ भनी भनेको हुँदा सो बकपत्रले यी प्रतिवादीहरुलाई किटान गर्न सकेको छैन। त्यसैगरी जाहेरवाला ओमकार थारुको अदालतको बकपत्रको स.ज. ६ मा सुनी थाहा पाएको हुँ, कसले मारे थाहा छैन भनेको हुँदा सुनि जान्ने प्रमाण प्रमाण नै होईन र शंकाको सुबिधा अभियुक्तले पाउँने हुँदा यी प्रतिवादीहरुको हकमा ज्यान सम्बन्धिको महलको १३ (१) नं. आकर्षित हुँदैन। अदालतमा बकपत्र गर्ने बादीका साक्षीहरुले पनि यी प्रतिवादीहरुलाई किटान गर्न सकेका छैनन्। "अदालत आफै बादी वा अभियोजन पक्ष बनी प्रतिवादीहरुलमई दोषि करार गर्न मिल्दैन, अनुसन्धान भएको प्रतिवादीहरुको साविती अन्य प्रमाणबाट समर्थित भएको हुनपर्दछ" भनी ने.का.प. २०६९, अंक २, नि.नं. ८७६४ मा सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी "कसुर शंकारहित तवरले पुष्टि हुन नसके आरोपित व्यक्तिले संकाको सुबिधा पाई उन्मुक्ती पाउने" भन्ने ने.का.प. २०६९, अंक १, नि.नं. ८७६० मा सिद्धान्त प्रतिपादन भएको छ। मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले यि प्रतिवादीहरुलाई आफुले गरेको बयान ब्यहोरा नै नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो भनी अदालत समक्ष स्वतन्त्ररुपमा वयान गरेका छन। सोकुरालाई निजका साक्षीहरुले पुष्टि गरेका छन् प्रतिवादी मध्येका सन्तराम चौधरी आफ्नो पसलको समान लिन र आफ्नो छोरालाई स्कुलबाट लिन गएको अवस्था छ। प्रतिबादी मध्येका किसनलाल चौधरी आफ्नै राइस मिलमा काम गरि रहेको देखिन्छ। प्रतिवादी जित बहादुर चौधरी कसुर अपराधमा पुर्णरुपमा इन्कार छन। मिति २०७२/०५/०७ गते भएको घट्नाको जानकारी घट्ना घटि सके पश्चात साझ रेडियो तथा समाचारका माध्यमहरुबाट थाहा जानकारी पाएका हुन। घट्ना को कसले के कसरी घटाए सो बिषयमा यि प्रतिवादीहरुलाई केही थाहा छैन। के कती मान्छेहरुले के कसरी मारे सो कुरा पनि यि प्रतिवादीहरुलाई थाहा जानकारी नै छैन। हाल थुनामा रहेका प्रतिवादीहरु र मौकामा बुझिएका मानिसहरुले समेत यि प्रतिवादीहरुको संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएका बयानहरु समेत झुठा हुन। घट्नाको धेरै समयपछि मात्र प्रतिवादीहरु आफ्नै घरमा सुती राखेको अवस्था प्रहरी आई, केही कुरा बुझ्नुछ भनी पक्राउ गरी, त्यसपछी मात्र टिकापुर घट्नामा संलग्न रहेको भनी झुठा ब्यहोरा बनाई मुद्दा चलाएका हुन। **Polygraph**

**Statement** मा भएको ब्यहोरा अनुसारका प्रश्नहरु यि प्रतिवादीहरुलाई सोधिएको नै थिएन। वारदातस्थलबाट बरामद भएका दशिका सामानहरु देखाउदा पनि यि प्रतिवादीहरु घट्नास्थलमा नै नगएको हुदा उक्त सामानहरु त्यहाँ थिए थिएनन् थाहा पाउने अवस्था नै हुँदैन। घट्नाविवरण कागज गर्ने मानिसहरुले पनी यि प्रतवादीहरुलाई फसाउने नियतले कागज गरी दिएका हुनुपर्छ। त्यसैले यि प्रतिवादीहरुले अभियोग माग दावी बमोजिमको कुनै पनि कसुर नगरेको हुदा यि प्रातिवादीहरुलाई सजाय हुनुपर्ने होईन भनि बहस जीकिर गर्नुभयो ।

२४५. त्यसैगरि प्रतिवादी नरुल अलि जागा भन्ने तहौबर अलि जागाको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री दयाराम चौधरीले यि प्रतिवादीको अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा भएको सहिछाप आफ्नो भएपनि ब्यहोरा निजले भने बमोजिम लेखिएको होइन। वारदात मिति २०७२/०५/०७ गते यि प्रतिवादी आफ्नै गाउको भलमन्साको घरमा छिमेकीको झगडा मिलाउन भनि गएका र साझ ५ बजे मात्र त्यहाबाट फर्की आफ्नो घर आएका थिए। वारदात घट्ना के कसरी भयो, को कसको संलग्नता रहेको थियो, सो बिषयमा यि प्रतिवादीलाई केही थाहा जानकारी नै छैन। टिकापुर घट्नाको बारेमा वारदातको दोस्रो दिन बिहान मात्र रेडियोबाट समाचार सुनेर थाहा पाएका हुन। मौकाको राम नरेश चौधरीको वयानबाट यी प्रतिवादीको नाम खुलेको छ। जवकी प्रतिवादी रामनरेश चौधरी बर्दियामा रहेको देखिन्छ। यीनका साक्षी चन्द्रलाल चौधरी स्वयम भलमन्सा हुन र अर्का साक्षी इन्द्रकुमार मल्लले यी प्रतिवादी घट्नामा गएका छैनन् भनी बकपत्र गरीदिएका छन। मौकामा कागज गर्ने नेत्रराज पडालले यी प्रतिवादीको नाम लिएपनि निजले अदालतमा आइ बकपत्र गर्दा नाम लिन सकेका छैनन्। यी प्रतिवादी मुस्लिम समुदायका मानिस भएकोले थारु समुदायको आन्दोलनमा जाने कुरै हुँदैन। घट्नास्थल टिकापुर पशुहाट बजार देखी यि प्रतिवादीको घर करिब १ घण्टाको समय लाग्ने दुरीमा रहेको छ। प्रतिवादी अदालतको वयानमा इन्कार छन। अन्य प्रतिवादीले घट्नामा यि प्रतिवादीको समेत संलग्नता थियो भनि गरि दिएको बयान झुठा हुन। घट्नास्थलबाट बरामद भएका सामानहरु देखाउदा ति सामानहरु के कहाबाट बरामद भएका हुन त्यो बारेमा पनि यि प्रतिवादीलाई केहि थाहा छैन। झुठा आरोप लगाई यि प्रतिवादीलाई अनाहकमा फसाइएको हुँदा अभियोग दावी बमोजिम कुनै पनि कसुर यी प्रतिवादीले नगरेको हुँदा सजाय हुनु पर्ने होईन भन्ने समेत ब्यहोराको बहस जीकिर प्रस्तुत गर्नुभयो।

२४६. त्यसैगरि प्रतिवादी प्रेमबहादुर चौधरीको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री भरत बहादुर सिँहले यी प्रतिवादीको नाम २०७२।०५।०८ गतेको जाहेरीमा उल्लेख छ। २०७२।०५।२० गते पछि परेका जाहेरीमा यी प्रतिवादीको नाम छैन। सह अभियुक्तहरु मध्येका सुन्दरलाल कठरिया बाहेकका अन्य प्रतिवादीहरुले यीनको नाम लिन सकेका छैनन्। सनाखत गर्ने १६ जना र घटना बिवरण तथा वस्तुस्थिति बिवरणको कागज गर्ने ३४ जनाको कागजमा यी प्रतिवादीको नाम उल्लेख छैन। अदालतमा आइ बकपत्र गर्ने साक्षीहरुले यी प्रतिवादीको नाम किटान गर्न सकेका छैनन्। सो दिन निजले आफ्नो महेश क्लिनिकमा रीमा चौधरी समेतका बिमारीलाई जाँच गरेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन्छ। यीनको कुनै पनि Call Details, BTS प्रतिवेदन Polygraph Report छैन। जसको पाप उस्को गर्धन हुनपर्नेमा यी प्रतिवादीले पाप गरेको कहिँ कतैबाट पुष्टि भएको छैन। मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान प्रहरीले हिरासतमा रहेको बखत जवरजस्ती रुपमा धम्की तथा कुटपीट गरी सहिछाप गराएका हुन। वारदात घट्नामा यि प्रतिवादीको कुनै संलग्नता छैन। सो तत्य निजका साक्षीबाट समेत पुष्टि भएको देखिन्छ। उक्त मिति २०७२/०५/०७ गते यि प्रतिवादी टिकापुर गएका थिएनन्। स्थानिय ब्यक्तीहरुबाट टिकापुरमा कार्यक्रम छ भन्ने थाहा जानकारी मात्र पाएका हुन। टिकापुरमा घट्ना घट्यो मान्छेहरु मारिए भन्ने खबर पछी साझ ६/७ बजेको समयमा मात्र थाहा पाएका हुन। घट्नाका योजनाकार एवं वचन दिने लक्ष्मण थारुसंग पनि यि प्रतिवादीको कुनै चिनजान छैन। घट्ना को कसले घटाएका हुन त्यो पनि थाहा छैन। वारदातमा यि प्रतिवादीको संलग्नता नरहि यि प्रतिवादीलाई अनाहकमा फसाइएको हुँदा यि प्रतिवादीलाई सजाय हुनु पर्ने नै होईन भन्ने ब्यहोराको बहस जीकिर प्रस्तुत गर्नुभयो ।

२४७. यसैगरि प्रतिवादीहरु रेशमलाल चौधरी र करन चौधरी वाहेकका २५ जना प्रतिवादीहरुको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री बिर बहादुर जेठाराले घटना मानविय मर्यादा बिपरित र दुःखदायी छ, यसमा संलग्नलाई दोषी र संलग्न नभएकालाई निर्दोष ठहराउनु पर्दछ। उक्त घटनामा कस्को भौतिक उपस्थित छ, त्य पत्ता लगाउनु नै निर्णयमा पुग्ने मुख्य बिन्दु हो। आन्दोलनमा जानु एउटा कुरा हो तर मान्छे मार्नु अर्को कुरा हो। आन्दोलनमा जानु नै अपराध गर्नु होइन जस्ले जति कर्म गरेको छ उस्ले त्यतिनै दायित्व ब्यहोर्नु पर्दछ। यो आन्दोलन तराईबादी पर्टीका

नेताहरुले टिकापुरमा आई आफ्नो पहिचानकोलागि थारुहरु उठ भनी उकासेको कारण भएको भन्नेकुरा स्वयम जाहेरवाला शारदा कठायतको वयानबाट खुलेको छ। भलमन्सा र जिरागीले उर्दि गर्दा प्रहरीलाई आक्रमण गरि मार्नु पर्छ भनेका छैनन्। तथ्य स्विकार गर्नु र अपराध स्विकार गर्नु भनेका फरक कुरा हुन। यस मुद्दामा प्रतिवादी बनाउँदा छानी छानी स्थानिय नेता, शिक्षक, गाउँका भलमन्सा लगायत थारु अगुवाहरुलाई मात्र प्रतिवादी बनाई वास्तविक हत्यारा को हुन नेपाल सरकारले पत्ता लगाउन सकेको छैन। जाहेरी मात्र प्रमाण होईन। अनुसन्धान एकतर्फी भएको छ। प्रतिवादी करन चौधरी वाहेक अन्य सबै प्रतिवादीहरु अपराध गरेकोमा अदालतमा इन्कार भइ निजका साक्षीहरुबाट पुष्टि गराएका छन। Fact र Evidance को Connectivity ले यी प्रतिवादीहरुलाई अपराधि भन्न सकिन्छ सकिदैन? यो अहम प्रश्न हो। यि प्रतिवादीहरुको मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान राती सुति राखेको अवस्थामा जानकारी नै नगराई प्रहरीले सहिछाप गर्न लगाएका हुन। टिकापुर घट्नाको मिति २०७२/०५/०७ गतेको दिन प्रतिवादीहरु जोशीपूरबाट टिकापूर जाने क्रममा मुनुवाबाट फिर्ता भएका हुन। मिति २०७२/०५/०७ गतेका दिन टिकापूरमा थारुहट थारुवानको कार्यक्रम भएकोले उक्त दिन दिउसो तिरको समयमा जोशीपूरबाट टिकापूर जादै गर्दा मुनुवा भन्ने ठाउमा पुग्दा अगाडीबाट मानिसहरु भाग्दै आईरहेको देखी के भएको हो, किन भागेको भनी सोध्दा अगाडी झडप भई राखेको छ, अगाडी नबढौ भनी आ आफ्नो घरतिर फर्की आएका हुन, पछी के भएको रहेछ भनी सोधपुछ गर्दा टिकापुरमा घट्ना भएको कुरा थाहा पाएका र को कस्को संलग्नतामा के कुन हतियार प्रयोग गरी मृतकको मृत्यु भएको हो, प्रतिवादीहरुलाई केही थाहा छैन। वारदातमा प्रतिवादीहरुको कुनै संलग्नता पनी रहेको छैन। वारदातको दिन मोबाईलमा को कस्ले फोन गरे थाहा भएन। मौकामा तथा वस्तुस्थिति मुचुल्काका मानिसहरुले के कुन कारणले यि प्रतिवादीहरुको उक्त घट्नामा संलग्नता रहेको हो भनी लेखाएका हुन थाहा छैन, हालसम्म घट्ना कुन ठाउमा घटेको हो सो समेत यि प्रतिवादीलाई थाहा छैन। वारदातस्थलमा पुगेकै होईन। बरामद भएका हात हतियार को कसका हुन, त्यो बारेमा समेत कुनै थाहा जानकारी छैन। किटानी जाहेरी के कुन कारणले दिइ यि प्रतिवादीहरुलाई अनाहकमा दुःख दिएका हुन थाहा भएन। त्यस कारण हजारौ भिडको आक्रमणबाट भएको वारदातमा यी प्रतिवादीहरुलाई मात्र अभियुक्त मानी दोषि ठहर गर्न नमिल्ने हुँदा र मौकाको वयानमा प्रतिवादीहरु डर करले कसुरमा सावित भए पनि

अदालत समक्ष भएको स्वतन्त्र वयानमा सवै प्रतिवादीहरु कसुर अपराध गरेकोमा इन्कार रहेका र सो इन्कारी वयानलाई निजका साक्षीहरुको बकपत्रले पुष्टि गर्नुको साथै यीनै प्रतिवादीहरुले त्यस्तो जघन्य हत्या गरेको, ज्यान मार्ने उद्योग गरेको र डाँका चोरी गरेको भनी किटानी साथ भन्न सकेको अवस्था र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०७१, अंक ९, नि.नं. ९२४३, ने.का.प. २०७४, अंक ८, नि.नं. ९८५८, ने.का.प. २०७२, अंक ४, नि.नं. ९३८५, ने.का.प. २०७३, अंक ९, नि.नं. ९६७६, ने.का.प. २०७१, अंक ५, नि.नं. ९१७०, ने.का.प. २०७४, अंक १२, नि.नं. ९११८ र ने.का.प. २०६९, अंक २, पु.ई.नि.नं. ८७६४ समेतबाट मिसिल संलग्न प्रमाणबाट खुलेको नदेखिंदा सबै प्रतिवादीहरुले अभियोगदावी बाट पुर्णतः सफाइ पाउनु पर्दछ भनी बहस जीकिर प्रस्तुत गर्नु भयो।

२४८. यसैगरि सम्पुर्ण प्रतिवादीहरु २७ जनाको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री नाथुराम महतौले टिकापुर घटनामा दिवङ्गत हुनुभएका व्यक्तीहरु प्रति श्रद्धासुमन व्यक्त गर्दछु। सो घटना नयाँ संविधान निर्माणको क्रममा भएका आन्दोलनको एक कडिको रुपमा भएको हो। यस घटनामा संलग्न प्रतिवादीहरु मध्ये आज उपस्थित प्रतिवादीहरु ३ प्रकारका रहेका छन। १) आन्दोलनको क्रममा गएका तर घटना नघटाएका:- सुन्दरलाल कठरीया, राजकुमार कठरिया र हरिनारायण चौधरी २) आन्दोलनमा जाँदै गर्दा बाटैबाट फर्केका:- बिद्रोह भन्ने सिताराम चौधरी, श्रवण चौधरी, सन्तराम चौधरी, वृजमोहन डगौरा, दिल बहादुर चौधरी, राम प्रसाद चौधरी र करन चौधरी ३) आन्दोलनमा जाँदै नगएका:- रेशमलाल चौधरी, लक्ष्मण थारु, लाहुराम चौधरी, राम नरेश चौधरी, तहवर हली भन्ने नरुल अली जागा, राजेश चौधरी, बिसराम कुस्मी, किसनलाल चौधरी, प्रदिप चौधरी, संगम भन्ने सन्तोष चौधरी, बिश्राम भन्ने जित बहादुर चौधरी, बिर बहादुर चौधरी, राम कुमार कठरिया, प्रेम बहादुर चौधरी, चुन्नीराम चौधरी र गंगाराम डगौरा रहेका छन। टिकापुर एरियामा मुनुवा, शान्तिनगर र संकरपुर टावर NCEL अन्तर्गतका र समितीपुर टावर पशु हाटवजार निजक रहेका छन्। शंकरपुर र समितिपुर टावर घटनास्थल नजिक रहेका, मुनुवा र शान्तिनगर टावर घटनास्थलबाट २ देखि ५ कि.मि. को फरकमा छन्। प्रतिवादी सुन्दरलाल कठरियाको मोबाइल नं. ९८१४६२८१०५ मा अन्तिम फोन घटनाको दिन १४:१७ बजे मुनुवाको टावरले टिपेको भन्ने BTS Report ले देखाएको छ। त्यो वेला यी प्रतिवादी सुन्दरलाल कठरियालाई खुट्टामा गोलीको छर्रा लागि सकेपछि फोनको रेकर्ड देखिँदैन, त्यसबखत

प्रतिवादी रेशमलाल चौधरीको फोनको BTS Report लम्की टावरको देखिन्छ। यसरी हेर्दा प्रतिवादी रेशमलाल चौधरी अन्य समुहसंग कुरा नमिले पछि सो घट्नामा आफु संलग्न नभई आफ्नो एफ.एम. भएको ठाउँ बर्दिया तिर लागि सकेको प्रमाणित हुँदा यीनको Elibi जीकिरलाई सो Call Details ले पुष्टि गरेको छ। यी प्रतिवादी समाजमा सद्भाव कायम गराउन खोज्ने, गोरखा दक्षीणवाहु प्राप्त ब्यक्ति हुन। सो घटनाको दिन ०३:०० बजे बर्दियाको भुरीगाउँमा रहेको भन्ने Call Details बाट देखिन्छ। सो घटनाको बारेमा पर्चा ब्यानर टाँस्ने भन्ने समेत यी प्रतिवादीलाई थाहा थिएन। घटना हिँसात्मक हुन्छकि भन्ने आसंकाले आफैले प्रहरी प्रमुखलाई सुचित गर्नुनै यीनको अपराध होईन। यीनी प्रति आरोप लगाउने सह प्रतिवादी करन चौधरीको मौकाको वयान र अदालतको वयान फरक छ। मौकाको वयानमा रेशमको ठेगाना खुलाउन सक्ने ले अदालतको वयानमा ठेगाना खुलाउन सकेका छैनन्। निज करन चौधरी की आमा जिवित छिन तर उनले वयानमा मृत्यु भैसकेको भनेबाट पनि यीनको वयानमा सत्यता छैन। एउटा राम्रो संभाव्यता बोकेको समाजसेवी, उद्यमि, कलाकार, थारु अगुवा भएको कारण यी प्रतिवादीलाई फसाउन खोजिएको हो। BTS प्रतिवेदनले अन्य योजनाकार भनिएका लाहुराम र लक्ष्मण थारु संगको सम्बन्ध जोड्न सकेको देखिँदैन। बादीका साक्षीहरुको बकपत्र हेर्दा निजले लगाएको पोशाकमा समेत एकरुपता नपाइएकोले, अपराधिक कार्य र अपराधिक मनसायको पुष्टि आरोप लगाउँदैमा प्रमाणित हुँदैन। तसर्थ यी प्रतिवादी रेशमलाल चौधरी निर्दोष छन। अन्य प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा वारदात घट्नाका दिन शान्तीपूर्ण तरिकाले आन्दोलन गर्ने भनि यि प्रतिवादीहरु चिलिमे चौराहामा गएका हुन, तर सुरक्षाकर्मीलाई कुटपीट गरेको भन्ने कुरा झुठा हो। अन्य प्रतिवादीहरुको मौकाको बयान ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गराएका हुन। मिति २०७२/०५/०७ गते बिहान बिहान ८ बजेको समयमा गाउँको चिराकीले चिलिमे चौराहामा जम्मा भेला हुनु भन्ने जानकारी गराएपछी घरबाट चिलिमे चौराहामा गई एकछिन त्यही बसी टिकापुरतिर जाने क्रममा टिकापुर एरिया पहिले नै निषेधित क्षेत्र घोषणा गरिएको हुदा सुरक्षाकर्मीले निजहरुलाई रोक्न अश्रुग्यास र रबरको गोली छर्राहरु हानेपछी यि प्रतिवादीहरु घाइते भइ अस्पतालसम्म पुऱ्याई उपचार गराई रहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएका हुन। प्रतिवादीहरुले कोही कसैलाई कुटपीट गरेको होईनन। घट्नामा को कसले सुरक्षाकर्मीलाई निर्ममतापूर्वक कुटपीट गरी हत्या गरेका हुन त्यस

सम्बन्धमा यि प्रतिवादीहरुलाई केहि पनि थाहा छैन। घट्नाका योजनाकार को हुन, को प्रतिवादीहरु आन्दोलनमा थिए भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको छैन। जाहेरी दिने, मौकामा कागज गर्ने, घटना बिवरणमा बस्नेहरुको कागज र तिनिहरुले अदालत समक्ष गरेको बकपत्रमा एकरुपता छैन। चिराकी, चौकीदारी, भलमन्सा र बडघरको अनुरोधमा थारु आन्दोलन भएको हो, यसमा कोही नेता छैनन्। सरकारी साईन बोर्डमा थारुहट स्वायत्त प्रदेश लेख्न खोज्नु आन्दोलनको सन्तुष्टि मात्र हो। मौकामा बयान गर्ने प्रतिवादीहरु लाहुराम चौधरी, लक्ष्मण थारु, नरुलअली जागा र बिश्राम चौधरी ४ जना कसुरमा इन्कार छन। फरार रहि अदालतमा हाजिर भएका बिश्राम कुस्मी चौधरी, रेशमलाल चौधरी र गंगाराम डगौरा ३ जना अदालतमा आइ बयान गर्दा कसुरमा इन्कारी छन। अदालतमा १ जना करन चौधरी बाहेक बाकीँ २६ जना इन्कारी छन। प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार बादी पक्षले आफ्ना धेरै साक्षीहरुलाई उपस्थित गराउन सकेको छैन। गोश्वारा रुपमा Pick and choose को आधारमा यी प्रतिवादीहरु बनाईएको हुँदा र डेढ बर्षिय बालकलाई कसले कुन बन्दुकले गोली हानी मारेको हो खुल्न समेत नसकेको हुँदा सुरक्षाकर्मीहरुलाई यी प्रतिवादीहरुले हत्या गरेको होईन। **Polygraph Statement** मा घटना सम्बन्धि बिषयमा सोधिएका प्रश्नहरुको यथार्थ ब्यहोरा यि प्रतिवादीहरुले भनि दिएका हुन तर सो रिपोर्टमा के कसरी फरक देखिन गयो थाहा छैन र मौकाको वयानमा प्रतिवादीहरु डर करले कसुरमा सावित भए पनि अदालत समक्ष भएको स्वतन्त्र वयानमा सवै प्रतिवादीहरु कसुर अपराध गरेकोमा इन्कार रहेका र सो इन्कारी वयानलाई निजका साक्षीहरुको बकपत्रले पुष्टि गर्नुको साथै यीनै प्रतिवादीहरुले त्यस्तो जघन्य हत्या गरेको, ज्यान मार्ने उद्योग गरेको र डाँका चोरी गरेको भनी किटानी साथ भन्न सकेको अवस्था मिसिल संलग्न प्रमाणबाट खुलेको नदेखिँदा यि प्रतिवादीहरुले अभियोग दावी बमोजिम अपराध नगरेकोले सजाय हुनु पर्ने होईन भन्ने समेत ब्यहोराको बहस जीकिर प्रस्तुत गर्नुभयो।

२४९. यसैगरि प्रतिवादी रेशमलाल चौधरी बाहेकका प्रतिवादीहरु २६ जनाको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री जौहारीलाल चौधरीले हाम्रो फौज्दारी कानूनी पद्धतिमा जस्ले आरोप लगाएको छ उसैले अभियोग प्रमाणित गर्नु पर्दछ। अधिकार प्राप्त अधिकारी समक्ष सावित हुँदैमा प्रमाण बेगर दोषी ठहर गर्न मिल्दैन। "मौकाको सावितीलाई निरपेक्ष प्रमाण मान्न मिल्दैन, मौकामा कागज गर्ने व्यक्तिले सो हद सम्म अदालतमा बकपत्र गर्न पाउँछ तर सो वाहेक नयाँ तथ्य लिएर बकपत्र गरेमा

त्यसलाई प्रमाणमा लिन मिल्दैन" भनी ने.का.प. २०७५, अंक ३, नि.नं. ९९७८ मा सिद्धान्त प्रतिपादन भएको छ। यो वारदातमा पुर्व रिसइवी र मनसाय तत्वको अभाव रहेको हुँदा, यो घटना भवितव्य जस्तो देखिन्छ। थारु आन्दोलन पहिलो २०६४ सालमा भएको थियो, त्यो आन्दोलनमा थारु आदिवासी जनजाती हुन, मधेसी होईनन् भन्ने माग थियो। दोस्रो आन्दोलन २०६९ सालमा भयो, त्यसमा थारु बहुल क्षेत्रलाई छुट्टै प्रदेश घोषणा गर्नुपर्छ भन्ने माग थियो भने अर्का तिर अखण्ड सूदुरपश्चिमको माग सहित छुट्टै आन्दोलन भइरहेको र दुवै आन्दोलनको बिचमा टक्राव रहेको थियो। त्यसपछि तेस्रो आन्दोलन २०७२ साल साउनबाट सुरु भएको हो, त्यहीं अन्तर्गत टिकापुर आन्दोलन पनि स्वस्फुर्तरुपमा भएको हो। यसको छुट्टै आधिकारीक धारणा र योजना थिएन, मात्र नयाँ बन्न लागेको संविधानमा थारु कल्याण हेतु आफ्ना माग अधिकारहरु राख्ने सन्दर्भमा आफ्ना हकहरु उल्लेख हुन भन्ने चाहना हो। बिगतबाटै गाउँमा उर्दी लगाउन भलमन्सा, बडघर, चिरागीले भन्दा स्थानिय गाउँलेहरुले मान्ने भएको हुँदा यस घटनामा पनि निजहरुको प्रयोग भएको हो। यीनिहरुको काम श्रमदान गर्ने, कुलो खन्ने, सानातीना झगडा मिलाउने, बाटो खन्ने काम गर्दछन। दशौं हजार ब्यक्तिको भिडको मनोबिज्ञानले तत्काल सरकारी कार्यालयहरु भित्र पसी थारुवान प्रदेशको व्यानर टाँस्ने निर्णय गर्दा र निषेधित क्षेत्रको उल्लङ्घन गर्दा यो घटना भएको हो। प्रहरीले नै अश्रुग्यास, प्लास्टिक बुलेट हानी आन्दोलनकारीलाई घाइते बनाई रक्ताम्य भएको स्थिती देखेपछि स्वस्फुर्तरुपमा मास उत्तेजीत भई यस्तो घटना भएको देखिन्छ। यो घटना अत्यन्त दुःखदायी छ। शुरक्षा निकायले पनि आफ्नो व्यवस्थापकीय प्रवन्ध राम्रो नमिलाएकै कारण यो घटना घटेको हुँदा त्यसको दोष प्रतिवादीहरुलाई मात्र लगाउन मिल्दैन। अभियोग पत्रको अन्तिममा यी प्रतिवादीहरु बाहेकका हकमा पछाडी नाम खुलेको बखत थप अभियोग लगाउन सकिने वाक्याङ्स परेको कारण गाउँबाट युवा युवती पलायन भएका छन। महिनौ टिकापुरमा घटना पश्चात कर्फ्यु लगाइ गाउँका हट्टाकट्ठा र युवा जोस भएका बेकसुर मान्छेलाई प्रतिवादी बनाईएको छ। मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। मिति २०७२/०५/०७ गते टिकापूरमा हुन गएको उक्त घटनामा यि प्रतिवादीहरुको कुनै संलग्नता नै छैन। सुरक्षाकर्मीहरुको संचारसेट हतियार लुटी सुरक्षाकर्मीहरुलाई निर्ममपूर्वक योजना मुताविक कुटपीट गरी हत्या गरेको सम्बन्धमा पनि केही थाहा

छैन। **Polygraph Statement** मा घटना सम्बन्धि प्रश्नहरु नसोधि उक्त रिपोर्ट तयार पारिएको हुँदा र मौकाको वयानमा प्रतिवादीहरु डर करले कसुरमा सावित भए पनि अदालत समक्ष भएको स्वतन्त्र वयानमा सवै प्रतिवादीहरु कसुर अपराध गरेकोमा इन्कार रहेका र सो इन्कारी वयानलाई निजका साक्षीहरुको बकपत्रले पुष्टि गर्नुको साथै यीनै प्रतिवादीहरुले त्यस्तो जघन्य हत्या गरेको, ज्यान मार्ने उद्योग गरेको र डाँका चोरी गरेको भनी किटानी साथ भन्न सकेको अवस्था मिसिल संलग्न प्रमाणबाट खुलेको नदेखिँदा प्रतिवादीहरु निर्दोष भएकाले निजहरुले अभियोग दावीबाट सफाइ पाउनु पर्छ भन्ने ब्यहोराको बहस जीकिर प्रस्तुत गर्नु भयो।

२५०. यसैगरि प्रतिवादीहरु करन चौधरी र श्रवण चौधरी बाहेकका प्रतिवादीहरु २६ जनाको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री गजेन्द्र बहादुर के.सि.ले यि प्रतिवादीहरुले थारुहट राज्य स्थापनाकालागि शान्तिपुर्ण आन्दोलन गरेका हुन। अभियोग लगाउँदैमा सो अभियोग पुष्टि हुन सक्दैन। प्रमाण संकलन एक आपसमा मालाकार कडिको रुपमा मिलेको हुनुपर्दछ। अनुसन्धान तटस्थ, स्पष्ट र निश्पक्ष हुनुपर्दछ। अनुसन्धानकर्ता पुर्वाग्रही हुनु हुँदैन। यो घटनामा यी प्रतिवादीहरु आन्दोलनमा गए पनि हत्या हिँसा गरेका होइनन्। जाहेरी नै प्रहरीले पहिले देखि नै लेखि राखेको कागजमा जाहेरवालाहरुको सही गराएर पेश गरेको हो भन्ने कुरा निजहरुको अदालत समक्ष भएको वयानबाट खुल्दछ। अनुसन्धान गर्दा नै उत्तरापेक्षी प्रश्न सोधिएको हुँदा सुद्ध अनुसन्धान भएको भन्न मिल्दैन। बुझिएका मान्छेहरुको कागज हेर्दा २-४ जना वाहेक सबै प्रहरीहरु रहेका छन। फौजदारी कानूनको सिद्धान्त अनुसार ९ जना अपराधि छुटुन तर १ जना निरपराध व्यक्ति नपरोस भन्ने हो। यी सबै प्रतिवादीहरु निरपराध व्यक्तिहरु हुन। मिसिलमा पेश भएका प्रमाणहरुले एक अर्कामा सामिप्यता राख्दैनन्। मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखेको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। अभियोग मागदावी स्पष्ट छैन, सो अनुसार प्रमाणहरु पेश भएका छैनन्, योजना र निर्देशन गरे भन्ने प्रतिवादीहरु उपर कानूनले तोके अनुसारको सजायको मागदावी गरिएको छैन। प्रतिबादी मध्येका रशेमलाल चौधरीको भौतिक उपस्थिति निजको Call Details बाट देखिँदैन। प्रदिप चौधरीको अदालतमा भएको बयानमा स.ज. २३ नं. नै छैन, करण चौधरीको बयानमा मात्र स.ज. २३ छ। मिति २०७२/०५/०७ गते भएको टिकापूरको आन्दोलन पछि २०७२।०५।२२ गतेको ओमकार थारुको

जाहेरीमा मात्र यी प्रतिवादी रेशमलाल चौधरीको नाम खुलेबाट किटानी जाहेरी भन्न मिल्दैन। मौकामा फरार रहनु नै अपराध स्विकार्नु होइन, निज प्रतिवादी अदालतलाई सम्मान गर्न आउनु भएको हो। यी प्रतिवादीहरु शान्तीपूर्ण तरिकाले सहभागी भइ हातमा प्लेकार्ड समाई नाराहरु लगाउदै टिकापूरको हाटबजार नजिक पुग्दा प्रहरीले उल्टै अश्रु ग्यास सहित रबरको छर्रा हानेपछी यि प्रतिवादीहरुले कुनै प्रतिकार नगरि आ-आफ्नो घर फर्किएका हुन। वारदातमा उक्त घट्ना घट्नुमा प्रतिवादीहरुको कुनै पनी प्रकारको संलग्नता नरहदा नरहदै किन किटानी जाहेरी परेको हो थाहा छैन र अदालत समक्ष भएको वयानमा सवै प्रतिवादीहरु कसुर अपराध गरेकोमा इन्कार रहेका र सो इन्कारी वयानलाई निजका साक्षीहरुको बकपत्रले पुष्टि गर्नुको साथै यीनै प्रतिवादीहरुले त्यस्तो जघन्य हत्या गरेको, ज्यान मार्ने उद्योग गरेको र डाँका चोरी गरेको भनी किटानी साथ भन्न सकेको अवस्था मिसिल संलग्न प्रमाणबाट खुलेको नदेखिँदा अभियोग दावी बमोजिम कुनै कसूर यि प्रतिवादीहरुले नगरेको अवस्थामा यि प्रतिवादीहरुलाई कुनै पनि किसिमको सजाय हुनु पर्ने नै होईन भन्ने ब्यहोराको बहस जीकिर प्रस्तुत गर्नुभयो ।

२५१. यसैगरि प्रतिवादीहरु रेशमलाल चौधरी, करन चौधरी र श्रवण चौधरी बाहेकका प्रतिवादीहरु २४ जनाको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री गंभिर सिँह ऐरले मुलतः Polygraphy बाट ३ वटा कुराहरुको Examination हुन्छः- १) Heart Beat Rate Blood Pressuare २) Respiration ३) Skin Conductivity यती परिक्षण गरेपछि कुनै व्यक्तिले ढाँटे नढाँटेको जाँच हुन्छ तर त्यो पनि ७० प्रतिशत मात्र सत्य मानिन्छ। यी प्रतिवादीहरुको जुन Polygraphy भएको छ त्यो उनिहरुको इन्छा बिपरित र हिरासतमा लिई यातना दिएको अवस्थामा भएको हुँदा प्रमाणमा लिन मिल्दैन। बादीका साक्षीहरुले कुनैपनि प्रतिवादीहरुलाई चिन्दिन भनेका र परस्पर बाझिएका बकपत्रहरु रहेको कारण खम्भिर रुपमा अभियोग प्रमाणित गर्दैन। यि प्रतिवादीहरुले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप प्रहरीले ब्यहोरा नै नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। वारदात मिति २०७२/०५/०७ गतेको घट्ना के कसरी भयो को कसले गरे सो बिषयमा केही थाहा छैन। उक्त वारदातमा यि प्रतिवादीहरुको कुनै संलग्नता रहेको छैन। यि प्रतिवादीहरु उपर जुन अभियोग लगाईएको छ त्यो झुट्टा आरोप हो। यि प्रतिवादीहरु उक्त घट्ना घटेकोमा आफै दुःखित छन। निजहरु थारुहट राज्यको

स्थापनार्थ शान्तिपुर्ण आन्दोलनमा सहभागी भएर फर्किएका हुन। उक्त घट्ना घट्नुमा कुनै किसिमको संलग्नता नरहेकाले र मौकाको वयानमा प्रतिवादीहरु डर करले कसुरमा सावित भए पनि अदालत समक्ष भएको स्वतन्त्र वयानमा सवै प्रतिवादीहरु कसुर अपराध गरेकोमा इन्कार रहेका र सो इन्कारी वयानलाई निजका साक्षीहरुको बकपत्रले पुष्टि गर्नुको साथै यीनै प्रतिवादीहरुले त्यस्तो जघन्य हत्या गरेको, ज्यान मार्ने उद्योग गरेको र डाँका चोरी गरेको भनी किटानी साथ भन्न सकेको अवस्था मिसिल संलग्न प्रमाणबाट खुलेको नदेखिँदा र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०४४, अंक १, नि.नं. ३२११ मा "२ पक्ष बिचको झडप भएको मा पुर्व योजना, पुर्व मनसाय नभई एक एक मुडभेड भई मृतको मृत्यु भएको देखिँदा भवितव्य हुने" भन्ने समेतबाट यि प्रतिवादीहरुले अभियोग मागदावी बमोजिमको कुनै पनि कसूर नगरेको हुदा सजाय हुनु पर्ने होईन भन्ने ब्यहोराको बहस जीकिर प्रस्तुत गर्नुभयो।

२५२. यसैगरि प्रतिवादी करन चौधरी बाहेकका प्रतिवादीहरु जना २६ को तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री गंगाराम पाध्यायले यो घटना राजनीतिक घटना भएको कारण यो मुद्दा फिर्ता लिने सम्बन्धमा गृह मन्त्रालयबाट गृहकार्य समेत भएको थियो। यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतका पुर्व माननीय न्यायाधीश श्री गीरिश चन्द्र लाल को अध्यक्षतामा एक आयोग गठन भई सो आयोगले सरकार समक्ष प्रतिवेदन समेत बुझाएको मा हाल सम्म प्रतिवेदन सार्वजनीक भएको छैन। यो मुद्दा सबै बनावटी मुद्दा हो। यो घटना दुःखदायी र कल्पना बाहिरको घटना हो। अभियोजन पक्षनै अभियोग लगाउँदा अलमलमा छ। योजना कहाँ कसले बनाए र योजनाकार को हुन भन्ने कुरा मिसिलमा खुलेको छैन। प्रतिवादी सन्तराम चौधरीको हिरासतमा कुटपिट हुँदा कान फुटेको छ। प्रतिवादी रामप्रसाद चौधरीलाई प्रहरीमा यातना दिँदा छाती र कुममा घाउ खत देखिएको छ। नावालक प्रतिवादी श्रवण चौधरीलाई उमेर पुगेको भनी अभियोजन गरिएको छ। स्कुल पढाइ रहेका प्रतिवादी राम नरेश चौधरीलाई मौकामा साविती वयान दिन लगाइएको छ। यी प्रतिवादीहरु थारु समुदायका मान्छे हुन, नेपाली भाषा बुझ्दैनन्, दोभाषे राखि वयान गराइएको छैन, घटना कति वेला भयो, कुन बेला कुन सुरक्षाकर्मीको ज्यान गयो मिसिलबाट खुल्दैन। यी प्रतिवादीलाई राती सुतेको समयमा छानी छानी ल्याइएको छ। सनाखत गर्नेहरुले नै लेखेको कागजमा भएका नामको सनाखत गरिदिएको हुँ भनी बकपत्र गरेबाट

सनाखत बिश्वसनिय छैन। Facebook Statuse र टेलिभिजनमा नैतिक जिम्मेवारी लिई बोलेको कुरालाई प्रमाणमा लिन मिल्दैन। यी प्रतिवादीहरुले हत्या गरेका भए हत्या हुँदाका वखत हुने सांकेतिक चिन्हहरु जस्तै रगतका छिटा वा अन्य यस्तै दशी प्रमाणहरु प्रतिवादीहरुबाट भेटिएका छैनन्। अदालतमा वारदातमा सावित हुने प्रतिवादी करन चौधरीको मौकाको वयान र अदालतको वयान एक आपसमा मिल्दैन साथै निजको अदालत कै वयानमा समेत एक रुपता छैन। प्रतिवादी बिसराम कुस्मीको बावुको नाम अभियोगमा मिलेको छैन। मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान झुठा हो। बनावटी कपोकल्पित ब्यहोरा के कारणले लेखे थाहा भएन। प्रहरीले निजहरुको बयान ब्यहोरा नै नसुनाई जवरजस्ती सहिछाप गर्न लगाएको हो। जाहेरी नैं स्पष्ट छैन। “प्रत्येक व्यक्तिले गरेको भनेको अपराध प्रत्येक प्रमाणले पुष्टि गर्नुपर्ने” भन्ने ने.का.प २०६९, अंक २, पृष्ठ १७१, नि.नं. ८७६४ मा सिद्धान्त प्रतिपादन भएको छ। “फौजदारी कसुर संका रहित तवरले पुष्टि गर्नुपर्दछ, अदालत स्वयमले प्रमाण सृजना गर्दैन” भन्ने सिद्धान्त नि.नं. ९३८५, अंक ४, ने.का.प २०७२ मा प्रतिपादन भएको र “बचन दिने, निर्देशन दिने भन्ने व्यहोराको पुष्टि हुन सक्नुपर्दछ” भन्ने नि.नं. ९९१८, अंक १२, पृष्ठ २०४५, ने.का.प. २०७४ मा सिद्धान्त प्रतिपादन भएको छ। सुरु जाहेरीमा ७ जनाको मात्र नाम छ, प्रतिवादी रेशमलाल चौधरीको नाम उल्लेख छैन। घटना सम्बन्धमा यि प्रतिवादीहरुलाई केही थाहा छैन। अन्य प्रतिवादीहरुको हकमा भएको **Polygraph Statement मा** भएको ब्यहोरा अनुसार प्रश्नहरु सोधिएका नै थिएनन्। अरु नै प्रश्नहरु सोधि उक्त रिपोर्ट तयार पारिएको हो। सबै प्रतिवादीहरुलाई घट्ना वारदातपूर्व गाउँको भलमन्साले गाउँमा चिराकी मार्फत आन्दोलनमा अनिवार्य रुपमा जानु पर्ने नगए ५००/-जरिबाना लाग्ने नियम लगाएका पनि थिएनन्। आन्दोलनमा हातहतियारको प्रयोग गर्ने भन्ने कुनै योजना पनि थिएन। उक्त घट्ना घट्नुमा यि प्रतिवादीहरुको कुनै भुमिका नै नभइ यि प्रतिवादीहरुको नाममा किन किटानी जाहेरी पऱ्यो थाहा छैन र मौकाको वयानमा प्रतिवादीहरु डर करले कसुरमा सावित भए पनि अदालत समक्ष भएको स्वतन्त्र वयानमा सवै प्रतिवादीहरु कसुर अपराध गरेकोमा इन्कार रहेका र सो इन्कारी वयानलाई निजका साक्षीहरुको बकपत्रले पुष्टि गर्नुको साथै यीनै प्रतिवादीहरुले त्यस्तो जघन्य हत्या गरेको, ज्यान मार्ने उद्योग गरेको र डाँका चोरी गरेको भनी किटानी साथ भन्न सकेको अवस्था मिसिल

संलग्न प्रमाणबाट खुलेको नदेखिँदा यि प्रतिवादहरुले अभियोग माग दावी बमोजिम कुनै कसुर नगरेको हुदा सजाय हुनुपर्ने होईन भन्ने ब्यहोराको बहस जीकिर प्रस्तुत गर्नुभयो।

२५३. समग्रमा प्रतिवादीहरुका तर्फबाट उपस्थित बिद्वान कानून व्यवसायीहरुबाट यि प्रतिवादीहरु निर्दोष छन, घटनामा संलग्न छैनन्, यिनिहरुबाट उक्त घटना घटित भएको होइन, अदालतमा भएको बयानमा यि प्रतिवादीहरु कसुर अपराध गरेकोमा इन्कार छन। यि प्रतिवादी मध्ये रेशमलाल चौधरी, लक्ष्मण थारु, लाहुराम चौधरी र धनिराम चौधरी समाजसेवी, संचार कर्मी र राजनीतिकर्मी हुन। सो घटनामा यी प्रतिवादी मध्येका रेशमलाल चौधरीको गोदावरी F.M., फुलबारी रिसोर्ट समेत जली लाखौ रुपैयाँको क्षति समेत भएको छ। स्वस्फुर्त भेला भएका हजारौं नचिनेका मानिसहरुको जमात थियो, उक्त जमातले नै घटना घटाएका हुन। यि प्रतिवादीहरुलाई समेत उक्त घटनाको जानकारी संचार माध्यमबाट भएको हो। हाल आएर यि प्रतिवादीहरु मध्येका रेशमलाल चौधरी प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ मा भारी जनमत ३४,३४१ मत पाएर प्रत्यक्ष तर्फको प्रतिनिधि सभा सदस्यमा निर्वाचित भइसकेका व्यक्ती पनि हुन। सदनमा यीनको अनुपस्थितीको कारण कैलाली क्षेत्र नं. १ का जनताको आवाज उठ्न सकेको छैन। त्यस्तो अपराधिक चरित्रका व्यक्ती भएका भए जनताले त्यत्रो अभिमत दिने अवस्था नै नहुने हुँदा यि लगायत सम्पुर्ण प्रतिवादीहरुलाई लागेको अभियोग पुष्टि हुन सक्ने अवस्था नै नभएको, अभियोगमा प्रतिवादीहरु उपर गलत कानूनको गलत नं. को दावी लिएको, BTS प्रतिवेदन र Call Detatils ले प्रतिवादीहरु घटनास्थल मुचुल्काको चौघेरा भित्र नरहेको, प्रत्येक ब्यक्तिले गरेको अपराधिक कार्य हरेक प्रतिवादीको हकमा प्रमाणबाट पुष्टि हुन नसकेको, हजारौं भिडले हत्या गरेको, प्रहरी कर्मचारीहरुको दुःखद हत्या भएको कारण अनुसन्धानकर्ता प्रहरी नै भएकोले अनुसन्धान एकतर्फी भएको वास्तबिक तथ्य हुँदा हुँदै यी प्रतिवादीहरुबाट मात्र भएको हो भनी भन्न नसकिएको, मौकामा जाहेरी पर्दा सबै प्रतिवादीहलाई एक साथ देखाउँन नसकेको, बादी पक्षका साक्षीहरुले अदालतमा बकपत्र गर्दा मौकामा व्यक्त गरेका कुराहरु पुष्टि हुनेगरी बकपत्र गर्न नसकेको, घटना घटेको १५ दिन पछी किटानी जाहेरी पर्नथालेको, शंकारहित तवरले अभियोग पुष्टि हुन नसकेको, छानी छानि थारु अगुवाहरुलाई मात्र प्रतिवादी बनाएको, यी प्रतिवादीहरु आफ्नो समुदायको हक अधिकार प्रति सचेत र प्रतिवद्ध नागरिक मात्र हुन अपराधि

होईनन्। तसर्थ यी प्रतिवादीहरुले अभियोग मागदावीबाट सफाइ पाउनु पर्दछ भनि समग्रमा गर्नुभएको बहस जीकिर समेत सुनियो।

२५४. वादी प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरुको उपरोक्तानुसारको बहस जीकिर समेत सुनी मिसिल संलग्न आधार, प्रमाण लगायतका कागजातहरु, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, बिभिन्न बिद्वानहरुको भनाईलाई मनन गर्दै सो को समेत उद्धरण गर्दै ती समेतको अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नहरुको निराकरण गर्नु पर्ने देखिन आयो।

क) **प्रस्तुत मुद्दाको यथार्थ तथ्य, घटना बिवरण र चित्रण के रहेको छ ?**

ख) **प्रस्तुत वारदात राजनीतिक, दोहरो भिडन्त, आपराधिक चरित्रको वा कस्तो प्रकारको घटना थियो ?**

ग) **प्रस्तुत वारदातमा यी प्रतिवादीहरु को कसको कस्तो संलग्नता थियो वा थिएन ?**

घ) **बादी नेपाल सरकारले यी प्रतिवादीहरु उपर कुन कानून अनुसारको अभियोग दावी लिएको हो र उक्त कानूनमा के कानूनी व्यवस्था रहेको छ ?**

**ङ) यी प्रतीवादीहरुलाई के कस्तो उपयुक्त सजाय हुनुपर्ने हो वा हुन नपर्ने हो ?**

क) **प्रस्तुत मुद्दाको यथार्थ तथ्य, घटना बिवरण र चित्रण के रहेको छ भन्ने प्रथम प्रश्न तर्फ बिचार गर्दाः-**

**१.** मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, सनाखत कागज, प्रत्यक्षदर्शिको भनाइ, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, प्रतिवादीहरुको अधिकार प्रप्त अधिकारी समक्ष गरेको बयान, मौकामा बुझिएका मानिसहरुको कागज व्यहोरा, वस्तुस्थिती मुचुल्का, पोलीग्राफ परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन समेतका आधार प्रमाणहरुबाट मिति २०७२।०५।०७ गते दिउसो ०१:०० बजेको प्रहरी वरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने, प्र.नि.बलराम बिष्ट, प्र.नि.केशव बोहरा, प्र.ह.श्याम बहादुर खडका, प्र.ज.लोकेन्द्र बहादुर चन्द, स.प्र.ब.ह.ललित बहादुर साउंद, सहायक हवल्दार राम बिहारी चौधरी, प्र.ज.जनक बहादुर नेगी समेतका ८ जना सुरक्षाकर्मीलाई र एक जना डेढ बर्षिय नावालक टेक बहादुर साउँदलाई कर्तव्य गरी मारेको र ३६ जना प्रहरी कर्मचारीहरुलाई घाइते बनाइ ज्यान मार्ने उद्योग गरेको र निज प्रहरीहरुको हात हतियार, संचार सेट समेत लुटिलगी डाँका

गरेकोमा बिरुद्ध खण्डका प्रतिवादीहरुलाई कानून बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दावी रहेको देखिन्छ।

२. यस सन्दर्भमा हेर्दा, थरुहट राज्यको माग गर्दै थरुहटका नेता तथा कार्यकताहरुले बन्द हड्‌ताल जस्ता कार्यक्रम गर्दै आएकोमा मिति २०७२।५।७ गते थारुहट संघर्ष समितिले आन्दोलन मार्फत टिकापुर स्थित सरकारी कार्यलयहरुको साइन बोर्डमा थारुवान स्वायत्त प्रदेशको बोर्ड लेख्ने, सरकारी सम्पति नोक्सान गर्ने, तोडफोड गर्ने, जनसाधारणको शान्ती सुव्यवस्था भङ्ग गर्दैछन भन्ने प्राप्त सुचनाका आधारमा अञ्चल प्रहरी कार्यालयका ब.प्र.उ. लक्ष्मण न्यौपानेको नेतृत्वमा प्रहरी टोली खटि गएकोमा टिकापुर प्रवेश गर्ने बाटोमा निषेधित क्षेत्रबाट आन्दोलनकारीहरु अगाडी बढ्न खोज्दा वरिष्ठ प्रहरी उपरिक्षक सहित खटिएका प्रहरीले सम्झाई बुझाई गर्दा यि प्रतिवादीहरु मध्येका धनिराम चौधरी, लक्ष्मण थारु, रेशमलाल चौधरी समेतको योजना, निर्देशन र नेतृत्वमा राम कुमार कठरीया, राजकुमार चौधरी (कठरीया), दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, प्रेम बहादुर चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी लगायतका अन्य प्रतिवादीहरुले प्रहरी माथि भाला, खुँडा, लाठा प्रहार गरी विभत्स तरीकाले हत्या गरेको र प्र.ह.रामबिहारी चौधरीलाई जिउंदै जलाई जम्मा ८ जना सुरक्षाकर्मी तथा १ नाबालक गरी ९ जना को हत्या गरेको तथा प्र.ना.नि.रविन्द्र धनुसे सहितका ३६ जना सुरक्षाकर्मी गम्भिर घाईते बनाएकोले कार्वाही गरी पाउँ भनि मान बहादुर बोहरा, सारदा कडायत, गोरख बहादुर साउँद, दिपक न्यौपाने, प्रकाश खड्का, धर्मसिँह बिष्ट, पशुपति चन्द र राज बहादुर नेगी समेतको जाहेरी परेको देखिन्छ।

३. मृतकहरुको शरीरका विभिन्न भागमा घाउ चोट निलडाम रहेको तथा जलाएको अवस्थामा रहेको भन्ने व्यहोराको मृतकका लाश जांच मुचुल्काबाट खुली आएको देखिन्छ। शव परिक्षण प्रतिवेदनमा मृतकको टाउको लगायत शरीरमा गम्भिर चोटका कारण मृत्यु भएको व्यहोरा खुली आएको तथा घाईते प्रहरीको समेत शरीरमा गम्भिर चोट लागेको भन्ने निजहरुको घां जांच केश फारमबाट खुली आएको देखिन्छ। बुझिएका देव बहादुर मौनीले मौकामा कागज गर्दा वारदातस्थलमा सुरक्षार्थ खटिएको अवस्थामा मार्ने उद्देश्यका साथ आएका आन्दोलनकारीहरुले आफुहरु माथि आक्रमण गर्दा मलाई चोट लागी घाईते भएको तथा एस.एस.पी.सरको टोलीलाई C आकारमा घेरी कुटपिट गरी कर्तव्य गरी

मारेको भनी खुलाई दिएको पाईन्छ। बुझिएका आन सिंह बिष्टले मौकामा कागज गर्दा वारदातस्थलमा सुरक्षार्थ खटिएका हामी प्रहरीलाई मार्ने उद्देश्यका साथ आएका आन्दोलनकारीहरुले आ–आफनो हातमा बोकी ल्याएका भाला, लाठाले C आकारमा घेरा हाली कुटपिट गरेकोमा आफु समेत केहि प्रहरी खेततिर गई बच्न सफल भएको तथा ८ जना सुरक्षाकर्मी सहित १ जना नाबालकलाई कर्तव्य गरी विभत्स रुपमा मारेको हो भनी खुलाई दिएको पाईन्छ।

४. वस्तुस्थिती मुचुल्काका नबिन शाह, टेक बहादुर साउँद, खुशीराम चौधरी र राजेन्द्र प्रसाद थारु, प्र.ज.दिपक महरा, स.प्र.ज.खगेन्द्र कुमार साउँद, नवराज नाथ, गणेश बहादुर साउँद, ईन्द्र भण्डारी र खगेन्द्र दमाई समेतले कागज गर्दा मिति २०७२।५।७ गते टीकापुरको पशुहाटबजार भन्ने स्थानमा प्रतिवादी रेशमलाल चौधरीले निर्देशन गरे अनुसार हातमा विभिन्न घरेलु हातहतियार बोकी आई सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरु माथि उक्त हतियार प्रहार गरी अन्य प्रतिवादीहरु समेत भई निर्मम तरिकाले हत्या गरेको तथा आफुहरु समेत घाईते भएको हो भनि खुलाई दिएको पाईन्छ।

५. बुझिएका यज्ञदेवी भट्टले कागज गर्दा वारदातका दिन दिउँसो म आफ्नो घरमा थिए। थरुहटका आन्दोलनकारीहरुले सुरक्षाकर्मी र नाबालक बच्चा टेकबहादुर साउँद समेतलाई हातहतियार तथा भाला, खुँडा, खुकुरी समेतले प्रहार गरी लखेटी–लखेटी कर्तव्य गरी मारेको मैले नै देखेकी हुँ। घटना भएको १ घण्टा पछि घर पछाडी गोलीको आवाज आउँदा वाहिर आई हेर्दा नाबालकको घरमा रोई कराई गरेको आवाज सुनी निजको घरमा जाँदा घरको ढोका बन्द गरेको र घर वाहिर बरण्डामा रगत बगेको देखि ढोका खोली हेर्दा बालकको पछाडी टाउकोमा गोली लागेको घाउ देखेकी हुँ, घटनामा ८ जना सुरक्षाकर्मीको मृत्यु भएको, धेरै घाईते भएका र उपचारमा लग्दै गरेको मैले देखेको हुँ, प्रतिवादीहरुले मुखमा मास्क लगाएको र टाउकोमा हेल्मेट समेत हालेका थिए भनि खुलाई दिएको पाईन्छ।

६. वस्तुस्थिती मुचुल्काका रबिन्द्र वि.क., लच्छुराम खत्री, प्रदीप चौधरी, आशाराम नेपाली, राजेन्द्र ऐर र सुरेन्द्र हमालले कागज गर्दा वारदातका दिन आफुहरु टीकापुर स्थित पशुहाटबजारमा सुरक्षार्थ खटिएको अवस्थामा प्रतिवादी रेशमलाल चौधरीको निर्देशन अनुसार हातहातमा घरेलु हतियार समेत बोकी आई टीकापुर स्थित सरकारी कार्यालयमा थरुहट प्रदेश लेख्ने भनि वारदात स्थलमा पुगी निषेधित

क्षेत्रमा प्रवेश गर्न खोज्ने क्रममा सुरक्षाकर्मीहरुले रोक्न खोज्दा प्र.ब.उ.समेतको सुरक्षा टोलीले सम्झाउने क्रममा उल्टै आफुसित भएका हातहतियारले सुरक्षाकर्मीहरुलाई घेराहाली प्रतिवादी रामकुमार कठरीया समेतले हातहतियार प्रयोग गरी सुरुक्षाकर्मीहरुलाई विभत्स तवरले हत्या गरेको तथा केही सुरक्षाकर्मीहरु गम्भीर घाईते भएकोमा घाईते मध्येका जनक नेगीको उपचारको क्रममा मृत्यु हुन गएको हो। पक्राउ परेका प्रतिवादी र फरार रहेका प्रतिवादीको संलग्नतामा उक्त वारदात घटित भएको हो। आफुहरु समेत उक्त वारदातमा घाईते भएका हौं भनि खुलाई दिएको पाईन्छ।

७. बुझिएका जित बहादुर चन्द, सुरेन्द्र चन्दले मौकामा कागज गर्दा मिति २०७२।५।७ गते थरुहटको विरोध जुलुश हुने जानकारी पाए पश्चात आफु समेतका सुरक्षाकर्मी वारदातस्थलमा खटिएकोमा आन्दोलनकारीहरुको भिड चिलिमे चौराह पुगे पश्चात सुरक्षाकर्मीहरुलाई धकेल्दै पशुहाटबजारमा पुगेकोमा प्र.व.उ.ले सम्झाउंदै गर्दा आन्दोलनमा संलग्न प्रतिवादीहरुले आफुहरुलाई सी आकारमा घेरा हाली सकेपश्चात सुरक्षार्थ खटिएका ४०।५० जना प्रहरीले घरमा लगाएको काठको बार भत्काई घरको आड लिन खोजेकोमा सोही स्थानमा प्रतिवादीहरुले घेरा हाले पश्चात वरिष्ठ प्रहरी उपरिक्षकले खेततिर जान निर्देशन दिए पश्चात आफु समेतको टोली खेततिर भाग्न सफल भएको र वरिष्ठ प्रहरी उपरिक्षक लक्ष्मण न्यौपाने लगायत ८ जना सुरक्षाकर्मी माथि भाला रोपी लाठी प्रहार गरी विभत्स तरीकाले मारेको र प्र.ह.राम बिहारी चौधरीलाई जिउंदै जलाएको हो। यसमा यि प्रतिवादीहरुको संलग्नता रहेको छ भनी खुलाई दिएको पाईन्छ।

८. बुझिएका मानबहादुर बुढामगरले मौकामा कागज गर्दा वारदात मितिका दिन थरुहटको आन्दोलनकारीहरु टिकापुर प्रवेश गरी सरकारी कार्यालयमा थरुहट राज्य लेख्ने कार्यक्रम रहेको जानकारी प्राप्त भए पश्चात विभिन्न स्थानमा प्रहरी टोली खटाइएकोमा आन्दोलनकारीहरुको भिड चिलिमे चौराह पुगी अनियन्त्रित भएको भनी प्र.नि.बलराम बिष्टले जानकारी गरे पश्चात एस.एस.पी.ले थप बल पठाई आफु समेत वारदातस्थलमा गई भिड पशुहाट बजारमा पुगी सके पश्चात सम्झाई बुझाई गर्दा उल्टै प्रहरी टोलीलाई सी आकारमा घेरा हाली हामीहरुलाई आक्रमण गरे पश्चात आफुहरुले अश्रुग्यास प्रहार गरेको तथा रबर गोली हानेको हो। एकोहोरो आफु माथि आक्रमण भएपछि मैले एस.एस.पी.ज्यूलाई एउटा घर भित्र राखे। म

खेततिर भागे तर एस.एस.पी.लाई घरभित्रै बाट तानेर बाहिर ल्याई नमार भनी निजले गुहार गर्दा गर्दै पनि नमानी भाला रोपी मारेको र अन्य प्रहरी कर्मचारीलाई समेत भाला लाठा प्रहार गरी विभत्स तरीकाले मारेको तथा प्र.ह.राम बिहारी चौधरीलाई जिउंदै जलाएको हो भने १ वर्षको बालकलाई गोली हानी मारेको हो। उक्त जुलुस प्रतिवादी रेशमलाल चौधरीको नेतृत्वमा भएको थियो भन्ने सुनेको हुं सबैले हातमा भाला, किला ठोकिएका लाठा समेत बोकी आएका थिए भनी खुलाई दिएको पाईन्छ।

९. बुझिएका नेत्रराज पडाल, डम्मर बहादुर बिष्ट, समशेर टमटाले कागज गर्दा वारदातका दिन आफु समेत चिलिमे चौराहमा सुरक्षार्थ खटिएकोमा भिडले चिलिमे चौराह बाट आफुहरुलाई धकेल्दै पशुहाट बजार सम्म ल्याएकोमा उक्त स्थानमा निषेधितक्षेत्र हो भनी एस.एस.पी.स्वयंले सम्झाउंदै गरेको अवस्थामा आन्दोलनकारीहरुले सी आकारमा घेरा हाली ढुंगा मुढा गर्दा अश्रुग्यास र हवाई फायर गरेको हो। पछि आन्दोलनकारीले एस.एस.पी.माथि प्रहार गर्दा सशस्त्र लाई गोली चलाउनुस भन्दा माथिको आदेश नभएको भनी फर्केका भनी खुलाई दिएको पाईन्छ। बुझिएका सितल राज डगौराले मौकामा कागज गर्दा प्रतिवादीहरु लक्ष्मण थारु, रेशमलाल चौधरी र रामचन्द्र चौधरीको निर्देशन बमोजिम भलमन्साहरुलाई मिति २०७२।५।७ गते प्रत्येक घरबाट १।१ जना घरेलु हतियार बोकी टिकापुर गई सरकारी कार्यालयमा थरुहट राज्य लेख्नु पर्ने भनी निर्देशन दिए पश्चात भलमन्साले चिराकी मार्फत गाउंमा उर्दी जारी गरी दिए अनुसार म समेत आन्दोलनमा जाने क्रममा मोतीचोकमा पुग्दा झडप भई प्रदर्शनकारीहरु दगुर्दै फर्किएका थिए भने म संगै माओवादी जनयुद्धमा लागेका संगमले सेतो कट्टामा बन्दुक बोकी लग्दै थिए भनि खुलाइ दिएको पाइन्छ।

१०. प्रत्यक्षदर्शि केशे भण्डारीले कागज गर्दा हातमा भाला, काटी ठोकेका लाठा सहितका हतियार बोकी आएका व्यक्तिहरुले मेरो घर भन्दा २०० मी. टाढा चारैतिरबाट सुरक्षाकर्मी लाई घेरा हाली प्रहरी माथि हतियार प्रहार गर्दा केहि नलागी प्रहरी भाग्दै गर्दा प्रहरी वरिष्ठ उपरिक्षकलाई छिमेकी संगीता बर्माको घरबाट तानेर आंगनमा ल्याई भाला हानी मारेको, प्र.नि.बलराम बिष्ट र केशव बोहरालाई धान खेतमा लखेटी मारेको तथा अन्य सुरक्षाकर्मीलाई हातहतियार प्रहार

गरी जलाई मारेको मैले आफ्नै घरको झ्याल बाट प्रत्यक्ष देखेको थिए भनी खुलाई दिएको पाईन्छ।

११. बुझिएका किरण भन्ने राजेन्द्र हमाल, गोपाल पुन, नरेश चौधरी, महेश बोहरा, कृष्ण डगौरा, पतित पावन कठरिया, बिर सिँह नेगी, भरत बहादुर बिष्टले कागज गर्दा मिति २०७२।५।७ गते दिउंसो थरुहटको आन्दोलनमा लाठी, भाला, सहित टिकापुर प्रवेश गर्दै छन भन्ने सुनी छिमेकी भिम बहादुर भण्डारीको घरको छतमा गएको थिए। सुरक्षाकर्मीलाई मार्ने योजनाका साथ आएका प्रतिवादीहरुको हुलले प्रहरी माथि प्रहार गरेको देखेको हुँ, संगीता बर्माको घर भित्र पसेका प्र.व.उ.लाई आंगनमा ल्याई मारेको छेकिएकोले देखिन। अन्य प्रहरीलाई विभिन्न हतियारले हान्दै लखेटी मारेका हुन भनी खुलाई दिएको पाईन्छ। प्र.ना.नि.राजु शाहले कागज गर्दा मिति २०७२।५।७ गते टिकापुरमा थरुहट कार्यकर्ता जाने भन्ने प्राप्त सूचनाका आधारमा शान्ती सुरक्षा गर्न चिलिमे चौराहमा प्र.नि.बलराम बिष्टको नेतृत्वमा टोली खटाएकोमा भिडले उक्त प्रहरी टोलीलाई धकेल्दै पशु हाटबजारमा पुग्दा थप सुरक्षाकर्मी सहित व.प्र.उ.लक्ष्मण न्यौपाने स्वंय घटनास्थलमा गएकोमा १३:३० बजे प्र.व.उ.लाई भाला हानी मारेको खबर आयो। उक्त वारदातमा हुलदंगाको नेतृत्व प्रतिवादी रेशमलाल चौधरी समेत अन्य प्रतिवादीहरु भइ गरेको हो भनी खुलाई दिएको पाईन्छ।

१२. प्र.ज.योगेन्द्र ऐर, प्र.ह.केशव राज जोशी, प्र.ना.नि.रविन्द्र धनुसे र प्र.ज.रामचन्द्र जोशी समेतले कागज गर्दा आफुहरु समेत सुरक्षार्थ पशु हाटबजारमा खटिएको अवस्थामा थरुहटका आन्दोलनकारीहरुले निषेधित क्षेत्रमा जान खोज्दा व.प्र.उपरिक्षक लक्ष्मण न्यौपानेले सम्झाई बुझाई गर्न खोज्दा आफुहरुलाई चारैतिरबाट घेरा हाली हातमा बोकी ल्याएका भाला, ढुंगा, लाठा प्रहार गरी आफुहरुलाई गम्भिर घाईते बनाएको हो भने व.प्र.उपरिक्षक लक्ष्मण न्यौपाने लगायतका ८ जना सुरक्षाकर्मी र १ नाबालक लाई वारदातस्थलमै भाला रोपी जलाई मारेको थाहा पाएको हुं। घटना प्रतिवादी लक्ष्मण थारु र रेशमलाल चौधरी समेतको निर्देशनमा प्रतिवादी राम प्रसाद चौधरी, सुन्दरलाल कठरिया, प्रेम बहादुर चौधरी र राम कुमार कठरिया समेतका व्यक्तिहरुले घटना घटाएको भनी थाहा पाएको हुं भनी खुलाई दिएको पाईन्छ।

१३. बुझिएका केशब सिंह महरा, दिपेन्द्र सिंह धामी, प्र.ज.दिपराज थापा, प्र.ज.देव सिंह कार्की, पवित्रा थारु, धन बहादुर कठायत र लक्ष्मण नेपाली समेतले कागज गर्दा मिति २०७२।५।७ गते टीकापुरमा ठूलो धनजनको क्षति हुने सूचना प्राप्त भए पश्चात आफुहरु अञ्चल प्रहरी गुल्मबाट सुरक्षार्थ टीकापुरमा खटि गएकोमा वारदातका दिन प्रतिवादी लक्ष्मण चौधरी, रेशमलाल चौधरी, ई.धनीराम चौधरी र रामचन्द्र चौधरीको निर्देशनमा हातहातमा भाला, खुँडा, लाठा समेत बोकी आएका प्रतिवादीहरुले टीकापुरको चिलिमे चौराहामा खटिएका सुरक्षाकर्मीले सम्झाउँदा नमानी धकेल्दै निषेधित क्षेत्रमा आउन लाग्दा प्र.नि.बलराम विष्टले थप सहयोग मागेकोमा प्र.नि.केशब बोहराको कमाण्डमा थप सुरक्षाकर्मीलाई वारदात स्थलमा खटाई स्वयं प्र.ब.उ.समेत पशु हाटबजार आई आन्दोलनकारीहरुलाई सम्झाउन खोज्दा प्रतिवादीहरुले भाला, ढुङ्गा, लगायतका हतियारले प्रहार गर्न थाले, आफुहरुले अश्रु ग्याँश, रबर गोली हान्दा समेत निजहरु नभागी उल्टै प्रहरी माथि आक्रमण गर्न थाले। आफुहरुलाई चारैतिर घेरा हाली हतियार प्रहार गर्दा भागाभाग हुँदा प्र.ब.उ.लक्ष्मण न्यौपानेलाई घरभित्रबाटै निकाली भाला रोपी हत्या गरेको तथा अन्य खटिएका प्रहरी ८ जनाको समेत वारदात स्थलमा नै भाला रोपी, जलाई १ नाबालक समेतलाई भाला लाठा लगायतले हानी रोपी हत्या गरेको आफुहरु समेत घाईते भएको प्रहरीहरुको हतियार समेत लुटी निज प्रतिवादीहरुले नै लगेको हो भनि खुलाई दिएको पाईन्छ।

१४. बुझिएका टेक बहादुर चौधरी, भरत सिँह बुढा, गोकुल भण्डारी, गज बहादुर भण्डारी, सुरज सिँह ठकुरी र राम बहादुर ऐरले मौकामा कागज गर्दा वारदात पूर्व रेशमलाल चौधरी र लक्ष्मण थारुको नेतृत्वमा आन्दोलन हुँदै आएकोमा मिति २०७२।५।७ गते टीकापुर स्थित सरकारी कार्यालयमा थरुहट प्रदेश लेख्ने कार्यक्रम छ भनी ऐ.६ गते विश्राम चौधरीले गाउँगाउँमा माईकिङ्ग गरेका हुन। प्रत्येक घरबाट घरेलु हतियार सहित जानु पर्ने, नगए जरिबाना गर्ने भन्दै थिए। सोही अनुरुप वारदातका दिन हातहातमा भाला लाठी लगायत हतियार बोकी गाउँगाउँबाट मानिसहरु आएको देखेको हुँ, आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरी र विश्राम चौधरीले गरेका थिए। पशु हाटबजारमा आन्दोलनकर्ता प्रतिवादीहरुले प्रहरीहरु माथि आक्रमण गरी ८ जना सुरक्षाकर्मीको हत्या गरेको हो भनि खुलाई दिएको पाईन्छ।

१५. बुझिएका प्र.ज.दिपक दमाई (नेपाली) र जय सिँह धामीले मौकामा कागज गर्दा वारदातका दिन आफु प्र.नि. बलराम विष्टको कमाण्डमा सुरक्षार्थ खटि गएकोमा प्रदर्शनकारीहरु चिलिमे चौराहामा पुगेपश्चात निजहरुलाई रोक्ने क्रममा निजहरु आगाडी बढदै जाँदा पशुहाटबजारमा पुग्दा सम्झाई बुझाई समेत गर्दा नमानी प्र.ब.उ.लक्ष्मण न्यौपाने सहित भएको सुरक्षाकर्मीहरुमाथि आक्रमण भएको र प्र.ब.उ.भाग्दै स्थानीय व्यक्तिको घरमा गई बसेकोमा सोही घरबाट तानी वाहिर आंगनमा ल्याई निजमाथि भाला बञ्चरो लगायतका हतियार प्रहार गरी मारेको र अन्य सुरक्षाकर्मीहरुलाई ज्यान जोगाउन धान खेतमा भाग्दै गर्दा विभिन्न प्रकारका घरेलु हतियारले प्रहार गरी कर्तव्य गरी मारेका हुन। घाईते मध्ये प्र.ज.जनक नेगीको उपचारका क्रममा मृत्यु भएको हो, उक्त हिंशात्मक प्रदर्शनको नेतृत्व प्रतिवादीहरु रेशमलाल चौधरी, लक्ष्मण थारु, र धनीराम चौधरीले गरेका थिए। निजहरुले नै उक्त घटना घटाउन योजना बनाएका हुन भनि खुलाई दिएको पाईन्छ।

१६. बुझिएका प्र.ना.नि.मान बहादुर बोहराले कागज गर्दा आफु वारदातका दिन मृतक प्र.नि.केशब बोहरा समेतको टोलीमा खटि वारदात स्थलमा पुग्दा हातमा घरेलु हातहतियार लाठी, भाला, गुलेली समेत बोकी आएका प्रतिवादीहरुको भिडलाई प्र.ब.उ.ले सम्झाई बुझाई गर्दा उल्टै उक्त हतियार प्रयोग गरी सुरक्षाकर्मी माथि प्रहार गर्न लाग्दा सुरक्षाकर्मीले अश्रु ग्याँश, रबर गोली प्रयोग गर्दा प्रतिवादीहरुले चारैतिर प्रहरी टोलीलाई घेराहाली विभिन्न हतियारले प्रहार गर्न लाग्दा ज्यान जोगाउन घरभित्र बसेका प्र.ब.उ.समेतलाई बाहिर तानी निर्ममता पूर्वक हत्या गरेको तथा प्र.ह.रामबिहारी चौधरीलाई भाला प्रहार गरी शरीरमा पेट्रोल छर्कि आगो लगाई मारेको तथा अन्य मृतकहरुलाई समेत विभत्स तरिकाले कर्तव्य गरी मारेको र प्रहरीको हतियार समेत प्रतिवादी मध्येका श्रवण चौधरीले लुटी लगेको भन्ने सुनी थाहा पाएको हुँ। प्रस्तुत वारदातको मुख्य योजनाकार प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारु, धनीराम चौधरी समेत भई प्रतिवादीहरु सन्तराम चौधरी, राजकुमार चौधरी, हरिनारायण चौधरी, समेतले घटना गरेका हुन भनि खुलाई दिएको पाईन्छ।

१७. प्रतिवादी राम प्रसाद चौधरी, हरिनारायण चौधरी, राम कुमार कठरिया, राज कुमार कठरिया, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, बृजमोहन डगौरा, सन्तराम चौधरी, राजेश चौधरी, किसनलाल चौधरी, राम नरेश चौधरी, बिर बहादुर

चौधरी, जित बहादुर चौधरी, करन चौधरी, बिश्राम चौधरी, संगम भन्ने सन्तोष कुमार थारु, श्रवण चौधरी र प्रदिप चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा थरुहट राज्यको माग गर्दै भएको आन्दोलनमा मिति २०७२।५।७ गते टिकापुर बजारमा रहेका सरकारी कार्यालयहरुमा थारुवान प्रदेश लेख्ने कार्यक्रम रहेकोले प्रत्येक घरबाट जुलुसमा घरेलु हतियार सहित सहभागी हुनु पर्ने नभएमा जरिबाना गर्ने भनी प्रतिवादी लक्ष्मण चौधरी, रेशमलाल चौधरी, फुलराम चौधरी समेतका नेताहरुले भनेकोमा उक्त दिन म समेत संगम भन्ने सन्तोष कुमार थारु, राम कुमार कठरिया, राम नरेश चौधरी, विर बहादुर चौधरी, राजेश चौधरी, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, हरिनारायण चौधरी, प्रेम चौधरी, जित बहादुर डगौरा समेतका व्यक्तिहरु गएका हौ। जुलुस रोकेमा प्रतिकार गर्नु पर्ने र सबैले हातमा विभिन्न हतियार बोक्नु पर्ने भन्ने निर्देशन बमोजिम हामी टीकापुर स्थित पशुहाटबजार भन्ने स्थानमा पुगी टीकापुर बजार भित्र प्रवेश गर्न खोज्दा सुरक्षाकर्मीहरुले रोक्न खोज्दा हामीले प्रतिकार गरेका हौं। हामीलाई रोके पश्चात भाला, लाठा लगायतका हतियारले सुरक्षाकर्मीहरुलाई आक्रमण गरि मारेको हो भनी परस्पर एक अर्का प्रतिवादीहरुलाई पोल उजुर गर्दै एकै मिलानको बयान गरि घटनाको बेली विस्तार खुलाई दिएको पाईन्छ।

१८. प्रतिवादी लक्ष्मण (थारु) चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा मिति २०७२।५।७ गतेका दिन विहान म दाङ्ग जिल्लाको लमहीमा थिए। सोही दिन १३:०० बजेको समयमा बाँके जिल्लाको कोहलपुर र १४:३० बजेको समयमा बर्दिया जिल्लाको गुलरियामा थिए। पुश हाटबजारमा भएको घटनामा प्रतिवादी रेशमलाल चौधरीकै संलग्नता रहेको छ। निजलाई अन्य को कस्ले सहयोग गरेका थिए त्यो मलाई थाहा भएन। मैले घटनाको बारेमा कोहलपुरमा सुनेको थिए। उक्त घटनामा मेरो कुनै संलग्नता छैन। मेरो नाम समेत के कसरी खुलाए सो समेत मलाई थाहा भएन भनि खुलाई दिएको पाईन्छ।

१९. प्रतिवादी नरुल जागा भन्ने तहौबर अलि जागाले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा वारदातका दिन विहान खेतमा लगाएको बाँसको विषयमा मेरो घर नजिकको भाई सँग झगडा भएको थियो। सो झगडाको छलफलका लागि मेरो गाउँको भल्मन्सा चन्द्र लाल डंगौराको घरमा म समेत मेरो घरका अन्य सदस्यहरु गएका थियौं। सो दिन साँझ १७:३० बजेको समय सम्ममा झगडा मिलाउनमा

लागेका हौं, ऐ.८ गते विहान पशु हाटबजारमा भएको घटनाको बारेमा सुनेको हुँ, म घटनामा संलग्न छैन, पछि बुझ्दै जाँदा प्रतिवादीहरु हरिनारायण चौधरी, सुन्दरलाल कठरीया, लगायतका प्रतिवादीहरुले सुरक्षाकर्मीहरुलाई मारेको भनि सुनी थाहा पाएको हुँ भनि खुलाई दिएको पाईन्छ।

२०. प्रतिवादी लाहुराम चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा म थरुहट थारुवान संघर्ष समिति कैलाली जिल्लाको संयोजक भएको हुँदा वारदातका दिन जिल्ला भरी थरुहट प्रदेशको बोर्ड लगाउने भन्ने सर्कुलर गरेको थिए। सोही अनुसार ऐ.७ गते मैले धनगढीको आन्दोलनको नेतृत्व गरेको थिए। दिउँसो जिल्ला प्रशासन कार्यालय अगाडी भाषण गर्दै गर्दा टीकापुर ९ पशुहाटबजारमा रेशमलाल चौधरीको नेतृत्वमा भएको हुलले प्रहरी बरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने सहितको हत्या गरेको थाहा पाए पछि कार्यक्रम छोट्याई म क्याम्पस रोड गएको हुँ, उक्त हत्यामा प्रतिवादी रेशमलाल चौधरीको नै योजना हो। मैले कुनै निर्देशन समेत दिएको छैन। मैले केवल थरुहट राज्यको बोर्ड लगाउन मात्र भनेको हुँ भनि खुलाई दिएको पाईन्छ।

२१. घटनास्थलबाट रड, तरबार, बन्चरो, चक्कु र भाला किला ठोकेका लाठा लगायत हातहतियार तथा घटना सँग सम्बन्धीत प्रतिवादी राम प्रसाद चौधरीले वारदातको समयमा खिचेको भिडियो, रामचन्द्र चौधरी सँग वारदात बारे कुराकानी भएको कल रेकर्डिङ्ग समेतको मेमोरी कार्ड लगायतका मोबाईल समेतका सरसामान बरामद भएको भन्ने बरामदी मुचुलकाबाट खुली आएको देखिन्छ भने उक्त बरामदी हतियारहरुले सुरक्षाकर्मीहरुमाथि प्रहार गरेको भनि प्रतिवादी करन चौधरीले सनाखत समेत गरि दिएको पाईन्छ। प्र.ज.नेत्रराज पडाल, दिपराज थापा, सुरज सिंह ठकुरीले प्रतिवादी प्रदीप चौधरी, श्रवण चौधरी, बिश्राम चौधरी र करन चौधरीलाई घटनास्थलमा प्रहरी कर्मचारीलाई कुटपिट गर्न लागेको देखेको हुँ भनि सनाखत गरि दिएको पाईन्छ। घटनास्थलबाट बरामद भएका बरामदी मुचुल्कामा उल्लेखित रड, बन्चरो लगायतका चिजवस्तुहरु वारदात स्थलमा आफुहरुले सुरक्षाकर्मीहरु माथि प्रहार गर्दा प्रयोग गरेका चिजवस्तुहरु हुन भनि उक्त चिजवस्तुहरु प्रतिवादी श्रवण चौधरी र प्रदीप चौधरीले सनाखत गरि दिएको र प्रतिवादीहरुको पोलीग्राफ परिक्षण तथा कल डिटेल्स र B.T.S. प्रतिवेदन समेत हेर्दा थुनामा रहेका प्रतिवादी

एवं फरार प्रतिवादी वारदात स्थलमै उपस्थित भई घटनामा पूर्ण रुपमा संलग्न रहेको भन्ने देखिन्छ ।

२२. प्रतिवादीहरुले बन्चरो, तरवार, लाठी, प्रेट्रोल, घरेलु हतियारसहितका आधुनिक हतियारसहित प्रहरीहरुलाई घेराबन्दी गरी ८ जना शुरक्षाकर्मी र १ जना नाबालक समेतलाई गोली हानी हत्या गरी प्रहरीको साथमा रहेका हतियार र सञ्चार सेट समेत लुटी लगेकाले कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने किटानी जाहेरी र प्रहरी प्रतिवेदन, घटनामा प्रयोग गरिएका भनिएका लाठी, भाला, बन्चरो, बोतल, चक्कु र तरवार लगायतका सामाग्रीहरु यत्रतत्र छरिएर रहेको भन्ने घटनास्थल मुचुल्का, मृतकको शरीरमा घाउचोट निलडाम रहेको तथा जलाएको अवस्थामा रहेको भन्ने बेहोराको मृतकहरुको लाशजाँच मुचुल्का, मृतकहरुको टाउको लगायत शरीरमा गम्भिर चोटको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन, घाइते प्रहरीहरुको घाउँजाँच केश फारम, घटनास्थलबाट रड, तरबार, बन्चरो, चक्कु र काँटी ठोकेको लाठा लगायतका हतियार र रामप्रसाद चौधरीले खिचेको भिडियो समेतका सामग्री बरामद भएको भन्ने बरामदी मुचुल्का, प्रहरी जवान सुरेन्द्र चन्द समेतका व्यक्तीहरुले प्रतिवादीहरु निषेधित क्षेत्र उल्लंघन गरी भाला समेतका हातहतियार प्रयोग गरी ९ जनाको हत्या र केही सुरक्षाकर्मीहरुलाई मरणासन्न हुने गरी कुटपिट गरी हतियारसमेत लुटी लगेका हुन् भनी लेखाएको किटानी बेहोरा, घटनाको प्रत्यक्षदर्शी सुशिला बर्माले प्रहरी उपरीक्षक लक्ष्मण न्यौपानेलाई मेरो घरको आँगनमा ल्याई कुटी भाला घोचि टाउकोमा प्रहार गरी मारेका हुन् भनी लेखाएको व्यहोरा, प्रतिवादीहरुको घटनामा संलग्नता थियो भनी प्रहरी जवान नेत्रराज बडाल समेतले गरिदिएको सनाखत कागजात, मिसिल संलग्न रहेको Call Detail Record र NCELL BTS विश्लेषण, प्रतिवादी राजकुमार कठरिया समेतले आदालत समक्ष आन्दोलनमा गएको भनी साबित रही गरेको बयान, प्रतिवादी करण चौधरी, बिश्राम चौधरी समेतले कुटपिट गरेको भनी गरेको बयान, लाहुराम चौधरीले स्थानीय दिनेश एफ.एम.बाट घटनाको जिम्मा लिई अन्तरवार्ता दिएको भनी जाहेरीमा उल्लेखित गरेको देखिन्छ।

२३. यस अदालतमा वयान गर्दा प्रतिवादी करन चौधरी कसुर अपराधमा पुर्ण साविती रही वयान गरेका प्रतिवादी मध्येका राम प्रसाद चौधरी, हरिनारायण चौरधी, राजकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, बृजमोहन डगौराले

कसुर अपराध गरेका हौइनौं भनेतापनि आन्दोलनमा प्लेकार्ड बोकि गएको कुरा स्विकार गरी अदालतमा बकपत्र गरेका स्वयम मुख्य आरोपि रेशमलाल चौधरी वारदात भएको दिन ११:०० बजे सम्म टिकापुरमै थिए, कुरा नमिले पछि बर्दिया तिर गएको हुँ भनी कसुरमा इन्कार रहेपनि वारदात भएको दिनको २:०० बजे सम्म निजको फोन लम्की टावरले रेकर्ड गरेको BTS प्रतिवेदनबाट देखिन्छ। बाँकि प्रतिवादीहरुले अदालत समक्षको वयानमा कसुर गरेकोमा पुर्ण इन्कार रहेतापनि र बादी पक्षकै साक्षीहरु भरत बहादुर बिष्ट, योगेन्द्र ऐर, नरेश कुमार चौधरी, गोपाल पुन, केशे भण्डारी, रविन्द्र बि.क., पतितपावन कठरिया, गोरख बहादुर साउँद, खुशीराम चौधरी, महाराज रानाले घटनामा को को संलग्न थिए थाहा भएन भनी बकपत्र गरेतापनि, बादी पक्षका अन्य साक्षीहरु केशव सिँह महरा, दिपराज थापा, रामचन्द्र जोशी, महेश बोहरा, शारदा कठायत, रबिन्द्र धनुषे, जंग बहादुर साउँद, दिपेन्द्र सिँह धामी, केशवराज जोशी, देव बहादुर मौनी, भरत सिँह बडाल, राम बहादुर ऐर, नेत्रराज पडाल, लक्ष्मी खड्का, प्रकाश खड्का, प्रदिप चौधरी, गणेश बहादुर साउँद, यज्ञदेवी भट्ट, शुसिला बर्मा, पवित्रा साउँद, मुकुन्द अधिकारी, मान बहादुर बोहरा, आन सिँह बिष्ट, दिपक न्यौपाने, ओमकार थारु, श्रृजना चौधरी, खगेन्द्र बहादुर साउँद, लक्ष्मण बहादुर साउँद, टेक बहादुर चन्द र राजेश धामीले यीनै प्रतिवादीहरुकै संलग्नतामा उक्त वारदात भएको भनी आरोपित प्रतिवादीहरुको अलग अलग नाम दिइ अदालत समक्ष किटानी बकपत्र गरिदिएको समेतका मिसिल संलग्न आधार, कारण र प्रमाणहरुबाट यि प्रतिवादीहरु नै अभियोग दाबीको कसुरमा संलग्न रहेको भन्ने देखिन आयो।

ख) **प्रस्तुत वारदात राजनीतिक, दोहरो भिडन्त, आपराधिक चरित्रको वा कस्तो प्रकारको घटना थियो? भन्ने दोस्रो ठहर गर्नु पर्ने प्रश्नका सम्बन्धमा प्रस्तुत वारदातको प्रकृति हेर्दा:-**

१. हजारौं जनाको अनियन्त्रित हुल, प्रत्येकको हातमा विभिन्न किसिमका घरेलु हतियार, भाला, फर्सा, बन्चरो, खुँडा, खुकुरी, तलवार जस्ता साँघातिक हतियारहरु हुनुको पुष्टि स्वयं प्रतिवादीहरुले अनुसन्धान समक्ष गरेको वयान, वारदात हुँदाका बखत भीड नियन्त्रणमा खटिएका प्रहरी जवान तथा जुनियर अधिकृतहरुको कागज, अन्य बुझिएका व्यक्ति तथा भिडियो क्लीपवाट पनि पुष्टि हुन आएको छ। भीडमा सामेल प्रत्येकले आ—आफ्नै किसिमले नाराहरु लगाई रहेको, सो भिड अनियन्त्रित

किसिमको देखिन्छ, सो भीडको तत्कालिन अवस्था हेर्दा कुनै राजनीतिक अभिष्ट नभई दंगा भड्काउने, सार्वजनिक सम्पत्तिको नास गर्ने र सो कार्यमा कसैले अवरोध सृजना गरे आफुसँग भएका हतियारको प्रयोग गर्ने उद्देश्यबाट प्रेरित भएको देखिन्छ। सोही बमोजिम दंगा नियन्त्रण गर्न खटिएका सुरक्षाकर्मीहरुले भीड नियन्त्रण गर्न खोज्दा यी प्रतिवादीहरुले आफुसँग भएको घरेलु हतियार प्रयोग गरी प्रहरी कर्मचारीहरुलाई हत्या गरेको देखिन्छ।

२. कुनै निश्चित राजनीतिक नारा नभएको, कुनै निश्चित व्यक्तिको नेतृत्वमा भएको, तर हात हातमा घरेलु हतियार बोकेका असंयमित, अनियन्त्रित भई आवेगात्मक ढंगले सार्वजनिक ठाउँमा दंगा गर्नुवाट सो वारदातमा संलग्न यी प्रतिवादीहरु समेतका व्यक्तिहरु राजनीतिक रुपमा परिचालित थिएनन् भन्ने प्रष्ट हुन्छ। दोहोरो भीडन्त थियो कि भन्नलाई पनि दंगा नियन्त्रण गर्न भएको प्रहरीहरु सँग यथेष्ट हतियार नभएको र निज प्रहरीहरुसंग भए जतिका हतियारहरुले पनि हजारौंको भीड भएको कारणले प्रयोग गर्न संभव नभई एकतर्फी रुपमा भीडको प्रभाव र दवाव परेको देखिन्छ। यसको साथै वारदातमा संलग्नहरु मध्ये एकतर्फी प्रहरीहरु मात्र हताहत भई यी प्रतिवादीहरुतर्फ कुनै मानवीय क्षती नभएवाट पनि प्रस्तुत वारदात दोहोरो भीडन्तको रुपमा नभई यी प्रतिवादीहरु तथा भीडमा संलग्न व्यक्तिहरुको तर्फबाट मात्र आक्रमण भइ रहेको प्रष्ट हुन्छ।

३. वारदातमा बुझिएका व्यक्ति तथा चश्मदीत गवाहका रुपमा वकपत्र गर्ने सुशिला बर्मा, यज्ञदेवी भट्ट, गोकुल भण्डारी समेतले मृतक प्र.व.उ. लक्ष्मण न्यौपानेलाई भीडले लखेट्दै निजहरुको घरछेउ पुऱ्याउँदा मलाई नमार भनी आग्रह गर्दा पनि यी प्रतिवादीहरु समेतले भाला रोपेर, टाउकोमा सिलौटोको ढुङ्गा बजारेर मारेका हुन भनी वताएको समेतबाट वारदात एकतर्फी भइरहेको प्रष्ट हुन्छ। यसरीनै भीड नियन्त्रण गर्न गएका प्रहरी जवान तथा अधिकृतहरु जो वारदातमा घाइते भएका व्यक्ति वीरसिंह नेगी, केशवराज जोशी, प्र.ना.नि. रविन्द्र धनुषे, प्रा.ना.उ. धन बहादुर कठायत, मृतक प्र.व.उ. लक्ष्मण न्यौपानेको अंगरक्षक मान बहादुर बुढा समेतका कागज प्रमाणहरुबाट यी प्रतिवादीहरु समेतले हातमा घरेलु हतियार लिई वारदातस्थलबाट प्रहरीहरुलाई लखेट्दै खेततर्फ लगेका भनेवाट समेत वारदात एकातर्फी भएको सिद्ध हुन्छ। उपर्युक्त तथ्यको आधारमा मृतक तथा घाइते प्रहरीहरुले भीडमा सामेल यी प्रतिवादीहरुलाई हामीलाई नमार, क्षमा गर,

तपाइहरुलाई हाम्रो कुनै रोकटोक छैन भनी हातजोडी जीवनदानको याचना गर्दा पनि घरेलु हतियारहरुले निर्मम प्रहार गरी लामो समयसम्म वारदात स्थलवाट दगुराई शरीरका विभिन्न भागमा साँघातिक प्रहार गरी असह्य पीडा र चोट दिई मार्ने नियतका साथ आपराधिक कुकर्म गरेको भन्ने तथ्य बुझिएका व्यक्ति तथा मृतकहरुको Postmortem Reopt बाट प्रष्ट देखिन्छ।

४. प्रस्तुत वारदातको प्रकृति हेर्दा मानवीय संवेदना शून्य भई गरिएको व्यक्ति हत्या (muder) मात्र नभई नरसंहार (Masscare-The Killing of large number of people) थियो भन्न वाध्य तुल्याउँछ। उक्त वारदातमा वालवालिका, अशक्त, वृद्धा तथा महिला समेतको कुनै वास्ता नगरी यी प्रतिवादीहरु समेतको भीडले बल प्रयोग गरी अन्धाधुन्ध हतियार चलाउनको परिणती सो वारदातमा डेढ वर्षे नावालक टेक बहादुर साउँदको समेत मृत्यु हुन गएको छ। सोबाट पनि उक्त घट्ना राजनितीक उद्देश्यबाट भएको थिएन भन्ने प्रष्ट हुन्छ, यसका साथै प्रस्तुत वारदात अचानक र तत्काल उत्तेजित भिडबाट घटित हुन पुग्यो कि भनी हेर्दा समेत घटनामा सामेल यी प्रतिवादीहरुको वयान कागज, बुझिएका व्यक्तिहरुको कागज, भिडियो क्लीप समेतका आधारमा घटना हुनुपूर्व एक दिन अगाडिको राती स्थानीय वासिन्दाहरुको घर घरमा गई भोली टीकापुरमा हुने कार्यक्रममा हरेक घरबाट एक/एक जना आफ्नो घरमा भएका हतियार आफुसँग लिई अनिवार्य सामेल हुनु, अन्यथा एक हजार जरिबाना र कारवाही हुनेछ भनी प्रतिवादी रेशमलाल चौधरी समेतले थारु समुदायका भलमन्सा मार्फत उर्दी जारी गराउनु, सोही बमोजिम भीड जम्मा हुनु, भीडलाई नियोजित ढंगले निर्देशन गरी C आकारको घेरा भित्र प्रहरीहरुलाई घेरावन्दी गरी घेरावन्दीको तहगत संरचनामा अग्रपंक्तिमा नावालक, त्यसपछि महिला, त्यसपछि वृद्ध र अन्तमा हतियारधारी समूह तयार गरी आक्रमण भएकोबाट प्रस्तुत वारदात योजनाबद्ध ढंगले नरसंहार गर्ने गराउने मनसाय सहित घटित भएको थियो भन्ने प्रमाणित भएको छ। अतः उक्त वारदातमा यी प्रतिवादी समेतले योजनावद्ध तरिकाले मनसाय सहित हत्या गरे गराएका थिए भनी निसन्देह सिद्ध भएको छ।

५. कुनै एक वा दुई व्यक्तिको हत्या गर्दा कसूरदारले प्रयोग गर्ने कसूर गर्दाको तरिका (Modus oprendi) जस्तो नरसंहारको कसूरमा प्रतिव्यक्तिको (Modus oprendi) खुट्याउन संभव हुँदैन। यस्तो कसूरमा संलग्न कसूरदार व्यक्तिहरुको संलग्नता,

कसूरदारको वारदातस्थल सम्मको पहुँच र सो वारदात स्थलमा पीडितको उपस्थितिलाई गंभीर ढंगले न्यायिक मनको प्रयोग गरी विवेचना गर्नु जरुरी हुन्छ। अर्थात यसकुरालाई सुत्रवद्ध गर्दा Suspect+Victim+corpus delicti का वीच कस्तो किसिमको तारतम्यताबाट घटना घटित भएको थियो भनी पत्ता लगाउनु पर्ने हुन्छ। यसरी हेर्दा टीकापुर पशु हाटबजारको चिलिमे चौराहा घटनास्थल Corpus delicti, यी प्रतिवादीहरु समेतले घटना घटाउने पूर्व योजना मुताविक प्रतिवादीहरु (Suspects) समेतका जम्मा भेला भई रहेको जानकारी प्रहरीले थाहा पत्तो पाई सुरक्षार्थ खटिएका यी मृतकहरु (Victims) का वीच सम्बन्ध स्थापित भएको स्वतः सिद्ध तथ्य हो। यी प्रतिवादीहरु (Suspects) वारदात समयमा वारदात स्थल तथा सो वरपर थिए भन्ने तथ्य निजहरुले प्रयोग गरेको मोवाइल (SIM Card) एकापसमा फोन गर्दाको Connectivity फोन टावरले देखाएको Location बाट र BTS प्रतिवेदनले पनि पुष्टि गरिरहेको छ।

६. यसका साथै यस अदालतमा वयान गर्दा प्रतिवादी करन चौधरी कसुर अपराधमा पूर्णसाविती रही वयान गरेका प्रतिवादी मध्येका राम प्रसाद चौधरी, हरिनारायण चौरधी, राजकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, बृजमोहन डगौराले कसुर अपराध गरेका हौइनौं भनेतापनि आन्दोलनमा प्लेकार्ड बोकि गएको कुरा स्विकार गरी अदालतमा बकपत्र गरेको देखिन्छ भने बाँकि प्रतिवादीहरुले अदालत समक्षको वयानमा पुर्ण इन्कार रहेपनि प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्ष भएको वयानवाट पनि कसूरमा आफु सावित रही अन्य प्रतिवादीहरु समेतलाई पोल उजुर गरेका छन्। प्रतिवादीहरु मध्येका सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, राजकुमार कठरिया समेतको स्वास्थ्य परीक्षण गर्दा आन्दोलनमा भएको झडपमा परी निजहरुका शरीरका विभिन्न भागमा Multipal abrassion भएको देखिनु, प्रतिवादी श्रवण चौधरीले प्रहरीवाट SLR राइफल खोसी लगेर सो राइफल भिरी हिडेको फोटो मेरो हो भनी वयान गर्नु, प्रतिवादी रेशमलाल चौधरीले घटना हुँदा म वारदातस्थलमा नै रही भीडलाई संझाई बुझाई गरेको थिए तर कसैले मानेनन् त्यसपछि म वारदात स्थलबाट अन्यत्र हिंडेको हुँ भनी अदालत समक्षको वयानमा स्वीकार गर्नुबाट यी प्रतिवादी वारदातस्थलमा रही घटना घटाउन प्रत्यक्ष अप्रत्यक्ष सरिक थिए भन्ने कुरा पुष्टी भइरहेको छ ।

७. ज्यान सम्बन्धी अपराध व्यक्ति विरुद्धका अपराधहरुमध्येको सबैभन्दा गम्भीर प्रकृतिको परम्परागत अपराध हो। यो अपराधको परिणाम स्वरुप मानिसको ज्यान अप्राकृतिक रुपमा उसको स्वभाविक मृत्युभन्दा पहिला नै मर्न जान्छ वा उसको जीवन स्वभाविक मृत्युभन्दा पहिला नै समाप्त हुन जान्छ। मानिसलाई सबैभन्दा प्यारो उसको ज्यान वा जीवन नै हो र प्रकृतिले पनि यसको रक्षा गर्नकालागि मानिसलाई केही प्राकृतिक क्षमता प्रदान गरेको हुन्छ। यस्तै मानिसको ज्यान आफैंमा अमुल्य (Unique Value) हुने र एकपटक मानिसको ज्यान गइसकेपछि यसको पुनर्स्थापना हुन नसक्ने भएकोले यसको बहुमूल्यता, अपुनर्स्थापनीय चरित्र र जीवनको पवित्रता (Sanctity of Life) का कारणले यसलाई मानिसका विरुद्ध गरिने अपराधहरुमध्ये सबैभन्दा गम्भीर र जघन्य अपराधको रुपमा लिइन्छ। व्यक्ति विरुद्धका सम्पुर्ण अपराधहरुमा ज्यान सम्बन्धी अपराध सबैभन्दा गम्भीर एवं संवेदनशील अपराध हो किनकि यसले त मानव जीवनको अस्तित्वलाई नै यस संसारबाट अन्त्य गरिदिन्छ। यस प्रकार "ज्यान सम्बन्धी अपराध" भन्नाले एउटा मानवले अर्को मानव जीवनको हत्या गर्नु हो। 'हत्या' भन्नाले स्पष्ट प्रत्यक्ष मृत्युको कारण (Cause of Death) हो।

८. राज्यको स्थापना र निरन्तरताको औचित्य स्थापित गर्ने प्रमुख आधार नै आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्रका बासिन्दाको जीवन रक्षा गर्नु हो। त्यसैले विश्वका प्रत्येक राष्ट्रले ज्यान मार्ने वा सोको उद्योग गर्ने कार्यलाई अपराधको रुपमा परिभाषित गरी दण्डनीय बनाएको हुन्छ। विश्वका सबै क्षेत्राधिकारहरुले यसलाई एउटा गम्भीर अपराध मानी आफ्नो राष्ट्रिय कानूनी प्रणालीले स्वीकृति दिएको उच्चतम् सजायको व्यवस्था गरेको पाइन्छ। सर्वत्र अपराधको रुपमा स्वीकार गरिएकोले ज्यान सम्बन्धी कसूरलाई Mala in se (A crime of act that is inherently immoral) अन्तर्गतको अपराध मानिन्छ। यो एउटा सापेक्षिक दायित्व सिर्जना गर्ने अपराध (Crime of Relative Liability) हो। त्यसैले ज्यान सम्बन्धी कसूरमा अपराधिक दायित्व सिर्जना हुनकोलागि निषेधित परिणाम (मानिसको मृत्यु) ल्याउने गरी भएको कार्य (Actus Reus) "आवश्यक अपराधिक मनसाय" (Required Mens Rea) सहित भएको हुनु पर्दछ।

९. Stephen ले 'हत्या' (Killing) लाई यसरी परिभाषित गरेका छन्:- "Killing is causing the death of person by an act or omission but for which the person killed would not have died when he died which is directly and immediately

connected with the death." अर्थात् हत्या कुनै कार्य वा कार्यको अभावबाट सृजना हुने व्यक्तिको मृत्युको कारण हो, उक्त कारण नभएको भए उसको मृत्यु हुने थिएन अर्थात् उसको मृत्युसँग प्रत्यक्ष र निकट सम्बन्ध राख्ने मृत्युको कारण नै हत्या हो।

१०. मानिसको मृत्यु निश्चित छ तर पनि उ मृत्युसँग डराउँछ। किनकि मानव शरीर नै उसको प्राथमिक सम्पत्ति हो। अरु सम्पत्ति यसका वरिपरि घुमिरहने मात्र हुन्। त्यसैले यसप्रकारको अपराधलाई अरु अपराध भन्दा गम्भीर तथा खतरनाक रुपमा लिने गरिन्छ। मानव जीवनको उत्पत्तिकाल देखि नै एकले अर्काको हत्या गर्नु वा आफैंले आफ्नो हत्या गर्नुलाई समुदायमा भएका जनमानसको सोचाइमा उत्तेजक वा मानसिक आघात पुऱ्याउने कुरा हुने गर्दथ्यो। आज पनि एउटा मान्छेको मृत्युको खबरले अर्को मान्छे गम्भीर रुपमा झस्कने गर्दछ।

११. गैरकानूनी हत्या कानूनले सजाय गरेरै छाड्ने हत्याहरु गैरकानूनी हत्याहरु हुन र यस प्रकारका हत्याहरुलाई अर्को शब्दमा बात लाग्ने हत्या पनि भनिन्छ। हत्याराले हत्या गर्दाका अवस्थामा राख्ने विभिन्न मानसिक अवस्थाका आधारमा कानूनले त्यस्ता हत्याराहरुलाई भिन्न भिन्न सजायको व्यवस्था गरेको हुन्छ अर्थात यस्ता हत्याराहरु पनि विभिन्न प्रकारका हुन्छन् जस अन्तर्गत जघन्य हत्या देखि लिएर सामुहिक हत्या, आवेश प्रेरित हत्या जस्ता विभिन्न हत्याहरु पर्दछन्। मनसाय, ज्ञान वा लापरबाही मध्ये जुन मानसिक अवस्थाले स्तर राखेर निश्चित मानव हत्या गरिन्छ त्यसका आधारमा गैरकानूनी हत्यारालाई विभक्त गर्ने प्रचलन रहेको पाइन्छ।

१२. पुरा सजाय हुने हत्या होस् वा कम सजाय हुने हत्या, दुवैमा अपराधिक कार्य भने समान नै हुन्छ। यी दुवै हत्या केवल त्यसमा निहित दोषी मनसायका आधारमा फरक हुन्छन्। "मनसाय प्रेरित हत्या" (Murder) भन्नाले कसैलाई मारौं भन्ने नियतले जानी जानी हत्या हर्नु हो। कुनै पनि प्रतिरक्षाको परिस्थितिको अभाव हुनु नै हत्याको मनसाय हुन जान्छ। जस्तैः आवेश प्रेरित हत्या, जहाँ ज्यान मारौं भन्ने नियत र त्यसको परिणामका बारेमा अभियुक्तलाई ज्ञान भए पनि उक्त हत्यालाई Murder भन्न सकिदैन। मनसाय प्रेरित हत्या Murder र गैरमनसाय प्रेरित हत्या (Manslaughter) को कानूनी फरक मनसाय तत्वको विद्यमानता र अभावमा नै निहित हुन्छ। यदि कुनै व्यक्तिको ज्यान मारौं भन्ने नियतले जानी

बुझिकन मार्नु वा गम्भिर शारीरिक क्षति वा चोट (Grievous Bodily Harm) पुर्‍याउनु र त्यसको कारणले मृत्यु हुनु मनसाय प्रेरित हत्या (Murder) वा पुरा सजाय हुने हत्या हो भने उत्तेजनाका कारणले वा अन्य परिस्थितिजन्य कारणबाट कसैको हत्या हुन गएमा कम सजाय हुने हत्या Manslaughter हुन जान्छ। तर अपराधिक कार्य भने दुवैमा समान प्रकृतिको हुन्छ।

१३. अभियुक्तले अपराध गर्दा प्रयोग गर्नुपर्ने सम्पुर्ण अपराधिक तत्वहरु प्रयोग गरी हत्याको वारदात घटाएको छ भने त्यसप्रकारको हत्यामा पूरा सजाय गर्ने गरिन्छ। यसमा हत्या गर्ने मनसाय राखेर र आफ्नो उक्त कार्यबाट कसैको हत्या हुन्छ भन्ने पूर्वाज्ञान हुँदाहुदै मरोस् भन्ने इच्छापूर्वक कसैको हत्या गरिएको हुन्छ। मनसाय प्रेरित हत्या वा ज्यानमारा (Murder/Intentional Homicide or Jyanmara):- मनसाय प्रेरित हत्या ज्यान सम्बन्धी अपराधमा सबैभन्दा गहन अपराध हो। यो ज्यान सम्बन्धी अपराधमा अनुसन्धान एवं सजाय निर्धारणका दृष्टिकोणले सबैभन्दा जटिल प्रकृतिको अपराध पनि हो। मानिस कै ज्यान जानु यो अपराधको कर्तव्य पक्षहो भने सो मार्ने काम जानी जानी मनसायपूर्वक गर्नु यसको मनसाय पक्ष हो। यस बीच वारदात भएपछि मानिसको तत्काल मृत्यु नभई लामो समयपछि मृत्यु भएमा मृत्युको खास जरिया (कारण) के हो भनी छानबिन गर्नुपर्ने स्थिति पनि आउँछ। मानिस मार्ने उद्देश्यले वारदात भएको भए पनि मानिसको मृत्यु भएन वा मृत्यु पनि भयो, मार्ने नियतले वारदात भएको पनि देखियो तर मृत्युको कारण अरु नै तथ्यबाट भएको देखियो भने त्यस्तो हत्या मनसाय प्रेरित हत्या ठहरिँदैन।

१४. मनसाय प्रेरित हत्यालाई बेलायत लगायत Common Law Jurisdiction अंगालेका मुलुकहरुमा Murder, क्यानाडामा Intenational Homicide र भारतमा Culpable Homicide Amounting to Murder भनी नामाकरण गरिएको पाइन्छ। *Lord Coke* ले 'Murder' को परिभाषा यसरि गरेका छनः- "Murder is when a man of sound memory, and of the age of discretion, unlawfully killed within any country of the realm any reasonable creature in rerum nature under the king's peace, with malice aforethought, either expressed by the party of implied by law, so as the party wounded or hurt etc..., die of the wound or hurt etc.. within a year and day after the same." अर्थात सचेत वा स्वविवेक हुने, उमेर पुगेको व्यक्ति, दूषित मनसाय राखेर कसैलाई गैरकानूनी तरिकाले मार्दछ वा

घाइते बनाउँदछ र उक्त घाउकै पीडाबाट निश्चित कानूनी अवधिभित्र उक्त व्यक्ति मर्दछ भने यस्तो अवस्थालाई मनसाय प्रेरित हत्या भनिन्छ।

१५. उक्त परिभाषा अनुसार कुनै पनि हत्या मनसाय प्रेरित हुनका लागि अभियुक्त पागल नभएको वा सचेत तथा आफूले गरेको कार्यको परिणामबारे जानकारी राख्न सक्ने गरी उमेर पुगेको हुनु पर्दछ। उक्त उमेरको हद हाल नेपाल कानूनमा पहिले १६ बर्ष र अहिले २०७५।०५।०१ बाट १८ वर्ष पुगेको हुनुपर्ने अवस्था छ। त्यस्तै दोस्रो अवस्थाका रुपमा उक्त व्यक्तिले कसैलाई मारेको हुनुपर्दछ। तत्कालै नमरेको भए पनि कानूनले तोकेको निश्चित अविभित्र आक्रमणकारीकै घाउको पीडा मृत्युको कारण बनेको हुनु पर्दछ। तेस्रो, मार्ने सम्मको कार्य गर्दा अभियुक्तले दूषित मनसाय (Malice Aforethought) राखेको हुनुपर्दछ अर्थात् आफ्नो कार्यबाट कसैको मृत्यु हुन्छ भन्ने परिणामको पूर्वज्ञान र उक्त परिणाम आओस भन्ने पूर्वइच्छा समेत राखी उक्त कार्य गरेको र उक्त कार्यका कारणबाट मृतकको मृत्यु भएको हुनुपर्दछ।

१६. मनसाय प्रेरित हत्यामा कुनै मानवको वा मानव भ्रुणको गैरकानूनी हत्या भएको हुन्छ र उक्त हत्या दूषित सोचाइ राखेरै गरिएको हुनुपर्दछ। यसप्रकारको हत्यामा अपराधिक मनसायको विशेष अवस्था दूषित मनसायकै प्रयोग गरिएको हुनुपर्दछ। "दुषित मनसाय" भन्नाले मान्छेको यस्तो खतरनाक मानसिक अवस्था हो जसमा कुनै न्यायता (Justification), दया तथा माफीको वातावरण नै अवस्थित हुन सक्दैन। यस्तो मानसिक अवस्था राखेर कसैले हत्या गर्दछ भने हत्या गरेबापत हुने पूरा सजाय अभियुक्तलाई दिइन्छ। *कोकले* आफ्नो परिभाषाका क्रममा "Any Reasonable Creature in Rerum Nature" हुनुपर्ने उनको भनाइ छ भने उक्त "Any Reasonable Creature" भन्नाले कुनै मानव र "In Rerum Nature" भन्नाले जिउँदो वा यस संसारमा अवस्थित भएको भन्ने जनाउँछ।

१७. यस प्रकार मैले यो काम गरें भने यसको यस्तो परिणाम हुन्छ र आफुले लक्ष्य गरेको मानिस मर्छ भन्ने जानी जानी सो काम गर्दा मानिस मरेमा मनसाय प्रेरित हत्या ठहरिन पुग्दछ। आफ्नो कामको परिणाम सो काम गर्नु अघि वा गर्दा गर्दैका अवस्थामा देख्नु र सो परिणामको चाहना गरेर काम गर्नु मनसाय प्रेरित कार्यका दुई कार्य हुन। यस्ता कामको प्रेरक तत्वका रुपमा पुरानो रीस, इबी, द्वेष, बदलाको भावना वा लालचा रहेको हुन्छ। यस प्रकारबाट कसैले कसैलाई

मार्दा प्रयोग गर्ने साधन वा परिधिबाट पनि सजायमा घटीबढी पार्ने कानूनी प्रावधानहरु राखेको पाइन्छ। नेपाल कनूनमा पनि त्यस्ता अवस्थाहरु राखिएका छन्। मनसायपुर्वक हत्या सम्बन्धी सम्पुर्ण कानूनी व्यवस्थालाई हाम्रो फौजदारी कानूनमा एकै ठाउँमा एकत्रित गरी व्यवस्था गरेको भनाई मुलुकी ऐनका विभिन्न महल एवं ऐनहरु समेतमा छरिएर रहेका छन्।

१८. हाम्रो मुलुकी ऐनमा हत्यालाई मनसाय प्रेरित हत्या (Murder) र कम सजाय हुने हत्या (Manslaughter) मा विभाजन गरिएको छैन भने भारतको कानूनमा जस्तो बात लाग्ने हत्या (Culpable Homicide) र मनसाय प्रेरित हत्या (Murder) मा पनि विभक्त गरिएको छैन। यसैले मनसायपूर्वक गरिएको हत्या होस या लापरवाहीपुर्वक गरिएको कार्यको परिणामबाट मान्छे मरेको अवस्था समेतलाई मनसायपूर्वक हत्या अन्तर्गत नै हेर्नुपर्ने हुन्छ। मुलुकी ऐनले लापरबाहीपूर्वक गरिएको कुनै कार्यको परिणामबाट हत्याको वारदात भएमा त्यसलाई कम सजाय हुने हत्याको छुट्टै किसिमका रुपमा अस्तित्व प्रदान गरेको छैन। तत्सम्बन्धमा मनसायपूर्वक हत्यामा हुने सजाय नै गर्ने व्यवस्था रहेको छ तर हालको मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले मनसायपूर्वक, लापरवाहीपूर्वक र हेलचक्र्याइँपूर्वक हत्याहरुमा छुटयाइ छूट्टाछुट्टै सजाय गर्ने व्यवस्था गरेको छ। त्यस्तै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (१), (२) र (३) ले मनसायपूर्वक, लापरवाहीपूर्वक तथा हेलचक्र्याइँपूर्वक गरिएको हत्याहरुलाई छुट्टाछुट्टै सजायको व्यवस्था गरेको छ भने यो मुद्दामा साविक मुलुकी ऐन नै आकर्षित हुन आउँछ। त्यसैले यो वारदातलाई राजनीतिक नभई अपाराधिक चरित्रको मनसाययुक्त हत्याको कोटिमा राख्नुपर्ने देखिन आयो।

**ग) प्रस्तुत वारदातमा यी प्रतिवादीहरु को कसको कस्तो संलग्नता थियो वा थिएन ? भन्ने तेस्रो प्रश्न तर्फ बिचार गर्दा:-**

१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights {UDHR}, 1948) को धारा ३ ले "हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ" भन्ने व्यवस्था गरेको छ भने नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ [International Covenant on Civil and Political Right (ICCPR), 1966] को धारा ६ (१) ले "हरेक व्यक्तिको बाँच्न पाउने अन्तर्निहित अधिकार छ। यस अधिकारको

रक्षा कानूनद्वारा गरिनेछ। कसैलाई पनि जीवनबाट जथाभावी वञ्चित गरिने छैन" भन्ने व्यवस्था गरेको छ। यी अन्तराष्ट्रिय कानूनी लिखतहरुले मानिसको जीवनको अधिकारलाई सुनिश्चित गरेका छन्।

२. नेपालको संविधानले "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरेको छ। कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन" भन्ने व्यवस्था गरिएको छ। यो व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ समेतले स्विकार गरेको थियो र सोही व्यवस्था अन्तर्गत नै प्रचलित कानूनहरुको निर्माण भएका हुन।

३. मुलुकी ऐन ज्यान सम्बन्धीको महलको १ नम्बरमा "कानून बमोजिम बाहेक कसैले मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन" भन्ने व्यवस्था गरिएको छ। सोही महलको १३ नम्बरमा नियतपूर्वक गरिएको ज्यान मार्ने कार्यलाई परिस्थितिहरुको समेत उल्लेख गरि दण्ड सजायको व्यवस्था गरिएको छ। नियतपूर्वक ज्यान मारेको वा कर्तव्य ज्यानको कसूरमा जन्म कैदको सजाय हुने व्यवस्था गरेको छ। यसका अतिरिक्त प्रचलित कानूनले मनसायपूर्वक गरिएको ज्यान मार्ने कार्यलाई अपराध मानी उच्चतम् सजायको रुपमा सर्वस्वसहित जन्म कैदको समेत सजाय हुने व्यवस्था गरेको छ।

४. ज्यान सम्बन्धि अपराधको तत्त्वको रुपमा रहेको मनसाय वा नियत (Mens Rea) का विभिन्न तत्त्वहरु मध्ये सबैभन्दा उच्चतम् तह (Supreme Degree) हो। मनसायपूर्वक गरिने हत्या वा कर्तव्य ज्यानलाई संयुक्त राज्य अमेरिकाका केही राज्यहरुमा पहिलो तहको हत्या (First Degree Murder) पनि भनिन्छ। ज्यान मार्न सक्ने नियतपूर्वक गम्भीर चोट पुऱ्याएको अवस्थामा सोही चोटको कारणले ज्यान मार्न जाने कार्य हुँदा गम्भीर चोट पुऱ्याउने नियतको विस्तार भई नियतपूर्वक ज्यान मारेको मानिने कानूनी व्यवस्था अन्य मुलुकहरुमा पनि रहेको पाइन्छ। बेलायतमा Grievous Bodily Harm को कारणले ज्यान मर्न गएमा त्यसलाई कर्तव्य ज्यानको रुपमा लिइन्छ। भारतीय दण्ड संहिता, १८६० को दफा ३०० (२) मा "Of it is done with the intention of causing such bodily injury as the offender knows to be likely to cause the death of the person to whom the harm is caused" भन्ने व्यवस्था गरी "Intention to cause bodily harm and knowledge that death is likely result of such intended bodily injury" लाई

Culpable Homicide Amounting to Murder (कर्तव्य ज्यान) को रुपमा राखिएको छ।

५. अपराधिकताको दृष्टिबाट हेर्दा जानी जानी वा ज्ञान (Knowledge) मनसाय स्तरको मानसिक अवस्था हो। मनसायमा परिणामको पूर्वज्ञान र परिणामको चाहना हुन्छ भने परिणामको पूर्वज्ञान हुन्छ, परिणामको चाहनाको सम्बन्धमा कर्ता (Doer) तटस्थ हुन्छ, तर कर्ताको कार्यबाट आपराधिक घटना घट्ने कुरा शतप्रतिशत निश्चित हुन्छ। अपराध हुने कुराको पूर्वनिश्चितता र यस्तो निश्चितताको पूर्वज्ञान हुँदाहुँदै कर्तालि अपराध गराएकोले यो मनसाय सरहको आपराधिक मनसाय स्तरको रुपमा रहेको मानिन्छ। अवधारणागत रुपमा Knowledge लाई Intention पछि दोस्रो स्तरको आपराधिकता मान्ने गरिएतापनि आपराधिक दायित्व निर्धारणको हिसाबले यसमा प्रायः जसो मनसाय राखी गरेको अवस्था सरह नै सजाय तोकिएको हुन्छ। Knowledge लाई आपराधिक मनसाय (Mens Rea) को एक श्रेणी स्वीकार गर्ने भारत र संयुक्त राज्य अमेरिकामा यसलाई सुनियोजित हत्या (Murder) को आपराधिक मनसायको Second Specificatin को रुपमा लिने गरिएकोछ, साथै Intention र Knowledgeलाई आपराधिकता (Blameworthiness) को हिसाबले समान स्तर (Equal Footing) मा पनि राख्दै आएको देखिन्छ। भारतीय दण्ड संहिता, १८६० को दफा २९९ मा गरिएको Culpable Homicide को परिभाषाको तेस्रो वाक्यांशमा ...with the knowledge that he is likely by such act to cause death, ... भन्ने उल्लेख गरी Knowledge लाई अपराधको मनसाय तत्त्वको रुपमा स्वीकार गरिएको छ।

६. आपराधिक कार्य (Actus Reus) जुनसुकै अपराध ठहरिने अभियुक्तको हातबाट कानूनद्वारा निषेधित कार्य भएको हुनु पर्दछ र त्यस्तो कार्य उसको इच्छा बमोजिम स्वैच्छाले बिना बाह्य हस्तक्षेप गरेको हुनु पर्दछ। Murder को आपराधिक कार्य भित्र त्यस्ता व्यवहारहरु (Conducts) पर्दछन् जुन जीवित व्यक्तिको गैरकानूनी मृत्युको कारण बन्दछन। त्यस्ता Conduct हरुमा कार्य (Act) वा निष्क्रियता (Omission) दुवै पर्न सक्दछन् जुन मृत्युको मुलभूत वा मौलिक प्रत्यक्ष कारण बन्न पुग्दछ। Murder केवल जीवित व्यक्ति (Living Person) को मात्र हुनसक्दछ।

७. परिणाम (Consequence) सर्वप्रथमतः ज्यान सम्बन्धी अपराधको आपराधिक कार्य हुन कसैको ज्यान मारिएको कुरा ठहर हुनु आवश्यक पर्दछ। वारदात भएको प्रमाणित भए पनि मानिसको मृत्यु भएको नठहरेमा वा मारेको कुरा प्रमाणित हुन नसकेको खण्डमा ज्यान सम्बन्धी कारवाई चल्न सक्दैन।

८. आपराधिक मनसाय (Mens Rea) मनसाय प्रेरित हत्यामा उक्त पदावलीबाट स्पष्ट रुपमा मनसाय (Intention) हुनुपर्ने भन्ने आभास मिल्दछ। आपराधिक मनसाय अन्तर्गत पर्ने मनसाय (Intention) लापरवाही (Recklessness) र हेलचेक्र्याइँ (Negligence) मध्ये मनसाय प्रेरित वा सुनियोजित हत्या प्रमाणित हुनका लागि सिद्धान्ततः मनसाय राखेर नै वारदात गरिएको प्रमाणित हुनुपर्दछ। सुनियोजित हत्याको मनसाय पुरातनिक भाषामा भन्ने हो भने दूषित सोचाइ (Malice Aforethought) नै हो। यस अन्तर्गत कसैलाई मार्ने मनसाय राख्नु वा मार्ने सम्मको गम्भीर घाइते बनाउने मनसाय राखेकै हुनुपर्दछ। यसप्रकारको विवेचनाबाट के स्पष्ट हुन्छ भने सुनियोजित वा मनसाय प्रेरित हत्यामा मनसाय (Intention) दुई प्रकारबाट प्रयोग गर्न सकिन्छ। पहिलो अवस्था हो व्यक्त (Express), व्यक्त मनसाय प्रयोग गर्दा कसैलाई मार्ने नै स्पष्ट मनसाय राखी आपराधिक कार्य गरिएको हुन्छ भने दोस्रो अवस्था हो अव्यक्त (Implied) अर्थात् मर्ने सम्मको अवस्थामा पारी गम्भीर घाइते बनाउने सम्म मनसाय राखी आपराधिक कार्य गर्नु तर यसप्रकारको मनसाय प्रमाणित हुन द्वेष (Spite) वा पूर्ण विचार (Premeditation) को आवश्यकता भने पर्दैन। तत्काले मार्ने मनसाय राखी वा मर्न सक्ने उच्च खतरा लिएको भए पनि यस प्रयोजनका लागि पर्याप्त भएको मानिन्छ।

९. बेलायतमा डाँकाको कसूरलाई छुट्टै कसूरको रुपमा परिभाषा नगरिएको भए तापनि Theft Act, 1968 को दफा ८ मा "बल प्रयोग गरी चोरी गरेमा Robbery हुन्छ" भनी बल प्रयोग गरेर गरिने चोरीमा राखिएको छ। Indian Penal Code, 1860 को दफा ३९१ मा भएको व्यवस्था अनुसार "पाँच वा सो भन्दा बढीको जमात भई Robbery का रीतले चोरी गरेमा डाँकाको कसूर हुन्छ" भन्ने व्यवस्था गरिएको छ।

१०. मुलुकी ऐन चोरीको महलको ६ नम्बर अनुसार "चार जना भन्दा बढ्ताको जमात भई जबरजस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई

उठाई छाडी वा हुल हुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ। "बेलायतमा Theft Act, 1968 को दफा ८ ले डाँकाको कसूर गर्नेलाई जन्म कैदको सजाय हुने प्रावधान राखेको छ भने Indian Penal Code, 1860 को दफा ३९५ ले जन्म कैद वा दश बर्षसम्मको श्रम काराबास र जरिबाना हुने व्यवस्था गरेको छ।

११. मुलुकी ऐन चोरीको महलको १४ नम्बरको देहाय ४ अनुसार "डाँका गर्नेलाई बिगोको डेढी बढाई जरिबाना गरी पहिलो पटककोलाई ६ बर्ष, दोस्रो पटकलाई ९ बर्ष र तेस्रो पटक देखिकोलाई जतिसुकै पटकको भए पनि १२ बर्ष कैद समेत गर्नुपर्छ। "यस प्रकार यो नम्बरले डाँका गर्ने अपराधिहरुलाई अरु चोरी अपराधमा भन्दा गम्भीर प्रकृतिको सजायको व्यवस्था गरेको पाइन्छ। चोरीको महलको २७ नम्बरले "बिगो जरिवाना कैद वा तीनै थोकमा समेत कैद गर्दा पनि डाँकामा १८ बर्षदेखि बढी कैद गर्न हुँदैन" भनी सजायको अन्तिम हदको व्यवस्था गरेको छ ।

१२. उपरोक्त व्याख्या हेर्दा यि प्रतिवादीहरु थारुहट स्वायत्त प्रदेश बनाउने आन्दोलन प्रति पुर्ण बफादार रहि आफ्नो पुर्वनियोजित कार्यक्रम अनुसार घट्नास्थलमा गइ थारुहट राज्य स्थापनार्थ भएका बैठकका निर्णयहरु भलमन्सा र चिरागी मार्फत सो उर्दिहरु जारी गरि त्यसलाई मानि हात हातमा घरेलु हतियार लिइ निषेधित क्षेत्र तोड्दै सरकारी कार्यालयमा क्षति पुऱ्याइ थारुहट स्वायत्त प्रदेश भन्ने नामाकरण नेपाल सरकारका कार्यालयहरुको साइन बोर्डमा लेख्नै पर्ने अभिष्ट लिइ कसैबाट बाधा अबरोध भएमा हिंसात्मक आक्रमणमा उत्रिने बाँचाका साथ सो मितिको हिंसात्मक आन्दोलनमा गएको तथ्य प्रतिवादीहरुको बयान व्यहोरा, मिसिल संलग्न अन्य कागज प्रमाणबाट पुष्टिभएको देखिन्छ।

२४. प्र.ना.नी. मान बहादुर बोहरा लगायतका जाहेरवालालहरुको पृथक पृथक जाहेरी ब्यहोरामा प्रतिवादी रेशमलाल चौधरी उपर समेत किटान गरी पोल गरेको देखिएको र केशब सिंह महरा लगायतका घट्नास्थलमा उपस्थित प्रहरी कर्मचारीहरुले कागज गर्दा प्रतिवादी रेशमलाल चौधरीसमेत उपर किटान पोल गरेको अभियुक्तहरु सुन्दरलाल कठरिया, प्रेम बहादुर चौधरी, राज कुमार कठरिया, राम प्रसाद चौरधी समेत अनुसन्धान तहकिकातका क्रममा बयान गर्दा मिति २०७२/०५/०७ गतेको वारदात प्रतिवादी रेशमलाल चौधरीको निर्देशनमा निजले दिएको बचन अनुसार घट्नामा संलग्न भएको भनी पोल गरेको देखिएको, प्रतिवादी

रेशमलाल चौधरी मोबाईल Call detiels बाट वारदातको समयमा निज वारदातस्थल भन्दा टाढा अन्यत्र रहेको भनी मान्न सकिनेसम्मको अवस्था नदेखिएको भन्ने सम्मानित सर्वोच्च अदालतको मिति २०७५/०९/२३ को आदेशमा समेत उल्लेख भएको देखिन्छ।

२५. बादी पक्षका साक्षीहरु केशव सिँह महरा, दिपराज थापा, रामचन्द्र जोशी, महेश बोहरा, शारदा कठायतले किटानी वकपत्र गर्दै प्रतिवादीहरु रेशमलाल चौधरी, धनीराम चौधरी, लाहुराम चौधरी र लक्ष्मण चौधरीले घटना घटाएको भनेका, रबिन्द्र धनुषेले किटानी वकपत्र गर्दै प्रतिवादीहरु रेशमलाल चौधरी, प्रेम बहादुर चौधरी, फिरुलाल चौधरी, राम कुमार कठरिया र बिश्राम चौधरीले घटना घटाएको भनेका, जंग बहादुर साउँदले किटानी वकपत्र गर्दै प्रतिवादीहरु रेशमलाल चौधरी, धनीराम चौधरी, रामजनम चौधरी र लक्ष्मण चौधरीले घटना घटाएको र प्रतिवादी गणेश चौधरीले गोली हानी नावालको हत्या गरेका हुन भनेका, दिपेन्द्र सिँह धामी, केशवराज जोशीले किटानी वकपत्र गर्दै प्रतिवादी रेशमलाल चौधरीले घटना घटाएको भनेका, देव बहादुर मौनीले प्रतिवादी रेशमलाल चौधरीले घटना घटाएको भनेका, भरत सिँह बडालले प्रतिवादीहरु प्रदिप चौधरी र श्रवण चौधरीले घटना घटाएको भनेका, राम बहादुर ऐरले प्रतिवादीहरु रेशमलाल चौधरी र धनीराम चौधरीले घटना घटाएको भनेका, नेत्रराज पडालले प्रतिवादी श्रवण चौधरीले घटना घटाएको भनेका, लक्ष्मी खड्का, प्रकाश खड्काले प्रतिवादी रेशमलाल चौधरीले घटना घटाएको भनेका, प्रदिप चौधरी, गणेश बहादुर साउँद, यज्ञदेवी भट्ट, शुसिला बर्मा, पवित्रा साउँदले प्रतिवादी रेशमलाल चौधरीले घटना घटाएको भनेका, मुकुन्द अधिकारी, मान बहादुर बोहराले प्रतिवादीहरु रेशमलाल चौधरी, राजकुमार चौधरी, लक्ष्मण थारु र जीतबहादुर चौधरीले घटना घटाएको भनेका, आन सिँह बिष्टले प्रतिवादी रेशमलाल चौधरीले घटना घटाएको भनेका, दिपक न्यौपानेले प्रतिवादीहरु रेशमलाल चौधरी र लक्ष्मण थारुले घटना घटाएको भनेका, ओमकार थारुले प्रतिवादी रेशमलाल चौधरीले घटना घटाएको भनेका, श्रृजना थारुले किटानी वकपत्र गर्दै प्रतिवादीहरु रेशमलाल चौधरी, धनीराम चौधरी र लक्ष्मण चौधरीले घटना घटाएको भनेका, खगेन्द्र बहादुर साउँदले प्रतिवादी रेशमलाल चौधरीले आफ्नो रिसोर्टबाट निस्किदा आज रगतको खोलो बग्छ भनि भनेको आफ्नै कानले सुनेको हुँदा निजले नै घटना घटाएको भनेका, लक्ष्मण

बहादुर साउँदले किटानी वकपत्र गर्दै प्रतिवादी रेशमलाल चौधरीले घटना घटाएको भनेका, टेक बहादुर चन्द किटानी वकपत्र गर्दै प्रतिवादीहरु रेशमलाल चौधरी, प्रेम बहादुर चौधरी र लक्ष्मण चौधरीले घटना घटाएको भनेका र राजेश धामीले किटानी वकपत्र गर्दै प्रतिवादीहरु रेशमलाल चौधरी, प्रेम बहादुर चौधरी र लक्ष्मण चौधरीले घटना घटाएको भनि अदालत समक्ष बकपत्र गरेको हुँदा र प्रतिवादी मध्येका करन चौधरीले अदालत समक्ष किटानी वकपत्र गर्दै आफु समेत भई प्रतिवादीहरु रेशमलाल चौधरी, प्रदिप चौधरी, नरेश चौधरी, श्रवण चौधरी, राजाराम चौधरी, फुलराम चौधरी, गोपाल चौधरी र रमेश चौधरीले घटना घटाएको भनेका मिसिल संलग्न आधार, कारण र प्रमाणहरुबाट यि प्रतिवादीहरु नै अभियोग दाबीको कसुरमा संलग्न रहेको देखिन आयो। यस प्रकार उक्त वारदातमा प्रतिवादीहरु कै प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नतामा घट्न गएको हो भन्ने तथ्य पुष्टि हुन आयो।

घ) **बादी नेपाल सरकारले यी प्रतिवादीहरु उपर कुन कानून अनुसारको अभियोग दावी लिएको हो र उक्त कानूनमा के कानूनी व्यवस्था रहेको छ ? भन्ने चौथो प्रश्न तर्फ बिचार गर्दाः-**

**१.** यस मुद्दामा बादी नेपाल सरकारले यी प्रतिवादीहरु उपर निम्नलिखित नेपाल कानूनमा भएका ब्यवस्थाहरु आकर्षित हुने भनि दावी लिएको देखिन्छ र यी प्रतिवादीहरुलाई सो अनुसार सजाय होस भनि अभियोग दावीमा उल्लेख गरेको पाइन्छ उक्त कानूनी व्यवस्था हेर्दाः-

**२. मुलुकी ऐन ज्यान सम्बन्धि महलको १ नं.** मा कानुन बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन।

त्यसै गरि **ज्यान सम्बन्धि महलको १३ नं.** मा यसै महलका अरू नम्बर बमोजिम ज्यानमाराको बात नलाग्ने अवस्थामा बाहेक कसैले अरूको ज्यान मर्ने गैह्र कुरा गर्दा उसै बखत वा ऐनका म्यादभित्र ज्यान मरेमा सो ज्यान मार्नेलाई र मुख्य भै बचन दिनेलाई र वारदात भैरहेका ठाउँमा गै अर्काको जीउमा हात हाली मार्नेलाई संयोग पारिदिने नियतले पक्री समाती राख्ने समेतलाई देहायमा लेखिए बमोजिम सजाय गर्नुपर्छ। छुट्याउनका नियतले हात हाल्ने वा छुट्याईदिनेलाई भने बात लाग्दैन।

धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जतिजना भै हतियार छाडेको छ उती जना ज्यानमारा ठहर्छन्। सर्वस्व सहित जन्म कैद गर्नुपर्छ ........................................................................................................१

बिष खुवाई ज्यान मारेमा खुवाउने ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्व सहित जन्मकैद गर्नुपर्छ। मानिसलाई विष खुवाउन लगाउनेलाई जन्मकैद गर्नुपर्छ .........२

लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भै मारेमा यसैले मारेको वा यसको चोट्ले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्व सहित जन्म कैद गर्नुपर्छ। सो बाहेक अरूलाई र यस्ले मारेको वा यस्का चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसै उपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्म कैद गर्नुपर्छ.................................३

जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा बचन दिनेलाई वा वारदात भैरहेको ठाउँमा गै मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको ज्यूमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ... ...............................................................................४

३. **ज्यान सम्बन्धी महलको १५ नं.** मा ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गै बचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ।

४. **मुलुकी ऐन ज्यान सम्बन्धीको १७ नं.मा** ज्यान मार्नालाई मतलबमा भने पसेको तर मुख्य भै बचन पनि नदिने, हात हतियार पनि नछोड्ने जीउमा पनि नछुने देहायका अवस्थाका अरू मतलबीहरूलाई ज्यान मरेको रहेछ भने देहाय बमोजिम र ज्यान मरेको रहेनछ भने देहायमा लेखिएको सजायको आधा सजाय गर्नुपर्छः-

ज्यान मार्नालाई भनी हतियार विष मागेमा जानी जानी हातहतियार गोली बारुद विष दिने वा ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजूद रहनेलाई दश वर्ष कैद गर्नुपर्छ .................................................................१

माथि १ दफामा लेखिए बाहेक घेरा दिने, बाटो, गौडा छेक्ने वा भाग्न उम्कन नपाउने समेत गैह काम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ ......२

अरू किसिमसंग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहेनलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ ..........................................................................३

५. **मुलुकी ऐन चोरीको १ नं.** मा आफनो हक नपुग्ने अचल भै रहेकोलाई चलको हिसाब गराई वा चल धनमाल समेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मन्जूरी नली धनीको हक मेटाई आफूले लिना खानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ।

**चोरीको ६ नं.** मा चारजना भन्दा बढ्ताको जमात भई जबर्जस्ती चोरी वा रहजनीमा लेखिएका रीतसंग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ। सबै प्रकारको चोरी मुद्दामा बिगो जसले जति जति खाएको ठहर्छ उसबाट उति उति असूल गरी लिनुपर्छ।

**चोरीको १० (३)** मा बिगो भराउँदा चोरी भएको माल पत्ता लागेमा सो माल नै भराई दिनु पर्छ दाखिल भएको वा उपर भएको बिगोबाट भराई नपुगेकोमा धनीले सो बिगो खाने अपराधीको जायजात देखाई दरखास्त दिएमा सो बिगो सोही जायजातबाट भराई दिनुपर्छ र सरकारी चोरीको बिगो बाहेक अरूमा जायजातबाट उपर नभएको बिगोमा कैद गराई पाउँ भनी दण्ड सजायको महलको ४२ नम्बर बमोजिम धनीले दरखास्त दिएमा एक दिनको पच्चीस रुपैयाँको दरले बढीमा दुई वर्षसम्म कैद गरी दिनुपर्छ..........................................................................३

**चोरीको दफा १४ (४)** मा डाँका गर्नेलाई बिगोको डेढो बढाई जरिबाना गरी पहिलो पटककोलाई ६ वर्ष, दोस्रो पटककोलाई ९ वर्ष र तेस्रो पटकदेखिकोलाई जतिसुकै पटकको भए पनि १२ वर्ष कैद समेत गर्नुपर्छ....................................४

६. **बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ मा** बालक र अपराधीक दायित्व सम्बन्धि व्यवस्था गरिएको छ जसको दफा (१) मा कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन। (२) बालकको उमेर दश वर्ष वा सो भन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानून बमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई र कैद हुने अपराध गरेकोमा कसूर हेरी ६ महीनासम्म कैद हुन्छ। (३) चौध वर्ष वा सो भन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने

सजायको आधा सजाय हुन्छ। (४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानून बमोजिम पूरा सजाय हुन्छ।

**सोहि ऐनको दफा ५० (१)** मा प्रचलित कानून बमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ।

**सोहि ऐनको दफा ५० (२) मा** कसूरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति, कसूर गरेको पटक, आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नु पर्ने गरी तोक्न सक्नेछ। यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको १ वर्षभित्र त्यही वा अन्य कुनै कसूर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ।

७. उपरोक्त कानूनी व्यवस्था बमोजिम अभियोगमा बर्णित प्रतिवादीहरुलाई कसुर ठहर गरि सजायहोस भनि यी प्रतिवादीहरु उपर गरेको बादी नेपाल सरकारको अभियोग दावीका सन्दर्भमा प्रतिवादीहरुबाट ९ जनाको हत्या भएकोमा कर्तव्य ज्यान, ३६ जनालाई गम्भिर घाउचोट छाडि ज्यान मार्ने उद्योग गरेकोमा ज्यान मार्ने उद्योग र मृतक प्रहरीहरु समेतबाट SLR लगायतका बिभिन्न हातहतियार, संचार सेटहरु र नगद समेत डाका गरि लगेकोमा डाँका चोरी भन्ने अभियोग दावी लिएको तर्फ निर्णय गर्नुपर्ने देखिन आयो।

८. कुनै न्यायाधीशले फौजदारी मुद्दामा सुनुवाई गर्दा कुनै निर्दोष मानिसले सजाय नपाउन भनी जति सजग रहनु पर्दछ, कुनै अपराध गरेको व्यक्तिले सजायबाट

उन्मुक्ति पाउन नसकोस् भनी त्यतिकै सावधान रहनु पर्दछ। अभियोग लागेको व्यक्तिका विरुद्ध प्रस्तुत भएको प्रमाणहरूको जति सावधानीपूर्वक विश्लेषण र मूल्याङ्कन गर्नु पर्दछ त्यतिकै रुपमा अपराध र अपराधीको शिकार भएका पीडित व्यक्ति प्रति न्याय परोस् भन्ने कुरा पनि न्यायाधीशले त्यति नै सुनिश्चित गर्नु पर्दछ। अभियुक्त र अपराधबाट पीडित व्यक्ति दुवैलाई सन्तुलित रुपमा न्याय प्रदान गर्नु नै न्यायप्रणालीको आधारभूत लक्ष्य रहेको हुन्छ। कुनै एक पक्षप्रति मात्र लक्षित गरी गरिएको निर्णयले न्यायको आकार ग्रहण गर्न सक्दैन। खास गरी अपराधी पत्ता नलागेको तथा घटनाको प्रत्यक्ष प्रमाण नभएको फौजदारी मुद्दामा न्याय सम्पादन गर्दा अपराधीको उद्देश्य (Motive),अपराधको पद्धति वा शैली (Modus Operandi), घटनास्थलको दृश्य (Scene of the Crime),घटनास्थलमा पाइएको अपराधसँग सम्बन्धित चीज वस्तु वा दशी, अभियुक्तको अपराधिक कार्यसँग तादाम्यता, घटना भएको स्थान वा सोको वरिपरि निजको उपस्थिति र व्यवहार इत्यादिको अप्रत्यक्ष प्रमाणलाई आधार मानी सत्यको उद्घाटन गरी अपराधीलाई सजाय दिनु र पीडित व्यक्ति प्रति न्याय गर्नु जटिल र कठिन अवस्था तथा दोहोरो दायित्व अदालत उपर रहेको हुन्छ।

९. प्रस्तुत मुद्दामा हत्या गर्ने व्यक्तिले सुनियोजित तरिकाबाट हत्या गरेको देखिन आउँछ। अपराध गर्दा अपनाइएको तरीका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र सँगठित रुपमा आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ। यस्तो अवस्थामा अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नु पर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नुपर्ने अवस्थापनि रहन जान्छ। प्रस्तुत मुद्दामा सम्मानित पुनरावेदन अदालत, सम्मानित उच्च अदालत र सम्मानित सर्वोच्च अदालत समेतबाट यि प्रतिवादीहरु उपर यस अदालतबाट भएको थुनछेक आदेश सदर भएको देखिँदा सो प्रमाणहरू समेत प्रतिवादीहरुको हकमा सान्दर्भिक एवं कसूर ठहर गर्न पर्याप्त हो होइन भनी विचार गर्नुपर्ने हुन आएको छ।

१०. कुनै अभियोग लागेको व्यक्तिहरु उपर प्रस्तुत गरिएका प्रमाणहरूले यथार्थमा निजलाई दोषी सिद्ध गर्न सक्छन् वा सक्दैनन् र ती प्रमाणहरूको वैधानिकता कस्तो छ भन्नेतर्फ अदालत सजग रही अभियोग दावीको आधारमा मात्र निर्दोष व्यक्तिले सजाय पाउनु हुँदैन तर प्रत्यक्ष वा अप्रत्यक्ष प्रमाणबाट दोषी देखिएको कुनै व्यक्ति

सजायबाट उम्कनु हुँदैन भन्ने दण्डको सिद्धान्ततर्फ पनि उत्तिकै सचेत रहेकोछ र रहने गर्दछ। फौजदारी न्यायप्रणालीमा कानूनले अपराध घोषित नगरेससम्म कुनै पनि कार्यलाई अपराध नमानिने (nullum crimen sine lege), कानूनले सजाय नतोकेसम्म सजाय नगरिने (nulla poena sine lege) र सजाय बिनाको कार्यलाई अपराध नमानिने (nullum crimen sine poena) भन्ने सिद्धान्तलाई प्रमुख सिद्धान्तको रुपमा हेरिन्छ। प्रतिवादीहरु उपर अभियोग लगाइएको कार्य उपरोक्त सिद्धान्त अनुरूप नै रहेको भए पनि यी प्रतिवादीहरुले अभियोग दावी अनुरूपको कार्य नगरेको भए निजहरु सजायको भागी हुनु हुँदैन भन्ने यस ईजलासको मान्यता रहीआएको छ।

११. नेपालको संविधानले न्याय सम्बन्धी हक अन्तर्गत फौजदारी न्यायका उपरोक्त सिद्धान्तहरूलाई मौलिक हक कै कोटीमा राखिएको छ। यसका अलावा नेपाल संयुक्त राष्ट्रसंघको सदस्य समेत रहेको हुँदा संयुक्त राष्ट्रसंघको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ द्वारा प्रदत्त न्याय सम्बन्धी हक लगायत स्वतन्त्र न्यायपालिका, मानव अधिकार र फौजदारी न्याय प्रशासन सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकसित गरिएका नवीनतम् मूल्य र मान्यताप्रति प्रतिवद्ध रहनु यस अदालतको कर्तब्य हुन आउँछ। राज्यले प्रतिवद्धता जनाएका न्यायिक प्रक्रियासँग सम्बन्धित विषयहरूको सम्मान, पालना र संरक्षण गर्नु न्यायपालिकाको दायित्व नै हो। यस अदालतले विधिको शासन, आधारभूत मानव अधिकारको संरक्षण लगायत स्वच्छ सुनुवाईका मूल्य र मान्यताहरूलाई सदैब ध्यान दिंदै आएको छ।

१२. त्यस्तै, मानव जीवन अन्य जीवित प्राणीको तुलनामा अद्धितीय र महत्वपूर्ण मानिएको कारण मानवको बाँच्न पाउने अधिकारलाई अन्तर्राष्ट्रिय स्तर बाटै स्वीकार गरिएको छ। मानव हत्यालाई अन्य अपराधको तुलनामा अति संवेदनशील र अत्यन्त क्रुर अपराध मानिएको छ। त्यसैले कुनै व्यक्ति अपराधको शिकार हुँदा निजको बाँच्न पाउने सार्वभौम अधिकारको घोर उल्लंघन भएको हुन्छ र यस्तो अपराधको लागि राज्यको कानूनमा अधिकतम दण्डको व्यवस्था गरिएको हुन्छ। अभियोग लागेको व्यक्ति उपरको आपराधिक कार्य प्रमाणबाट समर्थित भएमा त्यस्तो

व्यक्ति सजायबाट उम्कन नहुने भन्ने दायित्वप्रति पनि यो अदालत उत्तिकै सचेत रहेको छ र रहने गर्दछ।

१३. प्रमाण ऐन, २०३१ को दफा १० मा देहायबमोजिम उल्लेख भएको देखिन्छः-

(१) कुनै काम घटना वा अवस्थाका सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छः–

(क) सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रुपमा देख्ने वा थाहा पाउने व्यक्ति ।

१४. प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणका सम्बन्धमा केही विवेचना हुनु बाञ्छनीय देखिन आएको हुँदा प्रमाण भनेको मुद्दामा ठहर गर्नुपर्ने कुनै कुरालाई प्रमाणित गर्न वा खण्डन गर्न सहायता हुने कुरालाई जनाउँछ। प्रमाण भनेको न्यायाधीश वा न्यायिक अधिकारीको लागी तथ्य पत्ता लगाउन कच्चा पदार्थ (Raw Material) हो। प्रमाणको प्रस्तुति तथा प्रस्तुत भएको प्रमाणको विश्लेषण र मूल्याङ्कनबाट न्यायाधीशलाई तथ्य, कसूरदारको मनसाय र आपराधिक कार्यको सम्पादन भएको वा नभएको पत्ता लगाउन मद्दत पुग्दछ।

**प्रमाण २ किसिमका हुन्छन्ः—**

(क) प्रत्यक्ष प्रमाण (Direct Evidence) र

(ख) अप्रत्यक्ष र परिस्थितिजन्य प्रमाण (Indirect and Circumastantial Evidence)

१५. प्रत्यक्ष प्रमाणले मुद्दामा सन्निहित विवादका विषयवस्तुको केन्द्र विन्दुसम्म सीधा र सरासर पुगी निर्णय गर्नुपर्ने प्रश्नलाई अनुमान वा विवेकको प्रयोगबिना नै प्रमाणित र स्थापित गर्दछ। हत्याको घटना वा अन्य अपराधको प्रत्यक्षदर्शी साक्षी वा चश्मदिद गवाह प्रत्यक्ष प्रमाणको उदाहरण हो । (Direct Evidence is that which goes expressly to the very point in question and proves it. If believed without aid from inference or deductive reasoning.) प्रत्यक्ष प्रमाण निश्चयात्मक एवं शक्तिशाली प्रमाणको कोटीमा आउँछ। तर जहाँ प्रत्यक्ष प्रमाणको अभाव हुन्छ, त्यहाँ परिस्थितिजन्य प्रमाणको आधारमा अपराध र अपराधीको खोजी गर्ने प्रयास गरिन्छ ।

१६. अप्रत्यक्ष र परिस्थितिजन्य प्रमाणले कुनै काम, घटना वा अपराधका सम्बन्धमा प्रत्यक्ष प्रमाणको अभाव भएमा अभियोजन पक्षले त्यस सम्बन्धमा

अप्रत्यक्ष वा परिस्थितिजन्य तथ्य तथा सम्बद्ध सहायक प्रमाणहरूबाट अभियुक्तको कसूर स्थापित र प्रमाणित गर्ने प्रयास गर्दछ। त्यसैले परिस्थितिजन्य प्रमाणलाई अप्रत्यक्ष प्रमाण भनिन्छ। कुनै काम, घटना वा अपराधका सम्बन्धमा अभियुक्तको काम वा व्यवहारका विभिन्न अवस्था र क्रियाकलापहरुबाट तथ्यहरूको कडी एक आपसमा श्रृखंलाबद्ध रुपमा जोडिदा आपराधिक कार्य सम्पादन भएको स्वाभाविक निष्कर्ष निस्कने भएमा र सो कार्य र व्यवहारबाट अभियुक्तले अपराध गरेको स्थापित भएको देखिएमा यस्तो तथ्यहरूको मालाकार कडीलाई परिस्थितिजन्य प्रमाणको रुपमा परिभाषित गरिन्छ। यस्को लागि तथ्यका प्रत्येक कडी एक आपसमा आवद्ध र अन्योन्याश्रीत भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नु पर्ने हुन्छ।

१७. कुनै प्रत्यक्ष प्रमाणको रुपमा व्यक्त गर्ने साक्षीले परीक्षणको क्रममा घटना वा अपराधका सम्बन्धमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ। साधारणतया परिस्थितिजन्य प्रमाणलाई प्रत्यक्ष प्रमाण भनिदैन, त्यसै कारणबाट एउटा आम धारणा रहेको छ कि परिस्थितिजन्य प्रमाण प्रत्यक्ष प्रमाण भन्दा कम महत्वपूर्ण हुन सक्छ। यद्यपि यो धारणा सदैब सत्य हुन सक्दैन। निश्चय नै प्रत्यक्ष प्रमाणलाई तुलनात्मक रुपमा बढी शक्तिशाली मान्न सकिएला तर अपराधीले कसैले देख्ने गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाण समेत नष्ट गर्ने हुँदा सफल फौजदारी कारवाहीमा अक्सर परिस्थितिजन्य प्रमाण माथि नै भर पर्नु पर्ने बाध्यता रहन्छ। त्यसैले अप्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणलाई फौजदारी न्याय प्रशासनमा स्थान दिइएको हो। व्यावहारिक रुपमा हेर्दा परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमरोड (Fabricate) गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाण भन्दा यो बढी उपयोगी र भरपर्दो मानिन्छ।

१८. प्रस्तुत मुद्दामा बादी नेपाल सरकारका तर्फबाट र प्रतिवादीहरुका तर्फबाट उपस्थित बिद्वान कानून व्यवसायीहरुले राख्नु भएका बिद्वतापूर्ण बहस बुँदाहरु र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु र वहाँहरुले बहस जीकिरमा उठान गर्नुभएका तर्कहरुलाई यथोचित स्थान दिई आआफ्नो स्थानमा उल्लेख गरिएको छ र ति भनाइहरुलाई उच्च सम्मान गर्दै यस ईजलासले यो मुद्दा संग सान्दर्भिक निम्न नजिरहरु आकर्षित हुने देखेको छ।

१९. जाहेरी दरखास्त सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०६८, नि.नं. ८६९५, पृष्ठ १६५७ मा हेर्दा जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजुरी वा प्रथम सुचना भएकोले यदी जाहेरी नै नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी व्यवस्था अनुसार प्रहरीले अनुसन्धान गर्न सक्ने अवस्था रहेकोले तुरुन्त जाहेरी नदिएको भन्ने मात्र आधारमा अपराधको गाम्भिर्यताको न्यून मुल्याङ्कन गर्न नहुने, जाहेरी तत्काल दियो वा दिएन भन्दा पनी अपराधमा संलग्नता थियो वा थिएन भन्ने कुरा बढि महत्वपुर्ण हुने भनी उल्लेख भएको छ।

२०. त्यसैगरी मौकाको वयान सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त ने.का.प. २०४९, अंक ५, नि.नं. ४५३९ मा हेर्दा अदालत समक्ष बिना आधार प्रतिवादीहरुले प्रहरीको वयानलाई स्वेच्छा बिरुद्धको वयान भन्दैमा अदालतले उक्त भनाईलाई मात्र आधार मानी प्रमाणको रुपमा मान्न इन्कार गर्ने हो भने अनुसन्धानको क्रममा प्रतिवादीहरुको कागज गराउने व्यवस्थाको कुनै औचित्य नै नरहने भन्ने उल्लेख भएको छ।

२१. अप्रत्यक्ष/परिस्थितिजन्य प्रमाण सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नि.नं. ८३७८, मुद्दा कर्तव्य ज्यान, फैसला मिति २०६७।०४।१४, संयुक्त इजलास, चार्ल्स गरुमुख शोभराज बिरुद्ध नेपाल सरकार भएको मुद्दामा प्रतिपादित सिद्धान्त हेर्दा "मृतकको हत्या कुनै व्यक्तिको कर्तव्यबाट भएकोले कसुर जन्य कार्य गर्ने अपराधिलाई प्रचलित कानून बमोजिम सजाय गर्नुपर्ने हुँदा अप्रतक्ष्य प्रमाणको आधारमा पनि कसुरदार देखिएको व्यक्तिलाई सजाय गर्नु अदालतको कर्तव्य हुने, अपराध र अपराधिको सिकार भएका पीडित व्यक्ति प्रति न्याय परोस भन्ने कुरापनि न्यायाधीशले त्यतिनै सुनिश्चित गर्नु पर्दछ, अभियुक्त र अपराधबाट पीडित व्यक्ति दुवैलाई सन्तुलित रुपमा न्याय प्रदान गर्नुनै न्याय प्रणालीको आधारभुत लक्ष्य हुने, कुनै एक प्रति मात्र लक्षितगरी गरिएको निर्णयले न्यायको आकार ग्रहण गर्न नसक्ने, कानून अनुरुप प्रमाणको रुपमा पेश गरिएका कुराहरुको मुद्दामा संवद्धता छ वा छैन भन्ने बिषय अदालतले निर्धारण गर्न सक्ने" भनिएको छ।

२२. Alibi जीकिर सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नि.नं. ९१४४, मुद्दा कर्तव्य ज्यान, फैसला मिति २०७०।१२।३०, संयुक्त इजलास, दिपक बहादुर घिमिरे बिरुद्ध नेपाल सरकार भएको मुद्दामा प्रतिपादित सिद्धान्त हेर्दा "अन्यत्र

स्थलमा रहेको (Alibi) को जीकिर स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित भएमा मात्र प्रमाणको लागि ग्राह्य हुन सक्ने, वारदातको दिन र समयमा आफु घटना स्थलमा उपस्थित नरही अन्य स्थलमा रहेको भनी Alibi को जीकिर लिने व्यक्तिले घटना हुँदाका वखत आफु उपस्थित रहेको भनेको स्थानबाट घटना भएको स्थानको दुरी यती धेरै टाँढा छ की घटना भएको समयमा घटनास्थलमा उपस्थित हुन असम्भव छ भनी अकाट्य र बिवाद रहित प्रमाणबाट प्रमाणित गर्नुपर्ने, एकै समयमा एक व्यक्ति दुई ठाउँमा उपस्थित हुन असम्भव छ भनी अभियुक्तले प्रमाणबाट स्थापित गर्न सक्नुपर्ने, अन्यत्र स्थलको जीकिर अकाट्य र निर्विवाद प्रमाणबाट स्थापित र प्रमाणित हुन नसकेमा सो जीकिर निजकै बिरुद्ध प्रमाण लाग्ने, प्रचलित नेपाल कानून बमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जीकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम निज प्रतिवादी कै हुने" भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

२३. एक भन्दा बढी प्रतिवादीहरुको आक्रमणबाट मृत्यु भएको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नि.नं. ९१३८, मुद्दा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, फैसला मिति २०७१।०२।२६, संयुक्त इजलास, सुभाष अधिकारी बिरुद्ध नेपाल सरकार भएको मुद्दामा प्रतिपादित सिद्धान्त हेर्दा "मृतकको मृत्यु अमुख कसैको चोटबाट भएको भन्न सकिने अवस्था नभएपनि कुनै खास व्यक्ति वा चोटकै कारणले नै मरेको देखाउनु पर्छ भन्न पनि मौजुदा अवस्थामा सम्भव नहुँने, एक भन्दा बढी व्यक्तिको र एक भन्दा धेरै कारणले मारिने अवस्था रहने, वारदातको अवस्था सम्म पुऱ्याउने कुरामा प्रतिवादीहरुको सहभागित देखिएको र सो लगायतका कारणले वारदात घट्न गएको हुँदा निजहरुलाई दायित्व विहिन मान्न नसकिने, अन्यथा कसुरको कार्य गर्नलाई भिडको संलग्नता निमत्याउने र त्यसैको आडमा अपराधिक दायित्वबिहिन हुने कुराको तर्जुमा गर्ने अवस्था आउने, त्यसो गर्नु भनेको प्रकारान्तरमा दण्डहिनता सृजना गर्ने हुने, सुरुदेखिको सबै श्रृङ्खलामा प्रतिवादीहरुको सरोकार र संलग्नता भएपछि अन्तिम अवस्थाको भिडको समेत संलग्नताले प्रतिवादीहरुले आफ्नो असंलग्नता र निर्दोषिताको जीकिर लिन सक्ने अवस्था रहेन" भनी उल्लेख भएको पाइन्छ।

२४. यस्तै समान सहभागीताको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नि.नं. ९२४९, मुद्दा कर्तव्य ज्यान, फैसला मिति २०७१।०६।२२, संयुक्त इजलास, ने.का.प. २०७१, अंक ९, भाग ५६, सीता भन्ने लालहिरा कामी बिरुद्ध नेपाल सरकार भएको मुद्दामा प्रतिपादित सिद्धान्त हेर्दा "प्रतिवादीहरुले गुट बनाई संयुक्त रुपमा गरेको वारदातलाई संयुक्त वारदात भनिन्छ, यसमा कसले बढी कुट्यो कसले कम कुट्यो कसको प्रहार प्राणघातक भयो अथवा कुनै कसैले कुट्दै कुटेन कि जस्ता कुरा Comon Law मा प्रासाङ्गिक हुँदैनन्। ज्यान लिने अथवा सांघातिक कुटपिट गर्ने मनसाय भई सो सन्दर्भमा समुहमा बसी एक अर्कालाई उकासी हौसाइ अथवा हातै हालि कुटपिट गरेमा सबै प्रतिवादीहरु समानरुपमा सहभागि भएको मानिने र समान सजायका भागेदार हुने अवस्था रहने, यी प्रतिवादीको सो फल्ट संग मृतको मृत्युको सम्बन्ध स्थापित हुने" भनि उल्लेख भएको पाइदा यस मुद्दामा प्रतिवादीहरु उपर कसुर ठहर गर्न उपरोक्त सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु र मिसिल संलग्न दुवै प्रकारका प्रत्यक्ष तथा अप्रत्यक्ष प्रमाणहरु अकाट्य, भरपर्दा र प्रयाप्त देखिन्छन।

**ङ) यी प्रतीवादीहरुलाई के कस्तो उपयुक्त सजाय हुनुपर्ने वा नपर्ने के हो ? भन्ने प्रस्तुत विषयबस्तुको अन्तिम तथा निष्कर्श प्रश्नको सम्बन्धमा बिचार गर्दाः-**

१. माथी उल्लेखित मिसिल संलग्न किटानी जाहेरी दरखास्त, यथार्थ घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, प्रतिवादीहरुले मौकामा र अदालतमा गरेको बयान कागज, बुझिएका मानिसहरुको कागज व्यहोरा, वस्तुस्थिती मुचुल्का तथा पोलीग्राफ परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन, यिनै प्रतिवादीहरुले उक्त घटना घटाएको हो भनि निजहरुलाई चिनि सनाखत गर्ने करन चौधरी, नेत्रराज पडाल, खटपट भन्ने सितलराम डगौरा, सुरज सिँह ठकुरी, राम बहादुर ऐर, जयराम सिँह, लक्ष्मण साउँद, देव सिँह कार्की, मान बहादुर बुढामगर, लक्ष्मण सिँह नेपाली, दिपक दमाइ समेतको सनाखत कागज, प्रत्यक्ष्यदर्शि सुशिला बर्मा, गोकुल भण्डारी, केसे भण्डारी, यज्ञदेवी भट्टको कागज, घाइते प्रहरीहरुको भनाइ, खानतलासि मुचुल्का, भलमन्सा मार्फत चिराकी खटाएको स्विकारोक्ति, थारु कल्याणकारी सभाका संयोजक प्रतिवादी धनीराम चौधरी रहेको भन्ने निजको भनाइ, सो को कैलाली क्षेत्र नं. १ को संयोजक प्रतिवादी रेशमलाल चौधरी रहेका, थारुहट राज्य

स्थापना गर्न पर्चा पंप्लेट बाढि हिंसात्मक संघर्षको आह्वान गरि माइकिङ्ग गरेको, अदालतमा बयान गर्दा समेत प्रतिवादी रेशमलाल चौधरीले घटनाले हिंसात्मक मोड लिए पछि म घटनास्थलबाट हिडेको भनि बयान गरे पनि मुख्य योजनाकार नै रेशमलाल चौधरी हुन भनि प्रतिवादी लाहुराम चौधरी र लक्ष्मण थारुले मौकामा वयान गरेका र निज घटना स्थलमै थिए भनि प्रतिवादी प्रेम बहादुर चौधरी, राम कुमार कठरिया समेतले मौकामा व्यक्त गरेको भनाइ, थारुहट संघर्ष समितिले आधिकारीक रुपमा नेपाल सरकारको नियन्त्रणमा रहेका सरकारी कार्यालयको नाम नै परिवर्तन गर्ने उद्देश्यका साथ आन्दोलन गर्ने घोषित कार्यक्रम समेत राखु गैह्रकानूनी छदै थियो त्यसलाई हिंसामा परिणत गरि ९ जना व्यक्तिहरुको जघन्य हत्या समेत गरेको पुष्टि भएको अवस्था हुँदा त्यस्तो कार्य गर्नेलाई छुट दिन सक्ने अवस्था हुँदैन।

२. प्रतिवादीहरुले अदालत समक्ष गरेको बयानमा हत्या हिंसा आफुबाट भएको होइन भनि कसुरमा इन्कार रहि बयान गरेको देखिएतापनि प्रतिवादी करन चौधरीले अदालतमा समेत बयान गर्दा अन्य प्रतिवादीहरु समेतलाई पोल गरि कसुर अपराध गरेकोमा पुर्णतः सावित रहेको पाइन्छ भने प्रतिवादीहरु मध्येका केहि प्रतिवादीहरुले आफु घटना स्थलमा नभएर अन्यत्र थियौं भनि बयान गरेतापनि सो Elibi जीकिर प्रमाण द्वारा पुष्टि हुने गरि केही प्रतिवादीहरुबाट बाहेक अन्यबाट अदालत समक्ष कुनै आधार प्रमाण पेश गर्न सकेको देखिँदैन। प्रतिवादी मध्येका बृज मोहन डगौरा, सुन्दरलाल कठरीया, राजकुमार कठरिया र हरिनारायण चौधरीले टिकापुर घटनाको दिन प्लेकार्ड बोकि गएका हौं भनि अदालत समक्ष समेत बयान गरेको देखिन्छ।

३. प्रतिवादी मध्येका करन चौधरीले अदालत समक्ष बयान गर्दा कसुरमा साविति रहि अन्य प्रतिवादीहरुलाई समेत पोल गरि मैले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको ब्यहोरा र सहिछाप मेरो नै हो। वारदात घट्नास्थलबाट बरामद भएका सामानहरु मध्ये सो दिन बन्चरो र चक्कु प्रतिवादी प्रदिप चौधरीको हातमा थियो। तरबार टिक्लीगढका मान्छेहरुको हातमा देखेको हु। अन्य सामानहरु को कस्को हातमा थिए मलाई थाहा भएन। प्रतिवादी सुन्दरलाल कठरियाको नाम थाहा छ, निजको ठेगाना थाहा भएन। निजलाई मैले घट्नास्थलमा देखेको हु। तर निजको हातमा कुनै हातहतियार देखेको थिइन। निजको हातमा प्लेकार्ड देखेको थिए। साथै निजले कोही कसैलाई कुटपीट गरेको देखेको पनी थिईन। प्रतिवादी

प्रदिप चौधरीले प्रहरीको हातबाट हतियार खोसी श्रवण चौधरीलाई दिई श्रवण चौधरीले हतियार लगी गएको देखेको हु। प्रतिवादी राजाराम चौधरीले वारदातमा प्रहरीलाई मार्दाको अवस्थामा मोबाईलमा रेकर्ड गरेको देखेको हुँ। त्यहाँ अन्य मानिसले पनी रेकर्ड गरि रहेको देखेको हुँ, तिनिहरुको नाम थाहा छैन। वारदात हुँदा मैले प्रहरीलाई मारे पश्चात मलाई रेशमलाल चौधरी र नाम थाहा नभएका ब्यक्तीहरुले काधमा राख्दै बधाई छ भाई भनी भनेका थिए भनी अदालतमा वयान गरेको पाइन्छ। काडेतार बेरिएको लाठी उक्त वारदातका समयमा प्रतिवादी श्रवण चौधरीले हातमा लिई SSP लाई हिर्काएका हुन। उक्त लाठी हाल प्रहरीले बरामद गरि ल्याएको मध्येकै हो। हाल फरार रहेका प्रतिवादीहरु मध्ये टिकापुर-९ बस्ने फुलराम चौधरीलाई चिन्दछु। उक्त दिन निजको हातमा प्लेकार्ड थियो। अन्य फरार प्रतिवादीहरुलाई चिन्दिन। वारदातका समयमा प्रहरी निरिक्षक समेतका ४ जना सुरक्षाकर्मीलाई प्रतिवादी प्रदिप चौधरी समेतले भाग्दै गर्दा पछाडीबाट बन्चरोले हानी ढालेका हुन। अन्य ब्यक्तीहरुलाई म चिन्दिन। मैले नचिनेका ब्यक्तीहरुले सुरक्षाकर्मीहरुलाई आगो समेत लगाएको देखेको हु। सो मध्येका प्रतिवादी राजाराम चौधरीले पेट्रोल खन्याएका हुन। घट्नापूर्व चिलिमे चौराहको गोल्डेन स्कुलमा मिटिङ भएको थियो, त्यहाँ के कुन योजना भयो, मलाई थाहा भएन। उक्त घट्नामा मैले एक जना ब्यक्तीलाई लाठीले कुटपीट गरेको हु। निज हाल ज्यूदै छन। प्रहरीबाट हात हतियार प्रतिवादी रेशमलाल चौधरी, श्रवण चौधरी र प्रदिप चौधरीले लुटि लगेका हुन। प्रतिवादी श्रवण चौधरीले यस अदालतमा बयान गर्दा वारदात घट्नामा मेरो कुनै संलग्नता छैन भनी गरेको बयान झुठा हो। प्रतिवादी मध्येका भेषालाल चौधरी बाहेक सबैको उक्त घट्नामा संलग्नता रहेको छ। उक्त घट्नामा रमेशलाल चौधरीको हातमा काडेतार बेरिएको लाठी नरेश चौधरीको हातमा चक्कु, लालु चौधरीको हातमा लाठी, श्रवण चौधरीको हातमा भाला, राजाराम चौधरीको हातमा लाठी र गोपालको हातमा समेत लाठी थियो। निजहरु समेतले सुरक्षाकर्मीहरुलाई कुटपीट गरेका हुन। प्रतिवादी लाहुराम चौधरी र लक्ष्मण चौधरीलाई मैले घट्नास्थलमा देखेको थिएन। निजहरुको घट्नामा कुनै संलग्नता रहेको छैन। वारदातको दिन प्रतिवादी रेशमलाल चौधरीको हातमा लाठी थियो। सोही लाठीले सुरक्षाकर्मीलाई हिर्काएका हुन। मैले समेत लाठीले हानेकै हो भनि बयान गरेको देखिन्छ।

४. यसरी अदालतमा वयान गर्दा प्रतिवादी करन चौधरी कसुर अपराधमा पुर्ण साविती रही वयान गरेका, प्रतिवादी मध्येका हरिनारायण चौधरी, राजकुमार कठरिया, सुन्दरलाल चौधरी, बृजमोहन डगौराले कसुर अपराध गरेका हौइनौं भनि अदालत समक्ष वयान गरेतापनि आन्दोलनमा प्लेकार्ड बोकि गएको कुरा स्विकार गरी अदालतमा बकपत्र गरेका, स्वयम मुख्य आरोपि रेशमलाल चौधरी वारदात भएको दिन ११:०० बजे सम्म टिकापुरमै थिए, कुरा नमिले पछि बर्दिया तिर गएको हुँ भनी कसुरमा इन्कार रहेको देखिन्छ भने बाँकि प्रतिवादीहरुले अदालत समक्षको वयानमा पुर्ण इन्कार रहेपनि बादी पक्षका साक्षीहरु भरत बहादुर बिष्ट, योगेन्द्र ऐर, नरेश कुमार चौधरी, गोपाल पुन, केशे भण्डारी, रविन्द्र बि.क., पतितपावन कठरिया, गोरख बहादुर साउँद, खुशीराम चौधरी, महाराज रानाले घटनामा को को संलग्न थिए थाहा भएन भनी यी प्रतिवादीहरु नचिने नजानेको भनी बकपत्र गरेतापिन बादी पक्षका अन्य साक्षीहरु केशव सिँह महरा, दिपराज थापा, रामचन्द्र जोशी, महेश बोहरा, शारदा कठायत, रबिन्द्र धनुषे, जंग बहादुर साउँद, दिपेन्द्र सिँह धामी, केशवराज जोशी, देव बहादुर मौनी, भरत सिँह बडाल, राम बहादुर ऐर, नेत्रराज पडाल, लक्ष्मी खड्का, प्रकाश खड्का, प्रदिप चौधरी, गणेश बहादुर साउँद, यज्ञदेवी भट्ट, शुसिला बर्मा, पवित्रा साउँद, मुकुन्द अधिकारी, मान बहादुर बोहरा, आन सिँह बिष्ट, दिपक न्यौपाने, ओमकार थारु, श्रृजना चौधरी, खगेन्द्र बहादुर साउँद, लक्ष्मण बहादुर साउँद, टेक बहादुर चन्द र राजेश धामीले यीनै प्रतिवादीहरुकै संलग्नतामा उक्त वारदात भएको भनी अदालत समक्ष किटानी बकपत्र गरिदिएको मिसिल संलग्न निजहरुको बकपत्रबाट खुलेको पाइन्छ।

५. कुनै पनि अपराधिक कार्य मैले गरेको छैन, त्यस्को कारण म होइन, भनेर कसुर गर्ने आरोपिहरु कसुरमा इन्कार हुँदैमा सफाइ दिदै जाने हो भने समाजमा कुनै पनि कसुरदारले कानूनले तोकेको सजाय पाउन नसक्ने र अपराधबाट उन्मुक्ती पाउने हुन्छ। तसर्थ यि प्रतिवादीहरुले कसुर गरेको होइन भन्दैमा अपराध गरेका रहेनछन भनेर मान्न मिल्ने देखिएन। साथै यि प्रतिवादीहरु मध्येका कोहि योजनाकार, कोहि निर्देशक र कोही नेतृत्वकर्ता समेत रहेका देखिन्छन। तथापि तिनिहरुले नेतृत्वको गुण देखाएर भिडलाई नियन्त्रणमा लिनसकेको पनि देखिएन। उल्टै भिड नियन्त्रण भन्दा बाहिर गएकाले म वारदात स्थलबाट भागेर गएको हुँ भनि वयान गरेको पाइन्छ। सहि नेतृत्वले उक्त जमातलाई सम्झाइ बुझाइ गरेर हिँस्रक कार्य हुनबाट

रोक्नुको साटो उल्टै भिडलाई उत्तेजित पारेर आक्रामक बनाउन खोजेको देखिन्छ। साथै शान्तिपुर्ण आन्दोलन भनेर हातमा भाला खुकुरी समेत लिने कार्यलाई आन्दोलनकारी नभनि आक्रमणकारी भन्नु पर्ने अवस्था देखिन आयो।

६. प्रतिवादी मध्येका लाहुराम चौधरी थारुवान थारुहट संघर्ष समिति कैलालीका जिल्ला संयोजक, प्रतिवादी रेशमलाल चौधरी फुलवारी एफ.एम तथा फुलबारी रिसोर्टका संचालक एवं थारुवान थारुहट संघर्ष समिति कैलाली क्षेत्र नं. १ का संयोजक रहेका, प्रतिवादी लक्ष्मण थारु सोहि समितिका सदस्य रहेका टिकापुरमा आन्दोलन भएका वखत घट्नास्थलमा प्रतिवादी लाहुराम चौधरी र लक्ष्मण थारु अनुपस्थित रहेको देखिए पनि बारम्बार फोन सम्पर्कमा देखिएका नेपालको कञ्चनपुर जिल्ला देखि चितवन जिल्ला सम्म थारु राज्य बनाएरै छाड्नुपर्ने अडानकासाथ उक्त आन्दोलन गरेको देखिन्छ। मौकामा बयान गर्ने प्रतिवादी प्रदिप चौधरीले आन्दोलनको नेतृत्व टिकापुरमा प्रतिवादी रेशमलाल चौधरीले गरेकाहुन निजले हातमा पंज्जा र मुखमा माक्स लगाएका थिए, म उनको बिश्वासमात्र र बडिगार्ड हुँ भनी लेखाइदिएका, त्यसैगरी प्रतिवादी करन चौधरीले मैले दुईजना प्रहरी ढालेपछि बधाई छ भाई भनि धापमारेका थिए, उनको हातमा लाठि थियो भनि अदालत समक्ष वयान गरेका, अदालत समक्ष दिपराज थापाले गरेको बकपत्र हेर्दा वारदातमा प्रतिवादी रेशमलाल चौधरीलाई गाडिमा देखेको हो भनी लेखाएको देखिन्छ भने अदालतमा बकपत्र गर्ने खगेन्द्र बहादुर साउँदले प्रतिवदी रेशमलाल चौधरीले आफ्नो रिसोर्टबाट निस्किने क्रममा आज रगतको खोलो बग्छ भनी भनेको प्रतक्ष्य सुनेको हुँ भनी बकपत्र गरेको देखिन्छ, अदालतमा बकपत्र गर्ने लक्ष्मण साउँदले रेशमलाल चौधरीकै नेतृत्वमा हत्या भएको हो, रेशमलाल चौधरीले नै एस.एस.पि सापलाई मारेको आफ्नो आँखाले देखेको हो भनि लेखाइदिएको, त्यस्तै अर्का साक्षि राजेश धामीले रेशमले कालो सर्ट, खैरो पाइन्ट लगाएका थिए, उनले नै एस.एस.पि सापलाई हानेको देखेको हुँ भनि बकपत्र गरेका र अर्का साक्षी टेक बहादुर चन्दले यो घटनाको मुख्य ब्यक्ति रेशमलाल चौधरी नै हुन भनी गरेको बकपत्र समेत हेर्दा बादी पक्षका साक्षिहरु ४० जना र प्रतिवादी पक्षका साक्षिहरु २८ जनाले बकपत्र गर्दा प्रतिवादी पक्षका ४ जना साक्षिहरुले केहि प्रतिवादीहरु आन्दोलनमा गएको उल्लेख गरेका, अन्यले प्रतिवादीहरु निर्दोष रहेको भनि बकपत्र गरेका, १ जना प्रतिवादी अदालतमा सावित रहेका, बादी पक्षका साक्षि मध्ये ८ जनाले

प्रतिवादीहरुको समर्थनमा बकपत्र गरेपनि बादि पक्षकै ३२ जना साक्षिहरुले यि प्रतिवादीहरुकै आक्रमण र प्रहारबाट उक्त जघन्यहत्या र हत्या उद्योग समेत भएको भनी किटानी बकपत्र गरिदिएको पाइन्छ।

७. त्यत्रो अमानविय हत्या हिंसा हुँदा र त्यति धेरै प्रहरी कर्मचारीहरु मरणासन्न रुपमा गम्भिर घाइते हुँदा समेत यि प्रतिवादीहरुले त्यस्तो कुकर्म प्रति सामान्य मानविय संवेदना समेत नदेखाएको र त्यो घटना गलत थियो भनि सामान्य प्रयाश्चित समेत लिन सकेको देखिएन। बहसको क्रममा प्रतिवादी रेशमलाल चौधरीका तर्फबाट उपस्थित विद्वान कानुन ब्यवसायीहरुले निज प्रतिवादी जनताको भारी मतबाट प्रतिनिसभा सदस्यमा बिजयी भइसकेका व्यक्ती भएकाले यि प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिनुपर्छ भन्ने तर्क तर्फ हेर्दा प्रस्तुत वारदात निज प्रतिवादीले जनमत प्राप्त गर्नु पुर्वको फौजदारी कार्य भएकोले त्यस तर्फ केही बोलि रहनु परेन। साथै मौकामा कागज गर्नेहरुको भनाई र बकपत्र एकै भएन भन्ने तर्क तर्फ हेर्दा २०७२।०५।०७ गते भएको घटनाका साक्षी ३ बर्ष पछि आएर बकपत्र गर्दा पहिलेको सबै कुरा स्मरण भइ रहन्छ भन्ने पनि हुँदैन। एकै घटनामा ९ जनाको अलग अलग ठाउँमा ज्यान गएकोमा सबैका प्रत्यक्षदर्शी हुन्छन र साक्षी राखेर ज्यान लिने कार्य हुन्छ भन्ने कुरा अदालतले अनुमान गर्न सक्दैन। दशौं हजारको हुलबाट भएको अपराधमा छानी छानी ५८ जनालाई मात्र बादी नेपाल सरकारले पुर्वाग्रही भएर प्रतिवादी बनायो भन्ने तर्क तर्फ हेर्दा कहिँ न कहिँ कुनै न कुनै रुपमा यो घटनामा संलग्नता नभएको व्यक्तिलाई प्रतिवादी बनाएको अवस्था बाहेक अन्य प्रतिवादीहरु संलग्न भएकै देखियो। जाहेरीमा एकरुपता छैन, वारदातको १५ दिन पछि जाहेरी परेका छन भन्ने तर्क तर्फ हेर्दा मृतकका आफन्तहरु बिभिन्न ठाउँमा छरिएर रहेका, काज कृया सकेर जाहेरी दिन आउँदा समय लाग्ने नै हुँदा र आफ्ना कुरा फरक फरक ढँगले जाहेरीमा उल्लेख गर्नुलाई नै अश्वभाविक मान्न मिल्दैन। साथै यो हत्या पुर्व योजना र मनसाय रहित छ भन्ने तर्क तर्फ हेर्दा कामको परिणामको आधारमा समेत मनसाय निर्धारण गर्न सकिने हुँदा मनसाय रहित मान्न मिल्दैन।

८. जायज माग र सामाजिक उत्थानकालागि बिद्रोह गर्ने जनाताको अधिकार हो तर उक्त बिद्रोह शान्तिपुर्वक र पुर्व घोषणा अनुसार हुने गर्दछ। जनताले आफ्नो अधिकार स्थापित गर्नकालागि सरकार समक्ष आफ्ना मागहरु समावेश गर्ने,

सार्वजनिक सम्पत्तिको तोडफोड नगर्ने, कानूनले तोकेका सिमाभित्र रहेर सरकार समक्ष आफ्ना मागहरु बिभिन्न माध्यमबाट पेश गर्न सकिने हुन्छ तर शान्तिपुर्ण आन्दोलनको नाममा एकपक्षिय ढँगले घरेलु हतियारले सुसज्जित भइ शुरक्षाकर्मीहरु र आफ्ना बिरोधि व्यक्तिहरु उपर मात्र लक्षित गरि जथाभावी आक्रमण गर्नुलाई शान्तिपुर्ण आन्दोलन भन्न मिल्दैन। यसकारण उपरोक्त हृदय विदारक तथ्य, आधार, कारण र प्रमाणबाट प्रतिवादीहरु मध्ये को कसको कस्तो संलग्नतामा यो घटना घट्न गएको हो भनि हेर्दा यि प्रतिवादीहरु समेतको अपराधिक जत्थाले कानून हातमा लिइ पुर्व योजना, निर्देशन र षडयन्त्र पुर्वक तरिकाले प्रहरी कर्मचारीहरुलाई घेरावन्दी गरि लखेटि लखेटि ज्यानको भिख मागदा समेत वास्ता नगरि, घर भित्र ज्यान जोगाउन लुकेर बसेकालाई समेत घरको ढोका तोडि बाहिर निकाली निर्ममता पुर्वक मारि, विभत्स निर्मम र क्रुर तवरले जिउँदै जलाइ मारि र अवोध बालक समेतलाई निर्दयिता पुर्वक गोलिहानी मारेको एवं सुरक्षामा खटिएका ३६ जना प्रहरी कर्मचारीहरु समेत गंभिर घाइते बनाएको कुरा मिसिल संलग्न आधार, कारण र प्रमाणबाट पुष्टि भएको देखिएकोले **यि प्रतिवादीहरुलाई यो इजलास निम्न बमोजिम सजाय हुने ठहर गर्दछः-**

**क)** यस मुद्दामा ५८ जना आरोपिहरु रहेकोमा २७ जना प्रतिवादीहरु थुनछेक प्रयोजनार्थ थुनामा रहेका र फरार ३१ जना प्रतिवादीहरु रामचन्द्र चौधरी, सन्तकुमार चौधरी, ई. धनीराम चौधरी, फुलराम चौधरी, बिकास भन्ने बालकृष्ण चौधरी, शिबकुमार चौधरी, चमन चौधरी, खुशिराम चौधरी, डम्मर कठरीया, ईश्वरी प्रसाद चौधरी, बन्धाराम थारु, माझिद भन्ने सुरज मिया हास्मी, दिनेश कठरीया, कालु रावत, बिमल रावत, सन्दिप चौधरी बडायक, शिबराज कठरीया, बलिराम चौधरी, लाहानु चौधरी, निरज राना, रामलाल चौधरी, काठराम चौधरी, टिकाराम कठरीया, भागी राम चौधरी, बाबुराम चौधरी, रामबहादुर चौधरी, बिश्राम चौधरी, शेरे चौधरी, सन्तराम चौधरी, भिम बहादुर चौधरी र रमेश चौधरी समेत जम्मा ३१ जना फरार रहेको देखिँदा निजहरुको हकमा प्रस्तुत मुद्दाको कारवाही मुलुकी ऐन अ.वं. १९० नं. बमोजिम मुलतविमा राखिदिने ठहर्छ।

**ख)** प्रतिवादीहरु लक्ष्मण थारु (चौधरी) र लाहुराम चौधरीको मत सल्लाहमा रेशमलाल चौधरी समेतले नेतृत्व गरी वारदातका दिन टीकापुर स्थित सरकारी कार्यालयमा थरुहट प्रदेश लेख्ने योजना बनाई सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुलाई मारि

आन्दोलनलाई हिँस्रक बनाउने योजनका साथ गाउँका भलमन्सा मार्फत चिराकी (चौकीदार)लाई गाउगाउँमा खटाई गाउगाउँबाट प्रतिवादीहरु बोलाई प्रतिवादीहरु समेतलाई हातहतियार सहित भेला जम्मा गराइ वारदात स्थलमा उपस्थित भई निज प्रतिवादीहरुले टीकापुर न.पा. वडा नं. ९ स्थित पशुहाटबजारमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुलाई भाग्न उम्कन समेत नपाउने गरी C आकारको घेरा हाली आफुहरुले बोकी ल्याएका घरेलु हतियारहरु भाला, लाठा, खुँडा, बन्चरो, तरबार लगायतले निर्ममता पूर्वक प्रहार गरी प्रहरी बरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपाने समेतका ८ जना सुरक्षाकर्मी र १ जना वालकलाई कर्तव्य गरी मारेको पुष्टिहुन आएकोले निज प्रतिवादीहरु मध्ये हरि नारायण चौधरी, राज कुमार कठरीया, सुन्दरलाल कठरीया, बृज मोहन डगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोह भन्ने सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरी, समेतका ११ जना प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ (१) नं. बमोजिम सजाय होस भन्ने बादी नेपाल सरकारको दावी रहेतापनि घटना र वारदातको परिस्थीति बिश्लेषण गर्दा बादी नेपाल सरकारको अभियोग दावी अनुसार सजाय गर्दा चर्को पर्न जाने देखिँदा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ (३) नं. बमोजिम यी प्रतिवादीहरुलाई जनहि जन्म कैदको सजाय हुने ठहर्छ। साथै प्रतिवादी मध्येका श्रवण चौधरी मिति २०७२।०५।०७ गते भएको वारदातको अवस्थामा यी प्रतिवादीको जन्म मिति २०५६।०९।२७ रहेको देखिँदा निज १४ देखि १६ बर्ष मुनीका नावालक देखिँदा निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (३) अनुसार उमेर पुगेका मानिसलाई हुने सजायको आधा सजाय १० बर्ष कैद हुने ठहर्छ।

ग) प्रतिवादीहरु लक्ष्मण थारु (चौधरी) र लाहुराम चौधरीले आफुहरुको वारदातमा संलग्नता नरहेको भनि कसुरमा ईन्कार रही मौकामा र अदालतमा बयान गरेको र यि प्रतिवादीहरु दुवै जना घट्नास्थलमा नरही अन्यत्र रहेको देखिएको तर टीकापुर घट्नाको जिम्मालिई बक्तव्यवाजी गरेको, फेसबुकमा घटनाको समर्थन गरी स्टाटस समेत लेखेको हुँदा र देहायका प्रतिवादीहरुले उक्त वारदातमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा मत सल्लाहमा पसी, सहयोग गरि, अपराध गर्नमा मतलवीको भुमिका अदाहा गरेको देखिँदा प्रतिवादीहरु मध्येका लक्ष्मण थारु (चौधरी), लाहुराम चौधरी, राम कुमार कठरीया, सन्तराम चौधरी, विश्राम भन्ने जित बहादुर डगौरा, प्रेम बहादुर

चौधरी, किशनलाल चौधरी, दिल बहादुर चौधरी, संगम भन्ने सन्तोष थारु (चौधरी), विश्राम चौधरी, चुन्नीराम चौधरी र राम प्रसाद चौधरी समेत १२ जनालाई बादी नेपाल सरकारको अभियोग दावी मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ (१) नं. बमोजिम सजाय होस भन्ने रहेतापनि घटना र वारदातको परिस्थीति एवं यी प्रतिवादीहरुको संलग्नतालाई समेत बिश्लेषण गर्दा सो बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा यी प्रतिवादीहरुलाई मुलुकी ऐन ज्यान सम्बन्धि महलको १७ (३) नं. अनुसार जनही ३ बर्ष मात्र कैद हुने ठहर्छ।

घ) प्रतिवादीहरु मध्येका करन चौधरीको जन्म मिति २०५८।०५।१५ भएको देखिँदा यो घटनाको वारदात मिति २०७२।०५।०७ गते भएको अवस्थामा यी प्रतिवादी १४ बर्ष मुनीका नावालक देखिँदा निजलाई बादी नेपाल सरकारको अभियोग दावी बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (२) बमोजिम ६ महिना कैद हुने ठहर्छ।

ङ) प्रतिवादीहरु हरि नारायण चौधरी, राज कुमार कठरीया, सुन्दरलाल कठरीया, बृज मोहन डगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोह भन्ने सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरी समेत ११ जनाले ज्यान मार्ने मनसायका साथ सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरु एकेन्द्र बहादुर खड्का, नेत्रराज पडाल, रबिन्द्र धनुषे, मकेन्द्र बहादुर अधिकारी, केशबराज जोशी, खेमराज भट्ट, देब बहादुर मौनी, सुरेन्द्र चन्द, जयराज धामी, दिपराज थापा, लक्ष्मण साउँद, मान बहादुर बुढामगर, गज बहादुर भण्डारी, केशब बहादुर बोहरा, आनसिंह बिष्ट समेत ३६ जना सुरक्षाकर्मीहरुलाई जोखिमी हतियार प्रहार गरी ज्यान मार्ने उद्योग गरी मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. बिपरित १५ नं. बमोजिम कसुर अपराध गरेकाले निजहरुलाई तजविजी अधिकार प्रयोग गर्दै जनहि ५ बर्ष कैदको सजाय हुने ठहर्छ। साथै प्रतिवादी मध्येका श्रवण चौधरी मिति २०७२।०५।०७ गते भएको वारदातको अवस्थामा यी प्रतिवादीको जन्म मिति २०५६।०९।२७ रहेको देखिँदा निज १४ देखि १६ बर्ष मुनीका नावालक देखिँदा निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (३) अनुसार उमेर पुगेका मानिसलाई हुने सजायको आधा सजाय दुई बर्ष छ महिना कैद हुने ठहर्छ।

**च)** यसरी यी प्रतिवादीहरु हरि नारायण चौधरी, राज कुमार कठरिया, सुन्दरलाल कठरिया, बृज मोहन डगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोह भन्ने सिताराम

चौधरी, गंगाराम डगौरा चौधरी, श्रवण चौधरी र रेशमलाल चौधरी, समेत १० जनाले जनहि २५ बर्ष र प्रतिवादी श्रवण चौधरीले १२ बर्ष ६ महिना कैदको सजाय भुक्तान गर्नु पर्ने भएतापनि मुलुकी ऐन दण्ड सजायको ४१ नं. बमोजिम एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ। त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नु पर्छ। अघि ठेकिएको कैद भन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमासम्म खुलाई दिनु पर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नुपर्छ। धेरै कलमको कैदको हद बराबर हुन आयो भने सो मध्ये एक कलमको कैद ठेक्नु पर्छ। अरू कलमका हकमा फैसला, कैदी पूर्जी, कैद ठेक्ने किताबसम्म खुलाउनु पर्छ। तर फैसला भईसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसूर गरेकोमा सो कसूर वापत कानुन बमोजिम थप कैद ठेक्नु पर्छ भन्ने कानूनी व्यवस्थाअनुसार गर्नु गराउनु पर्ने ठहर्छ।

**छ)** प्रतिवादीहरु मध्येका नुरुल अलि जागा भन्ने तहौबर अलि जागाको प्रस्तुत वारदातमा संलग्नता नदेखिएको, निज प्रतिवादीलाई सह अभियुक्तहरुले पोल उजुर गर्न नसकेको, प्रतिवादी मध्येका राम नरेश चौधरी बर्दिया जिल्लाको राजापुर कालीका मा.वि. का शिक्षक भई निज उक्त घटनामा संलग्न नदेखिएको कुरा निजको स्कुलको हाजिरी रेकर्ड र त्यस बिद्यालयका प्र.अ. आफै साक्षि भई अदालत समक्ष बकपत्र गरिदिएकोले र प्रतिवादी मध्येका बिसराम चौधरी (कुस्मी) को नाम जाहेरीमा उल्लेख नभएको, मौकामा बुझिएका ब्यक्तिहरुले पोल उजुर गर्न नसकेको, अन्य प्रतिवादीहरुको परस्परको वयानबाट यीनको नाम उल्लेख हुन नसकेको समेतका मिसिल संलग्न प्रमाणहरुबाट निज प्रतिवादीहरु नुरुल अलि जागा भन्ने तहौबर अलि जागा, राम नरेश चौधरी र बिसराम चौधरी (कुस्मी) उपरको अभियोग दावी पुष्टि हुन सक्ने नदेखिएको हुँदा निजहरु ३ जनाले अभियोग दावीबाट पुर्णतः सफाइ पाउने ठहर्छ।

**ज)** यि प्रतिवादीहरुले सुरक्षाकर्मीहरुसँग भएको एस.एल.आर, रु.६२,७४४.२२ पर्ने, संचार सेट, रु. ७९,२२२.५ पर्ने, अश्रुग्याँश गन रु. २६,९३५.६५ पर्ने, पेस्तोल रु. ४२,५६४.९३ गरी जम्मा बिगो रु. २,११,४६७.३ मूल्य बराबरको हतियार र संचार सेट समेत डाँका गरी लगेकोले निज प्रतिवादीहरु रेशमलाल चौधरी, ई.धनीराम चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, हरिनारायण चौधरी, राजकुमार कठरीया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरीया, रामकुमार कठरीया, बृज मोहन डंगौरा, राजेश चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बिर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष कुमार थारु(चौधरी), विश्राम चौधरी, करन चौधरी, लक्ष्मण चौधरी, प्रदीप चौधरी, नरुल अलि जागा, राम चन्द्र चौधरी, विसराम चौधरी (कुश्मी), फुलराम चौधरी समेतले मुलुकी ऐन, चोरीको महलको १४ (४) नं. बमोजिम सजाय हुनका साथै लुटीएको धनमाल सोही चोरी महलको १० (३) नं. बमोजिम जिल्ला प्रहरी कार्यालय, कैलालीलाई दिलाई भराई पाउन भन्ने अभियोग दावी मिसिल संलग्न प्रमाणबाट पुष्टि नभएको र लुटिएका संचार सेट र SLR को बरामदी मुचुल्का समेत मिसिलमा नभएको अवस्थामा त्यस तर्फको वारदात पुष्टि हुन नसक्ने देखिंदा उक्त डाँका चोरी तर्फको अभियोग दावीबाट सबै प्रतिवादीहरुले सफाइ पाउने ठहर्छ।

**झ)** उपरोक्त घट्नामा प्रयोग भइ बरामद भएका अभियोगदावी साथ पेश गरिएका रड, लाठा, भाला समेतका सम्पुर्ण दशीका समानहरु जफत हुने ठहर्छ।

**ञ)** प्रतिवादीहरु मध्येका लक्ष्मण थारु, लाहुराम चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, किशनलाल चौधरी, राम कुमार कठरिया, सन्तराम चौधरी, विश्राम भन्ने जित बहादुर डगौरा, नुरुल अलि जागा भन्ने तहौबर अलि जागा, करन चौधरी, राम नरेश चौधरी, दिल बहादुर चौधरी, संगम भन्ने सन्तोष थारु (चौधरी), विश्राम चौधरी र बिसराम चौधरी (कुस्मी) अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए यस मुद्दाबाट आजै थुनामुक्त गर्ने अवस्था भए आजै थुना मुक्त गरिदिनु र प्रतिवादी चुन्नीराम चौधरी मिति २०७५।११।३० सम्म थुनामा रहने देखिंदा सो समय पछि थुनामुक्त गरिदिनु भनि तपसिल बमोजिम गर्ने गरि अ.वं. १८६ नं. बमोजिम यो फैसाला गरि दिए।

## तपसिल

माथि इन्साफ खण्डमा ठहरे देहाय बमोजिमका प्रतिवादीहरु मध्येका देहायका ११ जनालाई ज्यान सम्बन्धीको महलको १३ (३) बमोजिम जनहि जन्म कैदको सजाय हुने ठहरेकाले सो अनुसार लगत कस्नु भनि तहसिल शाखामा लेखि पठाइदिनु-----------------१

१. हरि नारायण चौधरी (२०७२।०५।०८ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।०५।०७ सम्म थुनामा रहने)---------------------------

२. राज कुमार कठरिया (२०७२।०५।०८ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।०५।०७ सम्म थुनामा रहने)...................................

३. सुन्दरलाल कठरिया (२०७२।०५।०८ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।०५।०७ सम्म थुनामा रहने).......................................

४. बृज मोहन डगौरा (२०७२।०५।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।०५।१३ सम्म थुनामा रहने)...........................................

५. राजेश चौधरी (२०७२।०५।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।०५।१३ सम्म थुनामा रहने)...............................................

६. बिर बहादुर चौधरी (२०७२।०५।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।०५।१३ सम्म थुनामा रहने).....................................

७. प्रदीप चौधरी (२०७२।०५।२८ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।०५।२७ सम्म थुनामा रहने).................................................

८. बिद्रोह भन्ने सिताराम चौधरी (२०७२।१२।०१ बाट अनुसन्धानमा रहेको देखिँदा २०९२।११।३० सम्म थुनामा रहने).........................

९. श्रवण चौधरी (२०७२।०५।२५ बाट अनुसन्धानमा रहेको देखिँदा २०८२।०५।२४ सम्म थुनामा रहने)...................................................

१०. गंगाराम डगौरा चौधरी (२०७५।०८।२७ बाट अनुसन्धानमा रहेको देखिँदा २०९५।०८।२६ सम्म थुनामा रहने).....................

११. रेशमलाल चौधरी (२०७४।११।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०९४।११।१३ सम्म थुनामा रहने)................................

माथि इन्साफ खण्डमा ठहरे देहाय बमोजिमका प्रतिवादीहरु १२ जनालाई जनहि ३ बर्ष कैद सजाय हुने ठहरेकोले सो अनुसार लगत कस्नु भनि तहसिल शाखामा लेखि पठाइदिनु

१. प्रतिवादी लक्ष्मण थारु (चौधरी)(२०७२।०५।२३ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।२२ सम्म थुनामा रहने)......................

२. लाहुराम चौधरीले (२०७२।०५।२४ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।२३ सम्म थुनामा रहने)...........................................

३. राम कुमार कठरिया(२०७२।०५।०८ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।०७ सम्म थुनामा रहने)........................................

४. सन्तराम चौधरी(२०७२।०५।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।१३ सम्म थुनामा रहने)..................................................

५. विश्राम भन्ने जित बहादुर डगौरा(२०७२।०५।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।१३ सम्म थुनामा रहने).......................

६. प्रेम बहादुर चौधरी(२०७२।०५।०८ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।०७ सम्म थुनामा रहने)...........................................

७. किशनलाल चौधरी (२०७२।०५।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।१३ सम्म थुनामा रहने)...........................................

८. राम प्रसाद चौधरी (२०७२।०५।०८ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।०७ सम्म थुनामा रहने).....................................

९. दिल बहादुर चौधरी (२०७२।०५।०८ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।०७ सम्म थुनामा रहने)...................................

१०. संगम भन्ने सन्तोष थारु (चौधरी)(२०७२।०५।१४ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।१३ सम्म थुनामा रहने).................

११. विश्राम चौधरी (२०७२।०५।२४ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।०५।२३ सम्म थुनामा रहने)...........................................

१२. चुन्निराम चौधरी (२०७२।१२।०१ बाट अनुसन्धानमा रहेको देखिँदा २०७५।११।३० सम्म थुनामा रहने)............................................

माथि इन्साफ खण्डमा ठहरे बमोजिम प्रतिवादी मध्येका करन चौधरी १४ बर्ष मुनीका नावालक देखिँदा निजलाई बादी नेपाल सरकारको अभियोग दावी बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (२) अनुसार ६ महिना कैद सजाय हुने ठहरेको ले सो अनुसार लगत कस्नु भनि तहसिल शाखामा लेखि पठाइदिनु र निज सुधारगृहमा रहेको देखिँदा अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए आजैबाट थुनामुक्त गरीदिनु........................४

१. करन चौधरी(२०७२।०५।२४ बाट अनुसन्धानमा रहेको देखिँदा
२०७२।११।२३ सम्म थुनामा रहने).....................................................

माथी इन्साफ खण्डमा ठहरे बमोजिम प्रतिवादीहरु हरि नारायण चौधरी, राज कुमार कठरिया, सुन्दरलाल कठरिया, बृज मोहन डगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोह भन्ने सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरी, समेत ११ जनाले अभियोग दावी अनुसार ज्यान मार्ने मनसायका साथ सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुलाई जोखिम हतियार प्रहार गरी ज्यान सम्बन्धी महलको १ नं. बिपरित १५ नं. बमोजिम कसुर अपराध गरेकाले निजहरुलाई जनहि ५ बर्षको थप सजाय हुने ठहरेकोले सो अनुसार लगत कस्नु भनि तहसिल शाखामा लेखि पठाइदिनु-----------५

माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीहरु हरि नारायण चौधरी, राज कुमार कठरिया, सुन्दरलाल कठरिया, बृज मोहन डगौरा, राजेश चौधरी, बिर बहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोह भन्ने सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरी, समेत ११ जनाले जनहि २५ बर्ष कैदको सजाय भुक्तान गर्नु पर्ने ठहर भएतापनि निजहरुको हकमा मुलुकी ऐन दण्ड सजायको ४१ नं. बमोजिम हुने गरि लगत कस्नु भनि तहसिल शाखालाई जानकारी दिनु -----------------------------------------------------------६

माथी इन्साफ खण्डमा ठहर भएबमोजिम प्रतिवादीहरु मध्येका नुरुल अलि जागा भन्ने तहौबर अलि जागा, राम नरेश चौधरी र बिसराम चौधरी (कुस्मी)को प्रस्तुत वारदातमा संलग्नता नदेखिएको, निजहरुलाई सह अभियुक्तहरुले पोल उजुर गर्न नसकेको र मिसिल संलग्न प्रमाणहरुबाट पनि निजहरु उपरको अभियोग दावी पुष्टि हुन सक्ने नदेखिएको हुँदा निजहरुले अभियोग दावीबाट पुर्णतः सफाइ पाउने ठहरेकोले निजहरुलाई अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए आजै थुना मुक्त गरिदिनु.............................................................७

घट्ना, बरामदमा प्रयोग भइ अनुसन्धानबाट बरामद भएका रड, लाठा, भाला समेतका सम्पुर्ण दशीका समानहरु जफत गर्नु--------------------------------------------------------------८

यो फैसलामा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा २६(१) वमोजिम को म्याद दिन ७० (सत्तरी) भित्र उच्च अदालत दिपायल, डोटीमा पुनरावेदन गर्न जानु भनि वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकिल कार्यालय कैलाली र प्रतिवादीहरु दुवै पक्षलाई पुनरावेदनको म्याद दिनु-------------------------------------------९

पुनरावेदन नपरे १० बर्ष वा सो भन्दा बढी कैद सजाय हुने प्रतिवादीहरुको हकमा प्रस्तुत मिसिल मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम साधक जाँचकालागी सम्मानित उच्च अदालत दिपायल डोटीमा पठाइदिनु---------------------------------------------------------------१०

फैसलाको नक्कल माग्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु---११

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी, फैसला अपलोड गरी, पुनराबेदन परे पुनराबेदन समेतका लागी मिसिल श्री उच्च अदालत दिपायल, डोटीमा पठाई दिनु र पुनरावेदन नपरे यसै अदालतको अभिलेख शाखामा मिसिल सुरक्षित राख्न बुझाई दिनु------------------------१२

**मानानीय जिल्ला न्यायाधीश ज्यूले बोली टिपाए बमोजिम**
**कम्प्यूटर टाईप गर्नेः-**
**सूचना प्रविधि सहायक दिपेन्द्र साउँद,**
**डिठ्ठा प्रकाश बहादु सिँह र**
**डिठ्ठा राम प्रसाद जोशी**

**परशुराम भट्टराई**
**(जिल्ला न्यायाधीश)**

इति सम्वत् २०७५ साल फागुन महिना २२ गते रोज ०४ मा शुभम्----------------।